# नयाँ सडकको गीत कथासङ्ग्रहमा सीमान्तीयता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.)

तेस्रो–सत्रको पाठ्यांश (६०९ र ६१०) को

प्रयोजनार्थ प्रस्तुत

**शोधप्रबन्ध**


**शोधकर्ता**

**कमला रेग्मी**

**दर्शनाचार्य तह**

**नेपाली केन्द्रीय विभाग**

**त्रि.वि., कीर्तिपुर**


**२०८१/२०२४**

# प्रतिबद्धता–पत्र

*नयाँ सडकको गीत कथासङ्ग्रहमा सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम. फिल.) तह, तेस्रो सत्रको पाठ्यांश (६०९ र ६१०) को प्रयोजनार्थ तयार गरिएको हो । यो शोधप्रबन्ध नितान्त मौलिक तथा अप्रकाशित रहेको छ ।

प्रस्तुत शोधप्रबन्धमा द्वितीयक स्रोत सामग्रीलाई सन्दर्भका रूपमा साभार गरिएका स्थानमा स्रोत खुलाइएको छ । त्यस्तै प्राथमिक स्रोत सामग्रीहरूलाई मूल सामग्रीका रूपमा प्रयोग गरिएको छ । अतः यस शोधप्रबन्धमा गैरकानुनी रूपमा कहीँकतैबाट विनास्रोत साभार गरिएको छैन । साभार वा चोरी गरेको प्रमाणित भएमा कानुनबमोजिम सजाय भोग्न तयार छु । आदरणीय शोधनिर्देशक प्रा.डा. रमेशप्रसाद भट्टराईको कुशल निर्देशनमा तयार पारिएको प्रस्तुत शोधप्रबन्धको मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग मूल्याङ्कन समितिसमक्ष पेस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

................................

कमला रेग्मी

मिति : २०८१ आषाढ २७ गते

# शोधनिर्देशकको सिफारिस

*नयाँ सडकको गीत कथासङ्ग्रहमा सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध नेपाली केन्द्रीय विभाग, दर्शनाचार्य (एम.फिल.) तहकी विद्यार्थी श्री कमला रेग्मीले मेरो दिर्नेशनमा तयार पार्नुभएको हो । विषय सामग्रीको उपयुक्त ढङ्गले विश्लेषण गरिएको रेग्मीको यस शोधकार्यबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................
प्रा.डा. रमेशप्रसाद भट्टराई
शोधनिर्देशक

मिति : २०८१ वैशाख ३० गते

# **स्वीकृति-पत्र**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम. फिल.) तह तेस्रो सत्रको निर्धारित पाठ्यांश (६०९ र ६१०) को आंशिक प्रयोजनार्थ शोधार्थी कमला रेग्मीद्वारा तयार गरी शोधनिर्देशक प्रा.डा. रमेशप्रसाद भट्टराईको सिफारिसबमोजिम यस सङ्कायमा पेस गरिएको *नयाँ सडकको गीत कथासङ्ग्रहमा सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधप्रबन्ध मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| **१. प्रा.डा. कृष्णप्रसाद न्यौपाने** | |
| (विभागीय प्रमुख) | ............................... |
| **२. प्रा.डा. रमेशप्रसाद भट्टराई** | |
| (शोधनिर्देशक) | ............................... |
| **३. प्रा.डा. लक्ष्मणप्रसाद गौतम** | |
| (बाह्य परीक्षक) | ............................... |
| **४. सहप्रा. डा. रजनी ढकाल** | |
| (आन्तरिक परीक्षक) | ............................... |

मिति : २०८१/०३/२७ गते

# कृतज्ञताज्ञापन

*नयाँ सडकको गीत कथासङ्ग्रहमा सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम. फिल.) तह, तेस्रो सत्रको पाठ्यांश (६०९ र ६१०) को प्रयोजनका लागि शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. रमेशप्रसाद भट्टराईको निर्देशनमा तयार पारिएको हो । प्रस्तुत अध्ययनलाई गुणस्तरीय र व्यावहारिक बनाउन प्राज्ञिक निर्देशन गर्नुका साथै स्नेहपूर्ण सहयोग तथा सैद्धान्तिक एवम् व्यावहारिक रूपमा मलाई सधैँ उत्प्रेरित गर्नुभएकोमा आदरणीय शोधनिर्देशकप्रति हृदयतः आभारी छु ।

प्रस्तुत अध्ययनलाई यथासमयमा सम्पन्न गर्न सहयोग पुऱ्याउने त्रि.वि. नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने र विभागमा सम्बद्ध आदरणीय गुरुवर्गप्रति सादर कृतज्ञता व्यक्त गर्दछु । यस क्रममा आन्तरिक परीक्षक सहप्रा. डा. रजनी ढकालको अमूल्य सुझाव तथा सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधप्रबन्धलाई गुणस्तरीय बनाउन विशेष सुझावसहित सहयोग गर्नुहुने बाह्य परीक्षक प्रा.डा. लक्ष्मणप्रसाद गौतमप्रति सादर आभारी छु । यस अध्ययनमा आदरणीय सरले अक्षरशः सुझाव प्रदान गर्नुहुँदा विशेष कृतज्ञता प्रकट गर्न चाहन्छु । यो अध्ययनकार्यलाई सम्पन्न गर्ने सन्दर्भमा अमूल्य सुझाव प्रदान गर्नुहुने प्रा.डा. नारायणप्रसाद गड्तौलाप्रति आभारी छु । यसका साथै सहप्रा. डा. दुर्गाबहादुर घर्तीप्रति पनि कृतज्ञ छु । यसअतिरिक्त विभागका सम्पूर्ण आदरणीय गुरुजनप्रति हृदयतः आभार व्यक्त गर्दछु । साथै यो शैक्षिक परिवेशको सुअवसर प्रदान गर्ने नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुरप्रति हार्दिक धन्यवाद अर्पण गर्न चाहन्छु ।

यस शोधअध्ययनका लागि शोधसामग्री उपलब्ध गराउने कार्यमा सहयोग गर्नुहुने आदरणीय साहित्यकार विजय चालिसेलाई विशेष धन्यवाद अर्पण गर्न चाहन्छु । शोधप्रबन्ध लेखनका सन्दर्भमा अत्यन्तै उपयोगी अध्ययनीय सामग्रीसहित विशेष सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने डा. शरदचन्द्र सिंखडाप्रति आभार व्यक्त गर्दछु । अध्ययनका लागि छनोट गरिएको कथासङ्ग्रहका कथाकार रमेश विकलप्रति पनि अपार श्रद्धा अर्पण गर्दछु । विशेषतः मेरो आजसम्मको अध्ययन कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने मेरा आमाबुवा, सासूससुरा, दाजुभाइ, दिदीबहिनी, देवरदेउरानी, छोरी आर्याका साथै यस अध्ययनलाई टङ्कन, भाषिक सम्पादनसहित विशेष सहायता तथा प्रेरणा प्रदान गर्नुहुने मेरा श्रीमान् रमेश भट्टराईलगायत परिवारका अन्य सबै सदस्यहरू धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, यो शोधप्रबन्ध प्रकाशनार्थ अनुदान दिई सहयोग गर्ने *विश्वविद्यालय अनुदान आयोग,* सानोठिमी भक्तपुरप्रति विशेष आभार व्यक्त गर्दछु । यसका साथै यस कार्यमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने शुभेच्छुक, विशिष्ट प्राज्ञिक व्यक्तित्व तथा लेखकवर्गप्रति सादर कृतज्ञ छु ।

.............................

कमला रेग्मी
क्रमाङ्क : ०१/२०७६
दर्शनाचार्य तह, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

२०८१ आषाढ २७ गते

# विषयसूची


पृष्ठ

*प्रतिबद्धता-पत्र* *क*

*शोधनिर्देशकको सिफारिस* *ख*

*स्वीकृति-पत्र* *ग*

*कृतज्ञताज्ञापन* *घ*

*विषयसूची* *ङ*


**परिच्छेद : एक**

## शोधको परिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ अध्ययनका उद्देश्यहरू ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ अध्ययनको अन्तराल १२

१.६ सामग्री सङ्कलन र शोधविधि १३

१.७ सैद्धान्तिक पर्याधार १४

१.८ अध्ययनको औचित्य र महत्त्व १८

१.९ अध्ययनको सीमाङ्कन १९

१.१० शोधप्रबन्धको रूपरेखा १९


**परिच्छेद : दुई**

## सीमान्तीयता अध्ययनको सैद्धान्तिक आधार


२.१ विषयपरिचय २०

२.२ सीमान्तीयताको सैद्धान्तिक अर्थ र परिचय २०

२.३ वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयताको सैद्धान्तिक आधार २६

(क) वर्गीय प्रतिनिधित्व २९

(ख) जातीय प्रतिनिधित्व ३१

(ग) लैङ्गिक प्रतिनिधित्व ३३

२.४ सीमान्तीय आवाज र प्रतिरोध चेतनाको सैद्धान्तिक परिचय ३७

२.५ सीमान्त पात्रको भाषा, धर्म, भूगोल र भूमिका ४४

२.६ शक्ति र सीमान्त आवाज ४६

२.७ निष्कर्ष ४७

## परिच्छेद : तीन

## *नयाँ सडकको गीत* कथासङ्ग्रहमा वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयता


३.१ विषयपरिचय ४९
३.२ वर्गीय सीमान्तीयताका आधारमा कथागत विश्लेषण ५१
३.२.१ 'लाहुरी भैंसी' कथामा वर्गीय सीमान्तीयता ५३
३.२.२ 'नयाँ सडकको गीत' कथामा वर्गीय सीमान्तीयता ६१
३.२.३ 'सुबेदार रणे बूढो' कथामा वर्गीय सीमान्तीयता ६९
३.३ जातीय सीमान्तीयताका आधारमा कथागत विश्लेषण ७६
३.३.१ 'बिरेकी आमा' कथामा जातीय सीमान्तीयता ७६
३.४ लैङ्गिक सीमान्तीयताका आधारमा कथागत विश्लेषण ८५
३.४.१ 'भन्ज्याङको चौतारो' कथामा लैङ्गिक सीमान्तीयता ८५
३.४.२ 'प्रतिहिंसा' कथामा लैङ्गिक सीमान्तीयता ८९
३.४.३ 'बिहानीपखको बत्ती' कथामा लैङ्गिक सीमान्तीयता ९४
३.४.४ 'दुई रुपियाँ नोट' कथामा लैङ्गिक सीमान्तीयता १००
३.४.५ 'सिँगारी बाखी' कथामा लैङ्गिक सीमान्तीयता १०९
३.५ निष्कर्ष ११६


## परिच्छेद : चार

## *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना


४.१ विषयपरिचय ११९
४.२ *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्त आवाज र प्रतिरोध चेतना १२०
४.२.१ 'भन्ज्याङको चौतारो' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १२०
४.२.२ 'प्रतिहिंसा' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १२२
४.२.३ 'लाहुरी भैंसी' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १२४
४.२.४ 'नयाँ सडकको गीत' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १३०
४.२.५ 'बिहानीपखको बत्ती' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १३३
४.२.६ 'बिरेकी आमा' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १३६

४.२.७ 'दुई रुपियाँ नोट' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १३९
४.२.८ 'सिँगारी बाखी' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १४३
४.२.९ 'सुबेदार रणे बूढो' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना १४८
४.३ निष्कर्ष १५२

**परिच्छेद : पाँच**

## सारांश र निष्कर्ष

५.१ सारांश १५५
५.२ अध्ययनको निष्कर्ष र प्राप्ति १५६
५.३ अध्ययनको समीक्षात्मक निष्कर्ष १६३
**सन्दर्भ सामग्रीसूची**
**परिशिष्ट**

# परिच्छेद : एक

# शोधको परिचय

## १.१ विषयपरिचय

*नयाँ सडकको गीत* कथासङ्ग्रहले नेपाली समाजको सीमान्तीय विषयवस्तुलाई चित्रण गरेको छ । यस कथासङ्ग्रहभित्रका कथामा उपेक्षित नेपाली समाजमा स्थापित मान्यता, व्यवस्था र निर्मितिका कारण अधीनस्थ वर्गले भोगेका पीडा, वेदना, जलन र हिंसामा परेका मानिसका समस्याहरूलाई प्रस्तुत गरिएको छ । नेपाली कथा जगत्मा यस कथासङ्ग्रहका कथाले मूलप्रवाहबाट छेउमा पर्न बाध्य वर्गको जीवनको कष्टकर परिस्थितिलाई मार्मिक रूपमा प्रस्तुत गरेका छन् । यस कथासङ्ग्रहका कथाकार रमेश विकल (वि.सं. १९८५-२०६५) ले आर्थिक, सामाजिक, लैङ्गिक, जातिगत समस्यामार्फत नेपाली समाजका निम्नवर्गीय जनताको निरीह अवस्थालाई उजागर गरेका छन् । कथाकार विकलका यी कथाभित्र सीमान्त वर्गका पीडा, वेदना र बाध्यतालाई देखाइएकाले यो कृति अध्ययनीय बनेको हो । विकल मार्क्सवादी चिन्तन र प्रगतिवादी दर्शनबाट प्रभावित भएकाले उनका कथामा नेपाली समाजकै यथार्थलाई उतारिएको हुन्छ । यिनै विषयवस्तुलाई यस अध्ययनमा सीमान्तीय अवधारणाका आधारमा विश्लेषण गरिएको छ ।

*नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र समावेश भएका कथाहरूमा नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय विभेद र ती विभेदका सिर्जना हुनुको कारणलाई खोजिएको छ । यहाँका सीमान्त पात्रहरूमा पनि दमित मनोविज्ञान रहेको सन्दर्भलाई कथाकार विकलले समेटेका छन् । यी कथाहरूमा शोषक र सामन्त वर्गले निमुखा जनताहरूको हक, अधिकारलाई कसरी खोस्छन् भन्ने कुरालाई पनि देखाइएको छ । यस क्रममा उनले सीमान्त समुदायको पीडालाई कथामा समेटेका छन् । यसर्थ समसामयिक सन्दर्भ र परिवेशमा उनका कथाहरू सीमान्तीय दृष्टिले अध्ययनीय छन् । लैङ्गिक असमानता, वर्गीय विभेद, सामाजिक यथार्थता, वैचारिक द्वन्द्वलगायतका विशेषताका विभिन्न आधारहरूमा उनका कथाहरू अध्ययन र विश्लेषणका लागि उपयुक्त छन् । अतः सीमान्तीयता सम्बन्धी सिद्धान्तका आधारमा उनका कथाहरूको अध्ययन विश्लेषणको अभावलाई सम्बोधन गर्नु सार्थक र उपयोगी हुन्छ ।

इटालीका नवमार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्सीले अघि सारेको सीमान्तीय चिन्तनका आधारमा यो कृतिलाई विश्लेषण गर्नु उपयुक्त मानिएको हो । ग्राम्सीले किसान र श्रमिक वर्गलाई सीमान्तीय वर्गअन्तर्गत राखेका छन् । पुराना शासक वर्गहरू रूढिवादी भएकाले सीमान्त पात्रले दुःख पाएको र सीमान्त पात्रमा प्रतिरोध चेतना कमजोर हुने तर्क

राखेका छन् । उनले शासक वर्गको प्रभुत्वबाट नै शोषित वर्ग अधीनस्थ भएका हुन् भन्ने कुरालाई अघि सारेका छन् । यिनै सन्दर्भहरू यो अध्ययनीय कृतिभित्र पनि प्रशस्त भएकाले नेपाली समाजको परिवेशका आधारमा रहेर यो अध्ययन गर्नु बढी प्रभावकारी देखिएको हो । आफू शोषित छु भन्ने अनुभूति नहुने अधीनस्थ वर्ग र दमन गर्ने प्रभुत्व वर्गको सन्दर्भलाई यो कथाले पात्र, परिवेश र घटनामार्फत समावेश गरेको हुँदा यी विषयको गहिराइलाई खोतल्नु आवश्यक देखिएको हो । हाल सीमान्तीय अध्ययन पद्धति विश्वव्यापी रूपमा विकसित हुँदै गएकाले सामाजिक संरचना, सीमान्तीय वर्ग, प्रभुत्वशाली समूह र विचारधारालाई केन्द्रमा राखेर अध्ययन गर्ने प्रचलन पनि स्थापित भएको देखिन्छ । यो अध्ययनमार्फत यिनै प्रसङ्गलाई उतार्नु उपयुक्त देखिएको हो किनभने यसबाट दबिएका र दबाइएका आवाज अर्थात् भुइँमान्छेका यथार्थ पीडाहरूको खोजी गर्न सम्भव भएको छ ।

उल्लिखित सीमान्तीय अवधारणाका आधारमा नेपाली समाजको सीमान्तीय अवस्थालाई निर्क्योल गर्न रमेश विकलद्वारा लिखित *नयाँ सडकको गीत* कथासङ्ग्रहलाई उपयुक्त मानिएको छ । यस कथासङ्ग्रहभित्रको आख्यानमा नेपाली समाजका विरोधाभास, द्वन्द्व, वर्गीय असमानता, समाजका विसङ्गति, लैङ्गिक तथा जातीय विभेद र अन्याय-अत्याचार जस्ता भुइँमान्छेका विविध यथार्थलाई के-कसरी समेटिएको छ भन्ने कुरा नै मुख्य अनुसन्धेय विषय रहेको छ । यहाँ यस कथासङ्ग्रहमा के-कस्ता वर्गीय, जातीय र लैङ्गिक सीमान्त समुदायको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना समावेश छन् भन्ने कुराको खोजी र विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा समाबिष्ट कथाहरूमा सामाजिक जीवनको यथार्थता पाइन्छ । नेपाली समाज वर्गीय, जातीय, लैङ्गिक आदि अनेक ढङ्गले विभाजित छ । यस प्रकारको विभाजन नै सामाजिक विभेद, शोषण र उत्पीडनको मुख्य कारण बनेको छ (विश्व बैंक र डिफिड, सन् २००६) । यही कारणबाट नेपाली समाजको एउटा ठूलो वर्गलाई किनारामा राखिएको छ । ती वर्गहरू सदियौंदेखि पहिचान, अधिकार, अवसरविहीन भएर सीमान्तीकृत जीवन बिताउन बाध्य छन् । आर्थिक, राजनीतिक र सांस्कृतिक दृष्टिले उच्च मानिँदै आएको समाजको एउटा वर्ग सधैँ शक्ति र सत्ताको प्रभुत्वमा सम्पूर्ण अवसरहरू हात पार्न अनि अर्को सीमान्तकृत वर्गमाथि शासन, दमन र शोषण गर्न उद्यत छ । उनका कथाहरूमा सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक पक्षहरूको चित्रण पाइने हुनाले सीमान्तीयताका दृष्टिले अध्ययन विश्लेषण गरिनु प्राज्ञिक दृष्टिले आवश्यक र महत्त्वपूर्ण देखिन्छ । उनका कृतिहरूलाई विशेषतः प्रगतिवादी दृष्टिकोणले हेरिने गरेको तथा अध्येता र विश्लेषकहरूले सोही रूपमा चिनाउने गरेको सन्दर्भभन्दा फरक यस अध्ययनमा *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र रहेर सीमान्तीय

विषयको खोजी गर्नु नै समस्याको मूल आधार हो । यसर्थ विकलका कथाहरूमा अभिव्यक्त समाजको वर्गीय, जातीय, लैङ्गिक सीमान्तीय अवस्था र सीमान्त वर्गको आवाज अनि प्रतिरोध चेतनालाई मुख्य शोध समस्याको रूपमा लिइएको छ । यस क्रममा सीमान्त आवाज र प्रतिरोधलाई केलाइएको छ । यस समस्यासँग सम्बद्ध शोध प्रश्नहरूलाई तल प्रस्तुत गरिएको छ :

(क) रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा जातीय, वर्गीय र लैङ्गिक सीमान्तीयताको के-कसरी चित्रण गरिएको छ ?

(ख) रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्तीय वर्गको आवाज र प्रतिरोध चेतना के-कसरी व्यक्त भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमा चित्रण गरिएको वर्गीय, जातीय, लैङ्गिक सीमान्तीयताको विश्लेषण गर्नु तथा कथाहरूमा समावेश भएका पात्रहरूको आवाज र प्रतिरोध चेतनालाई केलाउनु नै यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनका ठोस उद्देश्यहरू देहायबमोजिम छन् :

(क) रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा जातीय, वर्गीय र लैङ्गिक सीमान्तीयताको विश्लेषण गर्नु ।

(ख) रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्तीय वर्गको आवाज र प्रतिरोध चेतनाको निर्क्योल गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कथाकार विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र प्रयुक्त सीमान्तीय वर्गको सन्दर्भलाई यस अध्ययनमा समेटिएको छ । सबाल्टर्न सिद्धान्त र विकलको कथागत विशेषतासँग सम्बन्धित विगतमा भएका अध्ययन, पूर्वशोधकार्य, अनुसन्धानात्मक कृति तथा सामग्रीहरूलाई यहाँ पूर्वकार्यको सामग्रीका रूपमा समीक्षा गरिएको छ । उनले आफ्ना कथाहरूमा सामाजिक यथार्थपरक घटनाहरूलाई मनोवैज्ञानिक ढङ्गले व्यक्त गरेका छन् । उनका कथामा सीमान्तीय वर्गको पीडालाई मार्मिक ढङ्गबाट समेटिएको हुनाले यिनै सन्दर्भलाई यस अध्ययनमा सिद्धान्तका रूपमा केलाइएको छ । विकलका कथाहरूमा यसअघि भएका समालोचकहरूले व्यक्त गरेका अभिव्यक्तिहरू सीमान्तीयता सम्बन्धी मान्यताको विश्लेषणका निमित्त आवश्यक पर्ने सिद्धान्त तथा शोधविधिसँग सम्बन्धित विभिन्न पुस्तकाकारका कृतिहरू, लेख, अनुसन्धान, शोधपत्रहरू, शोधप्रबन्ध आदिको

व्यवस्थित अध्ययन गरी कालक्रमको आधारमा पूर्वकार्यको समीक्षा यसप्रकार प्रस्तुत गरिएको छ :

अच्युतरमण अधिकारी (२०६७) ले *नयाँ सडकको गीतभित्रको यथार्थ* शीर्षकको लेखमा विकलका *नयाँ सडकको गीत* कथासङ्ग्रहका कथाहरूका जीवन सन्दर्भ, मानवीय स्वार्थ र जीवनको यथार्थलाई प्रयोग गर्न ग्रामीण शोषकीय मनोविज्ञान, बालचाहना र त्यसको मनोविज्ञानलाई सफल ढङ्गले प्रस्तुत गरेका छन् । उनले यसमा नारी मनोविज्ञानका पक्ष, गरिबी, पीडित यथार्थभित्रका विविध सन्दर्भ, सडकको मगन्तेदेखि लफुङ्गा र गुन्डाहरूको यथार्थ चित्रभित्रको सफल मनोविज्ञानलाई विकलले आफ्ना कथाहरूभित्र प्रस्तुत गरेको कुरालाई समेट्दै सीमान्तीय वर्गका पीडालाई राखेका छन् । त्यस्तै श्रमिक जीवन, अभावग्रस्त यथार्थ, प्रतिहिंसात्मक विद्रोह, जीवनको दर्दपूर्ण कारुणिकतादेखि सामन्तवादी मनोविज्ञानमा फसेको ग्रामीण यथार्थलाई विकलले निकै सफल तरिकाले प्रस्तुत गरेको कुरासँग सीमान्तीय चेतलाई यस लेखमा बताइएको छ । यद्यपि यसमा सीमान्तीय सिद्धान्तकै सन्दर्भबमोजिम व्याख्याविश्लेषण नभए पनि यस अध्ययनका लागि यो सामग्रीले विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रको वस्तुस्थिति विश्लेषणमा सहायता प्रदान गरेको छ । यो अध्ययनका लागि विकलको कथाकारिताको गहिराइ खोतल्न र सीमान्तीय सन्दर्भका आधारमा पात्रगत भूमिकालाई विश्लेषण गर्न यो सामग्री निकै उपयोगी ठहरिएको छ । यसमा शोषणको विविध रूप र गरिबीको सही यथार्थको प्रस्तुतिलाई विकलले समेटेको सन्दर्भ बढी उपयोगी रहेको छ ।

अनिरुद्र तिमसिना (२०६७) द्वारा *नयाँ सडकको गीत कथासङ्ग्रहका केन्द्रीयतामा विकलको कथाकारिता* शीर्षकको लेखमा विकलका सबै कथामा विद्यमान समाजमा रहेको दुई वर्गको चिन्तन र व्यवहारलाई सूक्ष्म रूपमा देखाइएको छ । यस लेखमा तल्लो वर्गका गरिब, दीनदुःखी, मगन्ते, अन्धा, दाउरे, असहाय, उपेक्षित, श्रमशील जनताप्रति समर्थन र माथिल्लो वर्गप्रति घृणा र व्यङ्ग्य अत्यन्त कलात्मक ढङ्गले व्यक्त भएको कुरालाई सीमान्तीय पात्रगत भूमिकाकै सन्दर्भमा विश्लेषण गरिएको छ । त्यस्तै कथाका माध्यमबाट विकलले समतामूलक समाजको अपेक्षा गरी शोषित पीडित वर्गप्रति गहिरो सहानुभूति देखाएको कुरा प्रस्तुत छ । यसमा सीमान्तीय पात्रका माध्यमबाट अधीनस्थको पीडालाई व्यक्त नगरिएको भए पनि कथागत परिवेश, घटना र सन्दर्भलाई अधीनस्थकै पीडामा केन्द्रित भएर चर्चा गरिएको छ । यसर्थ यो अध्ययनबाट *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्तीय पक्षको खोजीका लागि कथागत प्रसङ्ग, कथाकारिता, पात्रगत भूमिका आदिमा सहायता पुगेको छ ।

कृष्णप्रसाद घिमिरे (२०६७) ले *रमेश विकलका कथागत प्रवृत्तिहरू* शीर्षकको लेखमा विकलका कथागत प्रवृत्तिहरूलाई प्रगतिशील यथार्थवादी प्रवृत्ति नेपाली समाजको आर्थिक

द्वन्द्वको जीवन्त चित्रण गरिबी र यसबाट उत्पन्न भएका जटिल समस्याको व्यापक प्रस्तुति आन्तरिक द्वन्द्वको सघन चित्रण, रैखिक ढाँचामा आबद्ध गरिब वर्गप्रति हार्दिक सहानुभूति आदि प्रवृत्तिहरू विकलका कथाहरूमा भेटिन्छ भनी प्रस्तुत गरेका छन् । यसबाट विकलका कथाभित्र सीमान्तीय सिद्धान्तका आधारमा जातीय, लैङ्गिक र वर्गीय अध्ययनमा सहायता पुगेको छ । सीमान्तीय सिद्धान्त अनुरूप विकलका कृतिगत विशेषताको चर्चा नभए पनि यस लेखले यो अध्ययनका लागि जातीय, लैङ्गिक र वर्गीय आधारमा समीक्षा र विश्लेषण गर्न मद्दत पुगेको छ ।

कृष्णहरि बराल (२०६७) ले *विकलका कथामा आलोचनात्मक यथार्थवाद* शीर्षकको लेखमा कथाकार रमेश विकलका कथागत प्रवृत्तिको चर्चा गरेका छन् । यहाँ विकलले समाजका सामाजिक विकृति, विसङ्गति, समाजमा व्याप्त गरिबी, आर्थिक असमानता, सामाजिक भेदभाव, वर्गीय वैषम्य र दमन, सामाजिक विकृति विसङ्गतिले समाजमा निम्त्याएको असर र त्यसले कारुणिक जीवन बाँच्न विवश बनेका पात्रहरूलाई प्रस्तुत गरेको कुरालाई उल्लेख गरिएको छ । यस अध्ययनले सैद्धान्तिक पक्षमा सङ्क्षिप्त सन्दर्भलाई मात्रै उठान गरेको भए पनि यस लेखबाट सीमान्त पात्रहरूको आर्थिक असमानता, भेदभाव, दमन जस्ता पक्षको खोजीमा मद्दत पुगेको छ । यसर्थ यो लेख कृतिभित्रको यथार्थपरक समीक्षामा सहयोगी सामग्री बनेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६७) ले *नेपालीका विशिष्ट साहित्यकार रमेश विकल* शीर्षकको लेखमा विकलका सम्बन्धमा चर्चा गर्दै विकलले आफ्ना कथाका माध्यमबाट उच्च वर्गीय शोषक सामन्तीप्रति घृणा र आक्रोश तथा निम्न वर्गीय शोषित, पीडित, असहायप्रति सद्भाव र सहानुभूति प्रकट गरेका कुरा प्रस्तुत गरेका छन् । यस क्रममा लुइटेलले सामाजिक अन्धविश्वास र कुरीतिप्रति व्यङ्ग्य, सामन्तवादी प्रवृत्तिको विरोध, समतामूलक समाजको स्थापना तथा प्रगतिवादी चिन्तनको समर्थन नै विकलका कथामा पाइने विशेषता हो भनी उल्लेख गरेका छन् । यस अध्ययनले कथाकार विकललाई कथाकारिताका रूपमा मात्रै चिनाइएको भए पनि यसबाट अध्ययनमा विकलको सीमान्तीय पक्षको खोजीका लागि सहयोग पुगेको छ ।

गोपीन्द्र पौडेल (२०६७) ले *बहुविध चिन्तनका सन्दर्भमा विकलको कथाकारिता* शीर्षकको लेखमा विकलका कथागत विशेषताको चर्चा गरेका छन् । लेखकका अनुसार विकलका धेरैजसो कथामा सामन्ती सत्ता संरचनाको संस्कृति र उक्त सत्ता संरचनाको उपजस्वरूप निम्तिएको विषम विद्रुपता, विपन्नता,  शोषण र उत्पीडनलाई मुख्य विषयवस्तु बनाइएको छ । उनका कथाका पात्रहरू सामन्ती सत्ता संरचनाको परिवेशबाट उत्पन्न हुन्छन् भन्ने कुराका आधारमा लेखकले सीमान्त वर्गप्रतिको अवधारणालाई समावेश गरेका छन् । उनले मुखिया, द्वारे, जिमदार, साहु-महाजन, तालुकदार, रानीसाहेब आदिद्वारा थोपरिएको

सामन्ती उत्पीडनको चिरफार गरेकाले यो अध्ययनबाट सीमान्त पात्रको समस्या प्रस्तुत भएको छ । लेखकका अनुसार विकलले खास गरी सामन्ती सत्ता संरचना, सामन्ती व्यवस्था र सामन्ती संस्कृतिको आडमा समाजमा विद्यमान शोषण-उत्पीडन, षड्यन्त्र-स्वार्थ, विसङ्गति-विद्रुपता, विपन्नता र वितण्डा शैलीको यथार्थपरक चित्रण गरेका छन् । यसर्थ यस लेखमा लेखकद्वारा विकलको कथागत विशेषतामा केन्द्रित भएर चर्चा गरिए तापनि सीमान्तीय अवधारणाका सन्दर्भलाई प्रभुत्व वर्ग र अधीनस्थ वर्गकै प्रसङ्गभित्र रहेर समीक्षा गरिएको छ ।

परशुराम पराजुली (२०६७) द्वारा *रमेश विकल र उनको कथायात्रा* शीर्षकको लेखमा समाजको यथार्थ चित्रण गरी ग्रामीण परिवेशका निम्नस्तरका पात्रहरूका वेदनालाई व्याख्या गरिएको छ । लेखकले विकलका कथामा सोझा, सीधा, निमुखा र गरिब पात्रहरूका साथै समाजमा विद्यमान विषमता, असन्तुलन, विसङ्गति र कारुणिक जीवनको जीवन्त चित्रण रहेको विचार व्यक्त गरेर सीमान्तीय अधीनस्थ वर्गको वस्तुस्थितिलाई देखाएका छन् । यसमा लेखकले विकलको कथायात्राकै सन्दर्भलाई मात्रै देखाएका भए पनि उनको विशेषतामार्फत अधीनस्थ पात्रको अवस्थालाई पनि गहन ढङ्गले प्रस्ट्याउन पुगेका छन् । यसर्थ यो लेखमा सीमान्तीय वर्गको वर्गीय स्थितिलाई प्रस्तुत गरेकाले पनि यस अध्ययनमा उपयोगी ठहरिएको छ ।

पुरुषोत्तम सुवेदी (२०६७) ले *कथाकार रमेश विकल हुनुको अर्थ* शीर्षकको लेखमा विकलका कथाहरूको चर्चा गर्दै परम्परागत सामन्ती संस्कृति र त्यसको परिणामस्वरूप निर्माण भएको समाजलाई चित्रण गरेका छन् । लेखकका अनुसार कथाकार विकलले सामान्य मानिसलाई पनि नायकत्व प्रदान गरेर कथा लेखनको नयाँ सुरुवात गरे । जुनसुकै प्रवृत्तिका रचनामा पनि विकलको पक्षधरता सामान्य मान्छेप्रति रहेको छ । लेखमा रचनाको नायकत्व तिनै अनाम, अनाथ र पीडितलाई दिएको कारण नेपाली आख्यानमा विशेष अर्थ राख्छन् भन्ने कुरालाई देखाइएको छ । सामन्तवाद र पुँजीवादले स्थापित गरेका र मान्दै आएका विश्वास, मूल्य, भावबोध र आदर्शलाई छोड्दै विज्ञानको विकास र स्थापनाले दिएको स्वीकृतिलाई मान्नु तथा सोहीबमोजिमको गतिशील जीवनलाई टिप्न सफल भएको कुरा प्रस्तुत गरिएको कुराले यहाँ सीमान्तीय पात्रलाई प्रभुत्व वर्गको दमनले असर पार्ने विषय समावेश भएको छ । यस लेखमा सीमान्तीय सिद्धान्तअनुरूप *नयाँ सडकको गीत* कथासङ्ग्रहका सन्दर्भलाई नसमेटिएको भए पनि वर्गीय अवधारणामा प्रभुत्वको दमन हुने विषयवस्तुलाई समावेश गरिएको छ । यसबाट विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र समावेश भएका अधीनस्थ वर्गको दमनलाई खोतल्न सहज भएको छ ।

हरिप्रसाद सिलवाल (२०६७) द्वारा *रमेश विकलका कथामा विचार पक्ष* शीर्षकको लेखमा विकलका कथामा प्राप्त वैचारिकतालाई आलोचनात्मक यथार्थवादी विचार,

ऐतिहासिक सन्दर्भ र आडम्बरी शासनप्रति विद्रोह, प्रगतिवादी विचारलाई प्रस्तुत गरिएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । उनले विकलका कथामा उन्नतिशील समाजको निर्माणमा बाधा पुऱ्याउने हैकम, चाकडी, चरित्रहीनता, लुब्धपन, लैङ्गिक विभेद, वर्गीय विभेद, भ्रष्टाचार जस्ता पक्षलाई हटाउनुपर्ने सन्देश रहने कुरालाई जोडेर अधीनस्थ वर्गको बाध्यता, पीडा, वेदना, विभेदको स्थिति आदिलाई समेटेका छन् । यस लेखमा विकलका कथाकारिताभित्रको सीमान्तीय पक्षको चर्चा नभए तापनि विकलका कथाभित्र आएका पात्रको सीमान्तीय र प्रभुत्व दमनको स्थिति समावेश छ । यसमा समाजको निर्माणमा बाधा पुऱ्याउने पक्षलाई प्रभुत्व वर्गले जोगाएको सन्दर्भमार्फत यो अध्ययनमा सीमान्तीय पक्षको खोजी गर्न सहज भएको छ ।

तारालाल श्रेष्ठ (२०६८) ले *शक्ति, स्रष्टा र सबाल्टर्न* नामक कृतिमा सबाल्टर्नले सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ भनी सीमान्तीयताको अर्थलाई प्रस्ट्याएका छन् । उनले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई सीमान्तीयता भनेका छन् । यो वर्ग सधैँ अधीनस्थ हुने, पराधीन हुने र उनीहरू शासकको प्रयोगको वस्तुसमेत बन्न पुग्ने कुरालाई दर्साएका छन् । सबाल्टर्नले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक हिसाबले दमित, शोषित, उत्पीडित वर्गलाई मात्र जनाउँदैन । अधीनस्थताका आधारमा आम समाज, जनता वा कुनै राष्ट्रसमेत शक्तिशाली अर्को पक्षबाट सबाल्टर्नीय अवस्थामा बाँच्न बाध्य भएका हुन्छन् । सीमान्तीय वर्गको प्रतिनिधित्वको दृष्टिकोणबाट इतिहास अझै समावेशी बन्न नसकेको भन्दै श्रेष्ठले सीमान्तीयताका लागि सम्भ्रान्तहरूको इतिहास कठोर र निष्ठुर रहेको कुरालाई प्रस्ट्याएका छन् । सीमान्तीयताको इतिहासलाई दबाइएको र विश्वमा नै सम्भ्रान्तको इतिहासले मात्रै स्थान पाएको कुरालाई बताएका छन् । सम्भ्रान्त वर्गको इतिहास सीमान्तीकृतको इतिहास जत्तिकै महत्त्वपूर्ण भए तापनि सीमान्तीकृत वर्गलाई कुनै महत्त्व र प्रश्रय दिइँदैन । श्रेष्ठका अनुसार गरिब, किसान, मजदुर, भूमीहीन, सुकुम्वासी, दलित तथा सामाजिक, आर्थिक, राजनीतिक हरेक हिसाबले शोषित, पीडितहरू नै सीमान्त समुदाय हुन् । उनीहरू सबाल्टर्न वर्ग हुन् र सबाल्टर्न अध्ययन पनि यही सिद्धान्तमा केन्द्रित रहेको कुरालाई लेखकले समेटेका छन् । उनको यस कृतिमा सम्भ्रान्त वर्गका विरुद्ध प्रतीकात्मक किसिमबाट आएको साहित्य जस्तै अश्वेत जातिको साहित्य, प्रगतिवादी साहित्य, जनसाहित्य वा मानकभन्दा बाहिरका साहित्यमा सीमान्तीयताको प्रतिनिधित्व बढी भएको कुरालाई व्यक्त गरिएको छ । यसमा विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रको गहिराइलाई नसमेटिएको भए पनि सबाल्टर्न अध्ययन युवा, बौद्धिक समुदाय तथा शोधार्थीका लागि आकर्षणको केन्द्र बन्न पुगेको छ भन्ने सन्दर्भका आधारमा यो सामग्री सैद्धान्तिक तवरले बढी उपयोगी बन्न पुगेको छ ।

राजेन्द्र सुवेदी (२०६८) ले *नेपाली समालोचना : परम्परा र प्रवृत्ति* नामक पुस्तकमा सीमान्तीय अध्ययनको अवधारणालाई सङ्क्षिप्त रूपमा चर्चा गरेका छन् । उनले सीमान्तीय अवधारणालाई नवीन प्रवृत्ति र विशेष सौन्दर्य चिन्तनका रूपमा हेरेका छन् । उनका अनुसार सीमान्तीय अध्ययनको विकास र प्रयोग राजनीतिबाट प्रभावित चेतना हो । नेपाली समाजमा व्याप्त वर्ण र जाति विभाजनका कारण सीमान्तीकरण प्रक्रियाले प्रश्रय पायो । यसै कारणले विभाजित समाजको विकास हुन गई विशेषतः दक्षिण एसियाका सबै मुलुकमा यसको प्रभाव छ । यति भएर पनि विश्वका सबै जसो मुलुकभित्र सीमान्तीय समस्याले समाजको विकासमा बाधा पुऱ्याएको छ । उनले विशेषतः भारतीय समाजको वर्ण व्यवस्थामा आधारित भएर पश्चिमाहरूले सीमान्तीय चिन्तनलाई अध्ययनको केन्द्रमा राखे । यसै सिलसिलामा आन्तोनियो ग्राम्सी, दिपेश चक्रवर्ती, गायत्री चक्रवर्ती स्पिभाक, होफम्यान, रञ्जित गुहा आदिका मान्यतामा आधारित भएर सीमान्तीयताका विविध रूप र त्यसभित्र पनि सीमान्तीयताका अनेकन तहहरू (एउटै वर्ग, जाति, लिङ्ग आदिभित्रको सीमान्तीयता) रहने सन्दर्भलाई प्रस्तुत गरेका छन् । उनका अनुसार समाजको संरचनाले मान्छेलाई जाति, वर्ग, लिङ्ग, रङ्ग, व्यवसाय, श्रम, आङ्गिक दुर्बलता जस्ता विभाजनको आधार बनाइदियो । यसले मान्छेको मूल्य र गरिमालाई समेत विखण्डित तुल्यायो । यसकारण मान्छेले मान्छेलाई नै खण्डित तुल्यायो । यो समस्याको हल गर्ने अभिप्रायले समाजमा सङ्घर्षका अभियानहरू विकसित भई साहित्य सिर्जना र समीक्षामा सीमान्तीयताले प्रश्रय पाएको छ । यसरी समाजमा सधैँ वर्चस्वमा रहने वर्ग तथा समुदायका मानिसहरूमा सत्ता, शक्ति र सम्पत्तिका निम्ति एकता भइरहन्छ । यसबाट सामान्य वर्गलाई किनारामा पार्ने प्रक्रियाको खेलमै सत्ताको दुरुपयोग हुन्छ । उनीहरूलाई मनोसामाजिक ढङ्गले वर्गीय, जातीय, लैङ्गिक सीमान्तीकृत तुल्याइन्छ । फलतः सामाजिक सरोकारका विविध क्षेत्रमा सीमान्त वर्गलाई प्रतिनिधित्व र पहिचानको स्थितिबाट अलग्याइन्छ । त्यसैले सीमान्तीय चिन्तनलाई समाजकै संरचनाले विभाजन गर्दै आएको छ । यो समस्याको निराकरणका निमित्त प्रतिरोध गर्नु परेकाले समाजमा सङ्घर्ष हुन्छ र साहित्य सिर्जना तथा समीक्षामा यी विषयहरू समावेश हुन्छन् । यसर्थ सुवेदीको यो मूल कथ्यले यस शोध कार्यमा सीमान्तीकरण प्रक्रियाको सन्दर्भ, प्रतिनिधित्व र पहिचानको छनोट तथा आवाज र प्रतिरोध चेतना निर्माण प्रक्रियाको खोजीका निमित्त सहयोग पुगेको छ ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी (२०६९) को *नेपाली कथाको इतिहास* शीर्षकको कथाको इतिहास सम्बन्धी कृतिमा रमेश विकललाई सामाजिक यथार्थवादी र प्रगतिवादी कथाकारका रूपमा चिनाउँदै उनलाई नेपाली साहित्यका अग्रणी साहित्यकार हुन् भनेर प्रस्ट्याइएको छ । यस कृतिमा रमेश विकलको कथायात्राको सन्दर्भलाई उल्लेख गर्दै विकलका कथामा आर्थिक असमानता, वर्गीय विभेद तथा सामाजिक भेदभाव जस्ता

सीमान्तीय पक्षहरूको चित्रण भएको कुरालाई प्रस्तुत गरिएको छ । यस कृतिमा रमेश विकल विभेद, अन्याय, अत्याचार, शोषण र सामाजिक विकृति जस्ता सीमान्तीय पक्षहरूलाई मुख्य विषय बनाएर कथा लेख्ने कथाकार हुन् भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । यस क्रममा लेखकद्वयले विकललाई सामन्ती प्रभुत्वका विरुद्ध अधीनस्थहरूका पक्षमा कथा लेख्ने कथाकारका रूपमा चिनाउँदै *नयाँ सडकको गीत* कथासङ्ग्रहमा पनि सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य, अन्याय, शोषणप्रतिको विरोध सशक्त रूपमा आएको कुरालाई सङ्केत गरिएको छ । यस दृष्टिले 'लाहुरी भैंसी' र 'सिँगारी बाखी' कथालाई उत्कृष्ट रहेको भनी उल्लेख गरिएको छ । यति हुँदाहुँदै पनि यस कृतिमा रमेश विकलको कथासन्दर्भ सङ्क्षिप्त रूपमा मात्रै आएको छ भने रमेश विकलको विश्लेषणका दृष्टिले यसमा पर्याप्त रिक्तता रहेको छ । उनका कथाको सीमान्तीय सन्दर्भलाई उल्लेख गर्ने क्रममाचाहिँ यो कृति निकै उपयोगी रहेको छ ।

मोहनराज शर्मा (२०७०) द्वारा *अवरजन र साहित्य* शीर्षकको लेखमा अवरजनको परिभाषा दिँदै सामाजिक, आर्थिक, राजनैतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समूह, समुदाय र व्यक्तिलाई अवरजन भनिने कुरा उल्लेख गरिएको छ । यसक्रममा अवरजन भन्नाले आम जनता, तल्लो वर्ग, भुइँमान्छे, साधारण जनता, श्रमिक, सर्वहारा, दलित आदि शब्दलाई पनि बुझिने भावलाई व्यक्त गरिएको छ । यस वर्गले माथि वा टुप्पाबाट इतिहास लेख्ने परम्परालाई खारेज गरी तल वा जराबाट इतिहास लेख्ने र अवरजनलाई केन्द्रमा राखेर सामुन्ने ल्याउने दह्रो कदम चालेको सन्दर्भलाई शर्माले प्रस्तुत गरिएको छ । नेपाली भाषामा नेपालको परिवेशमा अवरजन भनेको ग्रामीण भेगका गरिबहरू, दलितहरू, निरक्षरहरू, द्वन्द्व पीडितहरू हुन् भन्दै साहित्यमा अवरजन कुनै पात्र वा चरित्र वा सहभागीका रूपमा देखा पर्ने कुरा बताइएको छ । अवरजनलाई सीमान्तीयताको समानार्थी शब्द हो भन्दै उनी सीमान्तीयता शब्दले अधीनस्थ, असक्त, आवाजहीन, इतिहासविहीन, उत्पीडित, उपेक्षित, गरिब, दबिएको, दमित, दलित, निमुखा, निर्धो, पिछडा मातहतको विपन्न, शासित, शोषित, श्रमिक, सर्वहारा, सीमान्तकृत आदिलाई जनाउने कुरा बताइएकाले यो लेख सैद्धान्तिक तवरमा उपयोगी रहेको हो । उनले साहित्यमा प्रयुक्त तल्ला दर्जाको पात्रहरूको सामाजिक, आर्थिक एवम् राजनैतिक जीवन अवस्था, स्थिति आदिको अध्ययन र विश्लेषण सीमान्तीयताले गर्ने कुरा बताएका छन् । कृतिमा यस्ता पात्रहरूको सहभागिता गौण हुने हुँदा सम्बद्ध जानकारी पनि छरिएर रहेको कुरालाई उल्लेख गरेका छन् । छरिएका तथ्याङ्कको आधारमा मुख्यतः तल्ला वर्गका पात्रमार्फत कृतिको विश्लेषण गर्नु पर्दा साहित्यको सीमान्तीयताको अध्ययन गर्नु निकै कठिन हुने कुरा बताएका छन् । यसर्थ यो लेखले यस अध्ययनमा सैद्धान्तिक समीक्षाको सहयोगी सामग्रीका रूपमा सहायता पुऱ्याएको छ ।

महेश कार्की (२०७२) द्वारा *नयनराज पाण्डेको उपन्यासमा सबाल्टर्न* नामक शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा सामाजिक, आर्थिक, राजनीतिक दृष्टिकोणबाट तल्लो दर्जाको अधीनस्थ समूह, समुदाय र व्यक्तिलाई सीमान्तीयता भनिन्छ भनी उल्लेख गरिएको छ । यसमा सीमान्तीयता अध्ययन सुरु हुनाको कारणहरू, सीमान्तीयता सम्बन्धी विभिन्न विद्वान्का धारणाहरू, सीमान्तीयता अध्ययन समूह, सीमान्तीयता अध्ययनको आरम्भ र विकास, साहित्यमा सीमान्तीयता अध्ययनको प्रयोग, नेपाली साहित्यमा सीमान्तीयता लगायतका शीर्षकहरूका माध्यमबाट सैद्धान्तिक पर्याधारको निर्माण गरिएको सन्दर्भलाई समेटिएकाले यो सामग्री सीमान्तीय अवधारणाका लागि उपयोगी रहेको छ । यसबाट सीमान्तीय आवाज र तिनको अवस्थाको अध्ययनमा सहयोग पुगेको छ ।

शैलेन्द्र अधिकारी (२०७२) द्वारा *अमर न्यौपानेको आख्यानमा सबाल्टर्न* शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा साहित्यको सीमान्तीयताको अध्ययनको सैद्धान्तिक आधार र विश्लेषण ढाँचाबारे विवेचना गरिएको छ । यस अध्ययनमा सीमान्तीयताको अर्थ र तात्पर्य शीर्षक अन्तर्गत सीमान्तीयता शब्दले विगत लामो समयदेखि अरूको अधीनमा रहेर आफ्नो स्वपहिचान गुमाउँदै विवश जीवन भोग्ने व्यक्ति, व्यक्तिको समूह वा वर्गलाई जनाउँछ भन्ने सारलाई पेस गरिएको छ । यो शोधप्रबन्धले यस अध्ययनमा सैद्धान्तिक समीक्षा तथा व्यावहारिक विश्लेषणमा सहायता प्रदान गरेको छ ।

श्रीकृष्णप्रसाद कोइराला (२०७३) को *भवानी भिक्षुको कथामा सीमान्तीयता* शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा सीमान्तीयताको सैद्धान्तिक पर्याधार र कथा विश्लेषणको प्रारूपबारे विवेचना गरिएको छ । यस शोधप्रबन्धमा सबाल्टर्नले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक हिसाबले दमित, शोषित, उत्पीडित वर्गमात्र नभएर हरेक समाजका शासक तथा शक्ति केन्द्रबाट शोषित र दमित निमुखा वर्गहरू हुन्छन् भन्ने सन्दर्भलाई पेस गरिएको छ । यस्ता वर्गहरू प्रभुत्वशाली वर्गको शोषण र दमन विरुद्ध बोल्न सक्दैनन् भन्ने कुरालाई यस शोधपत्रमा प्रस्तुत गरिएको छ । यस शोधप्रबन्धले सीमान्तीयताको सिद्धान्त र विश्लेषण प्रक्रियाका लागि मार्गदर्शन प्रदान गरेको छ ।

प्रभाकुमारी बराल (२०७४) को *प्रदीप नेपालका कथामा सीमान्तीयता* शीर्षकको दर्शनाचार्य शोधप्रबन्धमा साहित्यमा सीमान्तीयताको अध्ययन गर्दा शक्ति, सत्ता, दमन, हैकम, शिक्षा प्रणालीलगायत तमाम आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक क्षेत्रगत अवस्थाको मुद्दा जोडिन आउने कुरा बताएका छन् । विशिष्ट भौगोलिक परिवेशमा जातजाति, धर्म, संस्कृति, वर्ग, भाषा, भौगोलिक विकटताको आधारमा सबाल्टर्नको पहिचान र अध्ययन विश्लेषण गर्न सकिने कुरा यस अध्ययनमा प्रस्तुत गरिएको छ । अतः यो अध्ययन सैद्धान्तिक र व्यावहारिक समीक्षाका लागि उपयोगी देखिएको छ ।

षडानन्द पौड्याल (२०७६) ले *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध* नामक कृतिमा रमेश विकललाई प्रगतिवादी धाराका कथाकारका रूपमा चिनाउँदै उनका कथामा अभिव्यक्त सामाजिक सम्बन्धको विश्लेषण गरेका छन् । पौड्यालले यस कृतिमा रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा नेपाली समाजले दैनिक जीवनमा भोगेका विषयलाई कथाको विषयवस्तु बनाएर नेपाली समाजको वर्गीय, आर्थिक, सामाजिक, उमेरगत र लैङ्गिक सम्बन्धको विश्लेषण गरेका छन् । यसरी वर्गीय, आर्थिक, सामाजिक, उमेरगत र लैङ्गिक सम्बन्धका माध्यमबाट रमेश विकलका कथामा सीमान्तीयताको खोजी गर्ने कार्य गरेको हुँदा पौड्यालको यस कृतिले रमेश विकलका कथाहरूको सीमान्तीय विश्लेषणमा सहयोग गरेको छ । उनको यस कृतिमा *नयाँ सडकको गीत* कथासङ्ग्रहको समग्र विश्लेषण हुन नसके पनि कथासङ्ग्रहका कथाका माध्यमबाट वर्गीय, लैङ्गिक र सामाजिक-आर्थिक सम्बन्धको विश्लेषण गरिएको हुँदा कथाको विश्लेषणमा यसलाई सहयोगी सामग्रीको रूपमा उपयोग गरिएको छ ।

ऋषिराज बराल (२०७७, क) ले *मार्क्सवाद र सबाल्टर्न अध्ययन* पुस्तकमा इतिहासमा नेपाल कहिल्यै कसैको अधीनमा रहेन तथापि अहिले आएर भारतीय हुकुमको प्रभावमा परेको कुरालाई चर्चा गरेका छन् । यो अवस्थालाई उनी अर्धऔपनिवेशिक स्थितिबाट नवउपनिवेशको स्थितिमा विकसित हुन थालेको प्रसङ्गसँग जोड्छन् । उनले युरोपेली इतिहास र इतिहासकारहरूको मानसिकताबाट भारतीय इतिहास लेखनलाई मुक्त गराउने कुरा भारतीयहरूले गरेझैँ भारतीय इतिहास लेख र भारतीय प्रभुत्वको मानसिकताबाट नेपाली समाज र इतिहास लेखनलाई मुक्त गराउनु नेपाली समाजका सीमान्तीय वर्गका अध्येताहरूको जिम्मेवारी र दायित्व हुन्छ भन्ने कुरालाई व्यक्त गरेका छन् । यसरी नै नेपालले भारत जस्ता ठूला मुलुकबाट दबिएर बस्नुपर्ने, तिनको प्रभावमा कमजोर हुनुपर्ने यथार्थलाई सङ्केत गरेका छन् । यसर्थ यो पुस्तकले यस अध्ययनमा सैद्धान्तिक विश्लेषणमा सहायता पुऱ्याएको छ ।

रमेशप्रसाद भट्टराई (२०७७, क) द्वारा *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण* मा सङ्कलित *अविरल बग्दछ इन्द्रावती* उपन्यासको सांस्कृतिक विश्लेषण शीर्षकको लेखमा विकलका कृतिहरूका माध्यमबाट समाज वर्गमा विभक्त हुने र वर्गयुक्त समाजमा शोषक, सामन्त वा उच्च वर्गले निम्न वर्गमाथि आफ्नो प्रभुत्व कायम गर्ने विचारलाई व्यक्त गरिएको छ । विकलका दृष्टिमा सामन्तवाद र पुँजीवादको चरित्र शोषणमुखी छ । सत्ता, सान र शक्तिले आफ्नो प्रभुत्व बचाउँछन् भन्ने शोषण र शासकीय दृष्टिकोणलाई भट्टराईद्वारा विश्लेषण गरिएको छ । यस पुस्तकमा सीमान्तीय अध्ययनको अवधारणालाई वर्गीय, लैङ्गिक र जातीय सन्दर्भमा *रूपमती, मुलुकबाहिर, एक चिहान, अनिंदो पहाडसँगै, अविरल बग्दछ इन्द्रावती* र *लिखे* औपन्यासिक

कृतिहरूलाई व्यावहारिक रूपमा सोदाहरणीय चर्चा गरिएको छ । यस पुस्तकले यस अध्ययनलाई सैद्धान्तिक तथा व्यावहारिक विश्लेषणमा सहयोग गरेको छ । यस पुस्तकले *नयाँ सडकको गीत* कथासङ्ग्रहको विश्लेषणमा व्यावहारिक ढाँचा, सिद्धान्त र लेखकीय आधार प्रदान गरेको छ ।

रमेशप्रसाद भट्टराई (२०७७, ख) ले *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* नामक पुस्तकमा वर्गीय, लैङ्गिक र जातीय अध्ययनको सैद्धान्तिक आधारलाई सांस्कृतिक अध्ययनको जगका रूपमा चिनाएका छन् । यस पुस्तकले वर्गको उत्पत्ति, वर्गीयता सम्बन्धी जानकारी, लैङ्गिक अध्ययनको समालोचकीय पक्ष, जातीय अध्ययनका क्षेत्र र सिद्धान्तहरूका साथै नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक सांस्कृतिक सन्दर्भको बारेमा अनुसन्धानात्मक आधार प्रदान गरेको छ । अतः सीमान्तीय सिद्धान्त र विश्लेषणमा यो पुस्तक विशेष उपयोगी बनेको छ । यस पुस्तकमार्फत लेखक भट्टराईले सामन्तवादको उदय र त्यसको दमनकारी क्रियाकलापबाट किनारीकृत वर्गीय सीमान्त समुदायको अध्ययनका सन्दर्भमा समालोचकीय आधार प्रदान गरेका छन् । यसका साथै लैङ्गिक तथा जातीय अध्ययनका सन्दर्भमा पितृसत्तात्मक सामाजिक संरचना, वर्ण व्यवस्था जस्ता विषयको खोजमूलक समीक्षा गरेका छन् । उनको यो अनुसन्धेय पुस्तकबाट यस शोधकार्यका लागि सीमान्तीय अध्ययनको सैद्धान्तिक आधार निर्माण गर्न र सोही अनुरूप समीक्षा गर्न मद्दत पुगेको छ ।

लक्ष्मी खत्री (२०७७) को *राजेन्द्र विमलका कथामा सीमान्तीयता* शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा सबाल्टर्न शब्दले सदियौँदेखि किनारीकृत, शोषित, शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गका आवाजलाई जनाउँदछ । सामाजिक, शैक्षिक, आर्थिक, धार्मिक, राजनीतिक, शैक्षिक आदि दृष्टिबाट तल्लो दर्जाको अधीनस्थ समूह, समुदाय र व्यक्ति सीमान्त वर्गअन्तर्गत पर्दछ । सीमान्तीयताले यिनै किनारामा परेको वा पारिएका वर्गको अध्ययन गर्ने कुरा यस शोधप्रबन्धभित्र समेटिएको छ । यसर्थ यस शोधप्रबन्धले यो अध्ययनका लागि सबाल्टर्न चिन्तन, साक्ष्य निर्धारण र विश्लेषणका लागि विशेष सहयोग गरेको छ ।

## १.५ अध्ययनको अन्तराल

उपर्युक्त अध्ययन तथा समीक्षाहरूमा गरिएका विश्लेषणले रमेश विकलको साहित्यिक भूमिका पहिचान र *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रको सीमान्तीयताको निर्क्योलमा सहायता पुगेको छ । यद्यपि यी सामग्रीले विकलको उक्त कथासङ्ग्रहभित्रको सीमान्तीय पक्षलाई जातीय, वर्गीय र लैङ्गिक पहिचानका दृष्टिले समीक्षा गरेको पाइँदैन । माथि प्रस्तुत समालोचना र शोधप्रबन्धहरूले यस अध्ययनमा सैद्धान्तिक र प्रयोगात्मक

समीक्षाका लागि सहयोग पुऱ्याएका छन् । विकलका कथाकारिताका बारेमा अच्युतरमण अधिकारी, कृष्णहरि बराल, रमेशप्रसाद भट्टराई, हरिप्रसाद सिलवाललगायतका विद्वान्हरूको समीक्षा तथा अन्य शोधप्रबन्धगत कृतिले यस अध्ययनलाई सहज तुल्याएको छ । यी अध्ययनलाई समीक्षा गरेपश्चात् विकलको *नयाँ सडकको गीत कथासङ्ग्रह*भित्रको सीमान्तीयतालाई केलाइनु आवश्यक र सान्दर्भिक देखिएको छ । विकलको यस कथासङ्ग्रहभित्र सङ्ग्रहित कथाका साक्ष्यद्वारा जातीय, वर्गीय र लैङ्गिक पहिचानलाई के-कसरी समीक्षा गर्न सकिन्छ भन्ने विषयलाई उल्लिखित अध्ययनहरूले समावेश गरेका छैनन् । यद्यपि विकलले आवाजविहीनको आवाजलाई कथाका माध्यमबाट प्रस्तुत गरेका सामान्य प्रकृतिका लेखहरू मात्रै समावेश भएकाले यो अध्ययन सान्दर्भिक र उपयुक्त देखिएको छ ।

उल्लिखित समीक्षामा समावेश भएका समालोचना, पुस्तक, शोध आदिले यस कथासङ्ग्रहको यो अध्ययनमा सीमान्तीयताबारे धारणा बनाउन सहयोग पुगे पनि कथाकै विश्लेषणमा भने अध्येताद्वारा नवीन तर्क र तथ्य प्रस्तुत गरिएको छ । यसर्थ सबाल्टर्न वर्गका आवाजलाई यस कथासङ्ग्रहले के-कसरी समेटेको छ भन्ने विषय नै अध्ययन गर्नुपर्ने नवीन विषय बनेको छ । उल्लिखित सामग्रीहरूले उठाएका सन्दर्भले नेपाली समाजकै परिवेशमा भन्दा सिद्धान्तगत व्याख्यालाई मात्र बढी जोड दिएको पाइन्छ । यसर्थ यो अध्ययनमार्फत विकलको कथाकारिता, सीमान्तीय चिन्तन र प्रयोग तथा प्रतिरोध चेतनाको समीक्षा गर्नु उपयुक्त देखिएको हो । अतः यहाँ विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा समावेश भएको सबाल्टर्न सिद्धान्तका आधारमा नेपाली समाजको वास्तविक स्थितिलाई केलाइएको छ ।

## १.६ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । कथाकार रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहका कथाहरू यस शोधका प्राथमिक र मुख्य सामग्री हुन् । यसका साथै रमेश विकल र उनका कथाकृतिगत विश्लेषण तथा सीमान्तीयता सम्बन्धी सिद्धान्तका बारेमा गरिएका विश्लेषणयुक्त सामग्रीहरूलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । शोधको उद्देश्य र विश्लेषण सिद्धान्तका आधारमा यस अध्ययनका लागि विशेषतः सीमान्तीय सिद्धान्तसँग सम्बन्धित सामग्रीहरू, विकलसँग सम्बन्धित स्मृतिग्रन्थ, सन्दर्भ पुस्तक, समालोचना, समीक्षागत सामग्री आदिलाई पुस्तकालयीय विधिमार्फत द्वितीयक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत शोध निगमनात्मक पद्धतिगत विश्लेषणमा आधारित भएकाले यो अध्ययन गुणात्मक अनुसन्धान विधिमा केन्द्रित छ । कथाकार रमेश विकलका कथाहरूको विश्लेषणका लागि सीमान्तीयताको सिद्धान्तलाई मुख्य आधार मानी

उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । विश्लेषणका लागि पाठ विश्लेषण, वस्तुविश्लेषण र व्याख्यात्मक विश्लेषण विधिको उपयोग गरी निष्कर्ष पेस गरिएको छ ।

## १.७ सैद्धान्तिक पर्याधार

अङ्ग्रेजी भाषाको सबाल्टर्न शब्दलाई नेपाली भाषामा सीमान्तकृत वा किनारीकृत व्यक्ति वा समूह भनिन्छ । यसलाई शाब्दिक रूपमा बुभन नेपाली भाषाको 'भुइँमान्छे' शब्दलाई प्रयोग गर्न सकिन्छ । पारिभाषिक रूपमा सामाजिक, आर्थिक र राजनैतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समूह, समुदाय वा व्यक्तिलाई अवरजन अर्थात् सबाल्टर्न भनिन्छ (शर्मा, २०७०, पृ. ३१५) । उनीहरू आफैँ बोल्न नसक्ने प्रकृतिका हुन्छन् । यसर्थ यिनलाई आवाजविहीन, इतिहासविहीन, उत्पीडित, शोषित, श्रमिक, सर्वहारा अर्थात् सीमान्त वर्गका रूपमा लिइन्छ । अवरजन चिन्तनका सन्दर्भमा कार्ल मार्क्स, प्लेखानोभ, जर्ज लुकाच आदिले प्रकाश पारे पनि इटालेली नवमार्क्सवादी आन्तोनियो ग्राम्सीलाई समसामयिक सन्दर्भमा यसको उन्नायक, विस्तारक र केन्द्रीय विचारक मानिन्छ (शर्मा, २०७०, पृ. ३१५-३१६) । यसपश्चात् आवाजविहीनको आवाजलाई, इतिहासविहीनको इतिहासलाई समाजका जानकारले बोलिदिनुपर्छ भन्ने चिन्तनमा सहायता पुगेको देखिन्छ । सबाल्टर्न समुदायहरू शब्द र भाषाको माध्यमबाट लेखिने (वा प्रतिनिधित्व हुने) आधिकारिक इतिहासबाट बाहिर रहने खतरालाई मध्येनजर गरेर तिनको इतिहासलाई पनि मूल धारमा ल्याउनुपर्छ भन्ने ध्येय राखी रञ्जित गुहाको नेतृत्वमा 'सबाल्टर्न स्टडिज' भन्ने अध्ययनशैली भारतमा सन् १९८० र १९९० को दशकमा विकसित भएको थियो (उप्रेती, २०७८, पृ. २३२) । यो चिन्तनले मार्क्सवादी अवधारणाबाटै निम्न वर्गका पक्षमा वकालत गरेको देखिन्छ । तिनको अस्तित्वलाई अघि ल्याएर समाजमा तिनको भूमिकालाई बोध गराउने सन्दर्भमा यो चिन्तन बढी प्रभावकारी देखिएको छ । सीमान्तीय चिन्तनले समाजको विश्वास, धारणा र व्यवहारका कारण जातीय, लैङ्गिक र वर्गीय विभेदको गहिराइलाई खोतल्छ ।

आन्तोनियो ग्राम्सीले सांस्कृतिक चिन्तनका सन्दर्भमा सीमान्तीय अवधारणालाई अघि सारे । समाजको वर्गीय संरचनामा पछि परेका, हेपिएका वा आवाजविहीन व्यक्ति वा समुदायको आवाजलाई अरू बुभने मानिस वा समूहले बोलिदिनुपर्छ । यसर्थ उनको यो अवधारणा मार्क्सवादी वर्गीय चिन्तनसँग समान देखिन्छ तथापि गहन सीमान्तीय पक्षको खोजीमा सबाल्टर्न चिन्तन अझै गहिरो देखिन्छ । भारतमा किसान, विपन्न, दमित, दलितका पक्षमा वकालत गरेर इतिहासको खोजी गर्नुपर्ने चिन्तनले मार्क्सवादको पुनर्व्याख्या भएको देखिन्छ । हबिबले मार्क्सको भारत विषयमा गरेको व्याख्यालाई साधारण किसान र तल्लो वर्गको दृष्टिबाट अर्थ्याएको कुरा महत्त्वपूर्ण छ तर सबाल्टर्नका कथा खण्डित रूपमा नै भए पनि तिनको राम्ररी अध्ययन हुनुपर्छ भनी तम्सेका चिन्तकहरू मार्क्सवादीहरूसँग केही भिन्न रहे

(सुवेदी, २०६८, पृ. xix ) । यिनै सन्दर्भमा ग्राम्सीले सीमान्तीय शासकहरूलाई बुझाउने अभिप्रायले 'हेजोमोनी' शब्दको प्रयोग गरे । उनले उनको भोगाइभित्रको समाज, संस्कृति र चिन्तनलाई प्रस्तुत गरेका हुन् तथापि नेपाली समाजका लागि पनि यो शब्दले बोक्ने अर्थमा साम्यता छ । हाम्रो नेपाली समाजभित्रको वर्गीय खाडललाई उनले प्रस्तुत गरेको सिद्धान्तले अझै बढी व्यावहारिक रूपमा समेटेको देखिन्छ । भट्टराईले हेजेमोनी शब्दलाई यसरी व्याख्या गरेका छन् :

> सामान्य अर्थमा 'हेजोमोनी' शब्दको अर्थ एउटा देशले अर्को देशमाथि शासन गर्नु वा संस्थागत रूपमा अरूमाथि नियन्त्रण गर्नु भन्ने भए पनि ग्राम्सीले राजनीतिक, सांस्कृतिक वा बौद्धिक रूपमा कुनै पनि विचारधाराका माध्यमबाट सत्ताधारीले जनतामाथि दमन गर्ने अर्थमा यस शब्दलाई प्रयोग गरी मार्क्सवादी सन्दर्भ प्रदान गरेका छन् । (भट्टराई, २०७७ ख, पृ. ३३)

नेपाली साहित्यमा सीमान्तीय चिन्तनलाई जानेर वा नजानेर उपयोग गरिएको पाइन्छ । सांस्कृतिक तथा सामाजिक विशिष्टतालाई गहिराइसम्म समेटेर सबाल्टर्नको इतिहास खोजी गर्ने यस अध्ययनलाई साहित्यमा प्रयोग गर्दा थप उपयोगी दृष्टिकोण बन्नेमा दुई मत हुन सक्दैन (श्रेष्ठ, २०६८, पृ. २७-२८) । यसर्थ नेपाली समाजको वस्तुस्थितिलाई नेपाली साहित्यले पनि सीमान्तीय पक्षबाट समेटेको हुन्छ । मार्क्सवादी ग्राम्सीले इटालीको विशिष्ट अवस्थामा किसान सबाल्टर्नहरूलाई उत्पीडित वर्गका रूपमा प्रस्तुत गरेर उनीहरूको मुक्तिको अवधारणा अघि सारेका थिए (बराल, २०७७ क, पृ. २०७) । नेपाली साहित्यमा पनि यस विषयको खोजी आवश्यक देखिन्छ । विशेषतः सबाल्टर्न अध्ययनको सैद्धान्तिक पक्ष ग्राम्सी, रञ्जित गुहा र गायत्री चक्रवर्ती इस्पिभाक जस्ता विचारकहरूको वर्ग धारणामा आधारित छ । यस चिन्तनले पर्दा पछाडिका मौन सीमान्त वर्गलाई अघि ल्याउन र तिनको भूमिका प्रस्ट्याउन मार्ग प्रशस्त गर्छ । युगौँदेखि इतिहासको पानाबाट बाहिर फ्याँकिएको सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि दक्षिण एसियामा सबाल्टर्न अध्ययन अभियानको रूपमा सञ्चालनमा आएको हो (श्रेष्ठ, २०६८, पृ. २) । विश्वव्यापीकरणका कारण विश्वले अपनाएका सिद्धान्त, विचार र चिन्तनलाई नेपाली साहित्यले पनि सोही रूपमा अपनायो । अहिलेको भूमण्डलीकृत संसारमा थुप्रै राजनीतिक/आर्थिक शक्तिकेन्द्र भएकाले विभिन्न शक्तिकेन्द्रहरूको आपसी सम्झौता र तानातानको सम्पूर्ण सञ्जालले नै विश्वव्यापीकरणको आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षको निर्माण गरेको छ (उप्रेती, २०७८, पृ. १६८) । विशेषतः ग्राम्सीले मार्क्सको वर्गीय अवधारणालाई विनिर्मित गरे । उक्त चिन्तनले इटालीमा मात्र नभएर भारतका विद्वान् हुँदै विश्वमा पृथक् प्रभाव पारेको देखिन्छ ।

ऋषिराज बराल (२०७७, ख) द्वारा प्रस्तुत सन्दर्भलाई हेर्दा इटालेली नवमार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्सीले *दि मोडन प्रिन्स* (सन् १९५७) र *प्रिजन नोट बुक्स* (सन् १९६६) मार्फत अङ्ग्रेजी समाजमा सबाल्टर्नको चिन्तनलाई सैद्धान्तिक रूपले अघि सारेको देखिन्छ (पृ. ११६) । यता भारतीय सन्दर्भमा चाहिँ उत्तरआधुनिकता र नववामपन्थी विचारबाट प्रभावित 'नयाँ' इतिहास लेखनलाई नै सबाल्टर्न (चापागाईं, २०७३, पृ. ६३) भनिएको देखिन्छ । यसर्थ दबिएका, हेपिएका, कुण्ठित आवाजलाई समाजमा स्थापित गराउने मान्यता बोकेको सिद्धान्त नै सीमान्तीय सिद्धान्त हो । साहित्यका माध्यमबाट यो सिद्धान्तले समाजलाई उठाउँछ । भौतिकवाद र यथार्थ चिन्तनको गहिराइलाई त मार्क्सले पनि उल्लेख गरेकै हुन् तर साहित्य र संस्कृतिलाई समाजसँग जोडेर सकारात्मक दिशानिर्देश गर्ने कुरामा सीमान्तीय अवधारणा अझै गहन देखिन्छ । यसरी हेर्दा मार्क्सवादी सौन्दर्यशास्त्रलाई समयसापेक्षित रूपमा विकास गर्दै समृद्ध तुल्याउने काममा मार्क्स-एङ्गेल्सपछिका लेनिन, माओ, गोर्की, जर्ज लुकास, ग्राम्सी आदि चिन्तकहरूको भूमिका उल्लेखनीय रहेको छ (बराल, २०७७ ख, पृ. ११२) । सबाल्टर्न वा सीमान्तकृत समुदायहरूलाई सत्ता र शक्ति केन्द्रमा अर्थपूर्ण भूमिकाबाट वञ्चित वा बहिष्कृत तुल्याइएको हुन्छ । समाजका ठूलो सङ्ख्या सत्ताको आधिपत्य जमाउनेहरूका विरुद्धमा विरोधी सम्बन्ध बनाएर बसेको हुन्छ । रञ्जित गुहाले ठोस ऐतिहासिक र सामाजिक-राजनीतिक भूमिकाका आधारमा सीमान्त वर्गलाई निर्धारण गर्न सकिने अवधारणा पेस गरेका छन् (जिन्निच, सन् २०१०, पृ. १२) । सीमान्तकृत नागरिकका पक्षमा आवाज उठाई तिनलाई प्रभावकारी राजनीतिक क्षेत्रमा सामेल गराउन बौद्धिक वर्गले सहयोगीका रूपमा भूमिका खेल्नुपर्छ । यस विषयलाई नेपाली साहित्यमा के-कसरी उपयोग गरिएको हुन्छ भनेर खोज्नु एउटा नवीन अनुसन्धेय कार्य रहेको छ ।

खासगरी सत्ता र शक्ति केन्द्रमा पहुँच नभएको, पछाडि वा तल पारिएको र तल पर्न विवश बनाइएको वर्ग नै सबाल्टर्न अर्थात् सीमान्तीय वर्ग हो । वर्गीय चेतना राष्ट्रिय सम्बन्ध र राजनीतिक सङ्गठनसँग सम्बन्धित समुदायको भावनामा हुन्छ र यसको मूल संरचनात्मक नमुनाचाहिँ परिवार हो (स्पिभाक, सन् २०२३, पृ. ७२) । सीमान्त वर्गले आम जनता, तल्लो वर्ग, सर्वसाधारण भुइँमान्छेलाई बुझाउँछ । नेपालको सन्दर्भमा गरिब, किसान, मजदुर, दास, सेवक, महिला, तेस्रो लिङ्गी, गाउँले, जनजाति, दलित, उपेक्षित, निरक्षर, पीडित, दुर्गमका बासिन्दा हरेक कोणबाट पहिचानमा रहन नसकेको समूह आदिलाई सबाल्टर्न वर्गका रूपमा बुझ्न सकिन्छ । पुँजीवादी वर्गले निरन्तर रूपमा आफूलाई सांस्कृतिक र आर्थिक रूपमा सक्षम राखिरहने जुक्ति खोजिरहन्छ (ग्राम्सी, सन् २०११, पृ. ५२९) । ग्राम्सीले नेतृत्वलाई केवल वैचारिक माध्यमबाट मात्रै अब्बल बनाउन नसकिने धारणा राख्छन् । नयाँ व्यवस्थापकहरूले पनि नवीन चेतनालाई सही सदुपयोग गर्नुको साटो आफ्नो प्रभुत्व विकास गरी सीमान्तीय वर्गको चेतनालाई कमजोर बनाइरहेका हुन्छन् भन्ने

उनको मान्यता रहेको छ (जोन्स, सन् २००७, पृ. ६१) । यसर्थ सबाल्टर्न देश, काल र सन्दर्भ वा परिस्थिति सापेक्ष विषय हो । पश्चिममा गोराको सापेक्षतामा काला, क्रिस्चियनका सापेक्षतामा मुस्लिम, दक्षिण एसियाली देशमा हिन्दुको सापेक्षतामा अन्य धर्मावलम्बी, सुगमका तुलनामा दुर्गम, जातीय हिसाबले माथिल्लो जातको तुलनामा तल्लो जात र वर्गीय हिसाबले उच्च वर्गको तुलनामा निम्न वर्ग सधैँ सबाल्टर्नको रूपमा देखिन्छ ।

नेपालको सन्दर्भमा धर्मसंस्कृतिको प्रभावले जातिमा र जातिसँगै लिङ्गमा सीमान्तीय वर्ग निर्धारण भएको देखिन्छ । यसबाट राजनीतिक, धार्मिक, सांस्कृतिक, आर्थिक, जातिगत तथा वर्गीय सीमान्तीयताको विकास भएको बोध हुन्छ । विशेषतः ग्राम्सी नवमार्क्सवादी चिन्तक हुन् । उनले निम्न र सर्वहारा वर्गका लागि सबाल्टर्न शब्दको प्रयोग गरेका हुन् । उनले समाजको अध्ययनका क्रममा प्रभुत्वको सन्दर्भबाट सबाल्टर्नलाई हेरेका छन् । सबाल्टर्नको इतिहास महत्त्वपूर्ण छ तर सम्भ्रान्तहरूको दमनका कारण त्यो छरिएर रहेको छ । अझ नेपाली समाजको कुरा गर्दा आर्थिक उत्पादनमा राष्ट्रिय पुँजीको निर्माण नभई दलाल पुँजीको प्रभाव रहेका कारण नेपाली समाजको वर्ग विश्लेषण जटिल र चुनौतीपूर्ण छ (भट्टराई, २०७७ ख, पृ. ८१) । यसर्थ वर्तमान इतिहास पूर्वाग्रही र असमावेशी छ । त्यसैले सीमान्तीयताको सिद्धान्त अनुरूप इतिहासको अध्ययनलाई तलबाट सुरु गर्नु आवश्यक छ । सबाल्टर्न अध्ययन इतिहासका पानाबाट पाखा पारिएका सीमान्त वर्गको मानिसको आफ्नै इतिहास लेख्नुपर्छ भन्ने मान्यता रञ्जित गुहाको नेतृत्वमा सुरु भएको हो । वास्तवमा सबाल्टर्नपन्थीहरू एकातिर सजिलै पुँजीवाद/उपनिवेशवाद र प्रतिरोध दुवै संसारलाई अखण्ड राख्छन् र अर्कातिर 'जनताको इतिहास' प्रति पनि 'प्रतिबद्ध' भइरहन खोज्छन् (चापागाईं, २०७३, पृ. ८४) । साहित्यकारहरूले यस्ता किनारीकृत सन्दर्भलाई टिपेर कला र सिर्जनाको बुनोटमार्फत समाजलाई सचेत तुल्याएका हुन्छन् । साहित्यमा सबाल्टर्नको अध्ययन गर्दा शक्ति, सत्ता, दमन, हैकम, शिक्षा प्रणालीलगायत तमाम आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक क्षेत्रगत अवस्थाका मुद्दा जोडिन आउँछन् (श्रेष्ठ, २०६८, पृ. ३८) । यसर्थ सीमान्तकृत वर्गको अध्ययनमा निष्पक्षतासँग पनि प्रश्न उठ्छ । स्पिभाकको मतानुसार हामीले गरेका शोध, अनुसन्धान आदिले निर्माण गरेका 'सत्यहरू' सीमान्तीय वर्गभित्र पर्ने दलित, जनजाति आदिका वास्तविक जीवनसँग कत्तिको नजिक छन् भनेर आफैँसँग बारम्बार प्रश्न गर्नुपर्छ (उप्रेती, २०७८, पृ. २३५) । सबाल्टर्न वर्ग समाजको सबैभन्दा तल रहेको भए तापनि उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण भएर पनि उपभोक्ताको अवस्था भने उसको महत्त्व किनारामा पुगिसकेको हुन्छ । अतः हाम्रो जस्तो कहिल्यै प्रत्यक्ष उपनिवेश स्थापना नभएको तर सामन्ती संरचनाबाट लामो समयदेखि ग्रसित समाजमा साहित्यलगायत तमाम विषयमा सबाल्टर्न अध्ययनको नवीन आधारशिला खोज्न सकिन्छ । सबाल्टर्न अध्ययनलाई स्थानीय र विश्वव्यापी दुवै दृष्टिबाट हेर्न सकिन्छ (श्रेष्ठ, २०६८, पृ. २) । यसर्थ यो शोधप्रबन्धलाई यही

सीमान्तीयताको सैद्धान्तिक आधारमा रहेर तयार पारिएको छ । यसका लागि देहायबमोजिमको सैद्धान्तिक पर्याधारको उपयोग गरी सोही आधारमा निर्धारित कथाहरूको विश्लेषण गरिएको छ :




उल्लिखित सैद्धान्तिक पर्याधारका आधारमा निर्दिष्ट कथासङ्ग्रहको विश्लेषण र अर्थापन कार्यलाई सम्पन्न गरिएको छ । सङ्कलित सामग्रीलाई माथिका सीमान्तीय सिद्धान्तका आधारमा रहेर विश्लेषण गरी निष्कर्ष पेस गरिएको छ ।

## १.८ अध्ययनको औचित्य र महत्त्व

'रमेश विकलको कथामा सीमान्तीयता' प्राज्ञिक अध्ययनका दृष्टिले अनुसन्धेय विषय हो । प्रस्तुत शोध त्यही विषयमा केन्द्रित रहेकोले यसको प्राज्ञिक औचित्य रहेको छ । दक्षिण एसियाबाट प्रारम्भ भएर बिस्तारै पाश्चात्य जगत्मा समेत विकास हुँदै गएको सीमान्तीयता (सबाल्टर्न) सिद्धान्तले नेपाली भाषा साहित्यमा भर्खर मात्र प्रवेश पाएको देखिन्छ । नेपाली भाषा साहित्य समीक्षा र शोधको क्षेत्रमा अभाव भइरहेको वर्तमान अवस्थामा यस अध्ययनको औचित्य र महत्त्व दुवै स्वतः पुष्टि हुन आउँछ । यस शोधकार्यबाट सीमान्तकृतका सम्बन्धमा सैद्धान्तिक अवधारणाको निर्माण र प्रायोगिक समालोचना गरिने हुनाले सबाल्टर्न सिद्धान्तप्रति चासो राख्ने शिक्षक, विद्यार्थी, अनुसन्धाता एवम् अन्य पारखीहरूका लागि पनि यो अध्ययन उपयोगी हुने अपेक्षा गरिएको छ । यस अध्ययनबाट रमेश विकलका कथामा प्रस्तुत भएका वर्गीय, जातीय, लैङ्गिक सीमान्तीयताका सम्बन्धमा

स्पष्ट आधार तयार भई प्राज्ञिक ज्ञानको स्थापना हुने भएकाले यस विषयमा अध्ययन गर्न चाहने सबैका लागि प्रस्तुत शोधको औचित्य र महत्त्व पुष्टि गर्न सकिन्छ ।

## १.९ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन कथाकार रमेश विकलका कथाहरूमध्ये *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्ग्रहित नौओटा कथा 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, लाहुरी भैंसी, नयाँ सडकको गीत, बिहानीपखको बत्ती, बिरेकी आमा, दुई रुपियाँ नोट, सिँगारी बाख्री र सुबेदार रणे बूढो' हरूमा प्रयुक्त सीमान्तीय (सबाल्टर्न) विश्लेषणमा केन्द्रित छ । उल्लिखित कथामा कथाकारले प्रयोग गरेका वर्गीय, जातीय र लैङ्गिक पात्र र घटनालाई मुख्य केन्द्र बनाई केवल सीमान्तीय पक्षबाट विश्लेषण गरिएको छ । यो अध्ययन इटालेली साम्यवादका संस्थापक (सन् १९२१) र महासचिव (सन् १९२४) आन्तोनियो ग्राम्सी (सन् १८९१-१९३७), गायत्री चक्रवर्ती स्पिभाक, रञ्जित गुहा अर्थात् अवरजन अध्ययन समूह (सबाल्टर्न स्टडिज ग्रुप, सन् १९८२) आदिद्वारा प्रस्तुत सीमान्तीयताको सिद्धान्तमा सीमित रहेको छ । अतः यस अध्ययनमा विकलका उल्लिखित कथाभित्रका प्रसङ्ग, घटना र कथाका सान्दर्भिक साक्ष्यद्वारा सीमान्तीय पक्षलाई सतर्क पुष्टि गरिएको छ । यस क्रममा सीमान्तीयता सम्बन्धी सैद्धान्तिक आधार, विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा जातीय, वर्गीय र लैङ्गिक सीमान्तीय पहिचानको अध्ययन गर्नु तथा सीमान्तीय आवाज र प्रतिरोध चेतनाको निर्क्योल गर्नु नै यो अध्ययनको मुख्य सीमाङ्कन रहेको छ ।

## १.१० शोधप्रबन्धको रूपरेखा

उपर्युक्त शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित तुल्याउन यस शोधप्रबन्धमा निम्नलिखित परिच्छेदहरूको योजना तय गरिएको छ :

परिच्छेद एक : **शोधको परिचय**

परिच्छेद दुई : **सीमान्तीयता अध्ययनको सैद्धान्तिक आधार**

परिच्छेद तीन : **रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयता**

परिच्छेद चार : **रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्तीय वर्गको आवाज र प्रतिरोध चेतना**

परिच्छेद पाँच : **सारांश तथा निष्कर्ष**

**सन्दर्भ सामग्रीसूची**

# परिच्छेद : दुई

# सीमान्तीयता अध्ययनको सैद्धान्तिक आधार

## २.१ विषयपरिचय

सीमान्तीकृत वर्गको इतिहास लेखन र साहित्य समालोचनाको क्षेत्रमा सन् १९८० पछि विकास भएको सीमान्तीय सिद्धान्त एक नवीन सिद्धान्त हो । युगौँदेखि इतिहासका पानाबाट बाहिर फ्याँकिएको सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि दक्षिण एसियामा 'सबाल्टर्न अध्ययन' अभियानको रूपमा सञ्चालनमा आएको हो । इतिहासविद् रञ्जित गुहाको नेतृत्वमा सबाल्टर्न अध्ययन समूह निर्माण भएको हो (श्रेष्ठ, २०६८, पृ. २) । पश्चिमी जगत्मा 'सबाल्टर्न' भनिने यो शब्दलाई नेपाली भाषामा 'अवरजन' शब्दबाट चिनिन पुग्यो । अवरजनको 'तल्लो मानिस' भन्ने अर्थ 'सबाल्टर्न' को अर्थसँग एकदमै निकट रहेको छ । पारिभाषिक रूपमा सामाजिक, आर्थिक र राजनैतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समूह, समुदाय वा व्यक्तिलाई अवरजन अथवा सबाल्टर्न भनिन्छ (शर्मा, २०७०, पृ. ३१५) । ग्राम्सीले इटालेली समाजमा सांस्कृतिक जागरण ल्याएपछि सिङ्गो युरोपलाई प्रभावित तुल्यायो (बराल, २०७७ ख, पृ. ११२) त्यस्तै इतिहासविद् प्राध्यापक रञ्जित गुहाको नेतृत्वमा 'सबाल्टर्न स्टडिज ग्रुप (सन् १९८२)' को गठन गरी अवरजनका इतिहासको अध्ययन एउटा अभियानकै रूपमा चलाइयो (शर्मा, २०७०, पृ. ३१७) । यस क्रममा एक दर्जनभन्दा बढी कृतिहरूको शृङ्खलाबद्ध प्रकाशन भएपछि एक दशकमै संसारमा यो चिन्तनले प्रभाव पारेको देखिन्छ । यसर्थ हाम्रो देशको सामाजिक, आर्थिक, वर्गीय, जातीय, लैङ्गिक आदि आधारमा हुने गरेका विभेदकारी व्यवहारलाई नेपाली साहित्यले सदियौँदेखि समेट्दै आएकाले साहित्यमार्फत सीमान्तीय सिद्धान्तलाई समीक्षा तथा विश्लेषण गर्नु युगसापेक्षी र वाञ्छनीय देखिएको हो ।

## २.२ सीमान्तीयताको सैद्धान्तिक अर्थ र परिचय

सीमान्तीयता शब्द अङ्ग्रेजी भाषाको 'सबाल्टर्न' को नेपाली भाषामा रूपान्तरित शब्द हो । सबाल्टर्न शब्द नेपाली समालोचनाको क्षेत्रमा बहुप्रचलित शब्दको रूपमा स्थापित छ । यस शब्दको समानार्थीका रूपमा बुझिने 'अवरजन' शब्दको व्युत्पत्तिलाई केलाउँदा अ 'न' प्रत्यय + वर 'उच्च, श्रेष्ठ' विशेषण + जन 'मानिस' नाम = अवरजन 'तल्लो (न उच्च) मानिस' (शर्मा, २०७०, पृ. ३१५) भनिएको छ । प्रभुत्वशाली वर्गले आफ्नो शक्तिको दुरुपयोग गरेर भुइँमान्छेहरूलाई कँज्याएका हुन्छन् । शासकहरूले प्रायः उत्पादनका भौतिक साधन, वस्तु र शक्तिको वर्चस्व कायम गरेर विचारधारामा प्रभुत्व जमाउने गरेका कारण अवरजनहरू सधैँ सामाजिक मूलप्रवाहबाट किनारामा पुग्छन् ।

अङ्ग्रेजीको सबाल्टर्न शब्दलाई नेपाली भाषामा बोलीचाली र बुझाइका आधारमा सीमान्तीयता भन्ने गरिन्छ । यो शब्दलाई बुझाउनका लागि अधीनस्थ, उत्पीडित, उपेक्षित, दमित, शोषित, सर्वहारा, किनारीकृत, सीमान्तकृत, पहुँचविहीन, आवाजविहीन, आमजनता, तल्लो वर्ग, सर्वसाधारण, भुइँमान्छे जस्ता शब्दलाई प्रयोग गर्ने गरेको देखिन्छ । यद्यपि सिद्धान्तगत आधारमा सीमान्तीयता शब्द नै बढी प्रचलन रहेको पाइन्छ । सबाल्टर्नवादीहरूको अर्थमा सबाल्टर्न शब्दले हैकमवादी, औपनिवेशिक तथा सामन्ती शासकको लामो समयदेखिको थिचोमिचो र भेदभावबाट उत्पीडित व्यक्ति वा निमुखा वर्गलाई बुझाउँछ जो शक्तिशाली भएर पनि शक्तिविहीन बनाइएका हुन्छन् (श्रेष्ठ, २०६८, पृ. १४) । खास गरी सत्ता र शक्ति केन्द्रमा पहुँच नभएको, पछाडि वा तल पारिएको र पछाडि पर्न विवश बनाइएको वर्ग नै सबाल्टर्न अर्थात् सीमान्त वर्ग हो । नेपालका परिप्रेक्ष्यमा अवरजन भनेको मुख्यतः ग्रामीण गरिबहरू, दलितहरू, निरक्षरहरू, द्वन्द्वपीडितहरू हुन् (शर्मा, २०७०, पृ. ३१५) । यसभित्र आमजनता, तल्लो वर्ग, सर्वसाधारण मनुष्य, भुइँमान्छे आदि समाजद्वारा हेपिएको वर्ग समेटिन्छ । त्यसमा पनि गरिब, किसान, मजदुर, दास, सेवक, महिला, तेस्रो लिङ्गी, गाउँले, जनजाति, दलित, उपेक्षित, निरक्षर, पीडित, दुर्गमका बासिन्दा, हरेक कोणबाट पहिचानमा पर्न नसकेको समूहलाई सीमान्त वर्गको रूपमा बुझ्ने गरिन्छ । यसमा सम्पन्न देशले विपन्न मुलुकमा हैकम जमाउने सन्दर्भ, सहरले गाउँलाई, गाउँकै सम्पन्नले त्यहाँका विपन्नलाई, परिवारमा पुरुषले महिलालाई, संस्थामा हाकिमले तल्लो तहका कर्मचारीमाथि गर्ने दमन, अत्याचार, थिचोमिचचो जस्ता तमाम पक्षबाट पीडित व्यक्ति र समूहलाई सीमान्त पात्रका रूपमा बुझ्ने गरिन्छ ।

ग्राम्सीले 'सबाल्टर्न' शब्दको प्रयोग सर्वहारा वर्गलाई जनाउन गरेका थिए (चापागाइँ, २०७३, पृ. ७७) । विशेषतः उनले इटालीमा लेखिने इतिहास निम्नवर्गका मानिस सापेक्षित हुनुपर्ने धारणालाई अघि सारेको पाइन्छ । उनले इतिहासमा समेटिने लेखनलाई राजामहाराजा वा सम्भ्रान्तहरूसापेक्ष अर्थात् माथिल्लो तहमा केन्द्रित नगरेर तलका सामान्य वर्गसापेक्ष रूपमा लेखिनुपर्ने मान्यतालाई प्रस्तुत गरेको देखिन्छ । उनको यही मान्यतालाई भारतीय सीमान्तवादी चिन्तक रञ्जित गुहाले सैद्धान्तिक आधार प्रदान गराउनमा विशेष भूमिका खेले । यसक्रमसँगै राष्ट्रियता, उपनिवेशीकरण, सहरीकरण आदिबाट पनि समाजका अधीनस्थ वर्ग सीमान्तकृत बन्ने सन्दर्भ अझ बढी चर्चित बन्यो । यसपछि यो सिद्धान्तले विश्वव्यापी प्रभाव विस्तार गर्दै गयो ।

सबाल्टर्न अध्ययनमा मूलतः उत्तरआधुनिक चिन्तन र उत्तरऔपनिवेशिक विधिको प्रयोग भएको पाइन्छ । सीमान्तीकृत वा किनारीकृत, उपेक्षित र तिरस्कृतहरूप्रतिको झुकाउ एवम् जनजातीयता उत्तरआधुनिकतावादका प्रमुख प्रवृत्ति वा मान्यताभित्र समेटिने एउटा सन्दर्भ हो (गौतम, २०७६, पृ. ३०६) । सीमान्तीयतासँग मार्क्सवादभित्रको पुनर्व्याख्या,

इतिहासमा किनारीकृतको स्थान, विशेषतः भारतीय राष्ट्रवादको सन्दर्भ, किसान विद्रोह, राजनीति र अधीनस्थ तथा शासक वर्गद्वन्द्वको बढी चर्चा भएको देखिन्छ । तारालाल श्रेष्ठ (२०६८, पृ. १६) ले *प्रिजन नोटबुक्स* १४ को उद्धरणलाई प्रस्तुत गर्दै सबाल्टर्न शब्दलाई पहिलो पटक इटालीका नवमार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्सीले प्रयोग गरेको कुरालाई प्रस्ट्याएका छन् । यसमा किसान र श्रमिक वर्गलाई सबाल्टर्न वर्गअन्तर्गत राखिएको छ । यसर्थ सबाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ जो सधैँ अधीनस्थ, पराधीन हुन्छन् र उनीहरू शासकको प्रयोगको वस्तुसमेत बन्न पुग्छन् भनी उल्लेख गरिएको छ । खास गरेर *प्रिजन नोटबुक्स* (जेल डायरी) लाई ग्राम्सीको वैचारिक तथा राजनीतिक पक्षलाई बुझ्न सघाउने महत्त्वपूर्ण कृतिका रूपमा लिइन्छ (बराल, २०७७ ख, पृ. १४७) । सर्वप्रथम सबाल्टर्न शब्दको प्रयोग पनि यसै पुस्तकमा भएको पाइन्छ । ग्राम्सीले सङ्घर्ष, द्वन्द्व र जीवनको समुन्नतिका सन्दर्भमा सीमान्त वर्गसापेक्षित विषयलाई उजागर गरेका छन् । ग्राम्सीय लेखनको वृत्तमा इतिहास, इटालीको इतिहास, राजनीति, अर्थ राजनीति, राजनीतिक दल, मार्क्सवादका समस्या, वर्ग, जग, अधिरचना, दर्शन, दर्शनका विभिन्न बुँदा, संस्कृति, शिक्षा एवम् बुद्धिजीवी आदि पर्छन् (गौतम, २०७५, पृ. ४०) । यसरी ग्राम्सीले समाजको धारणालाई आलोचनात्मक समीक्षा गरेको देखिन्छ । रञ्जित गुहाले सम्पादन गरेका सबाल्टर्न स्टडिजका प्रारम्भिक छ भोलममा मोटो रूपमा समाजवादी आवेग पाइए पनि चटर्जी र ज्ञानेन्द्र पाण्डेले सातौँ भोलम (सन् १९९३) देखि सम्पादनको दायित्व सम्हालेयता उत्तरआधुनिक विचारधारातिर प्रवृत्त भएको देखिन्छ (चापागाईं, २०७३, पृ. ७३-७४) । यसरी हेर्दा सबाल्टर्न चिन्तन स्थिर छैन तथापि समय, भूगोल र परिवेशका कारण किनारीकृत भएका सर्वहारा वर्गको चिन्तनमा भने सबैको मतैक्यता रहन्छ । अतः यो विषय नेपाली साहित्यभित्रको सीमान्तीय अवधारणालाई केलाउने दर्बिलो सिद्धान्त बनेको छ ।

सबाल्टर्न शब्दको प्रयोग, अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने काम इटालीमा मात्र सीमित नरहेर क्रमशः विश्वव्यापी रूपमा फैलिँदै गएको देखिन्छ । सन् १९८० को दशकदेखि सबाल्टर्न विषयसँग सम्बद्ध सामग्रीको लेखन तथा प्रकाशन भएको देखिन्छ । रङ्गभेद, वर्ग, जाति, लिङ्ग, यौनिकता, छुवाछुत, क्षेत्रीयता, जनजाति आदिसँग सम्बद्ध मुद्दाले मूलधारमा स्थान पाउन थालेपछि सबाल्टर्न वर्ग हितको पक्षमा पनि डिस्कोर्स निर्माणमा वृद्धि भएको हो (श्रेष्ठ, २०६८, पृ. १६) । वास्तवमा पुँजीवादी अर्थव्यवस्था र राजनीतिक पद्धतिले समाजलाई शासक र सर्वहारा वर्गमा विभाजित गरिदिन्छ । सत्तानिकट बुद्धिजीवी, नागरिक समाज र प्रतिनिधित्वले राज्य तटस्थ छ र दमनकारी छैन भन्ने विश्वास सिर्जना गरिदिन्छ (पाण्डेय, २०७८, पृ. ५५) । यसर्थ पनि ग्राम्सीले चेतनाको विकासार्थ जैविक बुद्धिजीवीको अवधारणालाई अघि सार्नु स्वाभाविक देखिन्छ । यस कुराकै समानतामा हल (सन् २०१२) ले बौद्धिक कार्यले ज्ञानको विकासमा ज्ञानको सम्प्रेषण गरी चेतनाको

नवीन आयाम विकास गर्न सुझाएको देखिन्छ । यसरी सीमान्तीयताका पक्षधरहरूले भुइँमान्छेलाई मूलधारमा ल्याउने प्रयत्न गरेको देखिन्छ ।

किनारीकृतका पक्षमा विमर्श गर्ने र तिनका आवाजलाई उच्च प्राथमिकतामा राख्ने कार्यलाई साहित्यले विशेष रूपमा अघि सार्न सक्छ । समाजलाई साहित्यले नै जोड्ने हुनाले सांस्कृतिक अध्ययनमा यो विषय बढी प्रभावकारी बनेको देखिन्छ । सांस्कृतिक समालोचना सीमान्तीय अध्ययनका रूपमा आएको अन्तर्विषयक समालोचना पनि हो (गौतम, २०७०, पृ. ३६९) । यस कार्यमा सबाल्टर्न अध्ययन समूहको सन्दर्भ पनि उल्लेखनीय देखिन्छ । सीमान्तीयताको विश्लेषणले तल्ला वर्गकै समस्यालाई गहिरो विश्लेषण गर्ने हुँदा यो सिद्धान्त समाज सुधारपरक पनि रहेको देखिन्छ । शासक वर्गले शक्तिनिर्माणका लागि शासित वर्गलाई नै हतियार बनाउने काम गरिरहेका हुन्छन् । समाजमा शासन सञ्चालनार्थ प्रभुत्वशाली वर्गद्वारा बौद्धिक वर्ग, शक्ति समूह र स्वार्थ समूहलाई हात लिने प्रपञ्च रचिन्छ । यही कुरा देश र देश-देशबिचमा अलिक बृहत् रूपमा देखा पर्छ । ग्राम्सीले प्रभुत्वलाई अस्थिर मानेका छन् । प्रभुत्व एक किसिमको कार्यनीति हो र यसले वर्ग, महिला, जनजाति र राष्ट्रियतासँगको सम्बन्धमा सामाजिक समूहको विश्वदृष्टि निर्माण गर्ने लक्ष्य राखेको हुन्छ (भट्टराई, २०७० ख, पृ. ३४४) । पुँजीवादी वर्गीय समाज र भूमण्डलीकरण विरोधी विश्वराजनीति निर्माणमा यो चिन्तनले विश्वव्यापी मान्यताको स्थान बनाएको देखिन्छ । यसर्थ सहरले गाउँलाई छायामा पार्ने, शासकले सर्वसाधारणलाई दमन गर्ने, माथिल्लो वर्गले तल्लो वर्गलाई दमन गर्ने, पुरुषले महिलालाई दमन गर्ने लगायतका बहुल पक्षीय गहन चिन्तनका कारण सीमान्त वर्ग सापेक्षित यो धारणा बढी व्यावहारिक देखिन्छ ।

> सबाल्टर्न अध्ययनलाई मौलिक रूपमै आफ्नो योजना परिवर्तन गर्न र त्यसलाई किनारीकृत सम्बन्धी विमर्शमा रूपान्तरित गर्न उन (स्पिभाक) ले सुझाउ दिइन् । उनको सुझाउअनुसार किनारीकृत इतिहासको कार्यभार किनारीकृतसँग सम्बद्ध नभएको चेतना उसलाई दिनु होइन, किनारीकृतलाई अनुसन्धानको विषयका रूपमा व्यवहार गर्नु हो । विशिष्ट वर्गले तयार पार्ने प्रतिवेदन, बहीखाता आदिमा किनारीकृतलाई विशिष्ट वर्गको दृष्टिकोणबाट हेरिन्छ । सबाल्टर्न इतिहासकारको काम विशिष्ट वर्गका पूर्वाग्रहबाट किनारीकृतलाई जोगाउने हो र अन्यका रूपमा किनारीकृतलाई विनिर्माण गर्नु हो । आफ्नो उद्देश्य पूर्ति गर्न सबाल्टर्न इतिहासकारहरूले फुको (आनुवंशिकता) र विशेषतः डेरिदा (विनिर्माण) को माध्यम हुँदै उत्तरआधुनिकतावाद र उत्तरउपनिवेशवादतिर अभिमुख हुने नीति लिनुपर्दछ ।
>
> (चापागाईं, २०७३, पृ. ७५)

पुँजीवादी समाजमा सर्वहारा वर्ग अर्थात् किसानले श्रम गर्दछ तर उसको उत्पादन र वितरणमा हैकम हुँदैन । ऊ समाजको नियममा कमजोर, कम क्षमता भएको वा कमजोर दर्जाको हुन्छ । समाजमा हैकम हुनेहरूलाई सम्मान, सम्पत्ति र शक्तिको केन्द्रमा राखिएको हुन्छ । आज पनि नेपालका प्रगतिवादी स्रष्टाहरूले प्रतिक्रियावादी दमन, उत्पीडन र दासताको विरोध गर्दै मुक्ति र स्वतन्त्रता र नयाँ यथार्थको पक्षमा आवाज घन्काइरहेका छन् (थपलिया, २०७५, पृ. २७) । यसर्थ नेपाली समाजको बीरता र बलिदानीका कथाहरूभित्र सर्वहारालाई, आवाजविहीनलाई अर्थात् भुइँमान्छेको योगदानलाई साहित्यमा प्रस्ट रूपमा स्थान दिनुपर्ने देखिन्छ । यसका लागि मार्क्सले धन वा अर्थलाई पुँजीपतिको हातबाट खोसेर सर्वहारामा पुऱ्याएपछि समाज परिवर्तन हुने कुरा गरे (गौतम, २०७५, पृ. ४२) पनि ग्राम्सीले राजनीतिक, नैतिक र बौद्धिक सत्तालाई प्रभुत्व वर्गले हडप्ने हुनाले आमस्वतन्त्रता र स्वाभिमानी सत्ताको विषयमा चर्चा गरे । यसर्थ नेपालमा विशेषतः राजनीतिक आधारमा समाज परिवर्तन भएको देखिए पनि व्यावहारिक रूपमा सामाजिक चिन्तनको पनि प्रभाव रहेको देखिन्छ । यसर्थ यस्ता गम्भीर दमनकारी सन्दर्भलाई साहित्यले केस्राकेस्रा केलाएर हेर्नु आवश्यक छ ।

पछिल्लो समय नेपाली साहित्यमा पनि सीमान्तीय चिन्तनले सूक्ष्म रूपमा स्थान पाउँदै आएको छ । विशेषतः रञ्जित गुहा, गायत्री चक्रवर्तीहरूको सक्रिय चिन्तनले नेपाली साहित्यमा यसको प्रभावमा सहज परिवेश तय भएको पाइन्छ । त्यसमध्ये पनि मौखिक लोकसाहित्यमा सबाल्टर्न नै नायक, गायक, अभिनयकर्ता, कलाकार, सङ्गीतकार हुन् (श्रेष्ठ, २०६८, पृ. ५५) । सर्वहारा, सीमान्त वर्ग, इतिहासविहीनको योगदानलाई खोज्ने चिन्तनले मानवताको भावलाई साम्यतासँग लगेर जोडेको देखिन्छ । यस्ता खोज कार्यमा विकेन्द्रीकृत पद्धतिको चिन्तनले पनि प्रश्रय दिएको देखिन्छ ।

> केन्द्रीयताको विरोध गर्नाको परिणाम सर्जकको ध्यान मार्जिनतिर गयो, समावेशिक मूल्यतिर गयो । पशुप्राणी र मानवेतर जगत् लेखिए, जाति र जनजाति लेखिए, इतिहास पुनः लेखियो- यसैबाट इको क्रिटिसिज्म, न्यु हिस्टोरिकल क्रिटिसिज्म आयो । सर्वसमावेशी र समानताकारक चिन्तन अघि आयो- फेमिनिस्ट, क्रिटिसिजम, लेज्बिअन एन्ड गे क्रिटिसिजम आयो । मानिसका भौगोलिक सीमा बदलिए र अपरिभाषित भए । ऊ नयाँ परिवेशमा उत्रियो, उसको परिचय डायस्पोरिक र ट्रान्सकल्चरल भयो ।
>
> (भट्टराई, २०६४, पृ. १८)

नेपाली साहित्यको परिवर्तित सन्दर्भलाई हेर्दा सांस्कृतिक चिन्तनको विमर्श पनि उत्तिकै आवश्यक देखिन्छ । यसमा राजनीतिक परिवर्तन र समाज चिन्तनको मिश्रणमा

सांस्कृतिक सत्ताको प्रभाव रहेको देखिन्छ । यद्यपि यसको ऐतिहासिक पक्षलाई नै नियाल्दा ऋषिराज बराल (२०७७, पृ. १७३, ख) ले डेभिड लुडनको 'सबाल्टर्न अध्ययन' को पुस्तकबाट सन्दर्भ प्रस्तुत गर्दै सन् १९७० बाटै इङ्ल्यान्डमा भारत र ब्रिटिसतिरका केही इतिहासकारको पहलमा शृङ्खलाबद्ध प्रकाशनको बारेमा चर्चा गरेका छन् । त्यस्तै सन् १९९० को दशकपछि सबाल्टर्न अध्ययनले व्यापकता पायो । सन् १९९३ देखि यस अध्ययनले अन्तर्राष्ट्रिय मान्यता पाएको कुरा उल्लेख छ । त्यसपछि यस सबाल्टर्न शब्दलाई इतिहास अध्ययनको विषयसँग पनि जोडेर शब्दकोशमा समावेश गरिएको हो (श्रेष्ठ, २०६८, पृ. १६) । यसरी हेर्दा यो सिद्धान्तले सीमान्तीय वर्गको उत्थानका लागि समाज र सोचको परिवर्तन भएसँगै विकासको आयामलाई अघि बढाएको देखिन्छ । परिवर्तन र विकासका सन्दर्भमा यो सिद्धान्तले समाजलाई अग्रगामी तुल्याउने प्रयास गरेको कुरा प्रस्टिएको छ ।

सबाल्टर्नको अध्ययन विश्वव्यापी बन्दै जाने क्रममा सामाजिक संरचना, सीमान्त वर्ग, प्रभुत्वशाली समूह र विचारधारालाई आधार मानेर हेर्ने प्रचलन स्थापित भयो । यसै वर्गले समाजको महत्त्वपूर्ण स्थानमा रहेर उत्पादनको उच्च प्रकारको जिम्मेवारी वहन गर्दै आएको देखिन्छ । विशेषतः सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, लैङ्गिक आदि दृष्टिले उपेक्षित यो वर्गका विषयमा चिन्तन गर्नलाई आधुनिक चेतना र आधुनिक विकासले प्रभाव रहेको देखिन्छ । यसैकारण यो वर्ग स्वयम्ले र बौद्धिक क्षेत्रका लेखक तथा सर्जकहरूले यसको अध्ययनलाई अघि बढाएका छन् । यस सन्दर्भमा सांस्कृतिक अध्ययनको नेपाली सन्दर्भलाई राजनीति, लैङ्गिक विभेद, बहुसांस्कृतिकता र जातीय पहिचानका सन्दर्भबाट अध्ययन गर्नुपर्ने हुन्छ (भट्टराई, २०७७ ख, पृ. ५९) । सीमान्तकृतहरूको अध्ययनमा उनीहरू आफैँ पनि हुँदैनन् । उनीहरूको आत्मिक स्वतन्त्रता पनि हुँदैन । उनीहरूलाई आवश्यक पर्दा उच्च वर्गका शासकहरूले प्रयोग गर्दछन् र आफ्नो स्वार्थ पूर्ति भएपछि बेवास्ता गरिदिन्छन् । सीमान्तकृत भनेको कँज्याउने वर्ग नभएर कँजिने वर्ग हुन् । यो शासकको प्रयोगको वस्तु बन्ने वर्ग हो । शासकहरूले यस वर्गलाई आफ्नो हितमा स्वार्थ पूर्तिको लागि प्रदर्शन, जुलुस गराउन अर्थात् शासकका विपक्षीहरूका विरुद्ध भड्काएर विरोध आदिमा संलग्न गराउन प्रयोग गर्दछन् । उनीहरूले सधैँभरि सम्भ्रान्त वर्गबाट शाषित भएर रहनुपर्दछ । यसर्थ यो शोषित, दलित, निमुखा, गरिबहरूको जमात हो । निमुखाहरूको जमात भएका कारण यिनीहरूको आफ्नो बोली वा आवाज हुँदैन । राष्ट्रनिर्माणमा यसै वर्गको ऐतिहासिक योगदान भए पनि न यसको इतिहास हुन्छ न इतिहासमा नाम नै हुन्छ । यस वर्गलाई इतिहासदेखि शोषित भएर बाँचेको समूहका रूपमा लिइन्छ ।

सबाल्टर्न देश, काल, परिस्थिति र समयसापेक्ष विषय हो । पश्चिमी समाजमा गोराको सापेक्षतामा काला, क्रिश्चियनको सापेक्षतामा मुस्लिम, दक्षिण एसियाली मूलका देशमा हिन्दुको सापेक्षतामा अन्य धर्मावलम्बी, सुगमका तुलनामा दुर्गमवासी, जातीय

हिसाबमा माथिल्लो जातको तुलनामा तल्लो जात र वर्गीय हिसाबले उच्च वर्गको तुलनामा निम्न वर्ग सबाल्टर्नको रूपमा देखिन्छन् । त्यस्तै सहरको सापेक्षतामा गाउँ, ठूलो र शक्ति सम्पन्न राष्ट्रको सापेक्षतामा सानो र कमजोर मुलुक, धनी देशको सापेक्षतामा विपन्न देश सबाल्टर्न बन्न पुग्छन् । यसर्थ सबाल्टर्न अर्थात् सीमान्तीयताको सिद्धान्तले आम विभेदकारी पक्षलाई मूल धारमा ल्याउन आग्रह गरेको देखिन्छ ।

## २.३ वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयताको सैद्धान्तिक आधार

सीमान्तीय सिद्धान्तअनुसार विशेषतः वर्गका कारण, जात व्यवस्थाका कारण तथा लैङ्गिक विभेदका कारण अधीनस्थ वर्गहरू सीमान्तकृत बन्न पुग्छन् । समाजमा उनीहरूले आफ्नो प्रतिनिधित्वलाई स्थापित गर्न सक्दैनन् । यसमा समाजको मानक र निर्मितिले प्रभाव पारेको हुन्छ । यो सन्दर्भलाई सांस्कृतिक अध्ययनको सिद्धान्तका आधारमा अवलम्बन गर्ने गरिन्छ । उच्च वर्गको विरोध र निम्न वर्गको समर्थन, वर्गीय चेतना र वर्गद्वन्द्वबाट उच्चसंस्कृति र निम्नसंस्कृतिको विकास भएको सन्दर्भ जोडेर मार्क्सवादले व्याख्या गर्छ (गौतम, २०७०, पृ. ३७१) । यो व्याख्याभित्र प्रतिनिधित्वको मान्यतालाई पनि राखिएको हुन्छ । प्रतिनिधित्वको मान्यतालाई स्टुआर्ट हलले बेलायती सांस्कृतिक अध्ययन परम्पराबाट विकास गरेका हुन् । स्टुआर्ट हल (सन् २०१२, पृ. ३८) का अनुसार समाजका बुद्धिजीवीहरूले बौद्धिक कार्यमा अग्रगामी बनेर पुराना मान्यताका विरुद्ध नयाँ ज्ञानले प्रतिस्थापन गर्नुपर्छ । बौद्धिक कार्यकै माध्यमबाट समाजमा नवीन ज्ञानको प्रवाह गर्नुपर्छ । यसको अर्थ समाजलाई स्वच्छ बौद्धिक जानकारले नै प्रतिनिधित्व गर्नुपर्छ । प्रतिनिधित्व साहित्यिक कृतिमा प्रयोग भएको विषय विचार वा चिन्तन हो । यस्तो चिन्तनले व्यक्ति, समूह वा समुदायको प्रतिनिधित्व गरेको हुन्छ । त्यसै गरी पहिचानचाहिँ व्यक्ति वा समाजको चिनारी हो । पहिचानले सामाजिक सांस्कृतिक सन्दर्भमा धार्मिक, राजनीतिक, आर्थिक आदि विषयलाई समेटेको हुन्छ । यस क्रममा प्रभुत्व वर्गको प्रभावमा समाजमा वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयताको अवस्था निर्माण हुन पुग्छ ।

उत्तरआधुनिक युगको सांस्कृतिक स्वरूप र पछि परेका समुदायको स्वत्व र अस्तित्वको खोजीसँगै पहिचानको राजनीति प्रारम्भ भयो र त्यसको प्रभाव साहित्य र जनसंस्कृतिमा पनि पर्न थाल्यो (भट्टराई, २०७० क, पृ. ३४) । यसरी नै विचार वा भावनालाई बोक्नका लागि कृतिमा उपस्थित गराइएको पात्रहरूका माध्यमबाट अधिकांशको भावना र आवाजलाई प्रतिनिधित्व गराइएको हुन्छ । त्यहाँ त्यो कुनै व्यक्ति पात्र नभएर समूह पात्र बन्न पुग्दछ । त्यसपछि त्यो एक व्यक्तिको आवाज नभएर समूहको प्रतिनिधि आवाज बन्न पुग्दछ ।

प्रतिनिधित्वका सन्दर्भमा पात्र वा चरित्रको भूमिकासँग विभिन्न सवालहरू जोडिएका हुन्छन् । पाठभित्रको विमर्शात्मक संरचनामा रहेको प्रभुत्वशाली वा अधीनस्थ वर्गको प्रतिनिधित्व कति मात्रामा कसरी गराइएको छ ? पाठमा कुन वर्गलाई प्राथमिकतामा राखिएको छ ? कुन समुदायको अवस्था कस्तो छ ? कुन वर्गको प्रभुत्व स्थापित छ ? जस्ता विषयहरू यसमा जोडिने गर्छन् ।

प्रभुत्वशाली वर्गले अन्य अधीनस्थ वर्गमाथि आफ्नो प्रभुत्व कसरी जमाएको छ भन्ने कुराको अध्ययन पनि प्रतिनिधित्वमा नै गरिन्छ । स्पिभाकका अनुसार अवरजनले आफ्नो प्रतिनिधित्व आफैं गर्न सक्दैनन् । त्यसैले बौद्धिक वर्गले तिनको प्रतिनिधित्व गरिदिनुपर्छ । सामान्यतः चुनेर वा पत्यार गरेर पठाएको व्यक्तिलाई प्रतिनिधि र त्यसको कार्यलाई प्रतिनिधित्व भनिन्छ । ... कुनै कलमजीवीले लेखनका क्रममा भाषाका माध्यमबाट कसैको प्रतिबिम्बन गर्नु पनि प्रतिनिधित्व नै हो (शर्मा, २०७०, पृ. ३१८) । स्पिभाककै भनाइ जसरी गायत्री चक्रवर्तीले पनि सीमान्तकृत समुदायमा स्वयम्ले बोल्न नसक्ने तर्क राख्छन् । उनीहरूले आफूले आफ्नो विचार राख्न पनि सक्दैनन् त्यसैले तिनको आवाजलाई बौद्धिक वर्गले बोलिदिनुपर्छ । उनीहरूले बोलिहाले पनि तिनीहरूको आवाज मूलधारमा आइनपुग्दै बिचमै हराउन पुग्दछ । यसर्थ यथार्थ सत्यप्रति सजग रहँदै उनीहरूकै वर्गबाट बुद्धिजीवीहरूको उत्पादन नहुँदासम्म समाजका अन्य तहका बुद्धिजीवीहरूले उनीहरूको प्रतिनिधित्व गरिदिनु आवश्यक हुन्छ ।

ग्राम्सीले वर्गीय अध्ययनका सन्दर्भमा इटालियन इतिहासभित्र रहेर सीमान्तीय वर्गलाई परिचित गराए । सीमान्तीय वर्गहरू एकताबद्ध हुन सकेका हुँदैनन् । यो समुदायले ऐतिहासिक रूपमा, नागरिक समाजका रूपमा तथा राज्य र राज्य समूहका रूपमा विशेष स्थान प्राप्त गरेको हुन्छ (ग्राम्सी, सन् १९९८, पृ. ५२) । वस्तुतः सीमान्तीय वर्गको भूमिका सामाजिक, ऐतिहासिक आधारका साथै राज्य समूहका रूपमा छरिएर रहेको हुन्छ तर यो एकताबद्ध हुँदैन । यही छिरोलिएको वर्गगत पहिचानलाई एकताबद्ध तुल्याउने र त्यसका माध्यमबाट सीमान्तीय वर्गको इतिहास लेखन गरिनुपर्ने उनको मुख्य विचार रहेको छ ।

उल्लिखित आधारमा हेर्दा साहित्यिक कृतिमा प्रयोग भएको वा उभ्याइएको पात्रले अधिकांशको भावना र आवाजको प्रतिनिधित्व गर्ने हुँदा त्यो सामूहिक आवाज बन्न पुग्छ । त्यहाँ घटनाक्रममा भूमिका खेल्ने पात्रले समूहको यथार्थलाई बोलिरहेको हुन्छ । कथामा घटित परिस्थितिमा व्यक्तिले खेलेको भूमिकामा सामूहिक अवस्था चित्रित भइरहेको हुन्छ । प्रतिनिधित्वको यस सन्दर्भमा वार्करको मान्यताको चर्चा गर्दै रमेशप्रसाद भट्टराई (२०७० ख, पृ. ३३६) द्वारा प्रतिनिधित्वको प्रश्नलाई सांस्कृतिक अध्ययनको मुख्य प्रश्न मानिएको छ । यसका साथै समाजको संरचना कसरी निर्माण भएको छ र त्यसमा कसरी जनताको प्रतिनिधित्व भएको छ भन्ने कुरालाई प्रतिनिधित्वको केन्द्रीय विषय मानिएको छ । यसर्थ

सांस्कृतिक अध्ययनको मुख्य विषय नै प्रतिनिधित्वको अध्यासको बोध गर्नु नै हो । यसको तात्पर्य पाठहरूले प्रस्तुत गर्ने अर्थको खोजी गर्दा प्रतिनिधित्वको खोजी गरिन्छ भन्ने हो । त्यसैले साहित्यमा पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू र अर्थतन्त्रको आधारमा प्रतिनिधित्वको खोजी गरिन्छ । यसै सन्दर्भसँग जोडेर साहित्यभित्र प्रस्तुत वर्गीय, जातीय तथा लैङ्गिक सीमान्तीयतालाई अध्ययन विश्लेषण गरिएको हुन्छ ।

मार्क्सले भनेको आर्थिक-भौतिक समता र ग्राम्सीले भनेको नागरिक समाज र राजनीतिक समाजसँगै सांस्कृतिक अध्ययनमा सीमान्ती चिन्तन नवीन आधार बनेको देखिन्छ । यो चिन्तनमा सांस्कृतिक आधारबाट प्रतिनिधित्व र पहिचानलाई एकसाथ हेर्नु उपयुक्त हुन्छ । ग्राम्सीले नागरिक समाज भनेर उत्पीडित वर्गहरूको समाजलाई मान्छन् । उनी राज्यको निजी शक्ति नागरिक समाजबाट उत्पन्न हुने विचार राख्छन् (चापागाईं, २०७३, पृ. १०५-१०६) । यसर्थ साहित्यमा प्रयोग भएको घटना, पात्र र त्यसको भूमिकाले गर्ने प्रतिनिधित्वले नै उक्त समाजको वस्तुस्थितिलाई समेटेको हुन्छ ।

समाजमा वर्ग, जात र लिङ्गगत प्रतिनिधित्वलाई सीमान्तीय अवधारणामा विशेष ग्राह्यता दिइन्छ । यस क्रममा साहित्यकारले प्रयोग गरेको भाषाको संरचनाबाट अधीनस्थ वर्गको सीमान्तीय अवस्थालाई निर्क्योल गर्ने गरिन्छ । यसमा अधीनस्थ वर्गको प्रतिनिधित्व तथा यसमा प्रस्तुत हुने भाषा र संस्कृति जोडिन पुग्छ । कुनै कुरालाई अर्थपूर्ण बनाउन र व्यक्ति वा समुदायलाई आर्थी रूपमा प्रतिनिधित्व गराउन भाषाको प्रयोग भएको हुन्छ । भाषाको माध्यमबाट सामाजिक सत्यहरूको प्रतिनिधित्व भएको हुन्छ (उप्रेती, २०७८, पृ. २८) । व्यक्ति, समाज, संस्कृति, रीतिरिवाज आदिको प्रतिनिधित्वलाई अर्थपूर्ण रूपमा प्रस्तुत गर्न भाषाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैगरी इतिहास र साहित्यको बिचबाट सीमान्तकृतहरूको प्रतिनिधित्वको अवस्थालाई हेरिएको पाइन्छ । प्रतिनिधित्वको हिसाबमा सबाल्टर्नलाई इतिहासको पानामा भन्दा साहित्यको पानामा प्रखर रूपमा अध्ययन अवलोकन गर्न सकिन्छ किनभने इतिहासभन्दा साहित्य बढी सबाल्टर्नमैत्री छ (श्रेष्ठ, २०६८, पृ. ७) । यसरी इतिहास, समाजशास्त्र, मानवशास्त्र जस्ता विषयमा मात्र सीमित रहेको सीमान्तीय अध्ययन चिन्तनलाई साहित्यसँग पनि जोड्नुपर्ने धारणा बढेको देखिन्छ ।

समाज शक्ति सम्बन्धमा सञ्चालित हुन्छ । प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गलाई शासन गर्न अधीनस्थ तुल्याउने कोसिस गरिरहन्छन् । यद्यपि यो अध्ययन भिन्नताका आधारमा सीमान्तीयतालाई खोज्ने विषय नभएर व्यावहारिक प्रयोग, भोगाइ र यथार्थगत प्रतिनिधित्वको पहिचानमा केन्द्रित छ । साहित्यिक कृतिमा तल्ला पात्रहरू गौण सहभागितामा छरिएर रहेका हुन्छन् । यस्ता पात्रमार्फत कृतिको विश्लेषण गर्नुपर्ने हुँदा साहित्यको अवरजन अध्ययन निकै जटिल हुन्छ (शर्मा, २०७०, पृ. ३२५) । यसर्थ प्रतिनिधित्व र पहिचानअन्तर्गत वर्गीय, जातीय र लैङ्गिक पक्षको अध्ययन गरिन्छ ।

**(क) वर्गीय प्रतिनिधित्व**

सामाजिक र आर्थिक विभेदको परिणाम स्वरूप जन्मेको मानव निर्मितिसँग सम्बन्धित चिन्तनको स्वरूप नै वर्ग हो । नेपाली समाज विभिन्न वर्गमा विभाजित छ । उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गको मोटामोटी विभाजनको आधारमा हेर्दा पनि निम्न वर्ग र मध्यम वर्गको आर्थिक पहुँच उच्च वर्गको तुलनामा ज्यादै कम रहेको हुन्छ । देशको आर्थिक उत्पादनको ठूलो हिस्सा सीमित उच्च वर्गको हातमा रहने हुनाले नेपाली समाजमा उत्पादन र वितरणमा असन्तुलन रहेको छ ।

सीमान्तीयतालाई वर्गका माध्यमबाट पहिचान गरिएको हुन्छ । इतिहासले सधैँ उच्च वर्गको मात्र बढाइचढाइ गर्दै ऐतिहासिकीकरण गऱ्यो । यसबाट सीमान्तीय वर्गको कथाव्यथा र योगदानलाई सोद्देश्यमूलक ढङ्गले विलयन गर्ने काम भयो । फलतः निम्न वर्ग इतिहासविहीन मात्र नभएर आफ्नो भविष्यनिर्माणको आधार र अधिकारको स्रोत गुमाएर सीमान्तीयताको स्थितिबाट माथि बढ्न सकेनन् ।

वर्गीय समाजमा वर्गको भूमिकाले उत्पादन र त्यसको वितरणमा असमानतालाई बढाउँछ । पुँजीवादी र सामन्ती उत्पादन सम्बन्धमा पूँजीपति र सामन्त वा त्यसद्वारा संरक्षित समूहको मात्र हित हुने हुँदा वर्गको आधारभूत अध्ययन सन्दर्भका रूपमा वर्ग विभेदको पनि भूमिका रहेको हुन्छ (भट्टराई, २०७७ ख, पृ. ९७) । विशेषतः केन्द्रले अर्थात् मूलधारको राजनीतिले तल्लो वर्गलाई माथि जान दिँदैन । उनीहरूलाई सधैँ दबाएरै राखिन्छ । दबाएरै हेरिएको हुन्छ । केन्द्रले सम्पूर्ण कुरालाई आफ्नो अधीनमा राखी आफ्नो अनुकूलतामा मात्र व्याख्या गरेपछि सीमान्तीय वर्गले सधैँ उपेक्षित र तिरस्कृत अवस्थामा बाँच्नुपर्ने बाध्यता निर्माण हुन पुग्छ । वास्तवमा सत्ता, शक्ति, वर्चस्व, आधिपत्यलाई केन्द्रीकृत गरेर केन्द्रले सीमान्तीयतालाई कहिल्यै आफू समान हुन दिँदैन । उच्च वर्गले आफू अनुकूलको सामाजिक संरचना निर्माण गरी आफ्नै प्रभुत्व कायम गर्दछ र निम्न वर्गलाई सीमान्तीय बनाउँदछ । यिनै आधारमा टेकेर साहित्यभित्र वर्गीय दृष्टिले निम्न वा सीमान्तीय वर्गको उपस्थितिलाई खोजी गर्ने गरिन्छ ।

आधुनिक अर्थमा वर्गको अवधारणा १९ औँ शताब्दीमा कार्ल मार्क्स र एङ्गेल्सको लेखनबाट सैद्धान्तिक रूपमा प्रारम्भ भएको हो । मार्क्सवादले वर्ग निर्धारणको मुख्य आधार अर्थतन्त्र वा उत्पादनका साधनहरूमाथिको स्वामित्वलाई मानेको छ । मार्क्सले अर्थतन्त्रकै कारण वर्गको निर्धारण हुने कुरालाई बताएका छन् । मार्क्स र एङ्गेल्सका अनुसार शासक वर्गको विचारधारा प्रत्येक अर्थमा शासकको विचारधारा हो । ... वर्ग उत्पादनको माध्यम हो र यसले मानसिक उत्पादनको माध्यममाथि पनि नियन्त्रण गरिरहेको हुन्छ (भट्टराई, २०७० ख, पृ. ३४२) । यसर्थ उनीहरूले वर्गविभेदलाई सामाजिक र आर्थिक शोषणका कारण

देखापरेको भेद वा भिन्नतालाई वर्गका रूपमा दर्साएका छन् । परापूर्व कालदेखि विद्यमान शोषण उत्पीडनका कारण वर्गगत स्वरूपमा भिन्नता आएको र श्रेणीकरणको भिन्नताले भिन्न-भिन्न वर्गहरू समाजमा विद्यमान रहेको भनी व्यक्त गरिएको छ । यस सन्दर्भमा एङ्गेल्स (सन् १९८६) ले वर्गकै कारण राज्य र राजनीतिको जन्म भएको तर्क राखेका छन् :

> वर्गहरूको प्रतिपक्षतालाई आफ्नो वशमा राख्ने आवश्यकताले गर्दा र ती वर्गहरूको प्रतिद्वन्द्विताको फलस्वरूप पनि राज्यको उत्पत्ति भएको हुँदा स्वभावतः सबैभन्दा शक्तिशाली र आर्थिक रूपले प्रभुत्वशाली वर्गको राज्य बन्दछ, जुन वर्ग राज्यको सहायताबाट राजनीतिक रूपमा पनि प्रभुत्वशाली बन्दछ र यस प्रकारले उत्पीडित दमन र शोषणका लागि नयाँ साधनहरू प्राप्त गर्दछ । (पृ. १८६)

राज्यलाई सम्पन्न र शक्तिशाली वर्गको पहुँचमा राखिन्छ । जनताको हकहितका लागि शासन गरिएको भनिए पनि यथार्थ फरक हुन्छ । शक्ति सञ्चयको उद्देश्य राखेर जनतालाई प्रयोग गरिन्छ । शक्तिको आडमा रहने अपेक्षासहितको भ्रममा परेर निम्न वर्गहरू शक्तिधारीका भऱ्याङ मात्रै बन्न पुग्छन् । यसरी भनिने र भोगिने व्यवहारमा राज्य शक्तिले निरीहमाथि विभेदकारी व्यवहार गर्न पुग्छ । आफ्नो आधिपत्य विकास गर्ने नाउँमा कठोर र जटिल नियम लगाएर यो पृथ्वीलाई शक्तिको आडमा आफ्नो नियन्त्रण गरिएको हुन्छ । यसर्थ वर्ग निर्माणमा राज्य निर्माणकै परम्परा जोडिएको देखिन्छ । समाजको वर्गका सन्दर्भमा भट्टराई (२०७७ ख, पृ. ६३) ले वर्गको परिभाषा र स्वरूपलाई चिनाउँदै लेनिन (सन् १९८५) को चिन्तनलाई प्रस्ट्याएका छन् । वर्गको विषयमा मार्क्सवादी चिन्तनको विकास गर्दै लेनिनले वर्गको विस्तारपूर्वक व्याख्या गरेका छन् । वास्तवमा उनी मानिसका ठूला-ठूला समूहलाई वर्ग मान्छन् । वर्ग सामाजिक उत्पादनको इतिहासद्वारा निर्धारित पद्धतिमा आफ्नो स्थानका आधारमा निर्धारित हुन्छ । विशेषतः उत्पादनका साधनप्रति आफ्नो सम्बन्धको दृष्टिले (अधिकांश अवस्थामा कानुनद्वारा स्थापित र निरूपित) श्रमको सामाजिक सङ्गठनमा आफ्नो भूमिकाका आधारमा वर्गले काम गर्दछ । भट्टराईको विश्लेषणमा व्यक्तिको साथमा रहने सामाजिक सम्पदाको प्राप्तिको विधि तथा आकारका दृष्टिले एक-अर्काबिच वर्गलाई भिन्न मानिएको छ । वर्गकै कारण सामाजिक अर्थ व्यवस्थाको निश्चित पद्धतिमा भिन्नताले प्रश्रय पाउँछ । वस्तुतः एउटा समूहले अर्को समूहको अस्तित्वमा असर पार्ने अभिप्रायमा श्रमको शोषण गर्दछ । यसर्थ लेनिनले वर्गलाई सामाजिक अर्थ व्यवस्थासँग गाँसेको देखिन्छ । सामाजिक श्रम विभाजन र उत्पादनका साधनमाथि निजी स्वामित्वको जन्मसँगै सामाजिक वर्गको विकास भएको हो । निजी स्वामित्वले समाजलाई धनी, गरिब तथा शोषक र शोषितमा विभाजित गऱ्यो । जो मानिस उत्पादनका औजार र उत्पादनका साधनहरूका मालिक हुन्छन् तिनले दोस्रो समूहका मानिसहरूलाई काम गराउँदछन् । यही कारणबाट

उत्पादनका साधनका मालिकले दोस्रो समूहका मानिसहरूको श्रम लिन्छन् । यसरी मानिसहरूको एउटा समूहलाई अर्को समूहले शोषण गर्दछ । पहिलो प्रभुत्वशाली समूह बन्छ र अर्को समूह अधीनस्थ समूह बन्छ । निजी स्वामित्वका कारण मालिकले श्रमको शोषण गर्ने तथा श्रमिक शोषित हुने हुँदा वर्गीय असमानता र भेद जन्मन गएको अवस्थालाई देखाउन सकिन्छ ।

लेनिनले सामाजिक सन्दर्भ, उत्पादन र त्यसको प्रयोगका कारण वर्ग निर्धारण हुने तर्क पेस गरे । उनले उत्पादनका साधनमा स्वामित्व, श्रम मूल्य र शोषण तथा श्रेणीकरणमा आधारमा वर्ग निर्माण हुने कुरा (भट्टराई (२०७७ ख, पृ. ६४) गर्नुले वर्ग भनेको एउटा सीमान्त समूह हो भन्न सकिन्छ । यसमा सामाजिक उत्पादनको प्रणालीले प्रभाव पारेको हुन्छ । सामाजिक उत्पादन प्रणाली इतिहासबाट निर्धारित हुन्छन् । यो प्रणालीमा वर्गहरूको संलग्नता रहन्छ । सामाजिक सम्पत्तिको वितरणका आधारमा वर्गको निर्धारण हुन्छ । त्यस्तै मार्क्सकै अवधारणाअनुसार उत्पादनको सामाजिक प्रक्रियाका आधारमा शोषण गर्ने र शोषित हुने दुई वर्ग स्थापित हुन्छन् । निश्चित सामाजिक समूह वा वर्गले सामाजिक उत्पादनको उपभोगमा भिन्न-भिन्न अवस्था र स्थानलाई प्राप्त गर्दछ । यसर्थ लेनिनले उत्पादनका साधनमा स्वामित्व, श्रम, मूल्य र शोषण तथा श्रेणीकरणमा वर्ग निर्धारण हुने तर्कलाई पेस गरेका छन् ।

**(ख) जातीय प्रतिनिधित्व**

समाजको सहभागिताको स्थिति र सामाजिक जीवनयापनका दृष्टिमा जातीय प्रतिनिधित्वको आधारलाई साहित्यको सीमान्तीयताको अर्को आधार मानिन्छ । बौद्धिक क्षमतावान् वा बहुसङ्ख्यक जातिका बिचमा अल्पसङ्ख्यक वा असक्षम बनिरहेका जातिहरूलाई सीमान्तीय बनाइएको हुन्छ । समाजमा एउटा अब्बल शक्तिको केन्द्रमा रहेको प्रभुत्वशाली जातिले अर्को अल्पसङ्ख्यक, निमुखा, कमजोर, अधीनस्थ जातिलाई दबाउने, हेप्ने, आफ्नो नियन्त्रणमा राख्न खोज्ने परिपाटी हाबी हुन्छ । प्रभुत्व, पहुँच, पहिचान र प्रतिनिधित्वका आधारमा जातिहरू उच्च र निम्न वा केन्द्र र किनारामा विभक्त भएका हुन्छन् । सांस्कृतिक प्रतिनिधित्वमा जातीय प्रतिनिधित्वले अहम् भूमिका खेलेको हुन्छ । यसअन्तर्गत सामाजिक संरचनाका तहमा प्रभुत्वशाली वर्गका कारण अधीनस्थ/निम्न वर्ग तथा समुदायका मानिसको जातीय प्रतिनिधित्वमाथि गरिने वा निर्माण हुने मूल समस्याको खोजी गरिन्छ । समस्या जाति वा जाति समूहसँग सम्बद्ध सन्दर्भ हो । समाजमा जातिका कारणले भएका भेदभाव, उत्पीडनको केन्द्र नै जातिको समस्या हो । जातीय दमनका कारण जातीय समस्या उत्पन्न हुन्छ (भट्टराई, २०७७ क, पृ. ९) । यसरी सांस्कृतिक प्रभुत्वबाट सीमान्तीकृत समुदायको अध्ययनसँग सम्बन्धित जातीय प्रतिनिधित्वको अध्ययन गर्दा जातीय हिसाबले को उपेक्षित छ ? शक्तिको केन्द्रमा कुन वर्ग रहेको छ ? कुन वर्ग सीमान्तकृत

वर्गका रूपमा रहेको छ ? समाजमा कसको वर्चस्व चल्छ ? लगायतका सवालहरूलाई ख्याल गर्नुपर्दछ । यस कुरालाई ग्राम्सीले *सेलेक्सेन फ्रम प्रिजन नोटबुक्स*मा 'हेजेमोनी' को शब्दमार्फत राजनीतिक र नागरिक समाजको चर्चा गरे (खरेल, २०७०, पृ. ६८) । वास्तवमा राजनीतिले नागरिकलाई पहिचान र प्रतिनिधित्वलाई निर्धारण गरिदिन्छ । व्यक्ति, समाज, वर्ग र राज्यमा पहिचान र प्रतिनिधित्वको आफ्नै रूढ स्थापित हुन पुग्छ । जातिको मूल्य र विश्वास तथा परिचयलाई स्थापित गर्दै राजनीतिका माध्यमबाट जातिको पहिचान र प्रतिनिधित्वलाई सुनिश्चित गरेर मात्र समाजमा सांस्कृतिक व्यवस्थापन सम्भव हुन्छ भन्ने मान्यता पहिचानगत मान्यता हो र प्रतिनिधित्व पनि जातिको उपस्थितिको अवस्था हो (भट्टराई, २०७७ क, पृ. ८) । जातिको मूल्य र विश्वासलाई स्थापित गर्दै राजनीतिका माध्यमले समाजमा सांस्कृतिक व्यवस्थापन सम्भव हुने कुरा नै पहिचानको मान्यता हो । समूहले स्थापना गरेको प्रभुत्वका कारण समाज शक्ति वा आधिपत्य निर्माण गरेर सञ्चालित हुन्छ । त्यो शक्तिलाई सीमित जातिको उच्च वर्गले हडपेको हुन्छ । यसमा निम्न वर्गको पहिचान र प्रतिनिधित्व हराएर जान्छ । अधीनस्थ वर्गको भूमिकालाई उक्त परिवेशले सम्बोधन गर्न सक्दैन ।

ग्राम्सीका अनुसार हैकम सजिलै प्राप्त हुने कुरा होइन र यसका निम्ति जनताको समर्थन चाहिन्छ, जनताको सम्मति चाहिन्छ । यस्तै समर्थन र सम्मति प्राप्त गर्न सकेकाले नै पश्चिममा पुँजीवादी शासन टिकेको हो (गौतम, २०७५, पृ. ४३) । नेपालको परिवेशमा चाहिँ सामाजिक, सांस्कृतिक र राजनीतिक प्रभुत्वको प्रभावले जातीय पहिचान र प्रतिनिधित्व कमजोर देखिन्छ । जातीय प्रतिनिधित्वकै सन्दर्भमा रमेश भट्टराई (२०७७ ख, पृ. १८०, 'क') का अनुसार एडगर र सेगविकले राजनीतिक सन्दर्भमा यो संस्थागत एकाइ वा दबाब समूहको रूपमा काम गर्ने वा लोकतान्त्रिक प्रक्रियामा आधारित हुने मान्यता राख्छन् । अभ्यास र मूल्यको आधारमा यसले कुनै विशिष्ट सामाजिक समूहहरूको बिम्बलाई प्रस्तुत गर्दछ । वास्तवमा जातीय प्रतिनिधित्व पनि पहिचानसँगै विचारधारा र सत्ताको प्रश्नमा जोडिएर विमर्श निर्माणको तहमा पुग्न सक्यो भने मात्रै नयाँ बिम्बहरूको निर्माण प्रक्रियालाई कार्यान्वयन गर्न सकिन्छ । यस क्रमसँगै जाति र यस सम्बन्धी जोडिएर आउने अन्य समस्याहरू प्रतिनिधित्वका आधार बन्न पुग्छन् । यसर्थ अभ्यास र मूल्यको माध्यमबाट विशिष्ट समूहहरूको बिम्ब प्रस्तुत हुन्छ । राजनीतिक अर्थका सन्दर्भमा उनीहरूले पाउने भूमिका, उनीहरूको उपस्थितिलाई, उनीहरूको विचारधाराको कदर हुने अवस्था र सत्तामा तिनको स्थानले प्रतिनिधित्वलाई निर्धारण गर्छ । यसलाई भूमिका र त्यसको कार्यान्वयन पक्षसँग सम्बन्धित विषय मान्नुपर्दछ । प्रतिनिधित्वको प्रश्न लिङ्ग, जाति, यौनिकता, संस्कृति, धर्म, आस्था आदिको अवधारणासँग सम्बन्धित हुने भएकाले जातीय अध्ययनको

सन्दर्भमा राजनीतिक तथा सांस्कृतिक प्रश्नलाई मूल आधार मान्नुपर्ने देखिएको छ । यसबाट जातीय प्रतिनिधित्व र पहिचानलाई निर्क्योल गर्न सहज हुने देखिन्छ ।

**(ग) लैङ्गिक प्रतिनिधित्व**

विश्व साहित्य चिन्तन, विश्लेषण र अध्ययन सन्दर्भमा नारी र पुरुषको पहिचानगत आधारलाई विश्लेषण गरिएको पाइन्छ । त्यस्तै तेस्रो लिङ्गको सन्दर्भलाई जोडिन्छ । यस सन्दर्भमा नागरिकता, मताधिकार, कामको अवसर, समान ज्याला, सङ्गठन आदिका अधिकार जस्ता कुरामा पश्चिमका महिलाले शताब्दीयौँदेखि सङ्घर्ष गर्दै र सफलता हासिल गर्दै आएका हुन् (त्रिपाठी, २०७०, पृ. १७) । यसर्थ नारी र पुरुषको भूमिकालाई सामाजिक र सांस्कृतिक सन्दर्भमा के-कसरी प्रतिनिधित्व गरेको हुन्छ भन्ने कुरालाई लैङ्गिक प्रतिनिधित्वका आधारमा खोजी गरिन्छ । साहित्य विश्लेषणमा चाहिँ कृतिभित्र लेखकले लैङ्गिक सन्दर्भ र पहिचानलाई पात्रका माध्यमबाट के-कसरी प्रतिनिधित्व गराएका हुन्छन् भन्ने विषयलाई अध्ययन विश्लेषण गरिन्छ । पात्रले पहिचान र प्रतिनिधित्वका लागि के-कस्तो सङ्घर्ष गरेका हुन्छन् भन्ने विषयलाई यसमा मिहिन तरिकाले विश्लेषण गरिन्छ । प्रभुत्वशाली वर्गको तुलनामा सीमान्त समूहको पात्रको लैङ्गिक प्रतिनिधित्व के-कस्तो छ ? आफ्नो पहिचानका लागि उनीहरूले प्रभुत्वशाली वर्गसँग गर्नुपरेको सङ्घर्ष कस्तो प्रकारको छ ? महिलाहरूले आफूमा भएको दमनका विरुद्ध के-कसरी आवाज उठाएका छन् ? भने जस्ता कुराहरूको अध्ययन विश्लेषण  गर्ने सन्दर्भमा कृतिको विश्लेषणको प्रक्रियालाई अघि बढाउनु आवश्यक हुन्छ । लैङ्गिक भूमिकाका कारणले समाजमा बस्दा, उनीहरूको जीवनशैली, उनीहरूले सहनुपरेको दमन, अन्याय, अत्याचार र शोषणको अवस्थाका साथै उनीहरूको प्रतिरोधी चेतनाको निर्माण, वैचारिक सङ्घर्षको प्रक्रिया के-कस्तो छ भन्ने कुराको अध्ययन गरी निष्कर्षमा पुग्नुपर्दछ । लैङ्गिक प्रतिनिधित्व महिला र पुरुषप्रतिको सामाजिक व्यवहार र सांस्कृतिक उपस्थितिमा आधारित हुने विषय हो । यसर्थ लैङ्गिक अध्ययनले सांस्कृतिक सम्भावना र अभ्यासको खोजी गरेर सामाजिक निर्मिति र सम्बन्धको विश्लेषण गर्छ । लैङ्गिक विभेदको जन्म सामाजिक, सांस्कृतिक कारणले हुने हुँदा यस्तो अध्ययनमा महिला र पुरुषको प्रतिनिधित्वको खोजी गरिन्छ (भट्टराई, २०७७ ख, पृ. १०८) । यसमा महिला र पुरुषको भूमिका, योगदान र परिस्थितिलाई समयसापेक्षित रूपमा समीक्षा गरिन्छ । पुरुषहरूले परिवार र समाजमा आफूलाई प्रमुख स्थानमा राख्न थालेपछि नै लैङ्गिक सीमान्तीयताको प्रारम्भ भएको हो । पितृसत्तात्मक समाजमा पुरुषले आफू क्रियाशील, सामर्थ्यवान्, विवेकशील, आँटी र सिर्जनशील भएको आफ्नो परिचयलाई विकास गरका हुन्छन् । त्यस्तै महिलालाई सामान्यतया कमजोर, अबला, भावुक र पारम्परिक भनेर चिनाइएको हुन्छ । यसबाट महिला समाजमा लाञ्छित, कमजोर, भोग्या वा पुरुषको वासना

तृप्तिका आधार बन्न पुग्छन् । यस कुरालाई समालोचक त्रिपाठीको विचारले अझै प्रस्ट्याएको छ :


> नारीवादीहरूको प्रमुख लक्ष्य महिलाको स्वतन्त्रता, आत्मनिर्भरता र सार्वभौमिकताको पक्षपोषण गर्नु हो तर त्यसो गर्ने तरिकामा भने महिलाहरूमा मतैक्य देखिँदैन । समाजमा रहेको धार्मिक, सामाजिक, सांस्कृतिक, वर्गीय, जातीय आदि भिन्नताले गर्दा तौरतरिकाहरू पनि विविध किसिमका हुन गएका हुन् । यसैले त नारीवादी साहित्यिक सिद्धान्त र समालोचना प्रारम्भ भएको पाँच दशक बित्दा-नबित्दा यो धेरै समृद्ध भइसकेको छ र यसमा धेरै किसिमका हाँगाबिँगाहरू पलाइसकेका छन् तथा यसले अद्यापि निरन्तरता समेत पाइरहेको छ ।
>
> (त्रिपाठी, सन् २०१२, पृ. ७३)

सामाजिक-सांस्कृतिक धारणामा नारीलाई उच्च सम्मान दिने पूर्वीय चिन्तन पनि छ तर विभिन्न प्रथा, समाजको रूढ चिन्तन, विभेदकारी धारणा, पितृसत्तात्मक स्वतन्त्रता जस्ता विषयमा नारीहरू दमनको सिकार बनेका हुन्छन् । उनीहरू अरूको भरमा बाचेर निरीह हुन र प्रताडना सहन विवश हुन्छन् । यसरी लैङ्गिक प्रतिनिधित्वका आधारमा समाजमा महिलाहरूको भूमिका कमजोर रहेको हुन्छ । उनीहरूले आफू दमन, शोषणमा परिरहेको कुरा थाहा हुँदाहुँदै पनि प्रतिरोध गर्न सक्दैनन् । अर्कोतर्फ वैचारिक सङ्घर्षको प्रक्रियालाई बुझ्ने र प्रतिकार गर्ने परिवेश नपाउने स्थितिका कारण उनीहरू अब्बल बन्न पाउँदैनन् । मानिसलाई अब्बल हुनका लागि अवसर पनि चाहिन्छ । यसर्थ उल्लिखित विषय क्षेत्रमा केन्द्रित रहेर लैङ्गिक प्रतिनिधित्वका आधारमा अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिन्छ । लैङ्गिक प्रतिनिधित्व विशेषतः महिला र पुरुष र तेस्रो लिङ्गी बिचको सामाजिक संरचनागत उपस्थितिमा आधारित विषय हो ।

पितृसत्तात्मक समाजले राष्ट्रिय परिचयका मापदण्ड तथा नारीत्वका परिभाषाहरूलाई एक-अर्कासँग जोडेर हेर्ने गर्दछ । उक्त समाजको वैचारिक क्षेत्रभित्र स्त्रीलाई सांस्कृतिक परम्पराको संरक्षकको रूपमा लिइन्छ भने पुरुषलाई आधुनिकताको सक्रिय पात्रको रूपमा लिइन्छ । यस्तै गरेर नारीलाई घरभित्रको आन्तरिक क्षेत्रभित्र जोडेर राखिन्छ तर पुरुषलाई बाहिरको संसारमा जुध्न सक्ने अब्बल समर्थवालाका रूपमा जोडेर हेरिन्छ । यस किसिमको पितृसत्तात्मक सोच अनुरूप नारीको शरीर, मनोभावना र व्यवहारले राष्ट्रिय तथा पारिवारिक दुवै किसिमका परम्पराहरूको प्रतिरक्षा गर्नुपर्छ । पुरुषले भने ती परम्पराबाट बाहिर निस्केर नयाँ आधुनिक परिपाटी सिकेमा केही फरक पर्दैन (उप्रेती, २०७८, पृ. १८९) । नारीले पुरुषसरह भूमिका निर्वाह गर्न सक्ने र जैविक विभेदलाई सामाजिक विभेदका रूपमा स्थापित

गर्नु नहुने यथार्थलाई प्रदर्शन गर्न सक्छन् । युगीन परिवर्तनको सन्दर्भमा पनि नारीत्वको अर्थ, भूमिका र गरिमालाई समाजले सैद्धान्तिक तवरले विकेन्द्रीकृत अवधारणाका आधारमा अपनाएको देखिन्छ । यसबाट नारी पहिचान र प्रतिनिधित्वको स्थितिमा प्रभावकारी सुधार भएको पाइँदैन ।

उल्लिखित सन्दर्भलाई हेर्दा महिला र पुरुषको विभेद पितृसत्तात्मक सोचमा आधारित सामाजिक निर्मिति हो । पुरुषको तुलनामा महिलालाई सामाजिक रूपमा प्रतिबन्धित बनाइएको हुन्छ । नारीलाई सांस्कृतिक परम्पराको संरक्षकको रूपमा सीमित राखिएको हुन्छ । यसर्थ समाजका अन्य जातीय, वर्गीय उत्पीडनलाई झैँ महिला उत्पीडनलाई पनि हरेक देशको सांस्कृतिक सन्दर्भले रक्षा गरिराखेको हुन्छ (त्रिपाठी, २०७०, पृ. २८) । पुरुषलाई आधुनिक रङ्गीन दुनियाँमा स्वतन्त्रता दिइएको हुन्छ । यसबाट महिलाको सहभागिता र भूमिका कमजोर हुन पुग्छ । परिणामतः लैङ्गिक प्रतिनिधित्वको तहमा विभेदजन्य परिवेशको सिर्जना भएको हुन्छ । पुरुषलाई शारीरिक शक्तिसँग जोड्ने गरिन्छ । उमेर ढल्कँदै जाँदा हुने शक्तिह्रासले गर्दा धेरै पुरुषहरू तिनको पुरुषत्वबारे सशङ्कित हुने गर्दछन् तर नारीले पुरुषप्रति जाहेर गर्ने प्रेम तथा यौनेच्छाको अभिव्यक्तिले पुरुषको पुरुषत्वलाई मलजल गर्छ । उसको पुरुष अहम्को राजमहललाई ठड्याइराख्न मद्दत गर्दछ (उप्रेती, २०७८, पृ. २०४) । विशेषतः पितृसत्तात्मक सोचका कारण महिलाहरू घोषित वा अघोषित सन्दर्भ र व्यवहारबाट दमित, कुण्ठित र मूलधारबाट वञ्चित भइरहेका हुन्छन् । त्यसमा पनि धेरै सफल भनिएका पुरुषको पुरुषार्थको चर्चामा महिलाको भूमिकाले नेपथ्यबाट सहयोग गरिरहेको हुन्छ । वास्तवमा पितृसत्ताको सङ्कीर्ण सोचले महिलालाई माथि उठ्न दिँदैन । तसर्थ यस्तो पुरातनवादी सोचको अवसान आवश्यक छ । यसका लागि प्रतिरोधी चेतनाको आवश्यकता पर्दछ । यसमा सचेत बुद्धिजीवीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । महिला र पुरुषको शारीरिक बनावटगत आधारमा सामाजिक संरचनाका कुनै पनि क्षेत्र विशेषमा पुरुषलाई विशेष भूमिका दिइनु तथा महिलालाई कमजोर ठानिनु सबैभन्दा ठूलो समस्या हो । शारीरिक अवस्थाका आधारमा कमजोर अथवा असक्षम भूमिकामा राखेर सामाजिक सहभागिताबाट वञ्चित तुल्याइनु वास्तवमा लैङ्गिक विभेद हो । मानिसको सफलतामा समाजले स्वतन्त्र अस्तित्व सिर्जना गरिदिन सक्नुपर्छ । अन्य मानिसका माध्यमबाट समाजमा पहिचान स्थापना हुनु भनेको व्यक्तिको शरीरप्रति गरिएको उपेक्षाका साथै अपमानबोधक विषय हो (पौड्याल, २०७७, पृ. १४७) । शारीरिक बनावट र शक्तिको आधारमा महिलामाथि गरिने लैङ्गिक विभेदको मुख्य कारण पितृसत्तात्मक सोच हो । यसर्थ सामाजिक रूपमा लैङ्गिक प्रतिनिधित्वको अवस्थालाई यसरी देखाउन सकिन्छ :




समाजमा सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रअन्तर्गत रहेर लैङ्गिक रूपमा सीमान्तकृत समुदायका पात्र (महिला, पुरुष र अन्य) हरूको प्रतिनिधित्वको अवस्था र भूमिकालाई साहित्यभित्र पसेर निर्क्योल गर्न सकिन्छ । उनीहरूको पहिचानको सन्दर्भका साथै के-कस्तो प्रभुत्वका कारण उनीहरू आवाजविहीन, शक्तिविहीन, इतिहासविहीन र सीमान्तकृत भएका छन् तथा उनीहरूले त्यसलाई के-कसरी ग्रहण गरेका छन् भन्ने कुरालाई यसमा हेरिन्छ । सीमान्तीकरणको प्रक्रियामा वर्ग वा व्यक्ति कसको प्रतिनिधित्व रहेको छ भन्ने कुराको खोजी गरेर लैङ्गिक प्रतिनिधित्वलाई केलाउनु उपयुक्त हुन्छ । यस सन्दर्भमा मूलधारको सांस्कृतिक प्रतिनिधित्वका लागि के-कस्तो भौतिक तथा वैचारिक सङ्घर्ष र प्रतिरोधी चेतनाको प्रक्रियालाई अघि बढाइएको छ भन्ने कुराको खोजी गर्ने काम गरिन्छ ।

लैङ्गिकता सामाजिक, सांस्कृतिक संरचना तथा भूमिकासँग सम्बन्धित सन्दर्भ हो । महिला र पुरुषको भूमिकालाई समाजले निर्धारण गरेको हुन्छ । लैङ्गिकताले यस अवधारणाहरूलाई हेर्ने काम गर्दछ । परिवार र समाजमा महिला र पुरुषले सामाजिकीकरणको प्रक्रियाअनुसार समाजका अत्यावश्यक भूमिकाहरूलाई पूरा गर्दछन् । अत: महिला र पुरुषले गर्ने कार्य आवश्यकताका आधारमा भूमिका हो तर जैविक प्रक्रियाचाहिँ प्राकृतिक भूमिका हो । यद्यपि समाजले उनीहरूलाई सामाजिक सङ्गठन, विश्वास र प्राचीन रूढ मान्यता अनुरूप भूमिका तोकिदिएको हुन्छ । वस्तुत: लैङ्गिक विभेदको निर्माणमा पितृसत्तात्मक सोच र संस्कारको प्रतिबिम्बले भूमिका खेल्छ । जैविक र प्राकृतिक रूपमा भएको स्वाभाविक भिन्नतालाई समाजले फरक-फरक रूपले हेर्दछ । सामाजिक संस्कार, मान्यता र जीवनशैलीका कारण संसारमा महिला र पुरुषको भूमिका समान नहुनु नै सामाजिक विभेद हो । यसरी विभेदका कारण समाजमा पुरुषको तुलनामा महिलाका भूमिकाहरू सामाजिक मूल्य, मान्यताका आधारमा तोकिन्छन् र ती कमजोर पनि देखिन्छन् । यही आधारमा उनीहरूलाई सामाजिक संरचनाको कुनै पनि तहमा प्रतिनिधित्वको अवसरबाट वञ्चित गरिन्छ र पुरुषसत्तालाई प्रभुत्व तुल्याइन्छ । त्यसैले

लैङ्गिकताको निर्माणमा सामाजिक सांस्कृतिक पक्ष मुख्य कारकको रूपमा रहन्छ । यही विषयमा ढकाल (२०७०, पृ. ३२९-३३०) ले उल्लेख गरेको सन्दर्भलाई हेर्दा लैङ्गिकता सामाजिक-सांस्कृतिक एकाइद्वारा महिला र पुरुषले सम्पादन गर्न निर्धारण गरेको काम, कर्तव्य र जिम्मेवारी हो । पुरुष वा महिला भएकै कारण व्यक्तिलाई समाजले निश्चित भूमिकामा बाँधिदिन्छ र त्यो व्यक्तिबाट समाजले तिनै भूमिकाको अपेक्षा गरेको हुन्छ । यसरी हेर्दा छोरालाई बहादुर बनाउने तथा लवाइखवाइमा बाल्यकालदेखि नै साहसिक बनाउने लक्ष्य निर्धारण गरिन्छ । छोरीलाई सहनशील, घरायसी कामदार जस्तो तथा बाल्यकालदेखि नै फरक पहिचान अनि पहिरनमा राख्नु सामाजिक संस्कारगत लैङ्गिक विभेद हो ।

जैविक र प्राकृतिक रूपमा भएको स्वाभाविक भिन्नतालाई समाजले अलग-अलग रूपमा विभाजित तुल्याइदियो । सामाजिक संस्कार, मान्यता र जीवनशैलीका कारण संसारमा महिला र पुरुषको भूमिकामा समानता छैन । यस कुरामा समाजमा चलनचल्तीमा रहेका मूल्य, मान्यता र विश्वासहरूले विशेष भूमिका खेलेको देखिन्छ । यिनै प्रभावका कारण साहित्य, चलचित्र वा विचार र विश्वासमा पुरुषले महिलालाई सुरक्षा दिनुपर्ने, पुरुषका आडमा रहेर महिलाले बाँच्नुपर्ने अर्थात् महिलाले आफ्नो सामर्थ्य देखाउनुको साटो पराधीन बनिरहन विवश बन्नुपर्ने स्थितिलाई प्रदर्शन गरिएको हुन्छ । यसर्थ उनीहरूलाई सामाजिक संरचनाको कुनै पनि तहमा प्रतिनिधित्वको अवसरबाट वञ्चित गरिन्छ र पुरुषसत्तालाई प्रभुत्व तुल्याइन्छ ।

## २.४ सीमान्तीय आवाज र प्रतिरोध चेतनाको सैद्धान्तिक परिचय

साहित्यिक कृतिमा प्रतिनिधित्व, पहिचान र प्रतिरोधी चेतनाको खोजी गरिन्छ । यो मान्यतालाई स्टुआर्ट हलले बेलायती सांस्कृतिक अध्ययन परम्पराबाट विकास गरेका हुन् । ग्राम्सीलाई पछ्याउँदै हलले जनप्रिय संस्कृतिलाई विरोधात्मक स्पेस माने । जनप्रिय संस्कृतिलाई वर्गीय प्रभुत्वको वा विरोधको अर्थमा लिनु एकलकाँटे हुनु हो भन्ने हलको निष्कर्ष छ (गौतम, २०७५, पृ. १०१) । प्रतिनिधित्व सांस्कृतिक अध्ययनको प्रमुख आधार हो । राजनीतिक, सामाजिक, आर्थिक एवम् धार्मिक क्षेत्रमा व्यक्ति तथा समुदायको उपस्थितिलाई प्रतिनिधित्व भनिन्छ । चुनेर वा पत्यार गरेर पठाइएको व्यक्तिलाई प्रतिनिधि र त्यसको कार्यलाई प्रतिनिधित्व भनिन्छ । यसरी हेर्दा समाज स्वभावैले प्रभुत्वशाली र उत्पीडित गरी दुई वर्गमा विभाजित छ । प्रभुत्वशाली वर्गले राज्यका हरेक क्षेत्रमा वार्ता र सहमतिको भ्रम छरेर आफ्नो वर्चस्व कायम राखेको हुन्छ । यस्तै गरेर वर्गीय, जातीय, लैङ्गिक रूपमा निम्न वर्गका मानिसहरूलाई फरक दर्जाका रूपमा हेरी उनीहरूलाई उत्पीडन र अधीनस्थको अवस्थामा पुऱ्याउन बाध्य पारिएको हुन्छ ।

रञ्जित गुहा (२०६१) ले भारतीय इतिहासमा सम्भ्रान्तवादको गहिरो सम्बन्ध हुनुमा औपनिवेशीहरूको भाषाको प्राधान्यलाई मुख्य कारण मान्छन् । उनका अनुसार एउटा गरिब किसानले हिन्दीमा, बङ्गालीमा या मराठीमा सोच्छ । त्यसैले उसलाई भनाइको माने अर्थ्याउन गाह्रो हुन्छ (पृ. ६२-६३) । यसरी निरीहहरूमाथि प्रभुत्वशालीहरूले शासन गरिरहेका हुन्छन् । उनीहरूको प्रतिनिधित्व देखाएका हुन्छन् । अन्य (सीमान्त समुदाय) को अध्ययनसँग यसको सम्बन्ध रहेको देखिन्छ । त्यसैले यसलाई यथार्थको सामान्य प्रतिबिम्बन नभई सांस्कृतिक निर्मितिको रूपमा लिइन्छ । यसै आधारमा समाजमा सीमान्त पात्रसँग प्रतिरोध चेतना छ/छैन भन्ने कुराले प्रभाव पारेको हुन्छ । यसर्थ पहिचानको सन्दर्भ पनि सांस्कृतिक अध्ययनसँगै सम्बन्धित छ । अतः प्रतिनिधित्व र पहिचान दुवै सँगसँगै आउने विषय हुन् ।

स्कट (सन् १९८५) ले प्रतिरोधलाई कुनै व्यक्ति वा समूहको असन्तोषको अभिव्यक्ति भनेका छन् । प्रतिरोध गर्नेले आत्मसुरक्षामा ध्यान दिन्छ । सङ्घर्ष वा विद्रोहमा विपक्षीबाट गर्नसक्ने सम्भावित क्षतिलाई वास्ता गरिएको हुँदैन । उनका अनुसार कुनै सङ्गठनविना, नेताविना, घोषणापत्रविना, नामविना र ब्यानरविना गरिने आन्दोलन नै प्रतिरोध हो । खुट्टा तान्ने, मार्ने जस्तो गर्ने, भाग्ने, थाहा नभए जस्तो गर्ने अर्थात् जानाजान क्षति पुऱ्याउने, चोर्ने आदि गतिविधिहरू प्रतिरोधअन्तर्गत पर्दछन् । यो अघोषित र सीमित हुन्छ । प्रतिरोध गर्ने व्यक्तिले बहस गर्ने र लड्ने खालको उत्साह देखाउँदैन । यो मौन र गोप्य हुन्छ । स्कटका अनुसार सार्वजनिक स्थानमा प्रतिरोध गर्दा अप्रत्यक्ष र थाहा नहुने किसिमले गरिन्छ भने निजी ठाउँमा प्रत्यक्ष रूपले प्रतिरोध गरिन्छ । खासमा उनले साना किसानहरूको प्रतिरोधको अध्ययन गरेका छन् । उनले यस्तो प्रतिरोधलाई कमजोरहरूको शस्त्रका रूपमा अर्थ्याएका छन् । उनका अनुसार कमजोर वर्ग इतिहासमा खुला र सङ्गठित रूपमा राजनैतिक गतिविधिमा बिरलै संलग्न हुन्छन् । यस्तो गतिविधि उनीहरूका लागि आत्मघाती नभए पनि खतरनाक हुन्छ । उनीहरू बृहत् सामाजिक संरचनालाई फेर्ने कुरामा कमै मात्र इच्छुक हुन्छन् । मध्यम वर्गमा पनि सचेतहरूबाट नै औपचारिक सङ्गठित प्रतिरोध वा राजनीतिक गतिविधि सञ्चालित हुन्छ । अझ यो गोप्य अर्थात् अघोषित रूपबाट तल्लो वर्गको भूमिकामा आधारित हुन्छ । यद्यपि उनीहरू केवल साधन बन्छन् र उनीहरूलाई सचेत अर्थात् टाठाबाठाले नै उपयोग गरेका हुन्छन् ।

सबाल्टर्नको प्रतिनिधित्वको सवालमा भने इतिहास र साहित्यमा अलिक भिन्नता भेटिन्छ । साहित्य र इतिहासबिच मानव इतिहासको सम्बन्ध छ । इतिहासकार र साहित्यकारले अध्ययन-अध्यापन गर्ने/गराउने विधि र प्रक्रिया पनि उस्तै छ । यद्यपि दुवै मानव समाज र सामाजिक परिवेशभन्दा पर छैनन् तर प्रतिनिधित्वको हिसाबले इतिहासको पानामा भन्दा साहित्यको पानामा बढी प्रखर रूपमा अध्ययन-अवलोकन गर्न सकिन्छ (श्रेष्ठ,

२०६८, पृ. ७) । तथापि, सबाल्टर्नलाई प्रतिनिधित्वका रूपमा मूलतः इतिहासमा भन्दा पनि बढी साहित्यभित्रै प्रयोग गरिएको पाइन्छ । साहित्यमा प्रतिनिधित्व, सीमान्त आवाज र प्रतिरोध चेतनाको अध्ययन गर्दा नवीन दृष्टिकोण र विचारविमर्शको प्रभावकारिता निर्माण गर्न सकिने हुनाले यो अहिलेको नवीन विमर्श पनि हो ।

ग्राम्सीले सीमान्तीयता शब्दको प्रयोग सर्वहारा वर्गलाई नै बुझाउनका लागि गरेका थिए भन्ने कुरालाई माथिल्ला सन्दर्भमा प्रस्तुत गरिएको छ । पछिल्ला दिनहरूमा यो शब्दको अर्थ विस्तार हुँदै वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयताको अवधारणा विकसित भएको पाइन्छ । समाजमा उच्च वर्गले आर्थिक कारण वा अवस्थालाई आधार मानेर निम्न वर्गलाई सीमान्तीकरणको स्थितिमा पुऱ्याएको सन्दर्भ यहाँ जोडिन्छ । कृतिमा वर्णन गरिएको निम्न, मध्यम र उच्च वर्गको भूमिका र तिनको सम्बन्ध के-कस्तो रहेको छ भन्ने कुराको अध्ययन वर्गीय सीमान्तीयतामा गरिन्छ । वर्गीय अध्ययनमा सामन्तवादी, पुँजीवादी र समाजवादी चिन्तनलाई कृतिले के-कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययन गरिन्छ । वास्तवमा मानिसले आफू बाँचेको युगको राम्रो पक्षलाई केलाउँदा समाजले सिकाएको भावलाई कृतिमा पोख्छ । हरेक सामाजिक समूह वा वर्गका विशिष्ट प्रकारका मानसिक संरचना हुन्छन् । त्यस समूहबाट आएका लेखक, विचारक, दार्शनिक र कलाकारले आ-आफ्ना वर्गका मानसिक संरचनालाई लेखनमार्फत व्यक्त गर्छन् (उप्रेती, २०७८, पृ. १३१) । यसकारण लेखन र लेखकीय सामग्रीले पनि वर्गीय आवाजलाई बोल्नुपर्ने नवीन चिन्तनमा सीमान्तीय मान्यता अघि बढेको हो । आवाजविहीनलाई, बोल्नै नजानेका समाजका पिछडा समूहका आवाजलाई, समाज निर्माणमा विशेष भूमिका रहेर पनि इतिहास नलेखिएका व्यक्ति, समूह वा वर्गलाई मूलधारमा ल्याउनुपर्ने मान्यता अनुरूप सीमान्तीय सिद्धान्त अघि बढेको हुन्छ । यसले यिनै अधीनस्थ वर्गको प्रतिरोध चेतना र उक्त चेतनाको प्रभावलाई हेर्ने काम गर्छ ।

समग्र सांस्कृतिक अध्ययनमा जस्तै सीमान्तीय अध्ययनमा पनि शक्ति सम्बन्धको प्रयोग गरिन्छ । शक्ति सम्बन्ध भनेको राजनीति हो । मार्क्सले आर्थिक आधारबाट समाज परिवर्तनको कुरा गरे तर मिसेल फुकोले वर्गको चरित्र आर्थिक आधारभन्दा बढी सामाजिक सङ्घसंस्था र परिवारका इकाइको तहमा पुगेर शक्तिको व्याख्या गरे (खरेल, २०६४, पृ. ६४) । सीमान्तीय अध्ययनले पनि शक्ति सम्बन्धभित्रको राजनीति र प्रभुत्वको प्रभावलाई मानवीय कोणबाट सूक्ष्म रूपमा चर्चा गर्छ । राजनीतिका सम्बन्धमा प्रतिनिधित्व र पहिचानले त्यसभित्रको जाति, जनजाति, लैङ्गिक पहिचान तथा वर्ग सम्बन्धी विषयलाई सङ्केत गर्दछ । यसरी नै साहित्यका क्षेत्रमा पनि तिनको प्रयोग सन्दर्भ र त्यसको सापेक्षतालाई के-कसरी चित्रण गरिएको छ भन्ने कुराको विश्लेषण गरिन्छ । यसरी नै पहिचान र प्रतिनिधित्वको भूमिकाका सन्दर्भमा ताराकान्त पाण्डेय (२०७०) ले लेखकको सांस्कृतिक भूमिका रहने तर्क यसरी राखेका छन् :

> सांस्कृतिक अध्ययनमा मुख्य कुरा सांस्कृतिक प्रतिनिधित्व (Cultural Representation) हो । सांस्कृतिक रूपले कसको कसरी प्रतिनिधित्व गरेको छ ? कसलाई कुन रूपमा प्रस्तुत गरेको छ ? त्यसले कस्तो पहिचानको निर्माण गर्छ ? त्यसको पछाडिको राजनीति के हो ? यी मूलभूत प्रश्नहरूको उत्तरको खोजीसँग यो पद्धति सम्बन्धित छ । यसका लागि कुनै पाठलाई सन्दर्भीकृत गरेर हेर्ने काम गरिन्छ । त्यस्तो सन्दर्भीकरण सामाजिक इतिहाससँग गरिन्छ । सामाजिक व्यवहारसँग गरिन्छ । (फुकोको खण्डित इतिहास दृष्टिमा यसलाई विमर्शात्मक संरचना भनिएको छ ।) तर, यसो गर्दा लेखक पनि अछुतो रहँदैन । पाठलाई लेखकको राजनीतिक स्थान, भूगोल र सांस्कृतिक विचारधारा आदि पक्षसँग सन्दर्भीकृत गरेर हेरिन्छ । (पृ. १९१)

प्रतिनिधित्व र पहिचानलाई सांस्कृतिक अध्ययनमा एकसाथ हेरिने मूलभूत विषय मानिन्छ । समाज निर्माणमा प्रतिनिधित्वले खेलेको भूमिका, त्यसबाट निर्माण भएको समाजको स्वरूप, त्यसको राजनीतिक पृष्ठभूमि, त्यसको सामाजिक भूमिका र प्रभाव कस्तो छ भन्ने कुरालाई पनि सांस्कृतिक अध्ययनबाटै खोज्ने गरिन्छ । सांस्कृतिक अध्ययनले सामाजिक भूमिकासहित प्रतिनिधित्व र पहिचान निर्माणमा घटित हुने विकेन्द्रीकरणको अवस्था तथा नयाँ पहिचान निर्माणको अवस्थालाई प्रस्तुत गर्दछ । सांस्कृतिक समालोचनाले कृतिमा प्रतिबिम्बित सांस्कृतिक सङ्क्रमण, सांस्कृतिक विलयन, सांस्कृतिक अन्तर्मिश्रण आदिको खोजी (गौतम, २०७०, पृ. ३७६) गर्ने हुनाले प्रतिनिधित्व र पहिचानको खोजीमा संस्कृतिको गहिरो अध्ययन आवश्यक हुन्छ । यसका लागि सामाजिक इतिहास र व्यवहारसँग पाठको सन्दर्भीकृत विश्लेषण आवश्यक हुन्छ । पाठ विश्लेषणको यस प्रक्रियामा लेखकको राजनीतिक इतिहास, उसको भूगोल तथा उसको सांस्कृतिक विचारधारालाई आधार बनाई विमर्शात्मक संरचनामा सीमान्तीकृतहरूको प्रतिनिधित्व र पहिचानको अवस्थाको खोजी गर्ने काम गरिन्छ ।

समाजमा विभक्त वर्गीय, जातीय र लैङ्गिक विभाजनका कारण समाजमा उच्च वर्ग र निम्न वर्ग (प्रभुत्वशाली र अधीनस्थ वर्ग) को निर्माण भएको हुन्छ । यो निम्न वर्गलाई आफू र आफ्नो वरिपरि भएको अमानवीय समग्रता (Dehumanizing totality) ठम्याउने सचेतना नै हुँदैन (फ्रेरे, सन् २००५) । सीमान्त वर्गले चेतनाको विकास गरेर प्रभुत्वशाली वर्गले आफूमाथि गरेको अन्याय अत्याचार, दमन र शोषणका विरुद्धमा आवाज उठाउन सकेका हुँदैनन् । प्रभुत्वशाली वर्गले समाजको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक जस्ता क्षेत्रमा अगाडि बढ्न खोज्ने सीमान्त वर्गहरूलाई माथि उठ्न नदिएर दबाइराख्न चाहन्छ । अझै किनारामा पुऱ्याएर छाड्न चाहन्छन् । सीमान्त वर्गले आफूमाथिको

थिचोमिचो सहन नसके पनि उनीहरूले त्यसका विरुद्ध आवाज उठाउन भने सक्दैनन् र प्रतिकार गर्न सक्दैनन् । कतिपयले चाहिँ प्रभुत्वशाली वर्गको दमनकारी विभेदलाई बुझेर झिनो रूपमा आवाज उठाएका हुन्छन् । यद्यपि तिनको आवाजले समाजमा प्रभावकारी रूपमा स्थान पाउनचाहिँ सक्दैन ।

इतिहासले सधैँ उच्च वर्गलाई मात्रै प्राथमिकता दिँदै सीमान्तीय वर्गको कथा-व्यथा र योगदानलाई उद्देश्यमूलक ढङ्गबाट विलयन गरायो । केन्द्रले सम्पूर्ण कुरालाई आफ्नै अधीनमा राखी सधैँ आफ्नो हितमा मात्रै प्रयोग गर्नाले सीमान्तीय वर्ग सधैँ उपेक्षित, अपहेलित र तिरस्कृत बन्न बाध्य भए । सीमान्त समुदाय (सबाल्टर्न) हरूको प्रतिनिधित्व र पहिचानबारे ग्राम्सीको धारणाको चर्चा गर्दै तारालाल श्रेष्ठ (२०६८, पृ. ४) ले सबाल्टर्न वर्गको इतिहास सम्भ्रान्त वर्गको इतिहास जत्तिकै जटिल र अझ बढी महत्त्वपूर्ण छ तर सबाल्टर्नको इतिहास सम्भ्रान्तको दमनकारी शक्ति प्रयोगका कारण छरिएर लिखित मिथक वा अन्य माध्यमबाट टुक्राटाक्री अवस्थामा मात्र प्राप्त गर्न सकिने तर्क राखेका छन् । उनको यस विचारलाई हेर्दा सम्भ्रान्त इतिहासको निर्माण शक्ति प्रयोगको आडमा रहेर गरिएको हुन्छ । यसरी निर्माण गरिएको सम्भ्रान्तीय इतिहासहरूले सीमान्तीयहरूको इतिहासलाई खण्डित गरेको हुन्छ । सीमान्तीयताका अध्येताहरूले यसलाई अर्थहीन र निकम्मा इतिहासको संज्ञा दिन्छन् र त्यसका विरुद्ध प्रतिरोधको आवाज उठाउँछन् । खण्डित तुल्याइएको सबाल्टर्नहरूको इतिहासको पुनर्लेखन प्रक्रियामा सामूहिक प्राज्ञिक लेखनको आवश्यकता महसुस गर्दछन् । सांस्कृतिक अध्ययनले समाजको शक्ति सम्बन्धका कारण निर्माण भएको प्रभुत्व वर्ग र अधीनस्थको अवस्थालाई हेर्छ । यसमा पनि पहिचान र प्रतिनिधित्वको प्रभाव र स्थितिलाई समाजमा प्राप्त भूमिकाले निर्धारण गर्ने सन्दर्भमा रमेशप्रसाद भट्टराई (२०७७, क) लेखेका छन् :

> पहिचानले समूहको प्रतिनिधित्वको अपेक्षा गर्दछ । यसले मनोवैज्ञानिक, ऐतिहासिक र राष्ट्रिय रूपमा पछि परेका समूहलाई समावेशी धारमा समाहित हुने गरी व्यवस्थापन गर्दछ । जातिको मूल्य र विश्वास तथा परिचयलाई स्थापित गर्दै राजनीतिका माध्यमबाट जातिको पहिचान र प्रतिनिधित्वलाई सुनिश्चित गरेर मात्र समाजमा सांस्कृतिक व्यवस्थापन सम्भव हुन्छ भन्ने मान्यता पहिचानगत मान्यता हो । अतः प्रतिनिधित्व पनि जातिको उपस्थितिको अवस्था हो । (पृ. ८)

यो अध्ययनले प्रतिनिधित्व र पहिचानको निर्माणमा घटित हुने विकेन्द्रणको अवस्था, नयाँ पहिचान निर्माणको अवस्थासमेतलाई उद्घाटित गर्दछ (पाण्डेय, २०७८, पृ. ७५) । वास्तवमा सीमान्तीयहरूको अध्ययन अनुसन्धानबाट सम्भ्रान्त वर्गहरूको इतिहासमा असर पुगेको छ किनभने यसले सीमान्तीयहरूको क्षमता, योग्यता र योगदानलाई मात्रै खोज्ने

काम गर्छ । यही सन्दर्भमा 'हेगेमोनी' को अवधारणा जोडिन पुग्छ । यो शब्दले एउटा वर्गले अर्को वर्गमा प्रभुत्व जमाउने अर्थलाई बोध गराउँछ । यसरी नै ग्राम्सीले पनि प्रतिनिधित्वको खोजीभित्र वर्गको गहिराइलाई खोतलेको देखिन्छ । यसले एकाधिकार वा प्रभुत्वका कारण राजनीतिक, बौद्धिक र नैतिक नेतृत्व लिने हैकमलाई बुझाउँछ (गौतम, २०७५, पृ. ४३) । यसरी समाजले दिएको मूल्यका आधारमा सीमान्त वर्गले माथि उठ्न पाउने वा नपाउने भन्ने कुराको निर्क्योल हुन्छ ।

समाजमा प्रभुत्वशाली वर्गका व्यक्तिहरू आफू अनुकूलको संस्कृतिको निर्माण गरी सीमान्त वर्गका व्यक्तिहरूलाई विस्थापन गर्न लागिपरेका हुन्छन् । यसमा राजनीतिक र सांस्कृतिक प्रभुत्वले सामाजिक निर्मितिका आधारमा प्रभाव पारेको हुन्छ । त्यही निर्मितिले सीमान्त समुदाय पुस्तौंदेखि दमन परिरहन्छ । यसर्थ पहिचानको सत्ता र चिन्तनलाई राजनीतिले प्रभाव पारेको हुन्छ । पहिचानको राजनीतिका लागि समाज र संस्कृतिसँग व्यक्तिले परिचय खोज्छ र सांस्कृतिक अधिकारको अपेक्षा राख्दछ (बार्कर, सन् २००४, पृ. ९५) । यसरी पहिचान खोज्नु, अधीनस्थबाट सचेत बन्नु, आवाज प्रस्फुटन गर्नु सीमान्त समुदायको प्रतिरोधी चेतना हो । सीमान्त वर्गका व्यक्तिहरूले प्रभुत्वशाली वर्गका व्यक्तिहरूका अन्याय, दमन र उत्पीडनविरुद्ध असन्तोष व्यक्त गर्नु र सके आफ्नो हक अधिकारका लागि आवाज उठाउनु नै उनीहरूमा भएको प्रतिरोधी चेतनाको विकास हो । अतः सीमान्त वर्गले समाजमा आफ्नो अस्तित्व स्थापनाका लागि प्रभुत्वशाली वर्गसमक्ष मनमनै वा खुलेर आफ्नो आवाजलाई प्रस्तुत गर्नु पनि प्रतिरोध चेतना हो ।

आर्थिक, जातीय, लैङ्गिक दृष्टिबाट सत्ता, शक्ति वा प्रभुत्वको संरचनाभन्दा बाहिर राखिएका व्यक्ति, समूह वा समुदायलाई नै सीमान्तीय वर्गभित्र समेटिएको हुन्छ । यही सिद्धान्तको आधारमा समाजशास्त्र, इतिहास, जाति विज्ञान, साहित्य आदि विषय क्षेत्र सम्बन्धी धेरै अध्ययन अनुसन्धानहरू भए । जातकै कारणबाट उपेक्षाको सिकार भएका संसारभरका मानिसलाई जातीय सीमान्तकृत, वर्गका आधार (आर्थिक) मा उपेक्षित भएकालाई वर्गीय सीमान्तीकृत र लिङ्गका कारणले उपेक्षित हुनेहरूलाई लैङ्गिक सीमान्तीकृत वर्ग मानिन्छ । समाजमा स्थापित संरचनाका आधारमा शक्ति र सत्ताको प्रभुत्वभन्दा बाहिर हुनेहरू स्वाभाविक रूपमा उपेक्षित बन्न पुग्दछन् र कुनै पनि समाजमा यस्ता वर्गको जीवन सीमान्तीकृत भएकै कारणले गर्दा कष्टप्रद हुन्छ । यद्यपि यो विषय समाजले समाजभित्रै गरेको विभेदको मात्रै नभएर शक्ति राष्ट्रले कम विकसित र कमजोर राष्ट्रमा दमन गर्नु पनि हो । सहरले गाउँलाई पछि पार्नु हो । जान्नेले नजान्नेलाई उपेक्षित तुल्याउनु हो अर्थात् शक्तिशालीले कुनै पनि बहानामा शक्तिहीनलाई दबाउनु हो । यिनै विभिन्न व्यवहार, घटना, चिन्तन वा सोचका कारण सीमान्त वर्गले कष्टकर जीवन व्यतीत गर्नुपर्ने बाध्यता सिर्जना हुन्छ । अर्कोतिर, कहिलेकाहिँ तिनले पहुँच वा अवसर पाउँदा पनि

आफ्नो आवाज र कार्यशैलीलाई स्वाभाविक रूपमा प्रदर्शन गर्न नसक्दा असफल बन्नुपर्ने स्थिति उत्पन्न हुन्छ । यस्ता मानिसहरूलाई अरूसरह समृद्ध र समुन्नत तुल्याउने कार्यका लागि सकारात्मक अवसर र सकारात्मक मार्गदर्शनको खाँचो परिरहन्छ ।

सीमान्तीकृत वर्गका व्यक्तिभित्र अधिक क्षमता हुँदाहुँदै पनि प्रभुत्वशाली वर्गको दमनमा क्षमताहीन जस्ता देखिन्छन् । सीमान्तीकृत वर्गका व्यक्तिहरूले माथि उठ्ने चाहना राखेर प्रतिरोध गर्न खोजे पनि उनीहरूको आवाजलाई प्रस्फुटन गर्न दिइँदैन । गायत्री चक्रवर्ती स्पिभाकले 'के अवरजन बोल्न सक्छन्' भन्ने प्रश्न उठाएकी छन् । यस प्रश्नको उत्तर दिँदै उनले अवरजन आफ्ना निम्ति आफैँ बोल्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनका लागि बोलिदिनुपर्छ भन्ने उनको मान्यता रहेको छ (शर्मा, २०७०, पृ. ३१८) । सीमान्त व्यक्तिहरूमा आफ्ना लागि आफैँ बोल्न सक्ने चेतना, क्षमता र परिवेश हुँदैन । उनीहरूमा चेतना भएर बोल्न सक्ने अवस्था भए पनि प्रभुत्वशाली वर्गको सामाजिक निर्मितिले प्रभाव पारेको हुन्छ । उनीहरूको आवाज समाजमा एक्लो र सीमित वर्गमा आधारित हुने भएकाले समाजले उक्त आवाजलाई सहजै दबाइदिन्छ । राज्यले चाहिँ उत्पीडनकारी संरचनाप्रति तटस्थ बनाउन बुद्धिजीवीहरूलाई प्रयोग गर्दछ । यसपछि शासितहरू शासित भइरहन स्वीकार गर्छन् र त्यसप्रति सहमतिमा पुग्छन् (पाण्डेय, २०७८, पृ. ५५) । यसरी प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गमाथि दमन गरेको विषयका बारेमा सीमान्तीकृत वर्गहरू स्वयम् नै अज्ञात रहन्छन् । यदि उक्त कुरा ज्ञात भइहाले पनि प्रभुत्वशाली वर्गसँग वैमनस्यता राख्नु आफ्ना लागि जोखिम ठान्दछन् । यसमा राज्यले नै दमनकारी भूमिका खेलिदिन्छ । बोल्न सक्ने, भिड जम्मा गर्न सक्ने, आवाजलाई चर्को बनाउनेहरूलाई मात्रै राज्यशक्तिले स्थान दिन्छ । सबैभन्दा शक्तिशाली र आर्थिक रूपले प्रभुत्वशाली वर्गको राज्य बन्दछ । यही वर्ग राजनीतिक रूपमा प्रभुत्वशाली वर्ग बन्दछ । यसबाट उत्पीडित वर्गको दमन र शोषणका लागि नयाँ साधनहरू प्राप्त गर्दछ (एङ्गेल्स, २०७५, पृ. १८६) । परिणामतः अधीनस्थ वर्ग प्रभुत्व वर्गको छायामा परेर कमजोर भइरहन्छ । यसपश्चात् उनीहरूले केन्द्रसामु आफ्नो आवाज पुऱ्याउनुको साटो आफ्नो भाग्यलाई दोष दिन पुग्छन् । ईश्वरलाई गुहार्न पुग्छन् । यसर्थ सीमान्त वर्ग आफ्नो शोषण, अन्याय, दमनका विरुद्ध प्रतिरोधी बन्न सक्दैनन् । उनीहरू आफ्नो आवाजलाई दबाएर आवाजविहीन बन्न पुग्छन् र बोल्नुपर्छ भन्नेसम्मको चेतनाबाट समेत विमुख भइरहन्छन् ।

उल्लिखित सन्दर्भलाई हेर्दा साहित्यमा पात्र स्वतः स्फूर्त रूपमा बोल्न सक्छ भन्ने हुँदैन । यसमा साहित्यकारले पात्रलाई बोल्ने क्षमता दिए पनि समाजको प्रतिबिम्ब सोही अनुरूप र सोही चेतनास्तरसँग मेल खाने प्रकृतिको छ/छैन भन्ने हुन्छ । यद्यपि साहित्यमा सबाल्टर्नको आवाज सुनिँदैन भन्ने पनि होइन । साहित्यमा सीमान्त पात्रहरू सधैँ उपस्थिति हुन्छन् । उनीहरू साहित्यमा बोल्छन् पनि तर सबाल्टर्न पात्रहरू साहित्यमा कसरी बोल्छन्

भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ (श्रेष्ठ, २०६८, पृ. ४५) । यसर्थ सीमान्त पात्रहरूमा प्रतिरोध चेतनाको कमी हुन्छ । उनीहरू आफैँ बोल्न सक्दैनन् । बोलिहाले पनि उनीहरूको आवाजलाई प्रभुत्वशाली वर्गले दबाइरहेको हुन्छ । यति भएर पनि सीमान्तीय वर्गहरूले आफ्ना सुखदुःखलाई नै बोल्न बताउन सक्दैनन् भन्नेचाहिँ होइन तर उनीहरूको स्वर ज्यादै मसिनो भएर सतहमा नआउँदै दबिएर वा नसुनिएरै आफैँ हराउँछ । यस्तो अवस्थामा समेत प्रभुत्वशाली वर्गले तिनको आवाजलाई सकेसम्म माथि नपुगोस् भनेर बिचमै दबाइरहेका हुन्छन् । यसरी शक्तिशाली वर्गद्वारा उनीहरूमा शासन गरिन्छ :

> सामान्य रूपमा हेर्दा इतिहासमा महत्त्वपूर्ण भूमिका खेलेका पात्र, सन्दर्भ, घटना र सत्यतथ्यलाई भारतीय इतिहासलेखनमा ओझेलमा पारिएको र इतिहासबाट गायब गरेर तिनका ठाउँमा केही टाठाबाठा, ठालु, सम्भ्रान्त र पहुँचवालाहरूलाई स्थापित गरिएकाले निमुखाहरूको इतिहासलाई नयाँ किसिमले स्थापित गर्ने उद्देश्य 'सबाल्टर्न स्टडिज' हो भन्ने बुझिन्छ ।
>
> (बराल, २०७७ ख, पृ. १७८)

यसरी शक्ति, ज्ञान र अवसरको अभावमा सीमान्तीय वर्ग कष्टपूर्ण जीवन जिउन विवश हुन्छन् । उनीहरू गलत कार्य गर्न बाध्य बन्छन् र समाजमा लाञ्छित र तिरस्कृत हुनु तिनको बाध्यता बन्न पुग्छ । आखिर सबै अपमान सहेर उनीहरू आफ्नो समाज विपरीत कार्यलाई अँगाल्न पुग्छन् । वास्तवमा सीमान्त वर्गहरूको बोली वा आवाजलाई देखाउन सकिँदैन तर त्यो आवाजले समाज निर्माण र विकासमा विशेष भूमिका खेलेको हुन्छ । कालान्तरदेखि राष्ट्रनिर्माणमा उनीहरूले शारीरिक तथा सिपगत रूपमा योगदान पुऱ्याएका भए पनि न उनीहरूको इतिहास हुन्छ न त इतिहासमा उनीहरूको नाम नै हुन्छ । यस्ता वर्गको आवाजका बारेमा अध्ययन विश्लेषण गर्ने कार्यलाई सीमान्तीय चिन्तनले अघि सार्ने काम गर्छ । यसमा पनि ग्राम्सी, इस्पीभाक, एडगर, सेगविकलगायतका विद्वान्हरूले लैङ्गिक, जातिगत तथा वर्गीय तीन धारमा यसको समीक्षा गरिनुलाई सान्दर्भिक मान्दै आएका छन् ।

## २.५ सीमान्त पात्रको भाषा, धर्म, भूगोल र भूमिका

सीमान्त पात्रहरू निरीह भएका कारण उनीहरूसँग शिक्षा, ज्ञान र चेतनाको परिवेश हुँदैन । ग्रामीण समाजको विपन्न र दलित/दमित परिवारमा हुर्केको पात्रले बोल्ने भाषा, उसको सामाजिक धर्म र भूगोलले उसको स्तर निर्धारण गरिदिन्छ । ऊ समाजमा उपेक्षित, कथित तल्लो जात र तल्लो वर्गमा विभाजित हुन पुग्छ । ग्राम्सी (सन् २०११) ले राखेको प्रभुत्व सम्बन्धी मान्यताअनुसार शासक वर्गले पछि परेका समाज/समुदाय/वर्गका लागि नियमहरू बनाउँछन् । यसका लागि उनीहरूले धार्मिक-सांस्कृतिक मान्यता निर्धारण गर्छन् ।

परिणामतः सीमान्त पात्रको भाषा, धर्म र भूगोलले उसको निमुखापनलाई अघि सार्छ । ऊ माथिल्लो स्थानमा आफ्नै अधिकार माग्नुपर्छ भन्नेसम्मको ज्ञानमा पनि कमजोर हुन्छ । यस सन्दर्भमा मिसेल फुको (सन् १९७०, पृ. ८०) ले सङ्कथनलाई सामूहिक अभिव्यक्ति मान्छन् । यस्तो अभिव्यक्ति नियमित अभ्यासमा आधारित हुन्छ । यसर्थ सीमान्त आवाज पनि सामूहिक आवाज हो । ग्राम्सीले आर्थिक सन्दर्भमा सीमान्त व्यक्तिलाई दमनकारी र उत्पीडित समूहभित्र  समावेश गरेर व्याख्या गरेका छन् । उत्पीडित समूह अहिले पनि सीमान्तीय नै छ । उनीहरूसँग शक्तिशाली विचारको निर्माण नभए पनि यस्तो विचार वा चिन्तनको विकास गर्नचाहिँ सकिन्छ (ग्राम्सी, सन् २०१४, पृ. २१०) । वस्तुतः समाजमा आर्थिक कारणले दमनकारी र उत्पीडित समूहको निर्माण भएपछि दमित र उत्पीडित वर्गलाई दबाउने भूमिका निर्वाह हुन्छ । यही प्रक्रियाबाटै सीमान्तीयताको जन्म भएपछि सीमान्त पात्रको भाषा, धर्म र भूगोलले उनीहरूलाई फरक पारेको छ भनेर देखाइदिन्छ । प्रभुत्व वर्गले चाहिँ उनीहरू अधीनस्थ हुनुको बाध्यताबाट फाइदा लिइरहेका हुन्छन् । यद्यपि एउटा सीमान्त व्यक्तिले पनि उसको समुदायको प्रतिनिधित्वचाहिँ गरेको हुन्छ । साहित्यमा पनि यही प्रक्रिया अनुरूप पात्रले प्रस्तुत गरेको भाव र भाषामा उसको धर्म, संस्कृति र भूगोलको प्रभाव परेको हुन्छ ।

भूमिका र भूगोलका सन्दर्भमा चाहिँ जातीय हिसाबमा कमजोर भनिएको जातिले आफू बाँचेको समाज अनुकूल आफ्नो आवाजलाई व्यक्त गरेको हुन्छ । उसलाई सहरिया सौन्दर्य, नवीनतम ज्ञान र प्रविधिको ज्ञान हुँदैन । नयाँ ज्ञानमा अद्यावधिक हुने र गुणस्तरीय शिक्षादीक्षा लिन पाउने सुविधाबाट वञ्चित भएका कारण सीमान्त वर्गको सन्तान पनि सीमान्त नै भइरहन्छ । उसले आफूले पाएको भूगोल, धर्म र परिवेश अनुरूपको भाषा प्रयोग गर्छ । यसरी नै लैङ्गिक हिसाबमा पनि पात्रहरूले बोल्ने भाषा र वर्गीय दमनमा परेका समुदायको भाषा कमजोर हुन्छ । परम्परागत समाजमा महिलाले पाएका भूमिकाहरू महिलाको व्यक्तित्व विकासका लागि नकारात्मक र सामाजिक मूल्यका दृष्टिले कमजोर हुन्छन् (ढकाल, २०७०, पृ. ३२७) । सर्वहारा वर्गसँग कला, संस्कृति, धर्म, भाषा र परम्परा हुन्छ । उनीहरू आफ्नो मातृभाषा पनि जान्दछन् । आफ्नै संस्कृतिमा रमाउने क्षमता पनि राख्छन् । आयातित चिन्तनभन्दा बढी मौलिक संस्कृतिका संरक्षकसमेत हुन्छन् ।

मुलुकमा भएका निर्णायक परिवर्तनको प्रक्रियामा सम्पूर्णतः शोषित जनता सामेल हुन्छ । उनीहरू पात्र बनेर शक्ति समर्थनको भूमिकामा हुन्छन् । वस्तुतः शोषित वर्गको साहित्यमा जीवन सङ्घर्ष र चेतनाको व्यञ्जना हुन्छ । यस्ता साहित्यमा श्रम, कला र कलाकारको श्रमिक रूपको सम्बोधन हुनुपर्छ (पाण्डेय, २०७६, पृ. १५८-१५९) । सीमान्त पात्रका लागि बठ्याइँ, अधिकारको खोजी, समाजमा प्रभुत्वको चाहना, नेतृत्व शैली जस्ता विषय आफू अनुकूल लाग्दैन । श्रमिकले विद्रोह गर्दैन किनभने ऊ धर्म, राष्ट्रियता र

बजारलगायतको संस्कृतिका विभिन्न क्षेत्रहरूमा जरा गाडेका विचारधाराहरूलाई आत्मसात् गरी देश र समाजका कानुन मान्ने असल नागरिक बनेको हुन्छ (उप्रेती, २०७८, पृ. १३६) । यसर्थ सीमान्त पात्रको आवाज दबिएकै हुन्छ । सामाजिक निर्मितिमा उसको भाषा कमसल हुन्छ । समाजमा सुनेर उडाउने खाले अर्थात् सुने पनि बेवास्ता गरिन्छ । यसर्थ प्रभुत्वशाली वर्गले सीमान्त वर्गका आवाजलाई, भाषालाई, तिनको संस्कृतिलाई उचित अवसर दिँदैन । सधैँ पछि राखेर आफ्नो प्रभुत्व जमाएर अधीनस्थ तुल्याइरहन्छ ।

## २.६ शक्ति र सीमान्त आवाज

समाजमा शक्ति अदृश्य रूपमा विकसित हुन्छ । प्रभुत्वशाली वर्गले शक्तिलाई हातमा लिन्छन् । वर्ग सङ्घर्ष र समाज विकासको क्रममा सामान्य वर्गको आवाजलाई प्रभुत्व वर्गले दबाइदिन्छ । तथापि फुकोले चाहिँ केन्द्रीकृत शक्ति नभएर शक्ति छरपस्ट छ भन्ने मान्यता राख्छन् । फुकोले बहुकेन्द्र, बहुअर्थ, बहुसत्य र बहुविमर्शदेखि विमर्शसम्मको मान्यतालाई अघि सारेका छन् । उनका अनुसार हरेक समाजले आफ्नै सत्यका आधारमा राजनीतिक सत्य निर्माण गरेको हुन्छ (बराल, २०७७ क, पृ. ८४) । यसर्थ फुकोले राखेको शक्ति, सत्ता र सम्पत्तिको चाहनामा समर्पित मानव समाजको यथार्थ अनि ग्राम्सीले प्रस्तुत गरेको श्रमिकको स्वतन्त्रतारहित अधीनस्थ परिवेशलाई सांस्कृतिक आधारमा हेर्नु आवश्यक देखिन्छ ।

> श्रमिक जनताले उपलब्ध विविध किसिमको तरिका उपयोग गरेर आवश्यक आय आर्जन गर्न र आफ्नो जीवनस्तर उकास्न दैनिक सङ्घर्ष गर्ने गरेका छन् । सामान्यतया गरिब जनताको भोकमरी र मुस्किलैले जीवन धानिने स्थितिलाई सामान्यतया स्वाभाविक कुराका रूपमा, गरिबीको संस्कृतिको परिणामका रूपमा र हाल विकसित नयाँ विचारधारामा प्रतिरोधका रूपमा लिने गरिएको छ । (चापागाईं, २०७३, पृ. ९०)

वास्तवमा सीमान्त आवाजलाई शक्तिले दबाएको हुन्छ । समाजमा स्थापित प्रभुत्वका कारण सीमान्त आवाज कमजोर, मूल्यहीन र अनुपयुक्त बन्छ । सीमान्तीय अवधारणाले शक्ति निर्माणमा जोड दिए पनि शक्तिको अनुसरणलाई बेवास्ता गर्छ । सीमान्तीय वर्गको आवाजलाई आर्थिक कारणले नभएर बहुसङ्ख्यक मानिसको सामाजिक-सांस्कृतिक कारणले प्रभाव पारेको हुन्छ । तथापि, फुकोका अनुसार शक्तिले मानिसहरूलाई अन्तरसम्बन्धित बनाउँछ र त्यसबाटै समय परिवेशानुसार शक्तिको श्रेणीकरण हुन्छ (खरेल, २०७०, पृ. ६४-६५) । यसर्थ यहाँ ग्राम्सीको राजनीतिक र नागरिक आवाजसँग जोडिएको सांस्कृतिक शक्ति सत्ताको अवधारणालाई सीमान्तीय आवाजको कारक मान्नुपर्छ । सीमान्त वर्गका आवाजका लागि सामाजिक व्यवस्थापन आवश्यक हुन्छ । समाजमा शक्ति र सत्ताका तथा संस्कृति र

विचारधाराका बिचको सम्बन्ध विश्लेषणका दृष्टिले ग्राम्सीको मान्यता उपयोगी देखिएको छ (भट्टराई, २०७७ ख, पृ. ३५) । वस्तुतः सीमान्त आवाजलाई शक्तिले नियन्त्रण गर्ने हुँदा यो समस्यालाई निराकरण गर्ने कुरामा समाज नै सचेत हुनुपर्ने निष्कर्ष निस्कन्छ । समाजले तिनका आवाजलाई बोल्ने परिवेश, अवसर र स्वतन्त्रता दिनु आवश्यक हुन्छ । उनीहरूलाई आफ्नो आवाज बोल्न सक्ने बनाउनु सभ्य समाजको दायित्व हो ।

माथि प्रस्तुत सिद्धान्त र चिन्तनलाई टेकेर यस अध्ययनमा *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमा प्रयुक्त सीमान्तीय पात्रहरूले बोलेको आवाज र प्रतिरोधलाई विश्लेषण गरिएको छ । यहाँका पात्रहरूको वस्तुस्थिति, उक्त पात्र बाँचेको समाज, उसले बोलेको आवाज तथा उसलाई प्रभुत्वशाली वर्गले गरेको दमनलाई यस अध्ययनमा केलाइनु सान्दर्भिक ठानिएको हो । नेपाली समाजमा स्थापित वर्गीय मानसिकताका कारण अद्यापि सीमान्तीय वर्गले प्रताडना खेपिरहेको प्रसङ्गलाई यो कथासङ्ग्रहले समावेश गरी जीवन्त चित्रण गरेको हुँदा यो सिद्धान्त अध्ययनीय बनेको हो ।

## २.७ निष्कर्ष

नेपाली साहित्यमा नेपाली समाजको प्रतिबिम्ब प्रदर्शित हुँदा सीमान्तीय अवधारणा पनि प्रस्तुत भएको हुन्छ । साहित्यले समाज, संस्कृति र भोगाइलाई समेट्ने हुनाले यसलाई समाजको दर्पण भनिन्छ । समाजमा भुइँमान्छेहरूको भूमिकालाई नगन्य मानिए पनि यथार्थमा समाज तिनकै आडमा सञ्चालित हुन्छ । हामीले देख्ने र बुझ्ने गरेको डाक्टर, पाइलट, इन्जिनियरकै तहमा कुचिकार, सूचीकार, सिकर्मी, डकर्मीलाई राखिन्न तर समाजमा सबैको भूमिका आ-आफ्नै स्थानमा उत्तिकै मूल्यवान् हुन्छ । यो कुरालाई ग्राम्सीले हरेक हिसाबले तल्लो दर्जाको व्यक्ति, समूह वा समुदायको पीडासँग जोडेको देखिन्छ । लामो समयदेखि शासित बन्नेको कथा र व्यथालाई साहित्यले समेटेको हुन्छ । हैकमवादी, औपनिवेशिक तथा सामन्ती शासकद्वारा लामो समयदेखि शासित भएको थिचोमिचो र भेदभावबाट उत्पीडित भएका वर्गहरू सीमान्तकृत हुन्छन् । यो सिद्धान्तलाई वर्ग, लिङ्ग र जातिगत विभेदको प्रसङ्गबाट  समेटेर समीक्षा गर्ने गरिन्छ । विशेषतः सीमान्त वर्गलाई निमुखाहरूको जमात मानिएको हुनाले तिनको आवाज, प्रतिरोध सक्षमता र प्रभावलाई जोडेर हेर्नु आवश्यक हुन्छ । यसरी सीमित शक्तिशाली शासकद्वारा असीमित सङ्ख्यामा रहेका शासितलाई दबाइएको मार्क्सवादी मान्यताकै गहिराइमा सीमान्तीय अवधारणा विकसित बनेको देखिन्छ ।

नेपाली समाजमा स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सीमान्तीय वर्गको अवस्था यस्तै रहेको देखिन्छ । स्थानीय तहदेखि लिएर राष्ट्रिय तहसम्मै सत्ता र शक्तिको पहुँच तथा प्रयोगमा भइरहेका उतारचढावमा सीमान्तीय वर्गलाई केवल प्रयोग गरिएको देखिन्छ ।

यसको प्रभावबाट नेपाली साहित्य पनि अछुतो छैन । साहित्यमा समाज अभिव्यक्त हुने हुनाले त्यसमा पनि समाजको शक्ति संरचनाको प्रभाव परेकै हुन्छ । सामाजिक जीवनमा आफू अनुकूल स्थापित मानकहरूलाई प्रयोग गरेर अभिजात वर्ग अथवा प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गलाई सधैँ आफ्नो प्रभुत्वमा राख्दै आएको देखिन्छ । यस क्रममा प्रभुत्वशाली वर्गबाट सीमान्तीकृत वर्गको इतिहासलाई मेट्ने, पहिचान समाप्त पार्ने, प्रतिनिधित्व अस्वीकार गर्ने, प्रतिरोधी क्षमता नष्ट गर्ने, सवर्गीकै प्रयोगबाट दमन गर्ने आदि कार्य गरिन्छ । सीमान्तकृत वर्गका जीवनका आधारहरूलाई समाप्त पार्नेदेखि उनीहरूलाई अवसरबाट वञ्चित राखिरहने गरिएको हुन्छ । यही यथार्थ वस्तुस्थितिलाई कथाकार विकलले आफ्ना कथामा प्रयोग गरेकाले यो अध्ययनमा सो कुरालाई चित्रण गर्नु उपयुक्त ठानिएको छ ।

विशेषतः सीमान्तीकृत वर्गमाथि आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, लैङ्गिक, जातीय आदि प्रत्येक क्षेत्रमा दमन गरेकै कारण उनीहरूलाई ज्ञान र शक्तिबाट टाढा बनाइएको हुन्छ । सीमान्त वर्गहरूले पनि सबै क्षेत्रमा सक्रिय हुने चाहना राखेका हुन्छन् । यथार्थमा उनीहरू आफू अझै ठूलो शक्तिका स्रोत पनि हुन् । सुखी र शक्तिशाली हुने चाहना उनीहरूमा पनि हुन्छ तर सम्भ्रान्त वर्गको दमन, शोषणकारी कुटिल चाल तथा शक्ति प्रयोगका कारण यो वर्ग सधैँ चाहनालाई समेत दबाएर बसिरहन्छ । वर्तमान परिवर्तित राजनैतिक परिवेशमा समेत नेपाली समाजमा अद्यापि कमजोर वर्ग अभाव, पीडा र जलनबाट पूर्णतः मुक्त देखिँदैनन् । तथापि, उनीहरूले आफ्नो अधिकार प्राप्तिका लागि सङ्घर्ष वा क्रान्ति गरे पनि उनीहरूले कुनै न कुनै रूपले हार वा क्रान्तिको विसर्जनलाई व्यहोर्नुपर्ने पनि हुन्छ । यसको मुख्य कारण शासक वा प्रभुत्वशाली वर्गले बल प्रयोग गर्ने, वार्ता र सहमतिलाई हतियारको रूपमा प्रयोग गर्ने गर्दछ । यदि यसो नभएमा सर्वहारा वर्गको शासक बन्ने सपना चकनाचुर हुन पुग्छ । यसरी बहुसङ्ख्यक समुदायको प्रतिनिधि सिद्धान्तका रूपमा विकसित यही सीमान्तीय सिद्धान्तले छोटो समयमा नै लोकप्रियता प्राप्त गरेको देखिन्छ । यसर्थ प्रस्तुत अध्ययनमा रमेश विकलका कथामा प्रयुक्त सीमान्तीय पक्षलाई यही सिद्धान्तगत आधारमा विश्लेषण गरिएको छ । यसमा विकलले *नयाँ सडकको गीत* कथासङ्ग्रहमा प्रयोग गरेका सीमान्तीय पक्षलाई तथ्य र तर्कका आधारमा समीक्षा गर्नका लागि यो सिद्धान्त सान्दर्भिक बनेको हो ।

# परिच्छेद : तीन

# *नयाँ सडकको गीत* कथासङ्ग्रहमा वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयता

## ३.१ विषयपरिचय

आधुनिक नेपाली साहित्यको आख्यान विधामध्ये कथाकार रमेश विकल (वि.सं. १९८५-२०६५) द्वारा लिखित *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्तीय चिन्तनले प्रश्रय पाएको छ । यस अध्यायमा कथासङ्ग्रहभित्र प्रस्तुत सीमान्तीय अवधारणा, सिद्धान्त र प्रस्तुतिलाई समीक्षा गरिएको छ । यस क्रममा कथासङ्ग्रहभित्रका कथाहरूले उनका कृतिगत योगदानको सर्वोच्चतालाई बोध गराएको पक्षलाई निर्क्योल गरिएको छ । परिच्छेद दुईमा प्रस्तुत सीमान्तीय अवधारणा, सिद्धान्त र मान्यताका आधारमा यस कथासङ्ग्रहलाई साक्ष्यद्वारा समीक्षा गरिएको छ ।

कथाकार विकल नेपाली साहित्यमा प्रगतिवादी मान्यतालाई कथामार्फत प्रस्तुत गर्ने आख्यानकार हुन् । वि.सं. २००६ सालमा *शारदा* पत्रिकामा 'गरिब' कथा प्रकाशित गरी सार्वजनिक वा साहित्यिक यात्रा गरेका विकलले छ दशक लामो साहित्यिक यात्रा गरेका छन् (पौडेल, २०६७, पृ. १) । यस सन्दर्भमा उनको साहित्ययात्रा र कथागत प्रसङ्गलाई अलिकति नियालेर सीमान्तीय अवधारणालाई केलाउनु उपयुक्त हुन्छ । लप्टन चन्द्रशेखर चालिसेका एक मात्र सुपुत्र रामेश्वरप्रसाद चालिसे साहित्यमा रमेश विकलका नामले परिचित छन् (घिमिरे, २०६७, पृ. ४७) । विकल कथाकार, उपन्यासकार, निबन्धकार, नाटककार, बालसाहित्यकार आदिको रूपमा चिनिएका छन् ।

आफ्ना कथाभित्र कथाकार विकलले नेपाली समाजकै सन्दर्भलाई प्रस्तुत गरेका छन् । विशेषतः *नयाँ सडकको गीत* कथासङ्ग्रहमा गरिबी र व्यथित मानसिकता, दरिद्रता र त्यसबाट जन्मेको कलह, श्रमजीवीमाथि सम्पन्न वर्गले गर्ने थिचोमिचो, नारीको नारकीय पीडा जस्ता विषयलाई समावेश गरिएको छ । उनले समाजका गरिब, निमुखा, अशिक्षित, श्रमजीवी तथा उत्पीडित नारी चरित्रहरूको छनोट गरेका छन् र तिनका अन्तर्मनको जगत्को उथलपुथललाई केलाउने काम गरेका छन् (तिमसिना, २०६७, पृ. ४८३) । यसरी उनका कथाले सीमान्त वर्गको यथार्थ दैनन्दिनीलाई वास्तविक रूप प्रदान गरेका हुन्छन् । अधीनस्थ वर्गका पीडा, बाध्यता र समाजको व्यवहारलाई कथाकारले मुख्य विषयवस्तु बनाएका हुनाले पनि यो कथासङ्ग्रह अध्ययनीय विषय बनेको छ । यही आधारमा सीमान्तीय अवधारणाअनुसार अध्ययनीय कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूलाई यसरी वर्गीकृत गरिएको छ :

| क.सं. | कथा | विश्लेषणका आधारहरू |
|---|---|---|
| १. | भन्ज्याङको चौतारो | लैङ्गिक आधार |
| २. | प्रतिहिंसा | लैङ्गिक आधार |
| ३. | लाहुरी भैंसी | वर्गीय आधार |
| ४. | नयाँ सडकको गीत | वर्गीय आधार |
| ५. | बिहानीपखको बत्ती | लैङ्गिक आधार |
| ६. | बिरेकी आमा | जातीय आधार |
| ७. | दुई रुपियाँ नोट | लैङ्गिक आधार |
| ८. | सिँगारी बाख्री | लैङ्गिक आधार |
| ९. | सुबेदार रणे बूढो | वर्गीय आधार |

विकलको प्रस्तुत कथासङ्ग्रहमा सङ्ग्रहित नौओटा कथाहरूमध्ये लैङ्गिक आधारमा सबैभन्दा धेरै पाँचओटा कथालाई अध्ययन गर्नु उपयुक्त देखिएको छ । यहाँ 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाख्री' कथामा विशेषतः पितृसत्तात्मक सोचका कारण नारीहरूमाथि गरिएको दमनकारी व्यवहारलाई प्रदर्शन गरिएको छ । समाजमा पुरुषको हैकमवादी व्यवहारको बोलवाला रहँदा नारीहरूले शरीर बेच्नसम्म बाध्य हुनुपर्ने कारुणिक र मार्मिक सन्दर्भलाई यी कथाहरूमा समेटिएको छ । यसरी नै वर्गीय आधारमा 'लाहुरी भैंसी, नयाँ सडकको गीत र सुबेदार रणे बूढो' गरी तीनओटा कथालाई राख्नु सान्दर्भिक देखिएको छ । यी कथामा वर्गीय विभेदका कारण सिर्जित सीमान्तीय अवस्थालाई देखाइएको छ । कथाकारले जातीय आधारमा 'बिरेकी आमा' कथालाई समावेश गरेका छन् । वास्तवमा वर्गका कारण जन्मिएको जीवनको जटिलतालाई भोगाइजन्य व्यावहारिक बाध्यतासँग गाँसेर समाजको चित्र प्रस्तुत गर्नु उनको कथात्मक विशेषता हो ।

यस परिच्छेदमा यिनै नौओटा कथाहरूलाई सीमान्तीय आधारमा कथासङ्ग्रहभित्रको जातीय, वर्गीय र लैङ्गिक पक्षको विश्लेषण गरिएको छ । यहाँ कथाहरूलाई तिनको प्रकृति, कथागत विषय र घटनाका आधारमा समीक्षा गरिएको छ । सीमान्तीय अवधारणाअनुसार समाजमा रहेका दमन, दलन, सदियौँदेखि समाजले बसाएको वर्गीय, जातीय र लैङ्गिक विभेदकारी नीतिका विरुद्ध कथाकार विकलले कलम चलाएका छन् । उनको यस कथासङ्ग्रहमा सामाजिक विभेदका कारण पीडित भएका सीमान्त वर्गलाई केन्द्रमा राखिएको छ । तिनको आवाजलाई अघि सारिएको छ । अतः यस परिच्छेदमा *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमा प्रयुक्त वर्गीय, जातीय र लैङ्गिक, सीमान्त समुदायको पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनाको विश्लेषण गरिएको छ ।

## ३.२ वर्गीय सीमान्तीयताका आधारमा कथागत विश्लेषण

सामाजिक यथार्थवादी कथाकारका रूपमा अर्थ्याइएका विकल आधुनिक कथाको क्षेत्रमा प्रगतिवादी धारका कथाकार हुन् । नेपाली समाजमा अनन्तकालदेखि देखिएको सामन्तवादी संस्कृति र त्यसकै आधारमा स्थापित समाजचित्रणअनुसार वर्गीय रूपले उच्च वर्गको पक्षपोषण गर्ने परम्पराको विपक्षमा रहेर सामान्य मान्छेलाई नायकत्व दिने र त्यसकै पक्षमा त्यसकै कथा लेख्ने परम्परालाई उनले स्थापित गरे (सुवेदी, २०६७, पृ. १०१) । अतः उनका कथाहरूमा समाजको यथार्थगत विषयवस्तुलाई वस्तुगत ढाँचामा टिपेर जीवन्त चित्रण गरिएको छ । यस क्रममा समाजमा देखिएका आर्थिक भिन्नता, सामाजिक विभेद, वर्गीय सोच र व्यवहार, लैङ्गिक असमानता जस्ता सीमान्तीय सन्दर्भलाई सशक्त ढङ्गमा उठाइएको पाइन्छ । त्यसैगरी उनका कतिपय कथाहरूमा शासनसत्ताको केन्द्रमा रहेको वर्चस्वशाली र उनीहरूको अधीनस्थ सीमान्त समुदायबिच शक्ति सङ्घर्षको अभ्यास र त्यसको प्राप्ति र अप्राप्तिहरूलाई विभिन्न वर्ग तथा समुदायका प्रतिनिधि पात्रहरूको उपस्थिति र भूमिकाको आधारमा व्यक्त गरिएको छ ।

विकल जीवनजगत् र सामाजिक यथार्थलाई वस्तुनिष्ट हिसाबले प्रस्तुत गर्ने कथाकार हुन् । उनका कथाहरूले नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय विभेदहरूलाई चिरफार गर्ने काम गरेका छन् । उनी आफू बाँचेको समयको यथार्थतालाई आफ्ना कथाहरूमा जस्ताको त्यस्तै चित्रण गर्दछन् । विकल सम्पन्न परिवारमा जन्मेका, हुर्केका भए पनि उनलाई ठूलाबडाहरूले घरमा राखेका नोकर-चाकर र करियारहरूमाथि गरेको सामन्ती व्यवहार मन पर्दैनथ्यो (पौडेल, २०६७, पृ. ४) । यसर्थ उनका कथामा समाजका आर्थिक, सामाजिक सम्बन्धमा आधारित वर्ग र तिनको बिचको अन्तर्द्वन्द्व तथा शोषण र दमन, घात-प्रतिघात जस्ता विषयलाई सरल र प्रभावकारी रूपमा प्रस्तुत गरिएको पाइन्छ । उनका कथाहरूमा निम्न वर्गको पक्षमा उभिएर सम्भ्रान्त वर्गीय प्रवृत्ति, राजनीतिक तथा प्रशासनिक विकृति र सामाजिक विसङ्गतिप्रति तीखो व्यङ्ग्य गरिएको पाइन्छ । वर्चस्वशाली आर्थिक हैसियत भएका समुदायका मानिसहरूले निम्न आर्थिक हैसियत भएका अधीनस्थ समुदायका मानिसहरूलाई अपमानजनक व्यवहार गरेर अपमानित जीवनयापन गर्नुपरेको यथार्थतालाई पनि उनको यस कथासङ्ग्रहमा सरल र प्रभावकारी ढङ्गले उठाइएको छ ।

विकलका कथाहरूमा नेपाली समाजमा व्याप्त सामन्ती शोषण, उत्पीडन तथा त्यसका विरुद्ध सङ्घर्षको स्थिति विभिन्न सामाजिक, सांस्कृतिक व्यवहार प्रयोग र अभ्यासका रूपमा अभिव्यक्त भएका हुन्छन् । यो कथासङ्ग्रहमा तत्कालीन सामाजिक संरचनाको सामाजिक शासन व्यवस्थाको कारण सिर्जित विभिन्न वर्गीय, लैङ्गिक, सामाजिक,

सांस्कृतिक असमानताहरूलाई समेटिएको छ । यसरी उनका कथाहरूले सामाजिक, सांस्कृतिक तथा वर्गीयताले निर्माण गरेको उत्पीडनलाई यथार्थ रूपमा प्रस्तुत गरेको देखिन्छ । नारायण शर्मा (२०६७, पृ. ३०९) का अनुसार विकलका कृतिलाई पढ्दा गरिब, असहाय, शोषित उत्पीडित उपेक्षित जनताप्रति उनको अनुराग छ । उनका कथामा नेपाली जनजीवनका सामाजिक, आर्थिक तथा व्यावहारिक समस्याको चित्रण गरिएको छ । प्रस्तुत *नयाँ सडकको गीत* कथासङ्ग्रहले पनि यिनै र यस्तै नेपाली समाजको यथार्थ घटनालाई समेटेको देखिन्छ । यस सन्दर्भलाई अच्युतरमण अधिकारी (२०६७) द्वारा बताइएको विषयले अझ स्पष्ट पारेको छ :

> कथाकार रमेश विकल ग्रामीण जीवनचित्रका सफल प्रयोक्ता हुन् । जीवनसन्दर्भ, मानवीय स्वार्थ र जीवनको यथार्थलाई राम्ररी प्रयोग गरेर कथामा देखाउँदै यी ग्रामीण शोषकीय मनोविज्ञान, बालचाहना र त्यसको मनोविज्ञानलाई सफल ढङ्गले प्रस्तुत गर्दछन् । नारीमनोविज्ञानका केही पक्ष, गरिबीपीडित यथार्थभित्रका विविध सन्दर्भ, सडकका मगन्तेदेखि लफङ्गा र गुन्डाहरूको यथार्थचित्र, सही मनोविज्ञान आदि कुरा यस सङ्ग्रहमा प्रस्तुत छन् । श्रमिक जीवन, अभावग्रस्त यथार्थ, प्रतिहिंसात्मक विद्रोह, जीवनको दर्दपूर्ण कारुणिकतादेखि सामन्तवादी मनोविज्ञानसम्ममा फसेको ग्रामीण यथार्थलाई विकलले साह्रै सफल तरिकाले प्रस्तुत गरेका छन् ।     (पृ. १५२)

समाजका प्रभुत्वशाली वर्गले अधीनस्थ वर्गमाथि गर्ने अन्याय, अत्याचार, शोषण, दमन र अपमानजनक व्यवहारबाट शोषित, पीडित र उपेक्षित हुनुपर्ने स्थिति उत्पन्न हुन्छ । विकलले यही वर्गीय सामन्तको प्रभुत्ववादी व्यवहारलाई आफ्ना कथामार्फत सशक्त ढङ्गले प्रस्तुत गरेका हुन्छन् । सामन्ती सत्ताको अन्त्यको चेतना व्यक्त गर्ने क्रममा उनले वर्ग चेतनालाई वर्गद्वन्द्व र वर्गसङ्घर्षको केन्द्रमा राखी क्रान्तिकारी आशावादी दृष्टिकोणलाई मुख्य रूपमा प्रस्तुत गरे । समाजवादोन्मुख यस संचेतनाका कारण उनी प्रगतिवादी बने (भट्टराई, २०७० क, पृ. ४९) । यसरी समाजमा सीमान्तकृतहरूको हैसियतमा रहेर बाँच्न विवश भएका वा विवश पारिएका मानिसको जनजिन्दगानीको यथार्थ पीडादायी विषयलाई कथाकार विकलले यस कथासङ्ग्रहमा प्रस्तुत गरेका छन् ।

विकलको प्रस्तुत कथासङ्ग्रहअन्तर्गतका नौओटा कथाहरूमध्ये तीनओटा कथालाई वर्गीय सीमान्तीयताका आधारमा समीक्षा गर्नु उपयुक्त देखिएको छ । विशेषतः यी कथामा समाजमा स्थापित संस्कार, रीति, मान्यता आदिका आधारमा सिर्जित उच्च र निम्न वर्गीय विभेदलाई विकलले चित्रण गरेका छन् । त्यसमा पनि 'लाहुरी भैंसी, नयाँ सडकको गीत र सुबेदार रणे बूढो' कथामा प्रस्तुत वर्गीय असमानताको गम्भीर सन्दर्भलाई घटना, पात्र र परिवेशका आधारमा सीमान्तीय सिद्धान्त अनुरूप प्रस्तुत गरिएको छ । उत्पादन, उपभोग र

त्यसको असरलाई हाम्रो नेपाली समाजको यथार्थ पक्षसँग गाँसेर कथाकार विकलले यी कथामार्फत वर्गीय उत्पीडनलाई कारुणिक शैलीमा प्रस्ट्याएका छन् । निर्दिष्ट कथाहरूमा हाम्रो समाजको रूढ र परम्परित पद्धतिको वस्तुस्थितिलाई प्रदर्शन गरिएको छ । यी कथाहरूमा वर्गीय समाज निर्माणका कारुणिक स्थितिलाई समेटिएको छ ।

### ३.२.१ 'लाहुरी भैंसी' कथामा वर्गीय सीमान्तीयता

'लाहुरी भैंसी' कथा नेपाली समाजमा व्याप्त शोषक र शोषित वर्ग निर्माणको यथार्थ प्रतिबिम्ब हो । यसमा ग्रामीण परिवेशमा निर्मित विषम आर्थिक वर्गीयता र त्यसबाट सिर्जित नकारात्मक समस्यालाई कथाको मुख्य विषय बनाइएको छ । यस कथामा कथाकारले शोषित र अतिनिम्न वर्गको पात्र लुखुरेलाई प्रतिनिधि पात्र बनाएका छन् । शोषक प्रतिनिधि पात्र द्वारे बाले गरेको जालझेलपूर्ण शोषणका कारण सीमान्त वर्गको खुसी लुटिएको छ । यस कथामा कथाकारले द्वारे बा र ऊसँग आसेपासे भएर आएका पात्रका माध्यमबाट निम्न वर्गको दमनमा शोषकले आड लिने र आड पाइरहने यथार्थलाई देखाएका छन् । हाम्रो नेपाली समाजमा शक्ति र सत्तामा रहेर शासित वर्गलाई दमन गर्ने पद्धति बनेको देखिन्छ । समाजमा शक्ति हुनेका अघिपछि समर्थन गर्नेहरू हुने तर शक्तिहीनमाथि गरिएको दमनका विषयमा जानकारहरूले नबोलिदिने पद्धति बसेको छ । यस्तो कुसंस्कारले सीमान्त वर्गमाथि अन्याय भइरहे पनि उनीहरूले आफूमाथि अन्याय भइरहेको यथार्थलाई बुझ्न सकिरहेका हुँदैनन् । यसबाट समाजमा एक खाले कुसंस्कारको विकास हुन्छ र अर्को पुस्तामा त्यसकै प्रभावको पुस्तान्तरण हुन्छ ।

यस कथाको मुख्य पात्र लुखुरे हो । ऊ गरिब छ तर उत्साही छ । धेरै दिनदेखि उसले घरमा पशुधन भित्र्याएर आफ्नी स्वास्नी र छोरालाई दुध खुवाउने सपना देखेको हुन्छ । अझ लुखुरेको छोरो पोडे (बाल पात्र) को खुसीलाई हेर्दा कथाभित्र कारुणिकताको बेग्लै संयोजन देखिएको छ :

> बाबुले आँगनमा पाइला राख्नासाथ ऊ खुसीको आवेगले उफ्रिँदै गएर बाबुको दौराको फेर समातेर झुण्डिन पुगिसकेको थियो । "बा, हाम्रो भैंसी ल्याएको हो ? ... हो बा ? ए गोपे हेर्, हाम्रो बाले ल्याएको भैंसी ! हाम्रो भैंसी त हो नि ! भरे त एति ढुङ्ग्रोभरि दुध दिन्छ, बाबै । अनि मोही पार्ने । अनि धेरै घिउ सहराँ लगेर बेचेर हाम्लाई राम्रो दौरा किन्ने ! किन्ने हगि बा ? हगि भन्या ?..." (पृ. २७)

लुखुरेले आफ्नी स्वास्नीको गहनापात बेचेर, ऋणपान गरेर असल लाहुरी भैंसीलाई भित्र्याएको हुन्छ । यद्यपि द्वारेले उसको उन्नति, उसले किनेर ल्याएको गुणस्तरीय लाहुरी भैंसी अनि उसको परिवारको खुसी देख्न सक्दैन । यसरी एउटा गरिबको खुसीलाई उच्च

वर्गले सहन गर्न नसक्ने यथार्थलाई कथाकारले निकै कारुणिक र मार्मिक रूपमा बुनेका छन् । यसपश्चात् गाउँको उच्च वर्गीय पात्र द्वारे बालाई उसको भैंसी निकै राम्रो लाग्छ । लुखुरेको घरमा लाहुरी भैंसी किनेकोमा सबै खुसी हुन्छन् । लुखुरेको परिवारले भैंसीको आम्दानीले आफ्ना चाहना पूरा गर्ने सपना देखेको हुन्छ । द्वारे बाले पनि लुखुरेकै जस्तो गुनिलो भैंसी ल्याउन खोजेको तर नपाइरहेकोमा ऊ ईर्ष्याको आगोमा बल्न थाल्छ । उसले लुखुरेको उन्नतिलाई एकरति देख्न सक्दैन ।

कथाको सन्दर्भमा लुखुरे सीमान्तीय पात्रका रूपमा छ । ऊ अशिक्षित छ । उसमा बौद्धिक तर्क गर्न सक्ने विश्लेषणात्मक क्षमता छैन । सही र गलत छुट्याएर आत्मनिर्णय गर्ने क्षमता छैन । उसलाई द्वारे बाले विभिन्न षड्यन्त्र गरेर भैंसीलाई धम्की भएको दोष देखाइदिन्छ । वास्तवमा लामो हिँडाइका कारण भैंसी गलेको छ । लामो समय हिँडेपछि उसले एकसाँझ दूध दिन नसक्नु प्राकृतिक समस्या थियो । यसरी उसले दूध दिन नसकेको कुरा लुखुरे र उसका परिवारले बुझ्न सक्दैनन् । आर्थिक हिसाबमा आफू समानको हुन लागेको भयले आक्रान्त शोषक पात्र द्वारे बाले निम्न वर्गको पात्र लुखुरेको कष्ट र त्यसको प्रतिफल अर्थात् मिहिनेतको फलमा समेत आँखा लगाएको छ । यसबाट लुखुरे जस्ता सीमान्तीय पात्रले कर्म गरेर खान नसक्ने परिस्थिति बनिरहने हाम्रो सामाजिक बेथितिको चित्रण भएको छ । नेपाली समाजमा शोषकहरूले अझै पनि आफूभन्दा तल्ला वर्गले गरेको प्रगतिलाई स्वीकार गर्न सक्दैनन् । वर्गले सामाजिक उत्पादन सम्बन्धमा सम्पन्न गर्ने भिन्नभिन्न कामका आधारमा एउटा वर्गले समस्त सामाजिक आर्थिक क्रियाकलाप सञ्चालन गर्छ । उसको सम्बन्ध र सम्पर्क त्यही वर्गसँग हुन्छ । अर्को एउटा वर्गचाहिँ निरन्तर कठोर शारीरिक श्रम गर्छ तर श्रमअनुसार प्रतिफल प्राप्त गर्दैन (भट्टराई, २०७७ ख, ८६) । यहाँ द्वारे बाका केही समर्थक छन् तर लुखुरेका साथमा कोही छैन । लुखुरे श्रम गरेर त्यसको प्रतिफल खान चाहन्छ तथापि द्वारेले केही समर्थकसँग रहेर षड्यन्त्र बुनेका कारण लुखुरेलाई फसाइएको छ । ऊ निरीह, अज्ञात र अनजान पात्र बनेको छ । उसलाई यथार्थ कुरा बताइदिने मानिस कोही छैन । परिणामतः उसले किनेको भन्दा पनि कम दाममा द्वारे बालाई नै उक्त भैंसी बेच्न पुग्छ । समाजमा पनि अझ उसैलाई कल्याण गरेको उपमा दिलाएर द्वारे बालाई नै ठूलो बनाइन्छ । अतः यस कथाले हाम्रो समाजमा शोषकले आफ्नो हित हुने काम गर्दै उल्टै बधाई खाइरहेको वस्तुस्थितिलाई दर्साएको छ ।

यस कथाले सोझा, सिधा र गरिब जनताहरूलाई गाउँका टाठाबाठाले कसरी फस्ल्याङफुस्लुङ पारेर ठग्छन्, लुट्छन्, रित्याइदिन्छन् भन्ने यथार्थ तथ्यलाई उजागर गरेको छ । हाम्रो समाजमा अझै पनि यस्ता घटनाले वर्गीय असमानतालाई बढावा दिइरहेको कुरालाई यस कथाले देखाएको छ । शोषक र शोषित वर्गको प्रतिनिधित्व गर्ने आधारमा यो कथा एउटा उत्कृष्ट दृष्टान्त बनेको छ । यहाँ पहाडिया ग्रामीण समुदायको परिवेशमा रहेका

द्वारे बा जस्ता चरित्रले अरूको प्रगति वा निम्न वर्गको उन्नतिमा सधैँ दमन गरिरहने तथा निम्न वर्ग ठगिइरहने यथार्थलाई उजागर गरिएको छ । समाजमा शोषक वर्गले आफ्नो स्वार्थ पूर्ति गर्ने र अर्काको प्रगतिलाई सहन गर्न नसकेपछि झुटो तथ्य सिर्जना गरेर समाजमा हैकम जमाउँछन् । सामन्ती वर्गका अघिपछि मानिसका अरू केही समर्थनकारीहरूको साथ रहन्छ । दार्शनिक फुकोको सिद्धान्तसँग जोडेर हेर्दा मानिसलाई शक्तिले कँज्याएको हुन्छ । सङ्कथनका शक्ति, सत्य र चित्रण वा प्रतिनिधित्व गरी तीनओटा पक्षहरू छन् ।... शक्तिका कर्मकाण्डहरू राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक लगायत समाजका सबै क्षेत्रमा मात्र नफैलिएर विश्वव्यापी संसार, राष्ट्र र समाजदेखि परिवार र व्यक्तिका अन्तर्मनसम्म चलिरहेकै हुन्छन् (उप्रेती, २०७८, पृ. २७-२९) । यहाँ शक्तिको आडमा द्वारेले शक्तिहीन लुखुरेको खुसी लुटेको छ । लुखुरे वर्गीय सन्दर्भमा अधीनस्थ पात्र हो । उसको परिवारमा अधीनस्थ स्थितिको पराकाष्ठा छ । गरिबी, अभाव र वेदना छ । बाल पात्रको प्राकृतिक चाहनामा गरिबीले प्रहार गरेको छ । यसरी प्रस्तुत कथामा लुखुरेलाई शक्तिको केन्द्रमा रहेको द्वारे बाले शोषण गरेको छ र लुखुरेचाहिँ सामाजिक विभेद वा असमर्थनका कारण शोषित बन्न बाध्य छ । अर्कोतिर द्वारेका अघि-पछि समर्थन गर्नेहरू पनि कुनै सम्पन्न मान्छे थिएनन् तर शक्तिशालीसँग असत्यका पक्षमा बोल्ने व्यक्ति पनि अधीनस्थ वर्गकै पात्र हुन्छन् । अधीनस्थ वर्गले शोषक वर्गको बहकाउमा सामन्तकै आड लिन पुग्छन् । उसको पक्षमा लागेर असत्यलाई पनि सत्य बनाउनुको मुख्य कारण द्वारे शक्तिमा रहनु नै हो । तथापि, सत्यको पक्षमा रहेर पनि शक्तिको स्तरमा कमजोर हुँदा लुखुरेलाई समर्थन नरहनुले यहाँ फुकोको शक्ति केन्द्र सम्बन्धी मान्यता प्रदर्शित भएको छ ।

कथागत प्रसङ्गअनुसार लुखुरेले पत्नीको गहना बेचेको पैसामा अपुग पैसा नेपाल बाहुनसँग ऋण लिएको देखाइएको छ । त्यसरी किनेको भैंसीमा पनि द्वारे बाले देख्न नसकेर रामबिरेलाई उसले भनेको छ :

> रामे, ए रामे ! ... लुखुरेका आगनाँ' केको रुमलो हो, हेर् हेर् !... एउटा
> कालो कालो डिंगो जस्तो पनि देखिन्छ नि ? पृ. २६

यहाँ प्रभुत्वशाली वर्गका द्वारे बाले आफ्नो हैकम अगाडि सार्दै निम्न वर्गको रामबिरेलाई हकारेको प्रसङ्ग आएको छ । द्वारे बाले रामबिरेलाई 'रामे' भन्नुमा पनि हुकुमी शासकीय प्रवृत्तिको झल्को प्रस्तुत छ । यसबाट हाम्रो नेपाली समाजमा जरो गाडेर बसेको सांस्कृतिक-आर्थिक र सामाजिक अराजकता झल्किएको छ । यसर्थ ठूलाबडा भनिएकाहरूले आफ्नो फाइदाका लागि अरूलाई सेवा गरेको दिग्भ्रम सिर्जना गराएर जसरी पनि आफू नै माथि परिरहने र हुकुम चलाइरहने प्रवृत्ति झल्किएको छ । यसबाट सांस्कृतिक स्खलन, व्यक्तिवाद र अराजकताको भयावह स्थिति उत्पन्न गर्ने, उपभोक्तावादलाई केन्द्र बनाउने र यथास्थितिलाई नै सम्पूर्ण ठान्ने वैचारिक-सांस्कृतिक प्रयास नै सांस्कृतिक साम्राज्यवाद हो

(बराल, २०७७ क, पृ. १७१) भन्ने कुरा स्पष्ट भएको छ । यसरी हेर्दा हाम्रो समाजमा हुकुमीतन्त्र चलाउनेलाई नै सर्वेसर्वा ठानिन्छ । द्वारे बाले निम्न आदरार्थी भाषाको प्रयोगमा अभ्यस्त भइसकेका छन् । शोषक वर्गले अपमानित भाषाको प्रयोग गरे पनि सीमान्त पात्रले पाउमा गएर ढोग गर्ने, चाकडी गर्ने, भुटै कुरा भए पनि उसको पक्षमा बोल्ने परिपाटी बनेको हुन्छ । यहाँ रामे भनेर हकारिँदा पनि स्वाभाविक नै लागिरहेकाले यहाँ सांस्कृतिक साम्राज्यवाद स्थापित छ । अतः वर्गीय विभेदमा आधारित समाजमा प्रभुत्वशाली द्वारे बाको अगाडि सबाल्टर्न वर्गको रामेबिरेको केही लाग्दैन । कथाक्रमानुसार आफ्नो काम गरिरहेको अर्थात् तल्लो पाटो खनिरहेको अवस्थामा समेत उक्त कामलाई चटक्कै छोडेर ऊ द्वारे बाकहाँ खुरुक्क गएको छ । उसले द्वारेको स्वार्थ, जालभेल वा लुखुरेमाथिको अन्यायलाई साथ दिएको छ :

> “हँ, बा ? ..... होइन बा, अस्ति कताहुँदो त लुखुरे भैंसी जान्छु भन्थ्यो नि, ल्यायो पो कि त !” रामबिरे बड्बडाउँदै द्वारे बाका आँगनतिर उक्ल्यो, द्वारे बाका गोडामा पुर्पुरो टेकायो, अनि निधारमा हातको छहारी पारेर लुखुरेको आँगनतिर नियालेर हेऱ्यो, “ए हो त नि, ऊ क्या त त्यो भैंसी नै त हो; ल्याएछ ए बजिएले !” (पृ. २६)

वास्तवमा स्रष्टाले शून्यबाट कुनै पनि वस्तुको निर्माण गर्न नसक्ने हुनाले कथाकार विकलले यहाँ पनि सबाल्टर्न वर्गले चुपचाप हुकुमीतन्त्रलाई समर्थन जनाएको देखाएका छन् । समाजको वस्तुगत स्थिति र उत्पादनका गतिविधिहरूसितको स्रष्टाको सम्बन्ध, विश्वदृष्टिकोणको निर्माण र विकास यसका प्राथमिक आधारहरू हुन् । यसै क्रममा स्रष्टामा निर्मित र विकसित धारणालाई उनीहरूले विभिन्न विधारूपमार्फत अभिव्यक्त गर्छ (बराल, २०७७ क, पृ. २४१) । यस कथांशबाट समाजमा सीमान्त वर्गले प्रभुत्वशाली वर्गलाई रिजाउनका लागि उनीहरूको पाउ पर्नु नै पर्ने अर्थात् उनीहरूको सोभ्रो बोलिदिनु नै पर्ने संस्कारको विकास भएको छ । सबाल्टर्न वर्गको उन्नतिलाई प्रभुत्वशाली वर्गले देखिसहन सक्दैनन् भन्ने कुरा यहाँ स्पष्ट रूपमा प्रस्तुत भएको छ । सम्पन्न वर्ग वा व्यक्तिले आफूलाई शक्तिको केन्द्रमा राखेर आर्थिक र सामाजिक प्रभुत्वलाई स्थापना गर्ने सन्दर्भलाई यस कथामा देखाइएको छ । यसर्थ सम्भ्रान्तीय हैकमवादी शक्ति कायम रहुन्जेल सबाल्टर्नहरू कमजोरै रहिरहन्छन् । उनीहरूका आवाज दबिरहन पुग्छन् । शक्ति सबाल्टर्न स्वाधीन नभएको अवस्थामा सबाल्टर्नको वास्तविक वर्ग चेतना प्राप्त गर्न सकिन्न (श्रेष्ठ, २०६८, पृ. २१) । यसरी नै कथामा द्वारे बाले आर्थिक र सामाजिक बलका आधारमा गाउँका सबै मानिसलाई आफ्नो पक्षमा पार्न सफल भएको छ । सबैले गलत नै भए पनि उसको कुरामा समर्थन गरेका छन् । वास्तवमा वर्गहरूको अस्तित्व भएदेखि इतिहासमा सदैव एक सर्वाधिक दुःखी वर्ग विद्यमान छ । प्राचीन समाजमा दास, मध्यकालीन समाजमा भूदास, आधुनिक

समाजमा वेतनजीवी दास वर्गका रूपमा स्थापित छन् (कडवेल, २०७६, पृ. ३९५) । यहाँ निम्न वर्गीय पात्र लुखुरेलाई हीनताबोध गराउने र उसको भैंसी हत्याउने द्वारेको षड्यन्त्रमा स्वयम् सबाल्टर्न वर्गभित्र पर्ने रामबिरे, घमाने, खुलाल जस्ता पात्रले नै साथ दिइरहेका छन् । द्वारेले रचेको षड्यन्त्रमा सबाल्टर्नको सहायता लिइरहँदा शोषक वर्गको कुटिल चाललाई नियाल्नै नसक्ने लुखुरेको मनोविकारलाई यहाँ कारुणिक तवरले देखाइएको छ ।

> "किन र बा ? … " उसले शङ्कित र भयभित आँखाले द्वारेको आँखामा हेऱ्यो । त्यहाँ उसले कुनै किसिमको विकार पैल्याउन सकेन । किनभने द्वारेको मनको सम्पूर्ण कुटिलता आएर उनको घोप्टे जुँघाभित्र लुकेको ओठमा फरफराइरहेको थियो । अब द्वारे बाले उसको शङ्काले फुस्रो भएका आँखामा गहिरोसँग हेरे अनि एक पटक फेरि जाँच्ने कष्ट उठाए । उनले लाहुरीको चारैतिर घुमेर जाँचे । अन्त्यमा बडो गम्भीर हुन सकेसम्मको सहानुभूति स्वरमा भने, "बाबै, भैंसी त धम्की छ । … कसो ए रामे, हेर् त, कि मैले जानिनँ ? …" (पृ. २९)

यस कथांशमा निम्न वर्गलाई उच्च वर्गले के-कसरी प्रयोग गरेर निम्न वर्गलाई नै षड्यन्त्रमा पार्छन् भन्ने कथ्य प्रस्तुत भएको छ । निम्न वर्गलाई शोषण गर्ने द्वारेलाई निम्न वर्गकै पात्र रामबिरेले भरमग्दुर सघाएको छ । यसमा घमानेले 'रिन गऱ्या त होलास् नि' भनेपश्चात् अर्का शोषक वर्गका सहायक पात्रका रूपमा उभिएको सीताराम पण्डितलाई सहज भएको छ । उसले द्वारे बालाई खुसी तुल्याउन भैंसी नै नहेरी झुटो बोलेको कुरालाई तलको साक्ष्यले पुष्टि गर्दछ :

> "यसको भैंसी खोटी रहेनछ रे भने त हाम्रा मुखाँ' अभच्छे हालिदिनू ।" (पृ. ३४)

यस कथाले समाजमा निम्न वर्गका व्यक्तिले निम्न वर्गका व्यक्तिलाई नै उच्च वर्गको व्यक्तिको आडमा रहेर गरेको व्यवहारलाई स्पष्ट पारेको छ । गाउँको ठालु द्वारेलाई खुसी तुल्याउन उसको पक्षमा रहेर वकालत गर्ने पण्डित लुखुरेको भैंसीमा मात्र नभएर गाउँभरिको जुन कुरामा पनि खोट निकाल्न तत्पर छ ।

वर्ग विभेदमा निर्भर समाजमा सामन्त वर्गले आफूबाहेक अरूको कुनै पनि प्रकारको प्रगति भएको देख्न चाहँदैन । आफ्नोभन्दा राम्रो सामान अरूकोमा देख्न चाहँदैन र कसैले कुनै प्रगतिमुखी कार्य गऱ्यो भने जसरी पनि त्यसलाई समाप्त पार्ने प्रपञ्च रच्न पुग्छ । कसैले कुनै नयाँ काम गर्दा नसोध्नु वा पूर्वस्वीकृति नलिनुलाई उनीहरूले आफूमाथिको अन्याय वा चुनौतीको रूपमा लिन्छन् । द्वारे बा त्यसैको एक प्रतिनिधि पात्र हुन् । वर्गीय शोषण, दमन र निगरानीमा अभ्यस्त बनेको समाजका चरित्रका आधारहरू पनि उच्च वर्गले

नै निर्धारण गरेका हुन्छन् । समाजको र त्यसभित्र बसोबास गर्ने सबैको गतिविधिको जानकारी र स्वीकृतिविनाको कुनै पनि कार्य अनपेक्षित हुन्छ । यस कथामा पनि लुखुरेले भैंसी किनेको कुरा द्वारे बाका निम्ति असह्य बन्न पुगेको छ ।

प्रभुत्वशाली व्यक्तिहरूले सबै दृष्टिकोणबाट आफ्नो उच्चतालाई सुरक्षित रहोस् भन्ने चाहना राख्छन् । द्वारे बाको वर्षौंदेखिको एउटा राम्रो र गतिलो लाहुरी भैंसी ल्याउने अधुरो काम लुखुरेले सम्पन्न गर्नु अनि आफूले भन्दा पहिला उसले भैंसी ल्याउनुमा गएर ईर्ष्याको भाव जोडिएको छ । यस कुरालाई सहन नसकेर उसले षड्यन्त्र गरेर त्यो भैंसीलाई आफ्नो बनाएको छ । लुखुरेको कार्यले द्वारेको अहम्माथि थप्पड लागेकाले उसको मुटुमा सियोले रोपेको अनुभव भएको छ । यसरी उच्च वर्गको केन्द्रीयतामा खलल पुग्ने सम्भावना बोकेका कुनै पनि प्रकृतिको कार्य उनीहरूका लागि प्रत्युत्पादक हुने हुँदा आफ्नो सर्वोच्चतालाई कायम राख्न उच्च वर्गले निम्न वर्गलाई सीमान्तीकरण गर्छ । यही वर्गीय चिन्तन, व्यवहार तथा कार्यलाई यस कथामा मार्मिक रूपमा देखाइएको छ ।

उच्च वर्गले निम्न वर्गका मानिसलाई आफ्नो वशमा राखिराख्न अनेकन प्रपञ्च रच्छन् । उच्च वर्गका मानिसले निम्न वर्गको मानिसहरूको खुसी समाप्त पारी उनीहरूलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउन चाहन्छन् । तिनलाई कष्टमय जीवन व्यतीत गर्न बाध्य बनाउँछन् । यहाँ पनि शोषक द्वारे बा सबाल्टर्न वर्गको लुखुरेलाई नै उल्टै कल्पित तथा कृत्रिम घटना सिर्जना गरेर निराश तुल्याई दोषी बनाउन सफल भएका छन् :

> "द्वारे बा म त खौलामा परेँ । असत्ती बाउँठेले मेरो त सर्वश्व गऱ्यो । ... म त जोगी भएर हिँडे पनि भयो, द्वारे बा !"
>
> "क्यार्छस् त बाबै, तेरा बुद्धिले त हो, हामीले गरेर, हाम्रो सल्लाहले होइन ।... हामीलाई के भन्छस् ।" (पृ. ३४)

मानिस ज्ञानको उपज हो । उसलाई कमजोर पार्न उसको स्थापित ज्ञान परम्परामा विखण्डन गर्न सक्नुपर्छ । यहाँ लुखुरेको भैंसीप्रतिको स्थापित ज्ञानलाई द्वारे बाको ज्ञानले विचलित बनाइदियो । त्यसमा रामबिरेमा भरिदिएको ज्ञानले साथ र समर्थन गर्ने काम गरायो । त्यसकै परिणामस्वरूप लुखुरे पराजित हुन पुग्यो । वर्गीय विभेदको परम्परा स्थापित भएको समाजमा प्रभुत्वशाली वर्गको छत्रछायामा मात्र ज्ञानको निर्माण गरिन्छ । अधीनस्थ वर्ग वा निम्न वर्गलाई भऱ्याङ बनाएर माथि उक्लने काम गरिन्छ । निम्न वर्गमाथि प्रभुत्वशाली वर्गले शासन गर्ने काम गर्दछ । शासकको भूमिका निभाउँछ । मानवतालाई बिर्सन पुग्दछन् । ज्ञान, कला र शक्तिलगायतका सम्पूर्णको केन्द्रमा प्रभुत्वशाली वर्ग नै रहन्छ । अरू सबै तिनकै शोषित पात्रका रूपमा रहन बाध्य हुन्छन् । यसको अर्थ अल्पसङ्ख्यक शोषक वर्गले बहुसङ्ख्यक सबाल्टर्न वर्गमाथि हैकम चलाउँछ । त्यसैले

रामबिरेले द्वारे बाकै छत्रछायाबाट उठेर उसकै ज्ञानलाई पुष्टि गऱ्यो भने लुखुरेले आफ्नो स्थापित ज्ञानलाई परित्याग गरी द्वारे बाकै ज्ञानमा आफूलाई समाहित गर्न पुग्यो र द्वारे बा आफ्नो शोषकीय कार्यमा सफल भए ।

> "होइन बा, सौ-पचास भन्या तपाईंको निम्ति पासङ बराबर छ । तर गरिबका घरबास उठ्छन् । तपाईंले नगरे कसले गर्छ ।" रामेले सिफारिस गऱ्यो ।
>
> "हो बा, बिचरालाई तपाईंले नै गरिदिनुपर्छ । गरिब अनाथ हो, जुत्ताभर चाकरी गर्छ ।" बूढाथोकीले पनि रामबिरेको कुरालाई टेवा दियो । (पृ. ३५)

यसरी यस कथामा उच्च वर्गले निम्न वर्गको ज्ञान परम्परामा शिर ठाडो पार्नै नदिएर सीमान्तीकृत बिन्दुमा पुऱ्याउँछ भन्ने कुरालाई माथिको कथांशले पुष्टि गरेको छ । अर्को तरिकाले हेर्दा लुखुरेका परिवारमा पारिवारिक विमति र असहयोग उत्पन्न भएको छ । सीमान्तीकृत वर्ग नबुझ्केकै कारण असत्यलाई सत्य मान्न र शोषक वर्गद्वारा स्थापित ज्ञानमा समर्पित हुन बाध्य बन्छ । आफूबिचमा बेमेल गराएर भए पनि सामन्त वर्गलाई समर्थनजनाउन पुगेकी घैंटी (लुखुरेकी श्रीमती) को भनाइले यस कुरालाई अझै धेरै प्रस्ट्याइदिएको छ :

> "खाइस् अभागी ग्वाँग्रा । यसो आफूभन्दा जान्ने-सुन्ने दुई-चार जनालाई देखाउनुपर्छ, त्यत्रो पैसा लगेर भड्खारामा वैरियो कि वैरिएन ! बुद्धिमा डँढेलो सल्केका तेरा ।" (पृ. ३१)

माथिको कथांशमा लुखुरेकी श्रीमती घैंटीले लुखुरेलाई प्रतिकूल वातावरणमा पुऱ्याउन मलजल पुगेको कुरा यसै वाक्यबाट पुष्टि हुन्छ । घैंटीले उसको अज्ञानताका कारण आफ्ना सही र सकारात्मक श्रीमान्लाई नै कमजोर बनाइदिई । परिवारमा एक किसिमको झगडा निम्तियो । पोडेको बालमनमा गहिरो चोट पर्न पुग्यो । उसका सपनाहरू एकाएक ढल्न पुगे । अन्ततः लुखुरे समाजबाट मात्रै नभएर परिवारबाटसमेत एक्लिएर श्रीमतीको वचन सहन गर्न नसक्दा चोटमाथि चोट खेप्न विवश भयो । घैंटीले द्वारे बालाई आफ्नो रक्षक ठान्न पुगी । आखिर द्वारे नै समाजमा आदर्शवान् र सत्य साबित हुन पुग्यो । उसले द्वारेको ज्ञानमा आफूलाई समाहित तुल्याएर उल्टै आफ्नो लोग्नेलाई दोषी ठहऱ्याएकी छे । उसले द्वारे बालाई उच्च वर्गको, विचारप्रधान, जान्नेसुन्ने बनाई लुखुरेप्रति निर्माण हुँदै गएको प्रतिकूल वातावरणको विकासमा सहायता पुऱ्याएर उल्टै आफ्नो रक्षक बनाएकी छ । ऊ पनि अज्ञानतावश द्वारेकै कृत्रिम जाली ज्ञानमा आफूलाई समाहित बनाउन पुगेकी छे । उपस्थितहरूमध्ये सबैजना द्वारे बासँग एकमत भए पनि आफ्नी श्रीमतीले त आफ्नो पक्ष

लिन्छे भन्ने ठानेको लुखुरेले श्रीमतीबाट कठोर वचन सुन्न पुग्यो । श्रीमती ले पनि सामन्ती चरित्रको द्वारे बाकै विचारमा मलजल गरिदिएपछि ऊ कमजोर बन्छ ।

समाजका उच्च वर्गका व्यक्तिहरू आफ्नो सम्पूर्ण शक्तिको चौतर्फी प्रयोगबाट निम्न वर्गलाई सीमान्तीकरण गर्न पुग्छन् । श्रीमती घैंटीले श्रीमान्लाई व्यावहारिक रूपमा असहयोग गर्नुले सामन्ती वर्गलाई नै यसरी आड मिल्न पुग्यो :

> "एकातिर घरबार साहुलाई सुम्प्यो, अर्कातिर अर्काको नाककान रित्यायो । त्यसमाथि माल ल्याएको पनि फुटेका आँखाले हेरेर । लगेर भोलि बिहानै जहाँबाट ल्याएको हो, उसको सिनो उसैको दैलामा मिल्काएर आउनू आँधा ।" (पृ. ३१-३२)

यी विविध सन्दर्भबाट लुखुरे एक्लो हुँदै गएको छ । श्रीमती घैंटीको साथ पनि छुट्न पुगेको छ । सबैले उच्च वर्गीय द्वारे बालाई नै साथ दिइरहेका छन् । यसमध्ये रामबिरे, सीताराम पण्डित, बूढाथोकी, घमाने सचेत रूपमा द्वारे बातिर लागेको पाइन्छ भने घैंटी जस्ता पात्रले चाहिँ असचेत रूपबाट नै सामन्तीलाई सहयोग गरिरहेको देखिन्छ । यसर्थ उच्च वर्गको कुटिल चालले निम्न वर्गलाई सीमान्तीकृत तुल्याई उनीहरूलाई समाजमा शान्त भएर सास फेरेर बस्न दिँदैनन् । सधैँभरि निम्न वर्गका व्यक्ति तथा समुदायहरूले उच्च वर्गको हेपाइ सहेर समाजमा निर्धो भई जीवन व्यतीत गर्नुपर्छ भन्ने कुरा यस कथाको मूल कथ्यका रूपमा आएको छ । परिणामतः लुखुरे उनै द्वारे बाको शरणमा जान विवश बन्छ । प्रभुत्वशाली वर्गका अगाडि निम्न वर्गको लुखुरेको केही जोर चल्दैन । विवशताको मरुभूमिमा ऊ पछारिन पुग्छ । उसले भएभरको जुक्ति लगाएर ईश्वरसँग पुकारा गर्छ तर पनि सफल हुन सक्दैन । आफ्नो हिराको टुक्रो जस्तो लाहुरी भैंसी द्वारे बालाई जिम्मा लगाउन पुग्छ । द्वारे बा पनि आफ्ना आसेपासेको सहयोगमा लुखुरेको गुणकारी भैंसी हत्याउन पाउँदा यसरी मख्ख भएको छ ।

> "कसो रामे, भैंसी हीरा छैन त ?"
>
> "किन हुन्नथ्यो बा, लाखमा एक छ ?" (पृ. ३६)

यसरी लुखुरेबाट भैंसी हत्याएपछि द्वारेको षड्यन्त्रमा जानकार सबाल्टर्न वर्गभित्रकै अर्को पात्रले सामन्तीका लागि भूमिका खेलेर भरपुर साथ दिएको छ । आखिर लुखुरेमा पारिवारिक वेदना बढाएर आर्थिक सङ्कटलाई बल्छी बनाइएको छ । साथमा बालमनोविज्ञानमाथि वज्र हानेर आफ्नो खुसीका निम्ति लुखुरेको भैंसी हत्याउन ऊ सफल भएको छ । यसरी सीमान्तीय वर्गले नै सीमान्त वर्गलाई कमजोर पारिरहेको यथार्थलाई यस कथाले प्रस्ट्याएको छ ।

यस कथामा सबाल्टर्न वर्गले आफ्नो स्वतन्त्रता र खुसीका लागि आफैँले केही गर्न सकेका छैनन् । आफ्नो खुसीका लागि प्रभुत्वशाली वर्गको साथ र सहयोगको चाहना राखेकोमा प्रभुत्वशालीहरूले सबाल्टर्न वर्गको भावनामा नै जालझेल गरेर उनीहरूलाई दबाएका छन् । यसरी वर्गीय सीमान्तीयताका सन्दर्भमा ग्राम्सीले बौद्धिक वर्गको चर्चाका क्रममा दर्शन, सामान्य अवधारणा, भाषा र लोकसाहित्यलाई लोकप्रिय निर्मिति मान्छन् । उनका अनुसार फ्रान्सेली क्रान्तिपश्चात् विकसित राजनीतिक दर्शनले पनि सीमान्तीय वर्गको हित गरेन । यहाँ पनि लुखुरेका माध्यमबाट कथाकारले नेपाली समाजको सीमान्तीय अवस्थाको तहलाई देखाएका छन् । सीमान्तीय सामाजिक समूहहरू असङ्गठित र पछि परेको समूह, राज्यद्वारा उत्पीडित र वर्चस्वको अभ्यास गर्ने वर्गहरू हुन् (ग्राम्सी, सन् २०१४, पृ. ३५१) । यहाँ द्वारेलाई ग्राम्सीले भने जसरी लोकप्रिय निर्मितिका रूपमा निर्मित दर्शन, भाषा तथा लोकसाहित्य जस्ता सम्भ्रान्तीय वर्गसापेक्षित मानकले आड दिएको छ । लुखुरेको अहितका निमित्त यही निर्मितिगत चिन्तनले प्रभाव पारेको छ । यहाँ उसले क्रान्ति गरेर वर्गीय हितको विषयमा आवाज उठाउनेसम्मको ज्ञानलाई विकास गर्न सक्दैन । यस कथामा लुखुरे ग्राम्सीले भने जस्तै सीमान्त वर्गको असङ्गठित र पछि पारिएको समूहको प्रतिनिधि पात्र हो । यस्तो समूह केन्द्रीकृत राज्यसत्ताको प्रभुत्वबाट अधीनस्थ र वर्चस्व निर्माणको अभ्यास गर्ने वर्गका रूपमा रहेको हुन्छ । अधीनस्थ पात्र एक्ला हुन्छन् । यसरी नै यहाँ ऊ (लुखुरे) अधीनस्थ भएकैले चरम शोषणमा परेपछि आफूमा आइपरेका दुःख, कष्ट, आपत् टार्नका लागि विकल्प नभएर यसरी ईश्वरको शरणमा पुगेको छ :

> “हे ईश्वर, बाउँठे काट्टेको भस्म–खरानी भैजावस् ! ... गरिबलाई रुवाएर .... गरिबको धनले नपोली त कहाँ छोड्ला र । ... परमेसोरी ।” (पृ. ३३)

माथि प्रस्तुत गरिएका सबै कथांशहरूमा सबाल्टर्न वर्ग अथवा निम्न वर्गका निमुखा व्यक्तिहरूले ईश्वरको सहारा लिनुपर्ने बाध्यता रहने तथ्यलाई देखाइएको छ । उनीहरूसँग आफूमा आइपरेका दुःख टार्न अथवा पन्छाउन ईश्वरको पुकार गर्नुबाहेक अर्को कुनै विकल्प नरहेको तथ्यलाई साक्ष्यमा देखाइएको छ ।

### ३.२.२ ‘नयाँ सडकको गीत’ कथामा वर्गीय सीमान्तीयता

यस कथासङ्ग्रहको शीर्ष कथाका रूपमा रहेको ‘नयाँ सडकको गीत’ कथामा सामाजिक असमानताको चित्रण गरिएको छ । सीमान्तीय पक्षको वर्गीय सन्दर्भलाई कथाकार विकलले यस कथाका माध्यमबाट उजागर गर्दै अपहेलित जीवनको कारुणिकतालाई पस्केका छन् । यहाँ असमानतापूर्ण सामाजिक परिपाटीका कारण मगन्ते जीवन बिताउन बाध्य भएका दृष्टिविहीनको दुःखद् पक्षको वर्णन छ । नयाँ सडकको एक छेउमा मगन्ते अन्धो (पात्र) ले गीत गाउँदै माग्दै सहयोगी मनलाई ‘भारीभारी धर्म होस्’ भनेर आशीर्वाद दिने

गर्दछ । उसकी स्वास्नी सानी साथमा छ । सानीलाई उसको यौवन र सौन्दर्यले गर्दा पुलिस र गुन्डाहरू व्यङ्ग्य गर्छन्, जिस्क्याउँछन्, आँखा लगाउँछन् । यहाँ विकलाङ्ग र सवलाङ्गबिचको वर्गीय भेदका साथै सम्पन्न र विपन्नबिचको विभेदका साथै लैङ्गिक विभेदको मिश्रण छ । अन्धो हुनु प्राकृतिक घटना हो तर समाजमा उसलाई अपमान गरिन्छ । यसरी अन्धो भएर बाटोमा बसेर मागेर गुजारा गर्नुपर्ने बाध्यात्मक परिस्थितिको जीवन्त चित्रण नै कथाको केन्द्रीय पक्ष हो ।

समाजले उपेक्षा गरेको अपहेलित व्यक्तिको रूपमा यस कथाको मुख्य पात्र अन्धोलाई कथाकारले मुखपात्र बनाएका छन् । समाजको निम्न वर्गको पात्रलाई कथाकारले चरित्र नायक बनाएका छन् । यस कथाले समाजका उच्च वर्गका सिपाही र गुन्डालगायतका व्यक्तिहरूले निम्न वर्गको माग्नेलाई सीमान्तीकृत तुल्याएको प्रसङ्गलाई दर्साएको छ । माग्नेले भोग्नुपरेको अपहेलित जीवनयात्रामा समाजको चिन्तन समाहित छ । निम्न वर्गीय पात्र माग्ने र सानीलाई त्यो सहरमा टिक्न साह्रै गाह्रो हुँदाहुँदै पनि उनीहरू त्यो स्थान छोडेर अन्यत्र टाढा जान सक्दैनन् । सानी रूपवती छे । लोभीपापीको गिद्धे नजर उसमाथि परिरहन्छ तर माग्ने भने जन्मजात अन्धो छ । भत्भत पोल्ने मध्य दिनको घाममा उनीहरू नयाँ सडकको पेटीमा दुई-चार पैसाको अपेक्षा गरी हात फैलाएर बसेका हुन्छन् । त्यहाँ राम्रा र सग्ला मान्छेबाट अपमानलाई सहिरहने उनीहरूको दैनिकी बनेको छ । उसको कारुणिक ध्वनिको गुञ्जन कानमै ठोकिए पनि दानवीरबाहेक अरूको आँखा दरिद्र माग्नेको रित्तो भाँडोमा पर्दैन । कोही दानवीरले खुजुरा पैसा छिर्लिङ्ङ माग्नेको भाँडोमा फालिदिएपछि माग्नेको अनुहारमा एक किसिमको खुसीको भाव देखिन्छ । अरूले हेला गरेरै परबाट फालिदिएको पैसाले नै भए पनि पेटको भोक शान्त पार्नुपर्ने माग्नेको नियति हो । यसरी सीमान्त वर्गका पात्रहरू मान्छेहरूकै बिचमा दोस्रो दर्जाको पात्रका रूपमा अपहेलित बन्न पुग्छन् । प्राकृतिक बाध्यतालाई मानिसले विभेदको दर्जा निर्धारण गरेर फरक हुनाको भावमा राखिदिन्छन् ।

यस कथालाई वर्गीयताको कोणबाट अध्ययन गर्दा तत्कालीन नेपाली समाजका उच्च भनाउँदा अभिजात्य वर्ग अनि सपाङ्गहरूले निम्न वर्गको अपाङ्गता भएको व्यक्तिलाई गरेको अमानवीय व्यवहारको कथ्य प्रस्तुत भएको छ । परिणामतः कुलीन प्रवृत्तिका कारण सीमान्तीकृत अवस्थामा पुग्न बाध्य हुनुपरेको सन्दर्भलाई मूल रूपमा उठाइएको छ । मानवीय आवश्यकताहरू र मानवीय सृजनशीलता वा उत्पादकताका बिच अटुट सम्बन्ध हुन्छ । यस सम्बन्धलाई सम्भव बनाउने गतिविधि भौतिक र व्यावहारिक मानवीय कर्म हो (भाज्क्वेज, २०७६, पृ. ६३) । यद्यपि वर्गीय विभेदकारी समाजमा कर्मलाई उचित स्थान दिइँदैन । नयाँ सडकमा मागेर जीवन बिताउन विवश मगन्ते बन्नुपरेको अन्धोको जीवनको यथार्थले कर्म गरेर खाने परिवेश नै तय भएन । कथाले कारुणिक गरिबीको चित्रलाई

मानिसद्वारा मानिसमाथि गरिएको अपमानको उत्कर्षका रूपमाप्रस्तुत गरेको छ । एकातिर गरिबी छ भने अर्कातिर अपाङ्गताको सीमान्तीय बाध्यता सिर्जित छ । यो बाध्यतालाई मानवताका नाताले, राष्ट्रिय जिम्मेवारीका हैसियतले, सामाजिक प्राणी हुनुको हैसियतले पनि उनीहरूमाथि न्यायोचित व्यवहार हुनुपर्थ्यो । तथापि, राम्री श्रीमती हुनुलाई समाजले उल्टो अर्को अपहेलनाको भऱ्याङ थपिदिएको छ । उसकी श्रीमतीमाथि गिद्दे नजर लगाउनेलाई समेत आशीर्वाद नै दिइरहने माग्नेले नेताको सवारीका कारण आफ्नो सडकबाट विस्थापित हुनुपर्ने अर्थात् सहरको शोभामा मगन्तेले आँच ल्याउने सोचको यथार्थ पस्किनु यस कथाको अर्को सीमान्तीय मनोदशाको वस्तुता हो । यति हुँदाहुँदै पनि ऊ दाताहरूलाई यसरी आशीर्वाद दिन्छ :

> "भारी भारी धर्म होस्;
> गुह्येकाली माईले रक्षे गरून् !
> बज्रयोगिनी, दखिनकाली–
> मनकामना माई छन् प्रभू !
> मङ्गलबारको ग्रहदशा शान्त होस्,
> भारी भारी धर्म होस् !" (पृ. ३७)

माथि प्रस्तुत कथांशले सांस्कृतिक विश्वास, समाजले दुःखमा सम्झने भगवान्प्रतिको आस्था र विपन्नहरूको नरमपनाको दृष्टान्तलाई प्रस्तुत गरेको छ । आफ्ना सम्पूर्ण देवी, देवतालाई पुकार्दै एक, दुई वा पाँच पैसा दिने दानवीरहरूलाई आशीर्वाद दिएर आफ्नो पेटको भोक मारिरहेको प्रसङ्गको कारुणिक चित्रले नेपाली समाजको वास्तविकता मुखर भएको छ । ग्राम्सीले भने जसरी नयाँ साहित्यको आधार ऐतिहासिक, राजनीतिक र जनपक्षीयबाहेक अरू केही हुन सक्तैन (चापागाईं, २०७३, पृ. १०३) । यहाँ कथाकार विकलले अन्धोले दानवीरका लागि शक्तिपीठहरूलाई पुकार गरिदिएको प्रसङ्गलाई जोडेका छन् । उसले पनि समाजकै सांस्कृतिक ज्ञानलाई अरूसमक्ष कारुणिक भावमा पस्कन्छ तर त्यही समाजले उसको कमजोरीलाई हेरेर हेला गरिरहन्छ । उसको यो चक्रले वर्षौं पार गरिसकेको छ । नयाँ सडकको सम्पन्नता उसका लागि मूल्यहीन छ । आफूले त्यसरी मागेर प्राप्त गरेको कमाइमा नै ऊ सन्तुष्ट छ । आफूलाई पैसा दिँदा मात्रै नभएर आफ्नी श्रीमतीलाई जिस्क्याउनेका लागि पनि गीत नै गाउन पुग्छ । विभिन्न मठ, मन्दिर, शक्तिपीठलाई भाक्दै गीतमार्फत नै उसले यसरी आशीर्वाद दिन्छ :

> उसका नीला ओठ काँप्दथे, "भारी भारी धर्म होस् ! जय कल्याण होस् गुजेकाली माई, दखिनकाली माईले रक्षे गरून् ! बज्रयोगिनी माई, लुमणी माई...भारी भारी" मानौं आफूले गर्भदेखि भिरेर ल्याएका सम्पूर्ण आशीषका

> पोका त्यो दयालु मान्छेको टाउकोमा खन्याइदिन चाहन्थ्यो । अनि चोर औँलाले पैसाको सतह छाम्दै भन्थ्यो, "पाँचानी जस्तो छ नि, खोटो त होइन ? .... लौ लौ हेर्, ला ला ।" (पृ. ३७)

एउटा निम्न वर्गीय पात्रले नयाँ सडकको छेउमा बसेर माग्नु उसको बाध्यता हो, रहर होइन । ऊ आफैँमा विकलाङ्ग हुनु र माग्नु दुवै विषय कारुणिक छन् । बाटो हिँड्ने बटुवामध्ये कतिको नजर उसमा परे पनि सबैको नजर उसमाथि पर्दैन । दान दिएकामध्ये कतिले फ्याँकेर दिन्छन् । त्यसकारण फ्याँकेको पैसा उसले भेट्टाउँदैन । छामछाम छुमछुम गरेर नभेटेपछि उसले सानीको सहारा लिनुपर्ने स्थिति हुन्छ ।

मानिसलाई मानिसले नै निर्धो हुनुपर्ने स्थितिमा पुऱ्याउँछ । प्राकृतिक तवरमा या त जैविक कारणले ऊ विकलाङ्ग बन्यो । यद्यपि उसले कसैलाई ठगेर या समाजले स्वीकारै गर्न नसक्ने दण्डनीय कार्य गरेको होइन । उसको जीवन सङ्घर्षपूर्ण, कर्मशील अनि कष्टप्रद छ । यद्यपि उसमा जैविक (शारीरिक) तथा कृत्रिम (सामाजिक) दुई समस्याले थप सीमान्तकृत बनाइदिएको छ । अन्धो भएर पनि सङ्घर्ष गर्नुपर्ने उसको बाध्यता हो । पेटको भोक मेट्नुपर्ने बाध्यता प्राकृतिक हो । गरिबी, माग्ने पेसा र घृणित परिवेश समाजद्वारा निर्मित समस्या हुन् । अतः यस सन्दर्भमा समाजद्वारा निर्माण गरिएका निर्मितिहरूबाट नै सीमान्तीकरणतर्फ धकेल्ने काम हुने तथ्य पुष्टि भएको छ । समाजका यस्ता निर्मितिहरूले समाजका अपाङ्ग त्यसमा पनि तल्लो वर्गका मानिस अपहेलित बनेको कुरालाई यस कथामा व्यक्त गरिएको छ । वर्गीय समाजमा चेतनालाई प्रभुत्वशाली वर्गले नियन्त्रण गर्छ । उसैले हैकम निर्माण गर्छ । हैकमलाई प्रभुत्वशाली वर्गले राजनीतिक, बौद्धिक र नैतिक नेतृत्व निर्माण गरी आफ्नो समुदायको स्वार्थ अनुकूलित दमनबाट भन्दा ज्यादा सम्मतिबाट अस्त्र बनाइएको हुन्छ (गौतम, २०७५, पृ. ४३) । यसर्थ सत्तामा हुनेहरूले नियमकानुन बनाउने हुँदा उनीहरूले सधैँ आफू अनुकूल नियम बनाएका हुन्छन् । समाजका निम्न वर्गीय, अपाङ्ग, अल्पसङ्ख्यक व्यक्तिहरू त्यस स्थान अर्थात् सत्तामा पुग्न सक्दैनन् । उनीहरूले दुःख, घृणा र तिरस्कारमा बाँच्न विवश हुनुपर्ने भएकाले उनीहरूको चेतनाले त्यसलाई प्रतिकार गर्न सक्दैन । उनीहरूको चेतनास्तरले उच्च वर्गीय समाजलाई नै राम्रो देख्न बाध्य हुन्छ । त्यसविरुद्ध प्रतिरोध गर्न पनि सक्दैन भन्ने कुरा देहायको कथांशले यसरी देखाएको छ :

> ऊ आफ्ना पहेँला र बाङ्गा-टिङ्गा, कोदालीपाते दाँत ङिच्याएर सानी भएतिर अन्दाजले हेरेर भन्थ्यो, "मान्छे त गतिलै जस्ता रहेछन्, दरबारे नानी-सानी हुन् कि ? ... अत्तर पनि हाल्या रेछन्, मीठो बास्ना आयो !" ऊ आफ्ना नाकका फोहोरा फुलाएर हावाको कण-कणमा घुसेको अत्तरको सुगन्धलाई आफ्नो मगजभित्र खिच्न खोज्दथ्यो । (पृ. ३८)

माथिको कथांशले उपल्ला स्तरलाई अत्तर लगाउने व्यक्तिका रूपमा बुझ्नु माग्ने व्यक्तिको ज्ञानको निर्मिति हो । उसले आफ्नै चेतनाको तहलाई निर्माण गरेको छ । अत्तरको बास्नाका आधारमा उसले वर्गको निर्धारण गरेको हुन्छ । राम्रो र मीठो बासना आउने अत्तर लगाउने व्यक्तिलाई राजदरबारिया खानदानको गतिलो देख्ने सोच उसको ज्ञानको निर्मिति हो । यस आधारमा उसले प्रभुत्वशाली वर्गलाई नै ज्ञान निर्माणको आधार बनाएको छ । उनीहरूको गुणगान गर्न पाउँदा उसले आफूलाई सर्वश्रेष्ठ ठान्दछ । समाजमा प्रभुत्वशाली वर्ग सधैँ आफू केन्द्रमा नै रहन चाहन्छन् । निम्न वर्गमाथि राज गर्नु तिनको भित्री चाहना हो भने समाजद्वारा निर्देशित परिवेशका कारण प्रभुत्वशालीलाई उपल्लो मान्नु सीमान्त वर्गको मनोविज्ञान हो । निम्न वर्गहरूले मानसिक रूपमा नै उच्च वर्गका व्यक्तिलाई सम्पूर्ण रूपमा उच्च नै हुने धारणा बनाएका हुन्छन् । उच्च वर्गले नजानिँदो रूपमा सीमान्त वर्गलाई दबाउने गरेको अर्को तथ्यलाई यो साक्ष्यले अझै प्रस्ट पारेको छ :

> “ए सानी, हामीले पनि एउटा अत्तर किन्न सके कति मजा हुन्थ्यो हगि ?” एकछिनपछि एक्कासि त्यो मानलाई भङ्ग गर्दै अन्धो कराउँथ्यो, “तँ टाउकाँ’ अत्तर छरेर हिन्ने थिस् । अनि तँ गए-गएतिर हावै बास्ना आउँथ्यो । अनि सबैका आँखा तँ गए-गएतिर तानिन्थे ।” (पृ. ३८)

विपन्नका पनि चाहना, अपेक्षा र सपना हुन्छन् । ती सपनालाई समाजले बनाएको माथिल्लो वर्गको प्रभावले निर्माण गरिदिन्छ । माथिको कथांशमा अन्धो माग्ने आफ्नी श्रीमतीलाई अत्तर लगाइदिन चाहन्छ । उसमा आफ्नी सानीलाई पनि अरूलाई जसरी बासनादार भएर हिँडेको देख्ने सपना छ । यो पनि समाजबाट उसले सिकेको अर्को निर्मिति हो । अत्तर बजारमा किन्ने वस्तु भएकाले त्यसलाई किन्ने कुरा गर्नु नौलो कुरा होइन । तथापि, हाम्रो समाजले अत्तरलाई उच्च वर्गले लगाउने वस्तुका रूपमा बोध गराएको छ । निम्न वर्गका व्यक्तिले यस वस्तुलाई किन्ने कुरा गर्दासमेत पनि बटुवाले समेत खित्का छाडेको प्रसङ्ग छ । यसरी सामान्य वर्गले उच्च वर्गले जसरी नै अपेक्षा राख्दासमेत समाजले उसलाई होच्याइदिन्छन् । वर्गीय समाजमा उपभोग्य वस्तुको प्रयोगबाट वर्गको पहिचान निर्माण हुन्छ । आफ्ना चाहनालाई उच्च वर्गले पूरा गरे पनि निम्न वर्गले चाहिँ चाहना भए पनि दबाएर राख्नुपर्छ भन्ने निर्मितिले हाम्रो समाज विभेदकारी बनेको छ ।

कथामा माग्नेको अत्तर किन्ने चाहना सुनेपछि स्वयम् उसकी युवतीले पनि खित्का छोडेर हाँसेकी छे । माग्नेले सधैँ अभावमा रहनुपर्ने, सधैँ दुःखमै रहनुपर्ने, मागेर अपमानित भइरहनुपर्ने, भोगविलासको कुरा गर्नु नहुने जस्ता भावनालाई यस कथामा देखाइको छ । यस विपरीत भोगविलासमा रमाउने कार्य केवल उच्च वर्गको मात्रै हो भन्ने सन्दर्भलाई यहाँ प्रस्ट्याइएको छ । यस्तै धारणाका कारण निम्न वर्गहरू सधैँ सीमान्तकृत वर्गमै रहने कथ्यलाई यस कथाको यो अंशले बोध गराएको छ :

> "मोरा काना, माग्ने अक्कल त निकै जान्याछस् । यस्ती चिनियाँ पुतलीजस्ती तारो थापिदिएपछि पैसा त बर्सिहाल्ने भयो नि !" (पृ. ३८)

समाजमा उच्च वर्गहरूले जे जसो गरे वा बोले हुने स्वतन्त्रता स्थापित छ । विपन्नहरूचाहिँ केवल सहन अभ्यस्त भएका हुन्छन् । उनीहरू रहरले माग्न बसेका होइनन् । अर्कोतिर यो साक्ष्यले त अझ यौनिक आक्षेपकारी भावलाई व्यक्त गरिदिएको छ । माग्नेको अन्धोपनका कारण सानीले यहाँ यौन हिंसाको सिकार बन्नुपरेको छ । सम्पत्तिलाई शक्ति र सम्मानको आधार बनाउने समाजमा निम्न वर्गका विपन्नहरूलाई सधैं अपमानित बनाइन्छ । शारीरिक र आर्थिक नियतिको सिकार भएकै कारणले सिपाही, गुण्डाहरूले माग्नेमाथि प्रहार गरिरहन्छन् । सानीमाथि गिद्धे नजर लगाइरहन्छन् । सानी यौनहिंसा सहन बाध्य छे । वर्गीय परिप्रेक्ष्यमा उच्च वर्गले निम्न वर्गको यौनिकतामाथि समेत आफू खुसी अत्याचार गरिरहेको छ । निम्न वर्गको स्वाभिमानमा ठेस पुग्ने उच्च वर्गको वचन वाणलाई सदा निम्न वर्गले सहनुपरिरहेको सन्दर्भ यस कथामा प्रस्तुत भएको छ । सिपाहीको व्यवहारबाट माग्नेमा जलन भएको छ । उसले नबुझेको पनि होइन तथापि आफ्नी श्रीमतीलाई जिस्क्याउँदा पनि ऊ लाचार देखिन्छ । उसले यसलाई आफ्नो नियति सम्झन्छ । उसको यही नियति उच्च वर्गको हतियार बनेको छ । निम्न वर्गका लागि यही विषय यसरी विवशता बनेको छ :

> "यस्ता मोरा वनभालूसँग यस्ती सुनमा कुँदेजस्ती ।"
>
> "होइन ए काना तैँले कहाँ पाइस् यिनलाई ? ... कि चोरिस् कसैको ?" अर्को आवाज प्रश्न गर्दथ्यो । ..."कसको चोर्न जानु साहेब, आफ्नै जहान । अर्काको चोर्न थाले, अर्काकोमा आँखा लाउन थाले त भाँच्छन् मुन्टे ठ्याँगुरो ।" (पृ. ४०)

कथित उच्च वर्गले वर्गीय समाजमा शक्ति र सम्मानको आधार सम्पत्तिलाई मान्छन् । उच्च वर्गका व्यक्तिले सम्पत्ति र ओहदाको आडमा बसेर निम्न वर्गका गरिबी, असहायपन, र अभावलाई गिज्याउँछन् । तिनको हेपाहा प्रवृत्तिलाई यस कथाका माध्यमबाट प्रस्ट पार्न खोजिएको छ । यहाँ एउटा अपाङ्ग व्यक्तिमाथि तथानाम गालीगलौज गरी एउटी सोझी नारीमाथि गिद्धे नजर लगाउने कुचरित्र उदाङ्गो भएको छ । जनताको सेवा सुरक्षा गर्न भनेर खटिएका व्यक्तिबाटै हाम्रो समाजमा गरिब, असहाय र विपन्न महिलाहरू सुरक्षित नभएको दृष्टान्त कथामा व्यक्त छ । उच्च वर्गले निम्न वर्गलाई सेवा र प्रश्रय दिनुपर्नेमा विपरीत व्यवहार देखाइएको छ । उच्च वर्गीय समाजले आफ्नो हैकम लादेका हुन्छन् । उनीहरू प्रभुत्वशाली भएर निम्न वर्गीय व्यक्तिमाथि खुलेआम मनोमानी गरिरहँदा मानवता नै कमजोर देखिएको छ । यसबाट आर्थिक पक्षको समस्यालाई हतियार बनाएर शोषित वर्गमाथि दमन गरिएको तथ्यलाई तलको साक्ष्यले पुष्टि गर्दछ :

“हिँड, अन्तै कतै गएर बसौं !... यस्तो मोरो ठाउँमा !” सानीको स्वर रोए जस्तो हुन्थ्यो । अन्धो केही सन्तोषको सास फेर्थ्यो– “हाम्रा निम्ति जहाँ गए पनि त्यत्तिकै हो बुझिस् ? ... यस्तै हो । ... कहीँ कहीँ गोठाले हुन्छन्, कहीँ सुकुलगुण्डा । .... अँ, त्यसको आँखा कस्तो थियो हँ ? तँलाई कसरी हेर्थ्यो ?”

“एक जना मात्रै हो र, कस्तो निलोलाझैँ गरेर क्वार्क्वार्ती हेरेका मोराहेरू ।”

“मारीसँग औँलाले घोचेर फोरिदिन सकिनस् त ?”

“फुट्न नसकेका आँखा ! हिँड अन्तै गएर बसौं ।”

“जहाँ गए पनि यस्तै हो बुझिस्, जहाँ गए पनि; सात डाँडा पारि गए पनि गिद्धका बथानले सिनु पैल्याएझैँ तँलाई पैल्याउँछन् यी । जहाँ पनि हुन्छन् यस्ता असत्ती मोरा !” (पृ. ४१)

यो साक्ष्यमा समाजमा उच्च वर्गीय प्रभुत्वशाली वर्गले समाजका निम्न वर्गीय, विपन्न, निमुखा, निरीह महिला र अपाङ्ग व्यक्तिलाई गर्ने विभेदपूर्ण व्यवहार उद्घाटित भएको छ । समाजका सामाजिक मान्यताहरू नै विभेदकारी छन् । यस्तो समाजमा निम्न वर्गका व्यक्तिहरू स्वतः सीमान्तीकृत बन्न बाध्य हुन्छन् । उनीहरू जहाँ र जुनसुकै स्थानमा पुगे पनि गिद्धले सिनो पछ्याएझैँ सीमान्तीकृत व्यवहारले पछ्याइरहने यथार्थलाई यहाँ देखाइएको छ । त्यसैले उपेक्षित वर्गका लागि बास पनि मिल्दैन र शान्तसँग अन्यत्र सरेर आनन्दित बन्ने स्थिति पनि बन्दैन । अतः निम्न वर्गीय पात्रहरू सीमान्तीकृत हुनु नै उनीहरूको नियति बन्ने कुरालाई यस कथाका माध्यमबाट देखाउन खोजिएको छ । यसबाट समाजमा उच्च वर्गले नै राज गरिरहने कथ्यलाई देखाइएको छ । यही सामाजिक यथार्थमा यो कथा संरचित देखिन्छ ।

“साहेब, मेरो त यसै थलामा बाह्र वर्ष गुज्रे । आजसम्म... ।”

“जान्ने भएर नकरा, खुरुक्क उठेर जा, नत्र ।” भन्ने मानिसको स्वर उग्र हुन्थ्यो ।

... “आज यहाँ कुनै नौला मान्छे आउने छन् कि, कसो हो ?”

“हो, भारत, लङ्का, अमेरिका ठाउँ-ठाउँबाट मान्छे आउँछन् ।” जुत्ताको आवाज अगाडि बढ्दथ्यो ।

... “यो मोरो त अझै उठेको रहेनछ । हेर, थाङ्ना-बोटा फालिदिनु- पर्ला ।” (पृ. ४३-४४)

विपन्नको अभिभावक बन्नुपर्ने राज्यले गरेको विभेदको नीतिको पराकाष्ठालाई यस कथाले दर्साएको छ । समाजमा कमजोर हुनु, विपन्न हुनु, अभावका कारण मगन्ते बन्नुमा राज्यकै नीति, कार्य र योजना दोषी हुन्छ । यस विपरीत ठूलाठालुको आगमनमा माग्ने वा निरीहहरूले बाटोघाटो खाली गरिदिनुपर्ने, सुकिलोमुकिलो देखाइनुपर्ने, देशमा सबै सम्भ्रान्त र सुखी रहेको झुटो कुरालाई प्रदर्शन गरेर अतिथिलाई ढाँट्ने गरेको यथार्थलाई कथाले प्रस्ट्याएको छ । यहाँ माग्नेहरूले कुनाकाप्चा छेउकुनातिर लुकिदिनुपर्ने अचम्मको नियम प्रदर्शित भएको छ । राज्यनिर्मित नियतिमा ठगिएकालाई देशले, राज्यले अर्थात् उपल्लो निकायले पनि अमानवीय व्यवहार देखाउँछन् । राज्यको विभेदपूर्ण नीतिले प्रभुत्वशाली वर्गकै पक्षमा कानुनी दायरा निर्माण गरिएको हुन्छ । विदेशी पाहुनाका अघि सम्पन्नशाली भएको देखाउनका लागि निम्न वर्गलाई बाटाघाटाबाट पन्छाउने राज्यको अचम्मको नीतिमा सीमान्तीय वर्ग प्रताडित छन् । यसरी सडकमा समेत गरिबका निम्ति मानवता बाँकी रहँदैन । न्याय माग्ने न्यायालयबाटै अन्याय सहनुपर्ने बाध्यताका कारण सबाल्टर्नहरू आवाजविहीन, कमजोर, पिछडा, प्रताडित, कुण्ठित र दमित हुन्छन् ।

यस कथामा सडकमा प्रभुत्वशालीले दमन गरिसकेपछि निम्न वर्गमा निराशा भरिएर उनीहरूका सपना टुट्न पुगेको छ । सडकपेटी, कुनाकाप्चादेखि दुर्गन्धित स्थानमा बसेर जीवन बिताउने, दुई छाकको जोहो गर्नेहरूकै गाँस खोस्ने राज्यसँग सीमान्तीय वर्गले न्यायको अपेक्षा गर्न सक्दैन । यसरी अन्धो माग्नेको खेतीलाई बाँझो बनाइएपछि गरिबप्रति गरिने विभेदको पराकाष्ठा चुलिएको छ । यहाँ त्यो माग्नेले माग्न नपाउँदा उसको गाँसै बन्द हुन्छ । यसप्रति राज्य उदासीन छ । माग्नेको परिवार भोकै भए पनि राज्यले चिन्ता गर्दैन । उसले केवल आफ्नो स्वार्थका बारेमा चिन्ता गरेर मानवीय संवेदनामाथि प्रहार गरिरहन्छ । अन्धोलाई देख्दा साइत बिग्रनेसम्मको निरीह चिन्तन छ । विपन्नले खान नपाउँदा राज्य मौन रहने यथार्थलाई देखाएर सङ्गठित विभेदलाई कथाले उदाङ्गो बनाइदिएको छ । यहाँ कथाकारले माग्नेलाई केन्द्रीय पात्र बनाएर सीमान्तीय पात्रको व्यथालाई गहिराइमा पुगेर यथार्थपरक चित्रण गरेका छन् । उच्च वर्गले सबै क्षेत्रमा कब्जा जमाएर सबै सेरोफेरोलाई आफ्नै बनाएका कारण गरिबहरू किनारामा पुग्न बाध्य हुन्छन् । यस कथामा सीमान्त दृष्टिविहीनको बाध्यता, खोक्रो प्रजातन्त्र र नयाँ सडकको सभ्यताप्रति व्यङ्ग्य गरिएको छ :

> “तेरी जहानलाई महिला संघमा भाषण गर्न पठाइदे रे । प्रजातन्त्रमा भाषण गर्नुपर्छ ।” साहुजी भन्थ्यो । अनि एकैसाथ धेरै जनाको गलल्ल हाँसोले त्यहाँको वातावरण भिजाइदिन्थ्यो ।
>
> “अँ, पर्जातन्त्र ! पर्जातन्त्र भएको कति भयो ? ... निकै वर्ष भयो, निकै वर्ष..” अन्धो बड्बडाउँथ्यो । अनि फेरि त्यो नयाँ सडकको आधुनिक

> सभ्यता, आधुनिक गीतको सुरसँग सुर मिलाएर अन्धाको उही चिरपरिचित र अविराम सङ्गीत घन्किन्थ्यो- “भारी भारी धर्म होस् !” (पृ. ४५)

वर्गीय विभेदकारी समाजमा प्रजातन्त्र पनि प्रभुत्वशाली वर्गमा सीमित बन्यो । निम्न वर्गले परिवर्तनलाई महसुस गर्ने परिवेश बन्न सकेन । प्रजातन्त्रको प्राप्तिले आम मानिसको जीवनस्तरमा परिवर्तन आउन सकेन । निम्न वर्गहरू अझै अपमानित नै रहेका छन् । आफ्नै जीवनलाई जोगाउने स्थिति छैन अनि भागेर जाने स्थान पनि कहीँकतै छैन । मागेर खानुपर्ने पेसाले वर्गीय दायराका साथ अपमानको भारी बोक्न विवश बन्नुपर्छ । श्रीमतीमाथि लैङ्गिक विभेद गर्ने काम राज्यकै जिम्मेवार निकायबाट भएको छ । यो विषय समाजमा सामान्य बन्न पुगेको छ । मार्क्स र एङ्गेल्सको अवधारणानुसार प्राचीन कालदेखि विद्यमान शोषण र उत्पीडनका कारण वर्ग रूपमा भिन्नता आएको र श्रेणीकरणका भिन्नताले समाजमा भिन्नभिन्न वर्गहरू विद्यमान रहेको छ (भट्टराई, २०७७ ख, पृ. ६३) । वास्तवमा निम्न वर्गको प्रतिनिधि पात्र माग्नेले सबै कुरा सहेरै ईश्वरीय शरणलाई विकल्प ठान्नुपरेको हुन्छ । यसर्थ यस कथाभित्र अपाङ्गता, अभाव, लैङ्गिक दमन आदि फरक-फरक सन्दर्भमा उच्च वर्गबाट सीमान्तीकृत निम्न वर्गले कष्टकर जीवन बाँच्न बाध्य रहेको तथ्य पुष्टि भएको छ । यहाँ उच्च वर्गले परिवर्तनलाई पनि आफ्नै कब्जामा राखेर नवीन तर्क र नवीन प्रकृतिको दमन गर्ने संस्थागत रूढ स्थापित गरेको व्यङ्ग्य प्रस्तुत भएको छ ।

### ३.२.३ ‘सुबेदार रणे बूढो’ कथामा वर्गीय सीमान्तीयता

कथाकार विकलले ‘सुबेदार रणे बूढो’ कथामा यस कथाको प्रमुख पात्र रणे बूढो प्रथम विश्वयुद्धमा लड्दै जर्मनमा पुग्दा उसलाई गोली लागेर घाइते भएको सन्दर्भलाई जोडेका छन् । रणे बूढोको खुट्टा काम नलाग्ने भएपछि घुँडामुनिको भाग काटेर फाल्नुपरेको छ । यसपश्चात् ऊ एकल र असहाय बन्दै गएको दयनीय र बाध्यकारी स्थितिको निर्माण भएको छ । ऊ सग्लो हुन्जेल उसलाई समाजले, सरकारले हेर्ने नजर फरक थियो । ऊ एक पेन्सनवाला भए पनि विकलाङ्ग भएपछि एक्लो बनेको छ । अर्कोतिर ऊ पुरानो युगको सपना पालेर बाँचेको छ । यसरी सीमान्त पात्रहरू समाजमा आफ्नै खाले ज्ञानको निर्मिति बोकेर बाँच्ने हुनाले यहाँ सचेत र बौद्धिक वर्गले तिनलाई यथार्थ कुराको बोध गराउनुपर्ने सन्दर्भ मेल खान पुगेको देखिन्छ । कथामा अर्का पात्र अनाम भान्जालाई आख्यानका प्रवक्ता बनाइएको छ । रणे बूढो पहिलाकै धारणा, सपना र जपना बोकेर आफ्नै सुरमा आफ्ना पुराना अनुभवहरूमा हराएको छ । ऊ धावा (युद्ध) मा घर गएर फर्किँदा उसकी श्रीमती पोइल गइसकेकी थिई तर पनि धेरै समय ऊ अविवाहित नै बसेको प्रसङ्ग छ । बुढेसकाल लाग्दै जाँदा युद्धमै एउटा खुट्टा गुमाएर अपाङ्ग बनेको उसको सहारा कोही नभएपछि अन्तिम समयमा उसले सहारा पाउने अपेक्षाले अर्की श्रीमतीसँग विवाह गरेको छ । यसमा एकातिर बहुविवाह गर्न पाउने पितृसत्तात्मक चिन्तनको विषय जोडिएको भए पनि रणेको

परिस्थिति र पहिली श्रीमतीले दिएको धोकाको सन्दर्भले ऊ पीडित पात्र नै हो । तर, त्यो श्रीमतीले पनि आफूले खाईनखाई कमाएर जोडेको सारा सम्पत्ति कुम्ल्याएर भागेको दुःखद् घटनालाई हेर्दा सीमान्त समुदायभित्र स्वार्थको लिप्साले नकारात्मक स्थिति पैदा गरेको देखिन्छ । हाम्रो समाजमा सम्पत्तिका लागि श्रीमान्-श्रीमती जस्तो पवित्र नातालाई पनि गलहत्याउने परिपाटीले पहिलादेखि नै जरो गाडेर बसेको देखिन्छ । यस्तो घटना हुनुमा विपन्नता, अज्ञान, असचेतना, आदर्शभावको अभाव जस्ता विषयहरू कारक बनेका हुन्छन् ।

वर्गीय समाजमा उच्च वर्गका व्यक्तिले सधैँ थिचोमिचो नै गर्ने र निम्न वर्गीय व्यक्तिलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएरै छाड्छन् भन्ने कुरालाई यस कथामा देखाइएको छ । अपाङ्ग पात्र रणे बूढोले जीवनको अन्तिम अवस्थामा एक घुट्को पानीसम्म खान पाउने परिवेश बनेको छैन । आफ्नो उमेरमा विश्वयुद्धमा उपनिवेशवादी राज्यका पक्षमा लडेर उसले बटुलेका पदकहरूले देशको इज्जत बढाएको छ । ऊ एक महान् योद्धा हो तथापि उसको जीवनमा राज्यले कुनै सहायता र मानवीय भाव प्रदर्शन गर्न सकेको छैन । ऊ सग्लो हुन्जेल राज्यले उसलाई बकससमेत दिएको छ तर ऊ काम गर्न नसक्ने हुँदै जाँदा अन्तिम अवस्थामा पानी पिलाउने मानिससमेत नभएको प्रसङ्गले वर्गीय चिन्तनको खाडल प्रस्तुत भएको देखिन्छ ।

यस कथामा ग्रामीण समाजको मूल्यहीन जीवन बाँच्न बाध्य भएको मानवीय चरित्रलाई छर्लङ्ग पारिएको छ । पात्रहरूको सामाजिक एवम् आर्थिक अवस्थालाई देखाएर कथाकार विकलले नेपाली समाजको सङ्कीर्णता, बाध्यता र अभावको परिणतिलाई चिनाएका छन् । कथामा युगबोधको पहिचान, सामाजिक क्षेत्रको विकृति र विसङ्गतिहरूलाई आर्थिक पृष्ठभूमिमा राखेर वर्गीय सीमान्तीयताको अवस्थालाई प्रस्तुत गरिएको छ । कथाको माध्यमबाट विद्यमान समाजमा रहेको दुई वर्गको चिन्तन र व्यवहारको चित्रण गरिएको छ । समाजमा उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरूलाई गर्ने व्यवहार, सोचाइको स्तर र समाजले निर्माण गरेको ज्ञानको निर्मितिलाई यस कुराले यसरी पुष्टि गरेको छ :

> “यी मूला गोपे, रामेका घराँ त मूसो पनि दुहुनु छैन । हाम्रामा त अस्ति मात्र लैनु लाहुरी ल्या'को । भानिज आउनुहुन्छ भनेर ठूलो ठेकामा दही पनि जमाएर राख्या'छ !” (पृ. ८८)

माथिको कथांशमा समाजमा उच्च वर्गका व्यक्तिले निम्न वर्गका व्यक्तिलाई होच्याएर आफ्नो सम्पन्नता प्रदर्शन गरिएको कुरालाई देखाइएको छ । समाजमा उच्च वर्गका व्यक्तिको नजरमा निम्न वर्गका व्यक्तिहरू सधैँ हेयका पात्र बन्दछन् । उनीहरूको नजरमा निम्नवर्गीय व्यक्तिहरूको सामाजिक हैसियत नै हुँदैन । कुलीन वर्गहरूको कुरा गराइमै हेपाहा प्रवृत्ति प्रस्टिएको देखिन्छ । यहाँ गोपीकृष्ण ‘मूला गोपे' भएको छ । रामकाजी ‘रामे'

भएको छ । यो निम्नवर्गलाई दबाउने प्रवृत्ति हो । निम्न वर्गका व्यक्तिहरू समाजमा सधैँ उच्च वर्गबाट अपहेलित जीवन व्यतीत गरिरहनुपर्ने बाध्यतालाई तल्लो वर्गको नियति नै मान्नु पर्दछ । यी सबै व्यवहारलाई समाजले स्वीकृति दिएर निम्न वर्गलाई सीमान्तीकरणको बिन्दुमा पुऱ्याएको छ । वर्गीय समाजमा कमजोर निम्न वर्गहरूको आँसु, भावना, सपना सारा कुरा शक्तिशाली वर्गका लागि हाँसो र आफ्नो स्वार्थपूर्तिको साधन बन्दछ । आर्थिक आधारमा गरिने विभेदले मानवतालाई समेत पराजित गरेको समाजमा अपहेलित जीवन बाँच्न विवश बन्नुपरेको विषयलाई माथिको साक्ष्यले पुष्टि गरेको छ ।

सामाजिक शासन व्यवस्थामा आर्थिक एवम् सामाजिक संरचनागत दृष्टिकोणले प्रभुत्वशाली वर्गले प्रभुत्व जमाएको हुन्छ । सामाजिक, सांस्कृतिक व्यवस्थामाथि हैकम जमाउन सफल व्यक्तिहरू नै सम्भ्रान्त वर्गमा पर्दछन् । सामाजिक, सांस्कृतिक स्वरूपमा एकछत्र राज गरेको यो वर्गले सामन्तवादी र पुँजीवादी समाज व्यवस्थाको संवाहकको रूपमा आफूलाई स्थापित गरेको हुन्छ । यही समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक षड्यन्त्र गरी गरिब, निमुखा वर्गमाथि शोषण र अन्याय गरेका हुन्छन् । यही प्रभाव प्राचीन समाजबाट नवपुस्तामा हस्तान्तरण हुँदै आउँछ । यसले पुरानो र नयाँ पुस्तागत चेतनामा केही द्वन्द्वको स्थिति पनि उत्पन्न हुन पुग्छ । यसरी नै पुरानो समाज र नयाँ चेतनाको बिचमा मानसिक द्वन्द्वपूर्ण यथार्थलाई साक्ष्यले पुष्टि गर्छ :

> "होइन भान्जाबाबु, क्यानाम सहराँ' त आजकल उल्का पो हुन लाग्यो रे । राजालाई पनि क्यानाम गाली गरेर कागत छर्छन् रे । चार जना त राजाको हुकुमले क्यानाम झुण्ड्याए रे, होइन ?"..."अँ ठिक छ, क्यानाम झुण्ड्याउनै पर्छ, राजाको गाथगादी ताक्ने ती पातकीलाई ।..." उनी दाह्रा किट्दथे । "होइन मामा, आजभोलि त राजा जुद्ध शमशेर होइन" म उनलाई सम्झाउने कोसिस गर्थें । तर उनी बीचैमा उत्तेजित हुन्थे । "अँ, बाबु तपाईं बुझ्नुहुन्न क्यानाम यी राजाको गाथगादी ताक्ने... भुट्नुपर्छ... गोलीले... इन्डियामा गौर्मेन्टले गाण्डिपका चेलाहरूलाई कसरी भुट्छ । क्यानाम यी डाँका हुन्, डाँका । यिनले राजासँग द्रोह गर्नु पातक लाग्छ । ...राजा देउता हो । ... गाण्डिप ? ... उसको कुरा बेगल बाबु ऊ त देउता हो । ... उसलाई त गौर्मेन्टले पनि क्यानाम मान्छ ।... गोलीले पनि मर्दैन गाण्डिप मैले क्यानाम आँखैले देखेको बाबु । ... गोली त उसको छातीमा लागेर लौटिन्छ ।" (पृ. ९१)

माथिको साक्ष्यमा पुराना विचार बोकेका व्यक्तिहरू राणा शासकहरूलाई राजाको रूपमा लिन्छन् । त्यतिखेरको जहानियाँ राणाशासनका विरुद्ध आन्दोलन गर्नुपर्छ भन्दै गर्दा रणे बूढो जस्ता सीमान्तकृत पात्रहरूले राजभक्तिका विरुद्ध आवाज बुलन्द गर्नुको साटो

उल्टो तिनकै समर्थन जनाउन पुग्छन् । उनीहरूका मस्तिष्कमा देशभक्ति, राजभक्तिको परिभाषालाई तत्कालीन सामन्ती शासकीय चिन्तनको प्रभाव रूढ बन्न पुगेको देखिन्छ । यसरी सीमान्तीकृत पात्रहरूले शासकीय सामाजिक निर्मितिका आधारमा आफ्नै हकअधिकारका विरोधी बनाइदिन्छ । यहाँ कथाको पात्र सुबेदार बूढो हिन्दुस्थान गई पल्टन भर्ती भएर लडाइँमा भाग लिएको पात्र हो । ऊ देश खाई शेष भएको पेन्सनवाला भएर पनि परिवर्तनलाई आत्मसात् गर्न सकेको छैन । यसको मुख्य कारण उसमा राजभक्तिको परिभाषालाई राणाभक्तिका रूपमा स्थापित गराइएको छ । त्यो समाजको निर्मितिको प्रभाव हो । यसकारण राणा विरोधी आन्दोलन चर्केको समयमा पनि उसले आन्दोलनको विपरीत कित्तामा बसेर राणा शासकहरूलाई राजाको दर्जा दिएको छ ।

यहाँ रणेले राणाहरूलाई राजाको सम्मान दिइरहँदा आफू किनारीकृत हुन पुगेको छ । सदियौँदेखि नेपालीहरू विदेशी पल्टनमा गएर सम्पन्न मुलुकबाट सीमान्तीकृत हुन्छन् । अर्कोतिर तिनले आफूलाई परिवर्तन गर्न नसक्दा किनारीकृत नै बन्नुपरेको छ । परिवर्तनको चाहना राखेर निरङ्कुश राणा विरोधी भावना उर्लिएर आउँदा पनि परिवर्तनको पक्षमा जान नसक्नु, प्रभुत्वशाली वर्गले निम्न वर्गले सधैँ सीमान्तीकृत भइरहेको हेर्न चाहनु, सीमान्तीकृतहरू नै सधैँ पुरानो युगको सपना पालेर बाँचिरहने अर्थात् गाँस, बास, कपास र जीवन बाँच्ने आधार गुमाएर बाँच्न विवश सुबेदार बूढाको प्रतिनिधित्व भएको कुरालाई यो साक्ष्यले पुष्टि गर्दछ :

> "राजा त जुद्ध शमशेर नै हो ।... किन होइन ?... क्यानाम जुद्ध शमशेर जस्तो त राजै छैन । त्यस्तो राजासँग दुनियाँले फुटानी खोज्नु ?... आम्मै, कलियुग लाग्यो साँच्चै !"... दुईचार जना उरन्ठ्याउला केटाहरू क्यानाम हुल्लडबाजी गर्छन्, तातो गोली खान्छन् अनि सिद्धियो । ... हुन त म बूढो भैसकेँ, तैपनि यी क्यानाम राजद्रोहीहरूलाई गोलीमा भुट्न क्यानाम अझै म पिछे हट्तिनँ ।... सन् बहत्तरमा गोलीको मोहरीमा पसेर बडासाहबलाई बचाएँ । बडासाहबले स्याबासी दियो । ... साँच्चै भान्जा बाबु, महाराजको पास भन्न गएँ भने मलाई हुकुम बक्सेला ? ... मलाई हुकुम बक्से । ...
>
> यति बेरपछि बल्ल म उनलाई सम्झाउने मौका पाउँथेँ । "होइन मामा, जुद्ध शमशेर त उहिल्यै रीडी गइसके ।"
>
> "के रे ?" सुबेदार बूढा सगरबाट खसेजस्तै हुन्थे । "जुद्ध शमशेरले क्यानाम राजा छोडे ? ... हे ईश्वर, अब गयो ! त्यस्तो राजा ... त्यस्तो मालिक । अँ, भान्जा बाबु राजा को भयो त ?
>
> "राजा को अब, श्री ५ राजा ।"

"भला... त्यो पनि अच्छै भयो । जे भए पनि क्यानाम बाघको बच्चो बाघकै बच्चो हो ।" (पृ. ९१-९२)

सामाजिक शासन व्यवस्थामा आर्थिक एवम् सामाजिक संरचनागत दृष्टिकोणका आधारमा प्रभुत्वशाली वर्गले प्रभाव जमाएको हुन्छ । यसर्थ सामाजिक, सांस्कृतिक, राजनैतिक व्यवस्थामाथि हैकम कायम गर्न सफल व्यक्तिहरूको कारणले गर्दा समाजमा सीमान्तीकृत वर्गका व्यक्तिहरू पनि तिनीहरूकै गुणगान गाउन बाध्य भइरहन्छन् । सामाजिक, सांस्कृतिक, राजनैतिक स्वरूपमा एकछत्र प्रभुत्व रहेको यो वर्गले सामन्तवादी र पूँजीवादी समाज व्यवस्थाको संवाहकको रूपमा आफूलाई स्थापित गरेको हुन्छ । यसर्थ प्रतिक्रियावादी विचार आदर्शलाई आत्मसात् गरेर साहित्य, कला, सौन्दर्यलाई केवल मनोरञ्जनका रूपमा मात्रै नभएर अभिजात्य वर्गको शासनसत्ताका विरुद्ध प्रस्तुत गरिनुपर्छ (थपलिया, २०७५, पृ. १९) । यहाँ विकलले पनि यस कथामार्फत रणे जस्ता पात्रलाई अभिजात्य वर्गले दिमागी अनुशासनको भ्रम भरिदिएको यथार्थलाई पस्केको देखिन्छ । यहाँ रणे पराधीन छ । अभिजात्य संस्कृतिको प्रभावले आफ्नो पहिचान र प्रतिनिधित्वको अवस्था गुमाएर ऊ केवल सत्ता र शक्तिधारीको पक्षपोषणमा फसेको छ । यसरी सामन्तवादी, पूँजीवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक जालझेल र षड्यन्त्र गरी गरिब, निमुखा वर्गमाथि शोषण, अन्याय, अत्याचार वा थिचोमिचो गर्दा पनि उनीहरू विरोधी बन्न सक्दैनन् । यस कथामा सुबेदार रणे बूढो यसैको सिकारमा परेको कुरालाई माथिको साक्ष्यले प्रस्ट्याएको छ ।

रणे बूढोले राणाहरूलाई विरोधीहरूको पोल खोलिदिन पाउँदा तिनीहरूले बक्सिस दिन्छन् भन्ने लोभ गरेको छ । यसर्थ ऊ लोभका कारण सीमान्तीकृत बन्न बाध्य छ । परिवर्तनको अपेक्षामा राणाहरूलाई लखेट्ने सचेतनाको विकास हुँदा पनि ऊ भने राणाहरूकै गुणगानमा मग्न छ किनभने विपन्न मानिसहरू अभावका कारण सामन्त वर्गको गुलामी गर्न बाध्य हुन्छन् । उनीहरू अभ्यस्त हुन्छन् र तिनले आफू दमित भएको सन्दर्भका बारेमा गहन चिन्तन गर्ने हैसियत निर्माण गर्न सक्दैनन् । सम्पन्न वर्गले सार्वजनिक मताधिकारका आधारमा शासन गर्दछ । सर्वहारा वर्ग आफैं आफ्नो शासन गर्न परिपक्व भइनसकेको स्थितिमा राजनीतिक रूपमा पुँजीपतिकै पुच्छरमा झुन्डिएर ऊ उग्र वामपन्थ पक्षको रूपमा हिँड्नेछ (एङ्गेल्स, २०७५, पृ. १८८) । यसरी नै रणे पनि राणाहरूको वकालत गर्न पछि परेको छैन । राणाहरूले जनताको हक र अधिकारलाई खोसेर निम्न वर्गीय व्यक्तिहरूलाई किनारीकृत तुल्याएको सन्दर्भलाई उसले बोध गर्नै सक्दैन ।

वर्गीय समाजमा एउटा वर्गले भौतिक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक, सांस्कृतिक वा स्वतन्त्रतामैत्री सुखसुविधाहरूमा नियन्त्रण गरेका कारण अर्को वर्ग सबै प्रकारको अवसरबाट वञ्चित हुन्छ । निम्न वर्ग दिनरातको मिहिनेतका बाबजुद पनि अभावकै जीवन

जिउन विवश छ । उनीहरूलाई जे-जति मिहिनेत गरे पनि उठ्न नदिने सञ्जालभित्र जेलेर राखिएको हुन्छ । वास्तवमा शक्ति प्रयोग गर्ने क्रममा शक्तिशालीको इच्छाअनुसार कमजोर वर्ग निर्देशित हुने खतरा सधैँ रहन्छ । जोन स्कटले यसलाई केन्द्र र पाखाको वर्ग समूहको शक्तिको सम्बन्ध मान्छन् (श्रेष्ठ, २०६८, पृ. ३८) । त्यसैले निम्न वर्गलाई आर्थिक समृद्धि तथा चेतनाको दृष्टिले समेत माथि उठ्न दिइँदैन । यसर्थ निम्न वर्गको जीवन सम्पन्न वर्गको प्रयोग र विलासको आधार बन्दछ तथापि उनीहरू अभावको पहाडले थिचिइरहेका हुन्छन् भन्ने कुरालाई तलको वाक्यले पुष्टि गर्दछ :

> "भान्जा बाबु, गरीबको झोपडीमा केले स्वागत गरौँ, कुछ छैन !" ... "के गरौँ बाबु, आफ्नो भान्जालाई कुछ जलपान-बलपान गराऊँ भने पनि आफू अकेलो, त्यसमाथि एक पैर छैन ।" (पृ. ९२-९३)

वर्गीय समाजमा शक्तिको स्रोत पनि आर्थिक तत्त्व नै हुन्छ । त्यसकारण आर्थिक सम्पन्नताबाट विमुख सुबेदार बूढोलाई प्रभुत्वशाली वर्गले चरम आर्थिक अभाव झेल्न बाध्य बनाएको छ । यसरी आर्थिक आधारमा मानिसको स्तर निर्धारण गर्ने सामाजिक संरचनाभित्र निम्न वर्गलाई उसको सम्पूर्ण अवसरहरूबाट वञ्चित गरेर पेटको भोकभन्दा माथि सोच्नै दिइँदैन । यसरी उसलाई सीमान्तीकृत वर्गमा पुऱ्याइएको विषय अप्रत्यक्ष रूपमा प्रदर्शित छ । प्रभुत्वशाली समाजमा उच्च वर्गवालाले निम्न वर्गमाथि गर्ने व्यवहार, हेर्ने दृष्टिकोण आदि सबैलाई आर्थिक तत्त्वले प्रभाव पारेको हुन्छ । वर्गीय समाजमा शक्तिको स्रोत पनि आर्थिक तत्त्व नै हुन्छ । त्यसकारण आर्थिक सम्पन्नताबाट विमुख सुबेदार बूढोलाई प्रभुत्वशाली वर्गले आफ्नो घरगृहस्थी स्याहारेर बस्ने फुर्सदसम्म पनि नदिएको कुरा यो तलको साक्ष्यबाट प्रस्ट हुन्छ :

> "होइन बाबु," उनको छातीबाट लामो सुस्केरा निस्कन्थ्यो । "मलाई सादी गरेको दुई महिनैमा हिन्दुस्थान, जर्मनको धावामा जानु परिगो । पाँच छः सालपछि लौटें त ऊ अर्कैसँग गैसकिछ ।... ठिकै गरिछ; उसको कोही भुल छैन ।" (पृ. ९३)

माथिको साक्ष्यबाट वर्गीय विभेद भएको समाजमा निम्न वर्गलाई सधैँ सीमान्तीकरणको चरणमा नै राखिरहन्छ भन्ने मूल कथ्य प्रस्टिएको छ । विवाह गरेको दुई महिनामै पत्नीलाई छोड्नुपरेको अनि आफ्नै जीवनसङ्गीनीले त्यसरी छोडेपछि भक्कानिएको सुबेदार एक्लो बनेको छ । जीवन निर्वाहको क्रममा बिदेसिनु पर्दा उसको पारिवारिक सन्तुलन बिग्रन पुगेको छ । मानिसको जीवनमा आवश्यकता र बाध्यता अनि मुलुकको परिस्थितिका कारण धन-सम्पत्ति जोड्ने, मिठो खाने, राम्रो लगाउने विभिन्न इच्छा, चाहना हुन्छन् । यस्ता चाहना हरेक मानिसका लागि एक समान हुन्छ तर यहाँ रणे बूढो जस्ता

सीमान्तीकृतहरूलाई त्यस्तो जीवन जिउने स्थिति छैन । उसलाई परिवार जोगाउने कि जागिर जोगाउने भन्ने दुईखाले समस्या उत्तिकै महत्त्वका साथ आइपरेका छन् । आखिर उसले परिवारका लागि जागिर खाँदा परिवारलाई जोगाउन सकेको छैन । परिवारको साथ नपाएको रणे पहिचानविहीन सङ्घर्षमा हराएको छ । पूरै जीवनलाई काम गर्न सकुन्जेल एक गाँसका लागि उच्च वर्गका लागि श्रमिकका रूपमा समर्पित छ । अन्त्यमा ऊ बेवारिसे अवस्थामा पुगेर मर्न बाध्य छ ।

वर्गीय सामाजिक संरचनाका कारण सुबेदार सीमान्तीकृत हुन पुगेको छ । साथमा सम्पत्ति हुँदा सुबेदारसँग नाता जोडेर बिहे गरेकी उसकी दोस्री श्रीमती उसको स्वार्थ पूरा भएपछि सम्पत्ति लटीपटी पारेर भागेकी छ । आफूले खाईनखाई बूढेसकालको आधार बन्ला भनेको सम्पत्ति र बूढेसकालको सहारा हुन्छ भनेर स्याहार र मायाको हुटहुटीले बेहुली बनाएर भित्र्याएकी श्रीमतीले उसको भावनामा खेलबाड गरेकी छे । यसरी ऊ समाजमा मात्रै नभएर घरपरिवारबाटै पनि किनारीकृत बनेको छ ।

> “यसैले गर्दा त झन् आज त्यसको त्यो हबिगत गराई ।” मामाले दुःखी स्वरमा भन्नुभयो । “बरा, बूढेसकालमा स्याहार-सुसार र माया पाउँला भनेर स्वास्नी ल्यायो, तर बेस्से रहिछ । बूढाले पेट काटेर बूढेसकालमा काम लाग्छ भनेर जगेर्ना गरिराखेको जेथो गुट्मुट्याएर हिँडी । भला केही गुठुरी भएको भए त अहिले स्याहार-सुसार गर्ने मान्छे पनि पाउँदो हो बूढोले । अपुतालीकै लोभले पनि गर्थे होलान्, तर अब कसले हेर्छ ?” (पृ. ९७-९८)

निम्न वर्गीय आर्थिक स्थितिका कारण दारुण जीवन बाँच्न विवश पात्र सुबेदारले पत्नीबाटै धोका खाएको छ । यस कथाले आफ्नै श्रीमतीसँग समेत विश्वास गर्ने परिवेश नहुने सामाजिक विसङ्गतिलाई प्रस्तुत गरेर निम्न वर्गको पारिवारिक बाध्यतालाई दर्साएको छ । अर्को कोणबाट यहाँ रणेभित्र कुटिलता, स्वार्थ, अराजक व्यवहार गर्ने मनस्थिति नभएकाले श्रीमतीसँग जीवन-मरणको सम्बन्धको अपेक्षा गर्नु स्वाभाविक देखिन्छ । वर्गीय समाजका दृष्टिमा कसैलाई विश्वास गर्दा आर्थिक रूपमा विपन्न वर्गले आफ्नो पेट पाल्न गर्नुपर्ने सङ्घर्ष र त्यसबाट भोग्नुपर्ने प्रताडनाको चित्रण भएको छ । यसरी सीमान्तीकृत अवस्थाका पात्रको जीवन विसङ्गत, बेसहारे अनि गन्तव्यहीन बन्न पुग्ने वस्तुतालाई यस कथाले बोध गराएको छ । अन्ततः सीमान्तीकृत समुदायका पात्रहरूले जीवनमा आइपर्ने सबैखाले जटिल समस्यालाई आफैँबाट समाधान खोज्नुपर्ने, कसैको सहाराविना बाँच्नुपर्ने अनि सबै प्रकृतिका अन्याय र अत्याचार सहनुपर्ने बाध्यता रहन्छ भन्ने सन्दर्भमा यो कथा वर्गीय अवधारणामा अब्बल देखिएको छ ।

## ३.३ जातीय सीमान्तीयताका आधारमा कथागत विश्लेषण

कथाकार रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र रहेका जम्मा नौओटा कथाहरूमध्ये जातीय सीमान्तीयताको दृष्टिबाट हेर्न सकिने कथालाई यस शीर्षकअन्तर्गत समेटिएको छ । यस कथासङ्ग्रहभित्र 'बिरेकी आमा' कथाले जातीय सीमान्तीयताको सन्दर्भलाई समेटेको छ । यो कथा यस सङ्ग्रहभित्रकै जातिगत सीमान्तीय दृष्टिकोणले रचिएको उत्कृष्ट र मार्मिक कथा हो । अर्को दृष्टिले महिला, विपन्न र दलित समुदायकी एक पात्रको कारुणिक व्यथालाई यस कथाले समेटेको छ । बिरेकी आमाले भोगेको जीवन, त्यो समाजको चिन्तन र व्यवहार अनि बिरेकी आमाको नादानीपनको दयनीय अवस्थालाई कथाले समेटेको छ । समाजको अमानवीय व्यवहारले बिरेकी आमा कुण्ठित, दमित र बाध्यताको ज्वालामा पिल्सिएकी छ । उसको जीवनमा खुसीको खोजी भन्दा बढी जिउने अपेक्षा नै ठूलो विषय बनेको छ । वस्तुतः यो कथाले नेपाली समाजको सामाजिक-सांस्कृतिक चिन्तनले सिर्जना गरेको सीमान्तीय गहिराइलाई प्रस्तुत गरेको छ ।

### ३.३.१ 'बिरेकी आमा' कथामा जातीय सीमान्तीयता

'बिरेकी आमा' कथामा कठोर सामन्ती शोषणको सजीव दृष्टान्तलाई पेस गरिएको छ । यस कथाकी मूल पात्र बिरेकी आमा सामन्ती कुचक्रमा परेकी प्रताडित एवम् दीनहीन नारी पात्र हो । ठूलाबडा साहु महाजनहरूबाट मेसिनझैँ जोताइएकी बिरेमी आमा मान्छे भएर पनि समग्र मानवीय भावना, चाहना एवम् आकाङ्क्षा खोसिएकी, दबिएकी र हेपिएकी नारी पात्र हो । समाजको सामन्ती जालोले बिरेकी आमालाई जेलेको छ । यही सामन्तवादी समाजमा लुटपुटिएर निस्सासिँदै उसको जीवन लीला नै समाप्त हुन पुगेको छ । गाउँघरमा नैकिनीको नामले चिनिएकी बिरेकी आमालाई काम र मामका लागि स्वाभाविक जिन्दगी जिउने पात्रका रूपमा देखाइएको छ । यस कथामा कथाकारले काम गर्न सकुन्जेल सबैको हाइहाइ भएकी तर काम गर्न नसक्ने भएपछि सबैबाट बेवास्ता गरिएकी उसको दयनीय सीमान्तीकृत अवस्थालाई देखाएका छन् । समाजमा निम्न वर्गका मानिसहरू सधैँ उपल्लो वर्गको थिचोमिचोमा पर्दछन् । निम्न वर्गीय मानिसलाई उच्च वर्गका मानिसहरूले महत्त्व दिँदैनन् । समाजमा उनीहरूको कुनै स्थान हुँदैन । नेपाली समाजमा उच्च वर्गको पहिचानले निम्न वर्गको पहिचानलाई निषेध गरेको छ भने ब्राह्मणवाद र सवर्णले जनजाति र दलितको पहिचानलाई निषेध गरेको छ (भट्टराई, २०७० क, पृ. ३३) । जातका आधारमा मानिसको उच्चताको मापन गरिने समाजमा निम्न जातको मानिस सधैँ महत्त्वहीन हुन्छ । आजसम्म पनि नेपाली समाज जातीय परिवेशबाट माथि उठ्न सकेको छैन । मानिस चेतनाले भरिपूर्ण भए तापनि आजको युगले समेत त्यसलाई आत्मसात् गर्न नसकेको स्थितिलाई हेर्दा हिजोको समाज अझै बढी सङ्कीर्ण र विभेदकारी थियो । उक्त कुरालाई यस कथांशले पुष्टि गर्दछ :

> “बिरेकी आमा त अघि साँझ खुस्की छ नि, थाहा पाउनुभयो ?”... “कत्रो न बाघ मारेको कथा सुनाएँ भन्दिहो जैरी, जाबी बिरेकी आमा मरेको कुरा सुनाएर ।” म मनमनै भुटभुटिएँ, “न कुनै नामकी न कुनै इज्जतकी, गाउँघरमा अर्काको ढिकीजाँतो गरेर पेट पाल्ने एउटी जाबी ।” (पृ. ५६)

माथिको कथांशको यो संवाद समाख्याताकी श्रीमतीले खाना खाने क्रममा आफ्नो श्रीमतीलाई भनिएको प्रसङ्गमा आएको छ । एउटी निम्न जातीय छिमेकीको दुःखद् अन्त्यले पनि समाख्यातालाई छोएको छैन । उसको लागि बिरेकी आमाको मृत्यु एउटा पशुको मृत्यु जत्तिको समेत भएको छैन । उसको विचारमा बाघको मृत्युले त्योभन्दा बढी महत्त्व पाउँथ्यो । बिरेकी आमालाई अर्काको ढिकीजाँतो गर्ने तल्लो वर्गकी पात्र भएकै कारण उसको मृत्यु जस्तो संवेदनशील अन्त्यमा समेत कठोर समाजले मानवीय हिस्सासम्म दिएको छैन । कथामा बिरेकी आमा समाजकी एक कर्मठ पात्र हो । उसको कर्मले सारा गाउँको कामधन्दा सम्पन्न हुन्छ । यद्यपि ऊ केवल समाजले निर्माण गरेको जातीय सङ्कीर्णताको घेराभित्र पिसिन विवश हुन्छे । यसर्थ उसको कुनै इतिहास छैन । ऊ इतिहासविहीन कर्मठ ग्रामनिर्माता भएर पनि समाजमा लाञ्छित छे । अपमानित र श्रमशोषणको चरम सिकारमा परेकी छे । ऊ जातीय सङ्कीर्णताका कारण समाजमा अछुत भएर बाँचेकी छे । आखिर उसको विपन्नता, जातीय रूपमा पृथक् हुनुको अवस्था अनि उसको बाध्यतासँग समाजमा संवेनशीलता छैन । ऊ उत्तिकै समाजकी सङ्घर्ष र कर्ममा तल्लीन असल पात्र भएर पनि उसको जीवन मूल्यहीन हुनुमा समाजको कुलीन सोच मुख्य कारक हो । अर्को आधारमा ऊ अभावमा बाँच्ने र नारी पात्र हो । यसरी समाजले निर्माण गरेको जातीय दायरा अनि यही अन्धपरम्परामा अमानवीय हैकम लादिएर ऊ कठोर अन्यायभित्र कुण्ठित, दमित र दलित बनेकी छ ।

तत्कालीन जातीय भेदभावले ग्रसित समाजको सामाजिक निर्मितिका कारण बिरेकी आमा जातीय विभेदको कारुणिक सिकार बनेकी छे । समाजमा रीति तथा मूल्यका आधारमा ज्ञानको निर्माण हुन्छ । यसबाट व्यक्तिको सोच र विचार सोही प्रकृतिको बन्न पुग्छ । कुनै पनि व्यक्ति वा वस्तुको मूल्य र महत्त्वको निर्धारण तत्कालीन समाजको चिन्तनले विकास गरेको सापेक्षतामा आधारित हुन्छ । उक्त समाजमा उपल्ला वर्ग वा जातिले आफ्नो हितमा सामाजिक निर्मिति सिर्जना गरेका हुन्छन् । त्यस समयको ज्ञान र शक्ति दुवै उच्च जातको पक्षमा थियो । सबै प्रकारका मूल्य र महत्त्व उच्च जातले मात्रै पाउने हुनाले बिरेकी आमा जातीय रूपमा सीमान्तीकृत अवस्थामा पुगेकी पात्र हो । त्यसैकारण पनि उक्त समाजमा उसको स्थान काल्पनिक पात्र जत्तिको पनि रहेन । उसलाई समाजले घृणा र अपमान मात्रै दिइरह्यो ।

“बिचरी घलेको मेला गएकी रे, खाजा खाने बेलादेखि नै पखाला चल्न थालिहालेछ । बिचरी हिजो रातभर, आज दिनभर, अघि साँझ त मरिहाली । न एक पैसाको ओखती देख्न पाई, न कुनै गाउँले झार-पात नै सुँघ्न पाई !” (पृ. ५७)

माथिको साक्ष्यमा समाजमा उच्च वर्गका व्यक्तिले निम्न वर्गका व्यक्तिमाथि गर्ने अन्याय, अत्याचार, थिचोमिचो, निम्न जातिप्रतिको सामाजिक जवाफदेहिताको विषयमा गरिएको बेवास्तालाई दर्साइएको छ । निम्न जातिकी प्रतिनिधि पात्र बिरेकी आमा घलेको मेलामा बिरामी परेकी छ । उसको श्रमबाट उत्पादित उत्पादनलाई घलेले स्वीकार गरेको हुन्छ तर ऊ बिरामी भएर छट्पटिएको अवस्थामा उसको ओखतीमुलो गर्ने जिम्मेवारी वहन नगर्नु उसको गैरजिम्मेवारपन हो । वर्गीय समाजमा जातिगत विभेद शोषणको मुख्य आधार हो । निम्न जातको श्रमबाट आर्जित उत्पादनमा हैकम लाद्ने सोच बोकेको कथित माथिल्लो जातले तल्लो जातकी बिरेकी आमाको मृत्युलाई अमानवीय व्यवहार प्रदर्शन गरेको छ । तल्लो जातको व्यक्ति बिरामी भएर छट्पटिँदा उपल्ला जातका व्यक्तिले छुनसम्म पनि नचाहने मानसिक सङ्कीर्णतालाई कथाकार विकलले यस कथामा देखाएका छन् । श्रम र उत्पादनको उपभोगमा छुवाछुत नहुने, तल्लो जातकै व्यक्तिको पसिनाबाट उत्पादित वस्तुमा जीवन निर्वाह गर्ने तर उसको मृत्युमा समेत अलिकति पनि संवेदना नदेखाउने अन्यायपूर्ण स्थितिबाट सिर्जित सीमान्तीकृत परिवेशलाई यस कथाले छर्लङ्ग बनाएको छ । निम्न वर्गको व्यक्तिको मृत्युमा उपचार नपाउनु, कतै कसैले खबरसम्म नपाउनु र समाजमा उसको मृत्युको मूल्य नै नहुनुले तत्कालीन समाजको निरीह बौद्धिकता उदाङ्गो भएको छ । यसबाट जातीय सङ्कीर्णता र तल्लो जातका व्यक्तिमाथि गरिने थिचोमिचो, छुवाछुत प्रथा, विपन्नताको फाइदा लिने सामन्ती सोच प्रदर्शन भएको छ ।

विभेदकारी समाजको संरचनाभित्र जेलिएका कारण बिरेकी आमाले उपचार नपाएरै अकालमा मृत्युवरण गर्नुपरेको हो । पहिलो कुरा, ऊ तल्लो जातकी नारी पात्र हो । दोस्रो, ऊ विपन्न पनि छे । यसकारण उसले कठिन अवस्थामा पनि साहु महाजनको मेलापात गर्नुपर्ने बाध्यता छ । यदि यस्तो सामाजिक संरचना नभएर सकारात्मक र समुन्नत चिन्तनयुक्त समाज भएको भए बिरेकी आमाले त्यसरी जीवन जिउनुपर्ने स्थिति नै रहन्नथ्यो । साथै, ऊ बिरामी पर्दा उपचार पाउने तथा उसको मृत्युमा समाजले संवेदना प्रकट गर्ने र कम से कम श्रद्धाञ्जली अर्पण गर्ने परिवेश बन्न सक्थ्यो । निम्न जातको हुनु जैविक कुरा मात्रै हो तथापि समाजले मानिस-मानिसमा जातीय लेपन लगाएका कारण उसले विनाअपराधको नैतिक, मानसिक, शारीरिक, आर्थिक, सामाजिक र सांस्कृतिक दमन भोग्नुपरेको छ । दलित र गैरदलित समूहको विभाजनले सिर्जना गरेको स्तरीकरण र श्रेणीमूलका आधारमा उच्चता र निचता तथा प्रधानता र हीनताको अवस्था सिर्जना भयो

भने जातीयतामा नै अधीनस्थता, दमन र दमित, विभेद र उत्पीडनको अवस्था सिर्जना भयो (भट्टराई, २०७७ ख, पृ. १५४) । यहाँ बिरेकी आमा सामाजिक दमनकारी चिन्तन र जात व्यवस्थाका कारण सीमान्तीकृत बनेकी छ । यहाँ कथाकारले काल्पनिक पात्र वनबालाको सौन्दर्यताको अगाडि बिरेकी आमाको कुरूपतालाई जातीय सीमान्तीयताको विभेदबाट ग्रस्त पात्रका रूपमा यसरी प्रस्ट्याएका छन् :

> "उसको आङको पसिना र धुलोमा लट्पटिएर, कुँएत्रिएर चिराचिरा परेको थाङ्नाले उसको कुरूपतालाई लुकाउनुको साटो झन् वीभत्स रूपमा अरूका आँखा अगाडि ल्याएर पछारिदिन्थ्यो । प्वालैप्वाल परेको चोलो र धरैधरा परेको धोतीभित्रबाट च्याउने उसको टाटैटाटा र दागैदाग भएका तिघ्रा, पाखुरा, छाती, आङ । छिः छिः छिः छिः छिः किशोरी वनबालाको ठाउँमा ?" (पृ. ५८)

माथिको साक्ष्यले हाम्रो समाजमा ज्ञानको निर्माणमा नै पुरातनवादी सोचको प्रभाव छ भन्ने कुरालाई देखाएको छ । समाजमा उच्च वर्गको भनिएका तथा बुद्धिजीवी भनिएकाहरूबाटै निम्न जातिलाई गर्ने व्यवहार, सोच्ने सोचाइ, हेर्ने दृष्टिकोण सबै निम्न स्तरको हुन्छ । उनीहरूले हेयका दृष्टिले हेर्ने गर्दछन् । निम्न वर्गका मानिसहरू पिछडा भएका कारण उनीहरूको पहिरन, लवाइखवाइ, चालचलनमा खोट लगाइरहिन्छ । तल्ला जातका पात्रलाई एउटा काल्पनिक पात्रलाई दिइएको इज्जत, मानसम्मानभन्दा पनि कमजोर स्थानमा राखेर हेरिँदा मानवताको नामै कमजोर देखिएको छ । यहाँ बिरेकी आमाको खोट अनि काल्पनिक पात्र वनबालाको सौन्दर्यलाई तुलना गरिनुले तल्ला जातका मानिसहरूप्रति घृणा भाव दर्साउने मनोवृत्ति चित्रित छ । समाजले उसको गरिबीलाई खिल्ली उडाएको उत्कर्ष भाव प्रदर्शित भएको छ । उसको सौन्दर्यतामाथि अनेकन खोट लगाइएको छ । यही कुरा नै समाजको ज्ञान निर्माणको उपज हो । जातकै आधारमा मानिसको उच्चताको मापन गरिने कुसंस्कारका माझमा निम्न जातका मानिसको मूल्यमा जन्मजात अपहेलना हुन्छ । नेपाली समाजको बहुआयामिक मिश्रित संरचनामा सीमान्तकृत वर्गको मिहिनेत र श्रम जोडिएको छ । यसबाटै उच्च वर्गका व्यक्तिहरूले उत्पादन बढाएर उपभोग गर्दै राम्रो लाएर मीठो खान पाएका छन् । यसर्थ यहाँ निम्न जातिलाई गालीगलौज, अपमान, दरिद्रताको सिकार बनाउने समाजको चेतनामा निम्न जातिप्रति विरोधी भावना स्थापित छ ।

१.

> "नराम्री भई त के भयो, आखिर यो पनि एउटा स्वास्नी मानिस नै त हो !... गरीब भै त के भयो आखिर यो पनि नेपाली नै त हो !... के सोचेको हुँला,

चाना पखाल्या' पानी जस्तो । त्यो जैरीको त्यो जिन्दगीको कुनचाहिँ विशेषताको जगमा कहानीको भित्तो ठड्याउने ?..."

२.

"बिचरी हजारै गरिब भए पनि कसैको कनिकाको गेडासम्म पनि सित्तै खाइन है; बरु गाउँभरिलाई रीन बोकाएर गई । यो गाउँमा त्यो गाउँमा त्यो बिचरीको पसिना नपचाउने पनि कुनै भएनन् । आफैँले पनि धान कुटाएको ज्याला डेढ माना चामल दिन सकिया' थिएन ।" (पृ. ५९)

माथिका साक्ष्यमा पहिलो साक्ष्य पतिले भनेको र दोस्रो साक्ष्य पत्नीले भनेको संवादको रूपमा आएको छ । जातीय विभेदबाट स्थापित भएको समाजमा निम्न जातका लागि असक्षमता र गालीको उपहारबाहेक केही पनि दिन सकेको छैन । समाजमा परिवर्तनका लागि सोचिने विषयवस्तु पनि कतिपय सन्दर्भमा हाँसोमजाक बन्न पुग्छन् । कथाको पात्र समाख्याता बिरेकी आमालाई आफ्नो कथाको नायिका बनाउने बारेमा सोच्दा मात्रै पनि हाँसोको पात्र बन्न सक्ने कल्पना गरिएको प्रसङ्ग छ । यस सन्दर्भमा बिरेकी आमालाई कथाकी पात्र बनाउनमा उसले अयोग्य ठानेको छ । 'त्यो जैरीको जीवनको कुनै पनि विशेषताले कहानीको भित्तो थाम्न नसक्ने' भन्दै अपमान गरिएको छ । सीमान्तीकृत वर्गलाई सधैँ आफ्नो हित र अस्तित्वको लागि केवल भौतिक वस्तुको रूपमा प्रयोग गर्ने कथित उच्च जात भनाउँदाहरूको रणनीतिक जालको कारण निम्न वर्गहरू सीमान्तीकृत अवस्थामा जीवन व्यतीत गर्न बाध्य भएको कुरालाई माथिको साक्ष्यले प्रस्ट पारेको छ ।

माथिको दोस्रो साक्ष्यबाट बिरेकी आमा उदार मन भएकी व्यक्ति हो भन्ने कुरा पुष्टि हुन्छ । ऊ दलित, दमित, तल्लो जातकी भए पनि उसले समाजका सबैलाई गुन लगाएर गएकी छ । त्यसको बदलामा उसलाई गाउँका सबैले सम्मान गर्नुपर्नेमा उल्टो हाम्रो समाजको कुसंस्कारका कारण अपमान मात्रै प्राप्त हुन पुगेको छ । हाम्रो समाजको निर्माण नै उच्च जातिले निम्न जातिलाई सम्मान गर्नु नहुने र अपमान नै गर्नुपर्छ भन्ने सङ्कीर्ण संस्कारको पृष्ठाधारमा निर्मित छ । जातीय पहिचान नै उसको जीवनको अस्तित्वका लागि तगारो बनेको छ । उसले आफ्नो पहिचानमा बाँच्न पाएकी छैन । यसर्थ ऊ सीमान्तकृत पात्र बनेर समाजमा अपहेलित, कुण्ठित र दमित बन्न पुगेकी छ । उसले यस कुकृत्यका विरुद्ध प्रतिरोधी व्यवहार देखाउन सकेकी छैन । बरु ऊ आफैँ यस अन्यायमा बेआवाज छे । उसको श्रमशोषणमा बोलेका आवाज केवल असक्षम र अल्पसङ्ख्यक दमितको आवाज बन्न पुगेको छ । उसले न्याय माग्न जाने स्थान नै कथित उच्च जातिको हैकमभित्र सीमित भएकाले ऊ अन्यायको सिकार बनेकी छ । समाजमा हेपिएर बस्नु उसको बाध्यता थियो । अरूले आफूमाथि गरेको अन्याय, अत्याचारलाई बुझे पनि विद्रोह गर्दा केवल हाँसोको पात्र

मात्र बनेकी छ । ऊ विद्रोही बन्दा गाउँमा रमिता भएको छ । यति भएर पनि उसमा आफ्नो स्थितिको चेत छ :

> “धनी भएँ भनेर होला... मर्न नसकेको कात्तिके; हिजो बेलुकी पेट दुखेर सन्चो भएन, जरो पनि आयो,”- यति खेर बिरेकी आमाको स्वर झन् चर्केको हुन्थ्यो । - “सक्तिन भन्दा पनि कर लाएर बिहान धान कुट्न गएँ, आधा माना चामल दिएको पनि कनिकाको मियैमिया ! मर्न नसकेको काठो ।” (पृ. ६०)

सीमान्तकृत व्यक्तिहरू प्रभुत्वशालीका विरुद्ध बोल्न सक्दैनन् । बोलिहाले पनि तिनको आवाजको कुनै मूल्य हुँदैन । बोलिहाले पनि तिनीहरूको आवाज निर्णायक मोडमा पुग्न सक्दैन । श्रमको उचित मूल्य पाउने वा श्रमको मूल्य नै नपाउने र कति पाउने भन्ने निर्णायक अधिकार पनि प्रभुत्वशाली वर्गकै हातमा हुन्छ । निम्न वर्गीय व्यक्तिका लागि बोलीव्यवहार मात्रै नभएर उसको हिँड्ने बाटो पनि फरक हुन्छ । उनीहरूले पाउने ज्याला फरक हुन्छ र त्यस कुरालाई सामन्त वर्गले निर्धारण गरिदिन्छ । सामाजिक-सांस्कृतिक संरचनाका कारण कोही सम्भ्रान्त वर्गहरू बाटोमा जम्काभेट भएमा तिनले तर्किएर एकछेउ लागिदिनुपर्ने बाध्यता पनि सम्भ्रान्त वर्गकै निर्मिति हो ।

> “लुते कुकुरनी जस्तो लिप्सिक्क भित्तामा लेप्सिएर गाउँका भलेआद्मी, ठूलाबडाका निम्ति सिङ्गै बाटो छोडिदिन्थी । ठूलाबडाहरू त्यै उसले छोडेको बाटोबाट छाती फुकाउँदै अगाडि बढ्दथे ।” (पृ. ६१)

यसरी उच्च जातिका मानिसहरूले निम्न जातिका मानिसहरूलाई आफू हिँड्ने बाटोमा समेत सीमान्तीकृत तुल्याइदिएका छन् । उच्च जातका प्रभुत्वशाली समाज सञ्चालनको ठेक्का पाएका व्यक्तिहरू छाती फुलाएर हिँड्छन् । उनीहरू समाजमा गरिबलाई चुस्न पल्किएका छन् । समाजमा तल्ला जातिको अस्तित्व छैन । उनीहरू आफ्नो इच्छाअनुसार केही पनि गर्न स्वतन्त्र छैनन् । काम गर्न, बोल्न, हिँडडुल गर्न, खान सबै अरूको इच्छा र चाहनाअनुसार नैसम्पन्न गर्नुपरेको छ :

> “नाङ्गी-पाखुरा नै हतियार, गाउँभरिमा जसकहाँ जे परिआओस् बिरेकी आमाको पुकार । बिचारी बाजेको कलमा जानुपऱ्यो, माइला बाजेकी बज्यै सुत्केरी भइन्, पण्डितनीको घरमा श्राद्ध पऱ्यो, अनि त बिरेकी आमाको सास फेर्ने फुर्सद छैन । ऊ नै सबैतिर भ्याउँथी । किनभने ऊ नै सबै कामको निम्ति गाउँमा फाल्तु थिई । अरू गाउँलेसँग त उनीहरूको आफ्नो घरवार थियो, आफ्नै जिन्दगी र आफ्नै परिवार थियो । त्यसभन्दा बेसी कामको निम्ति अरूको गृहस्थको साथमा फाल्तु समय र शक्ति थिएन । यस्तो

> कामको फाल्तु समय र शक्ति त बिरेकी आमासँगै थियो । किनभने ऊ स्वयम् फाल्तु थिई । उसको घरवार घरवार थिएन, उसको परिवार परिवार थिएन । ऊसँग जे थियो सबै फाल्तु थियो । सब गाउँलेको अस्तित्व नै उसको आफ्नो अस्तित्वझैँ देखिन्थ्यो, तर वास्तवमा उसको अस्तित्व नै गाउँको अस्तित्व थियो, आफू बाँचेर ऊ गाउँको अस्तित्व राख्दथी ।" (पृ. ६१)

माथिको साक्ष्यबाट गरिब, निमुखा, निम्नवर्गीय, सीमान्तकृत वर्गका व्यक्तिहरू सधैँ दमित भएर बाँचिरहनुपर्छ भन्ने तक्ष्य पुष्टि भएको छ । उनीहरूको नाङ्गो पाखुरा नै हतियार हुनु तिनको बाध्यता हो । बिरेकी आमामाथि गाउँमा भएका सबै काम सम्पन्न गर्नुपर्ने बाध्यता छ । उसले आफ्नो घरपरिवार, आफ्नो जिम्मेवारी, आफ्ना चाहनालाई मारेर गाउँका आफू उपल्ला जातका मानिसको व्यवहार धानेकी छे । यसरी आफ्नो अस्तित्व नै नभएको नियतिलाई समाजले निर्माण गरेर उसलाई बन्दी बनाइदिएको छ । समाजका नीतिनिर्माता मानिने उच्च जातका व्यक्तिहरूबाट नै उसलाई यी तमाम दमनकारी व्यवहार भोग्न बाध्य बनाइएको कुरालाई माथिको साक्ष्यमा चित्रण गरिएको छ । उसको गरिबी र तल्लो जाति हुनुको कमजोरीबाट सिङ्गो समाजले फाइदा लिएको छ तर उसको कुनै मूल्य छैन । उसको कुनै अस्तित्व छैन भन्ने यथार्थलाई यसरी देखाइएको छ :

> "तै पनि गाउँका ठूलाबडाका आँखामा ऊ मानिस थिइन, मिसिन थिई-एउटा मिसिन । त्यही मिसिन पनि बराबर जगेर्ना गर्न नपर्ने जस्तो । उनीहरू घाँस काट्ने हँसिया पनि जगेर्ना गरेर रातोदिन घामपानीमा फ्याँकिराखे चाँडै खियाले झर्छ भन्ने त्यसलाई सोच्न चाहन्नथे । सोचेर पनि त के फाइदा ? ... न बिरेकी आमाले आधा पेट खाएर कसैको पेट बटारिन्थ्यो, न त चिरैचिरा, प्वालैप्वाल भएको मैलो गन्हाउने लुगाको अन्तरबाट च्याउने टाटैटाटा र दागैदाग भएको उसको अङ्गप्रत्यङ्गले कसैलाई सरमको अनुभव नै हुन्थ्यो ।" (पृ. ६१-६२)

हाम्रो समाजमा बिरेकी आमा जस्ता हजारौँ व्यक्तिहरू मिसिनभन्दा पनि तल्लो श्रेणीमा पुग्नुपर्ने बाध्यतालाई माथिको साक्ष्यमा देखाइएको छ । मेसिनलाई पनि घामपानीले खिया लाग्छ, बेलाबेलामा अर्जाप्नुपर्छ, मर्मत सम्भार गर्नुपर्छ र किनेर मात्रै पाइन्छ तर बिरेकी आमा सबैभन्दा हेपिएकी गाउँकी साझा औजार थिई । काम दिए पनि वा नदिए पनि हुने, ज्याला दिए पनि वा नदिए पनि हुने, काम जस्तो पनि, जहिले पनि दिए हुने पात्र थिई । उसलाई न्यूनतम मानवीय दर्जा पनि दिइएको छैन । समाजका कारण सामाजिक उत्तरदायित्वहीन स्थितिमा उसको जीवन परजीवी र हेय बनेको छ । प्रभुत्वशाली समाजले निम्न जातलाई मानवीय दर्जासमेत नदिएर भौतिक वस्तु जत्तिको समेत नदेखेपछि निम्न

वर्गहरूको जीवन दुःखदायी बन्नु स्वाभाविक हो । एउटै समाजमा उसलाई फरक पात्र बनाइनु सबैभन्दा बढी कारुणिक विषय हो । यसरी जातका आधारमा समाजले एक श्रमजीवी नारीलाई सीमान्तकृत बनाएर एकातिर मिल्काइदिएको छ । फाइदा लिएको छ तर मूल्य दिएको छैन :

> "केटाकेटीले मिल्काएको मासु-भात, अनि बिचारीकी बुहारीले माऊन दिएको दसैँमा मासु पकाएको भाँडा कोरकार गर्दा आएको एक बोहोता अवशेष नै उसको लागि सुखको चरम सिँढी थियो । यसको साधन, सेवा र साध्य समाजले लत्याएर दिएको दया ।" (पृ. ६४)

समाजमा स्थापित मूल्यले मानिसको चेतनाको स्तरलाई निर्धारण गरेको हुन्छ । समाजले तय गरेको ज्ञानको निर्मितिले समाजमा बस्ने मानिसहरूलाई प्रभाव पारेर सोही अनुरूपको चेतनाको विकास भएको हुन्छ । समाजले उनीहरूप्रति सोही व्यवहारको निरूपण गरेको हुन्छ । निम्न जातका व्यक्तिहरू आफू चाहेर निरीह बनेका होइनन् । उनीहरूलाई समाजमा निर्मित ज्ञानको निर्मितिले स्वतः निरीह र असचेत बनाइरहेको हुन्छ । जन्मनासाथ कोही अछुत र कोही उच्च कुलीन वर्गको हुने कुरालाई समाजले निर्धारण गरिदिएको छ । बिरेकी आमा आफैं असचेत भएको नभएर समाजले निर्धारण गरेको निर्मिति हो । श्रमको मूल्य थाहा नपाएकै कारण ऊ सधैं एकछाकमै बिकी । एक छाकभन्दा माथि जान सकिन । समाजले उसको श्रमशोषण गरेको पत्तो पनि पाइन । एक पेट खानभन्दा माथि उठेर कहिल्यै सोचिन । यसर्थ ऊ एक पेटको लागि जन्मेकी हो भन्ने भाष्य सिर्जना भयो । उसमा सानो-सानो कुरामा खुसी हुने स्वभाव छ । छिमेकीको देवालीमा केटाकेटीले मिल्काएको हड्डीसड्डी र भाँडा माऊदा आएको पुछपाछबाट पनि ऊ औधी खुसी देखिएकी छ । संसारमा ऊ असाध्यै धेरै खुसी हुन जान्ने पात्र हो । त्यसकारण उच्च जातले निम्न जातिको चेतनाको तहमा ज्यादै घृणित ढङ्गले प्रहार गरेर सचेत बन्नै नदिई दास मानसिकताको विकास गरेको हुन्छ भन्ने कुरालाई माथिको साक्ष्यले पुष्टि गर्दछ । उसको मरणपछिको स्थितिचाहिँ यस्तो छ :

> "हेर अब यो बिचरीको दुर्गति ! एकातिर छोरा मोराको पत्तोअत्तो छैन, न भोट छ न मधेश छ, अर्कोतिर आफ्नो भन्ने इष्टमित्र कोही छैन ।" ... अब त्यो सिनो कतिञ्जेल मझेरीमा सड्ने हो । गाउँका ठूला जातले छुन जानु भएन, के गर्ने । ऊसँग अहिले केही जेथा हुँदो हो त चारैतिरबाट नाता छोप्तै ... । (पृ. ६५)

यत्रो वर्ष त्यही समाजलाई आफ्नो सर्वश्व ठानेर त्यस ठाउँमा उसले आफ्नो श्रम खन्याएकी छ । आफ्नो पूरा जीवन त्यस गाउँमा अर्पिएकी भए पनि उसका आफ्नाचाहिँ कोही

भएनन् । ऊ सबैको मेसिन बनी । सबैलाई उसको श्रम प्यारो भयो तर उसको आफ्नो सम्पत्ति र भएको सन्तान साथमा नहुँदा ऊ नितान्त एक्ली छे । उसले अर्काको मेलापातबाहेकको विकल्पका बारेमा सोच्नुपर्छ भन्नेसम्म पनि बुझेकै छैन । उच्च जातले निम्न जातलाई जातकै आधारमा विभेद गरेका कारणले बिरेकी आमाको छोरो नहुँदा लासै नउठेर सड्ने अवस्था आएको छ । बाँचुन्जेल आफ्नो आवश्यकताअनुसार उसको श्रमको चरम उपभोग गर्ने र मरेपछि छुन पनि घृणा गर्ने संस्कार समाजमा विकसित छ । जिउँदो हुन्जेल उसको श्रमलाई सबैले लुछाचुँडी गरेर प्रयोग गरेका छन् । माथिको साक्ष्यबाट जिउँदो हुँदा उसले माझेका भाँडा, धोएका लुगा, उसले कुटेको धान सबैले खुसीसाथ उपभोग गरेका छन् भने मरेपछि ऊ निम्न जातकी भएकै कारण देखाएर उसको लाससमेत अछुत बनेको कुरा पुष्टि भएको छ । समाजमा उच्च जातले सीमान्तीकृत जातिलाई घृणाको त्यो पराकाष्ठासम्म पुऱ्याएरै छाड्छ भन्ने कुरालाई तलको कथांशले झनै प्रस्ट पारेको छ :

> मलाई यहाँसम्म थाहा छ आजका लायक र जमामर्द भएर छाती फुलाएर हिँड्ने गाउँका जुँघामुठे ठिटाहरूलाई आज जमामर्द भएर छाती अकड्याएर हिँड्ने बनाएकी बिरेकी आमाले नै हो । उसैले यिनीहरूलाई रगतको कुण्डबाट उतारेर अँध्यारो कुनाबाट उज्यालो संसार देखाएकी थिई; उसैले यी सबलाई तेल चुपर, सेकपात गरेर यिनका हड्डीमा तागत भरेकी थिई । कतिले त उसको दूध पनि घुड्क्याएका थिए । जसमध्ये एकजना म स्वयम् हुँ ।
>
> तर आज ऊ मरी; ऊसँग मान, इज्जत, धन-दौलत केही पनि छैन त्यसैले ठूलाबडाका आँखामा उसको जात पनि छैन–मान्छेको जात ! सबैलाई उसले मान्छे बनाएकी थिई रे, तर उसले बनाएका मान्छे आज ठूला जात थिए, ऊ सानो जात । वास्तवमा समाजको आँखामा आज ऊ मान्छे नभएर जात थिई– केवल जात । (पृ. ६५)

सीमान्तीकृत जातिका मानिसले आफूलाई मानवताको दर्जाबाटै अलग गर्नुपर्ने गरेर उँचो बनाउँछन् । बिरेकी आमाले गाउँका सबै सुत्केरी र उच्च जातका बलिया मान्छेको स्याहार गरेको कथ्यले यहाँ उसले गाउँको अप्ठ्यारो टार्ने गरेको कुरा प्रस्ट छ । जातीय विद्वेष वा विभेदको संस्कारबाट ग्रस्त समाजमा निम्न जातिका मानिसलाई बाँचुन्जेल मात्र नभएर मृत्युपश्चात्समेत पिरोलिरहने परिपाटीलाई यस साक्ष्यले इङ्गित गरेको छ । त्यही व्यक्तिको दूध चुसेर उसैको स्याहारचाकरले लाठे भएपछि उसैको लासलाई अछुत मान्ने संवेदनहीन पक्षको उजागर भएको छ । अतः सीमान्तकृत वर्गका पात्रलाई समाजले यतिसम्म गिरेर अपमान र तिरस्कार गर्छ भन्ने दृष्टान्तबाट कथाकारले जातीय विभेदका

विरुद्ध आवाज उठाएका छन् । यसबाट धनसम्पत्ति हुँदा त्यही व्यक्ति छुतमा गन्न सकिने सम्भावना रहन सक्छ भन्ने सङ्कीर्ण चिन्तनको सामाजिक परिपाटीको सङ्केत गरिएको छ ।

यहाँ विशेषतः निम्न जातिका व्यक्तिले भोगेको कष्टप्रद जीवनलाई कारुणिक रूपमा देखाइएको छ । वस्तुतः समाजमा स्थापित ज्ञानको निर्मिति ठूलाठालुका चङ्गुलबाट बाहिर निस्कन नसकेको परिवेशलाई चित्रण गरिएको छ । यसरी समाजको ज्ञानको निर्माण र त्यसैबाट सामाजिक मानसिकताको विकास भई उच्च जातले निम्न जातका मानिसलाई गर्ने व्यवहारको निर्माण हुने कुरालाई 'बिरेकी आमा' कथामा कलात्मक रूपमा देखाइएको छ । यस कथाका माध्यमबाट जातीय सीमान्तीकृत अवस्थालाई मार्मिक ढङ्गले प्रस्ट्याइएको छ ।

## ३.४ लैङ्गिक सीमान्तीयताका आधारमा कथागत विश्लेषण

रमेश विकलद्वारा लिखित *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्ग्रहित पाँचओटा कथाहरूलाई यस शीर्षकअन्तर्गत विश्लेषण गरिएको छ । लैङ्गिक सीमान्तीयताका आधारमा विश्लेषण गरिने कथाहरू 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाखी' रहेका छन् । यी कथामा पितृसत्तात्मक चिन्तनका कारण नारीहरूले सीमान्तीकृत बन्नुपरेको विषय समावेश छ । नेपाली समाजमा व्याप्त लैङ्गिक विभेदकारी चिन्तनले पारेको असरलाई यी कथाले समेटेका छन् ।

### ३.४.१ 'भन्ज्याङको चौतारो' कथामा लैङ्गिक सीमान्तीयता

'भन्ज्याङको चौतारो' कथामा निम्न वर्गको जीवनको जटिलतालाई बले र पातलीका माध्यमबाट सूक्ष्म रूपमा हेरिएको छ । लैङ्गिक सन्दर्भलाई मुख्य विषयवस्तु बनाइएको यस कथामा नारीहरूमाथि भएको लैङ्गिक सीमान्तीयताको घटनालाई उजागर गरिएको छ । यस कथाले नेपाली समाजमा प्रचलित लैङ्गिक सम्बन्ध र सामाजिक अवस्थालाई चित्रण गरेको छ । कथामा पातली, सुनौली र सौतेनी आमाको भूमिकाले नारी पात्रका समस्यालाई उजागर गरेको देखिन्छ । पातली र सुनौली दृश्य पात्रका रूपमा आएका छन् भने सौतेनी आमाको उपस्थिति वर्णनात्मक रूपमा आएको छ । पातली बलेकी पत्नीको रूपमा आएकी छ । बले लाहुर गएपछि उसलाई छोडेर पातली पोइला गएकी छ । पाँच वर्षपछि बले लाहुरबाट फर्कँदा भन्ज्याङको चौतारोमा थकाइ मार्ने क्रममा बले र पातलीको भेट भएको प्रसङ्गलाई कथामा देखाइएको छ ।

यस कथामा भन्ज्याङको चौतारामा भट्टी पसल थाप्ने सुनौली अर्की नारी पात्र हो । सुनौलीको पसलमा आउने बटुवाहरूले सुनौलीप्रति गरेको व्यवहार फरक प्रकृतिको छ । यद्यपि कथामा आएका पात्रहरूले आ-आफ्नो अस्तित्व रक्षाका लागि सङ्घर्ष गरेका छन् तर पुरुषसत्ताको जगमा ठडिएको सामाजिक सङ्कीर्णता र व्यवहारले गर्दा महिला वर्ग पीडित भएको सन्दर्भमा यो कथा संरचित छ । यहाँ पातलीले बलेलाई छोडेर पोइल जानुलाई चाहिँ

पितृसत्तात्मक चिन्तनभित्र समावेश गर्नु उपयुक्त नभए पनि जैविक आवश्यकता र गरिबीको समस्या जोडिन्छ । यसको अर्थ गरिबीले पातलीमा पारिवारिक ज्ञान र सचेतनामा प्रभाव पारेको हो ।

अर्को प्रसङ्गमा चाहिँ पुरुषहरूले महिलालाई गर्ने फरक व्यवहारले समाजमा पारेको प्रभाव, समाजको निर्मिति र ज्ञानलाई कथाकारले यसरी प्रस्ट्याएका छन् :

> "पल्लो भित्तामा सुनौली कान्छी जाँड बेचिरहेकी थिई । उसका वरिपरि दुई-चार बटुवाहरू झ्याम्मिएर जाँड पिउँदै उससँग ठट्टा गरिरहेका थिए । उनीहरूको छेडछाडले सुनौलीका सुन जस्ता गालामा सरमको अबीर छरिन्थ्यो ।" (पृ. २)

पुरुष केन्द्रित समाजमा पुरुषहरूले महिलालाई छेडछाड गर्नुलाई सामान्य विषय ठानेको सन्दर्भ माथिको साक्ष्यमा आएको छ । सुनौलीलाई सरम लागेर सुन्न नसकिने शब्दबाट प्रहार भएको कुरा यहाँ सङ्केत भएको छ । महिलालाई मनोरञ्जनको साधन मान्ने समाजमा सङ्कीर्ण चिन्तनमा आधारित पुरुषसत्ताको बोलवाला रहेकाले महिलामाथि हुने दमनलाई स्वाभाविक रूपमा लिइएको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनाको कारण लैङ्गिक आधारमा निर्मित सामाजिक तथा सांस्कृतिक मानकहरूबाट नारी पात्र बढी दमित र पीडित छन् । नारीका तुलनामा पुरुषहरू बढी स्वतन्त्र छन् । महिलामाथि दमन गर्न उनीहरूलाई कृत्रिम निर्मितिले एक किसिमले छुट दिएको छ । पुरुषहरूमा नारी जातिका व्यक्तिलाई हेप्ने प्रवृत्ति पनि देखिन्छ । महिला देख्ने बित्तिकै पुरुषहरूले जिस्क्याउनुपर्ने परिपाटीको अवस्था देख्न सकिन्छ । उनीहरूको नजरमा नारीलाई देख्दैमा दमनकारी चिन्तनले हेर्ने गलत तथ्यलाई यसरी देखाइएको छ :

> "बलेको मुख र मन रसाएर आयो । उसले चौतारोको अर्कोतिर छेउकी आईमाईको अस्तित्व बिर्सिदियो । ऊ सुनौलीतिर बढ्यो ।" (पृ. २)

माथिको साक्ष्यमा आफ्नी श्रीमती पोइल गएको विषयमा चिन्ता गर्नुपर्ने बलेले सुनौलीलाई देख्नासाथ उसको मन बरालिन पुगेको प्रसङ्ग छ । वास्तवमा पुरुषको मनमा महिलाप्रति हेर्ने दृष्टिकोणमै खोट रहेको लैङ्गिक चिन्तन यहाँ प्रस्तुत भएको छ । यहाँ महिलालाई देख्नासाथ पुरुषको मन रसाउने र लक्ष्यबाट विमुख हुन बेरै नलाग्ने संस्कारको प्रभाव छ । यसमा महिला वर्गलाई स्वतन्त्र रूपमा गरिखान खोज्दा पुरुषहरूले पराधीन बनाउने चाहना राख्छन् भन्ने सन्दर्भ सङ्केत भएको छ । हाम्रो समाजले महिलाको अस्तित्वलाई अरूको आशामा जिउनैपर्ने र कसैको हुनैपर्ने मान्यतासँग जोडिदिएको छ । स्वतन्त्र रहेकी महिलालाई पनि पुरुषहरूले सधैँ जिस्क्याइरहन्छन् र उसलाई साझा वस्तु वा कुनै चीज जस्तो ठान्छन् । यस कुरामा समाजको सांस्कृतिक प्रभुत्व हाबी हुन पुग्छ ।

नारीलाई छुट्टै नजरियाले भोग्या, मनोरञ्जनको साधन वा कुनै समय बिताउने वस्तुका रूपमा हेरिनुले यहाँ लैङ्गिक सीमान्तीयता यसरी प्रदर्शन भएको छ :

> बलेको नसामा तत्कालको लागि एक किसिमको तातो रगत दौड्यो । उसका आङ जुर्जुराए । नभन्दै त्यही फुँडी रहिछ । उफ्, यै स्वास्नी मान्छे–यसैका लागि ऊ कति मरिमेट्थ्यो तर उसको त्यस्तो गहिरो मायालाई चटक्क चुँडालेर, उसलाई धोका दिएर अर्को गुण्डोसँग गै । बलेको मनमा रिसको राँको सल्क्यो तर तत्कालै त्यो सेलायो । उसलाई देख्नासाथ पातलीको अनुहारमा मुर्दा जस्तो रङ पोतिएको थियो । के रिस गर्नु यस्तासँग, बरु मुखै नहेर्नु । ऊ अर्कोतिर मुन्टो बटारेर बस्यो । (पृ. ३)

यहाँ पुरुष प्रधान समाजले स्थापित गरेका सामाजिक मानकहरूबाट निर्मित ज्ञानका कारण समाजमा नारीहरू किनारीकृत अवस्थामा पुग्न विवश भएको सन्दर्भलाई उजागर गरिएको छ । पितृसत्तात्मक समाजमा विविध कारणले तल्लो दर्जामा पारिएका महिला वर्गमाथि पुरुषको एकलौटी शासन चल्छ । नारीहरूले पुरुषका लागि कुरेर बस्नुपर्ने, वर्षौंसम्म उसकै रखवाली गर्नुपर्ने र यदि त्यसो नभएमा उसको हैसियत नै गुम्ने सामाजिक मानकमा महिलालाई किनारामा पुऱ्याइन्छ । नारीको अस्तित्व पुरुषमाथि निर्भर तुल्याइन्छ । पुरुषहरूले निर्वाध रूपमा जे भने पनि जे गरे पनि त्यो मनासिब नै ठहरिन्छ भन्ने प्रस्ट हुन्छ । पितृसत्तात्मक सामाजिक व्यवस्था भएको समाजले पातली जस्ता नारीहरू एकदमै कमजोर रहने तथ्यलाई यस साक्ष्यले स्पष्ट पारेको छ :

> "... साँच्चै तिमी भोलि त घर पुग्लाऊ हगि ?' पातलीले के-के सम्भेर भनी, "गाउँका कसैलाई पनि मलाई भेटेको कुरा नभन्नु है ? ... जोरी-पारी बेफ्वाँकमा हाँस्छन् ।" (पृ. १३)

पातली अर्कैसँग गइरहँदा पनि सामाजिक भयबाट मुक्त छैन । ऊ आफ्नो स्वतन्त्र जीवनको निर्णय गर्न समर्थ छैन । उसलाई समाज र भोलिको चिन्ता एकसाथ छ । यसमा मनोविज्ञानको सन्दर्भभन्दा बढी सामाजिक सन्दर्भले प्रभाव पारेको छ । समाजमा नारीलाई नारी भएकै कारणले राज्य व्यवस्था र पुरुषवादी समाजबाट सीमान्तकृत बन्न बाध्य बनाइएको कुरालाई माथिको साक्ष्यले पुष्टि गर्दछ । पितृसत्तात्मक समाजमा पुरुष मात्र ज्ञानको उत्तराधिकार हुन्छ । यस्तो समाजमा आफ्नो अज्ञानता र पराधीनताका कारण पुरुषद्वारा निर्मित षड्यन्त्रबाट नारीहरू निरीह बन्न पुग्छन् । यसरी नै पातली पनि छोडिसकेको समाजको लोकाचारसँग डराएकी छ । यो उसका लागि अनावश्यक र बेअर्थी विषय पनि थियो । जोरीपारीले रमिता हेर्लान् भनेर पातली सचेत भएकी छ । वास्तवमा नारीहरूले पुरुषको दयामा बाँच्नुपर्ने हुन्छ । कुनै कुरामा पनि अधिकार रहँदैन । पुरुषको

निर्देशनमा नारीहरूको जीवन र इच्छाहरू बन्धित हुन्छन् । समाजको स्थापित संरचना र निर्धारित मूल्य तथा मानकहरू पुरुषमैत्री हुने हुनाले समाजमा नारीहरू सीमान्तीकृत हुन बाध्य छन् । यसरी समाजमा अन्यायको राज चल्दछ भन्ने कुरा तलको साक्ष्यबाट स्पष्ट हुन्छ :

> त्यसै बेला भन्ज्याङको पल्लो घुम्तीबाट एउटा लोग्ने मान्छेको चर्को स्वरले पहरा रन्काउने गरी गीत चिच्याएर ल्यायो । यो स्वरले पातलीको कान ठाडा भए । देख्दादेख्दै उसको अनुहार फुस्रो भयो । आँखाका पुतली आतङ्कले काँपेका देखिए । उसले डराएको बाख्राको पाठोजस्तै घुम्तीतिर हेरी । घुम्तीमा एउटा कालो वर्णको उनन्तीस-तीसको जवाव ठिटो देखा पऱ्यो । ऊ सरासर पातली भए ठाउँमा आएर उभियो । अलि वर बले शून्य आँखाले यो सबै हेरेर बसिरहेको थियो । त्यो आउने लोग्ने मान्छेले आफ्ना ज्यानमारा खोर्सानी जस्ता पीरा आँखाले वरिपरिको वातावरणलाई सुघ्यो । उसका जर्खरिएका तीखा जुँघाका रौँ जुर्जुराए । पातलीले डराएको आँखाले एकपटक त्यो हिरण्यकशिपुको भाइ होला जस्तो लोग्ने मान्छेतिर र अर्को पटक बलेतिर पालै-पालो हेरी । बलेले अन्दाज गऱ्यो, यो नै पातलीको लोग्ने होला ।
>
> "ए, तँ त यहीँ बसिरहेकी ? ... हिँड्दै गर, म भेट्टाउँछु भनेको ? कति बेर भयो ?" त्यो लोग्ने मान्छेले रुखो र ज्यादै पर्पराउने स्वरमा सोध्यो । (पृ. १३-१४)

माथिको साक्ष्यबाट पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषलाई सर्वगुणसम्पन्न र नारीलाई अबला मानेर व्यवहार गरेको देखिन्छ । यसबाट नारीको जीवनलाई ज्यादै निरर्थक ठानी प्रयोगको वस्तु बनाएको पाइन्छ र भौतिक दृष्टिले मात्रै हेरिएको देखिन्छ । हुन त कथाकारले यहाँ पातलीले गरेको कमजोरीलाई देखाएका छन् तर उसको दोस्रो लोग्नेले गरेको व्यवहारका अघि पातलीले क्षमा मागेर पहिलाकै श्रीमान् (बले) लाई रोज्ने अवस्था छैन । ऊ केवल पश्चात्तापमा बाँच्न विवश छे । यहाँ बलेले पातलीको अपमान र पीडामा सहानुभूति पोख्ने सामाजिक निर्मिति पनि छैन । अर्थात्, उसमा बदलाको भित्री इगो पनि रहेको भान हुन्छ । यद्यपि कथामा पातलीले लैङ्गिक विभेदको सिकार बनेर स्वेच्छापूर्ण जीवन जिउन नसकेको दोधारे अवस्थालाई देखाइएको छ । पितृसत्तात्मक समाजको संस्कारले पुरुषलाई अभिमानी र महिलालाई सधैँ श्रीमान्को इच्छामा समर्पित भएर बाँच्नुपर्ने परिस्थितिको निर्माण गरेको छ । ऊ पहिलो पतिबाट लामो समय टाढिनुपर्दा अर्कोसँग गई तर दोस्रो पति साथमा हुँदा तिरस्कृत हुन पुगी । यसको अर्थ नारीले स्वतन्त्रताको खोजीमा पुरुषलाई सहारा बनाउँदा किनारामा पुग्नुपरेको छ ।

कथामा पातली आफ्नो श्रीमान्सँग डराई-डराई फुस्री-निली भएर थर्थरी कामेको प्रसङ्ग आएको छ । श्रीमानलाई चाहिँ कथाकारले हिरण्यकशिपुको भाइको उपमा दिएका छन् । पितृसत्तात्मक सामाजिकताका कारण नारीले भोग्नुपरेको शारीरिक, मानसिक र सामाजिक पीडाहरूलाई देखाउँदै नारीहरू सीमान्तीकृत अवस्थामा पुऱ्याउन गरिने कार्यहरूलाई माथिको साक्ष्यमा प्रस्तुत गरिएको छ । पितृसत्तामा महिलाले दोस्रो दर्जाको हैसियतमा बस्नुपर्छ । यसले नारीलाई कोमल सहनशील, कमजोर, पराश्रित, डरपोक, अर्काको भाग्यमा बाँच्ने जातका रूपमा चिनाएको हुन्छ (ढकाल, २०७०, पृ. ३३२) । यस कथामा पातलीको श्रीमान्ले बोलेको संवादलाई हेर्दा पितृसत्ताका आधारमा निर्मित सांस्कृतिक संरचनाभित्रका मानकहरू विभेदकारी हुने हुनाले नारीका अधिकारहरू समाप्त गरी चौतर्फी र निरन्तर आक्रमणका माध्यमबाट नारीलाई प्रताडित गर्दै सीमान्तीकृत अवस्थामा पुऱ्याइएको हुन्छ ।

पितृसत्तात्मक समाजमा प्रभुत्वशाली पुरुषले विभिन्न बहानामा महिलालाई केन्द्रबाट किनारामा पुऱ्याउँछ । माथिको साक्ष्यबाट पातलीप्रति उसको पतिले गरेको व्यवहार र बोलीले पुरुषमा रहेको दम्भ प्रस्तुत भएको छ । यसलाई समाजको निर्मितिले शक्ति दिएको हो । अतः पितृसत्तात्मकताका आडमा नारीलाई एउटा खेलौनाको रूपमा हेरेर शोषण र किनारीकृत तुल्याइन्छ । नारी विरोधी हिंसा र कुकृत्यमा संलग्न पुरुषका कार्यहरूप्रति समाजले देखेर पनि नदेखेको जस्तो गरिदिन्छ । यो समाजपरक स्वीकृति पाएका कारण नारीहरू निरीह, परजीवी र परनिर्भर बन्न पुग्छन् । त्यसकारण समाजका सदस्य पात्र हुँदाहुँदै पनि पुरुषको आक्रमण प्रतिरोध गर्न नसक्ने नारीहरूलाई अबला र निरीह बनाइन्छ । वस्तुतः नारीमाथि निराधार आरोप लगाएर तिनलाई भौतिक वस्तुका रूपमा रूपान्तरण गरिन्छ भन्नु नै यस कथाको मूल कथ्य रहेको देखिन्छ ।

### ३.४.२ 'प्रतिहिंसा' कथामा लैङ्गिक सीमान्तीयता

'प्रतिहिंसा' कथाले नेपाली समाजको सामाजिक परिवेशलाई उजागर गरेको छ । यो कथाले समाजमा घटित हुने घटना र समाजमा बस्ने व्यक्तिहरूको विकृत मानसिकताका कारण उत्पन्न विकृत क्रियाकलापलाई चित्रण गरेको छ । यस कथामा हर्के र पुतलीको जोडीलाई देखाइएको छ । उनीहरूको एउटा पाँच वर्षको छोरो छ । कथाकी नारी पात्र पुतली आफ्नो त्यो नाबालख छोरोलाई छोडेर चाउरेसँग पोइला जान्छे । चाउरेले ऊसँग भएको पैसा र गरगहना लटीपटी पारेर भागेपछि पुनः फर्केर उही हर्केसँग आएकी छे । पुतलीको यस्तो कार्यव्यवहारका कारण हर्के रिसले मुरमुरिएको विषयलाई कथामा प्रस्तुत गरिएको छ । पुतलीले आफ्नो छोराको माया र कर्तव्यबोध गरे जस्तो देखिए पनि पुतलीको उक्त व्यवहार स्वीकार्य र पाच्य देखिँदैन । यो सामाजिक निर्मितिभन्दा विपरीत कार्य हो ।

पितृसत्तात्मक सामाजिक निर्मिति विद्यमान कायमरहेको समाजमा गरिबी तथा व्यथित मानसिकताले व्याप्त पारिवारिक जीवनको जटिल समस्याले परिवारलाई नै तहसनहस पारेको हुन्छ । समाजको संरचनाका मानकहरूमा नारी र पुरुषको कर्म, सम्बन्ध र भूमिका निर्धारित हुन्छ । यस्ता सबै खाले कानुन कागजमा लेखिएका हुँदैनन् तर कागजी कानुनभन्दा धेरै बलिया अनि व्यावहारिक बन्न पुग्छन् । कथाकी पात्र पुतली आफ्नो पाँच बर्से नाबालख छोरालाई छोडेर पोइला हिँडेबाट पारिवारिक विखण्डन सुरु हुन्छ । दूधे बालखलाई समेत छोडेर हिँड्नुले नारीले पनि समाजलाई दुर्गन्धित पारिरहेका छन् भन्ने कुरालाई देखाइएको छ । पितृसत्तात्मक समाजले लैङ्गिक सीमान्त समाज निर्माणमा सामाजिक स्वीकृति प्रदान गरेको हुन्छ । यस्तो समाजमा नारीहरूलाई पुरुषले सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ । यस कथामा पनि पुतली पटक-पटक सीमान्तीकरणको अवस्थामा पुगेकी छ । यद्यपि हुँदाछँदाको परिवार र ममतालाई समेत गलहत्याउने उसको चिन्तन, चेतना र ज्ञानको निर्मितिमा अपरिपक्वता छ । उसले परिवारको मूल्य र महत्तालाई आफू अनुकूल दीर्घकालीन चिन्तनभित्र राखेकी छैन । उता चाउरेले भगाएर लगेर उसको सुन, गरगहना लिएर हिँडेबाट पनि ऊ सीमान्तीकृत बन्न पुगेकी छ । पँधेरामा पानी भर्न गएका पँधेर्नीहरूले पनि विभिन्न बहानामा पुतलीलाई सीमान्तीकरणको अवस्थामा पुऱ्याएका छन् । यस कुरालाई प्रस्तुत साक्ष्यले प्रस्ट्याएको छ :

> "राँड, ठूला-बडाकी स्वास्नी भए के गर्दी हो । ... दौरा न सौरा खल्ती राँडका ! ... बरा हर्के यस्ती नखरमाउलीसँग कसरी निर्वाह गर्दो हो ।" (पृ. १७)

माथिको साक्ष्यबाट नारीलाई घरभित्र मात्र होइन घरबाहिर पनि किनारामा पुऱ्याउनका लागि मानिसहरू जोडबलले लागिपरेका हुन्छन् भन्ने कुरालाई देखाइएको छ । यहाँ प्रयोग भएको भाषा, सीमान्त समाजभित्रको चिन्तन र चेतनाले आदर्श परिवार निर्माणभित्र विसङ्गत परिवेश उजागर भएको छ । यसबाट पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा नारीहरू पुरुषको तुलनामा सहनशील र सुशील हुनुपर्दछ भन्ने कुरालाई स्थापित गरिएको हुन्छ । समाजमा ऊसँगका व्यक्तिगत जीवनका निर्णयलाई पनि परिवारले नै निर्धारण गरिदिनुपर्छ भन्ने सोच रहेको छ । प्रभुत्वशाली वर्ग नै उसलाई दमन गर्न यसरी लागिपरेको छ :

> जान दे बाबै, 'फरिया लाउने जातको सै पाइसक्नु काँ' छ र' । (पृ. १८)

यहाँ पुतलीलाई समाजले जति दोष लगाए पनि चाउरेप्रति घृणा गर्न सकेको छैन । आखिर पोइल जानुसँग पोइल लानु पनि दोष नै हो । अझ उसका नाककानका गरगहना लुट्नु चाउरेको थप दोष हो । तर, पुरुषप्रधान समाजमा नारीले सधैं पुरुषको दास भएर

बस्नुपर्छ । सधैँ लोग्नेको अरनखटनमा बस्नुपर्छ भन्ने परम्परागत सोचलाई चुनौती दिएर चाउरेसँग पोइला हिँडेकी पुतलीलाई छिमेकी ढकाल्नी बज्यैले भनेको कुरा माथि प्रस्तुत भएको छ । पितृसत्तात्मक समाजमा नारी वर्गको दुस्मन नारी नै हुन्छन् भन्ने कुरालाई माथिको साक्ष्यबाट प्रस्ट भएको छ । पुरुषलाई सर्वेसर्वा, सर्वज्ञ र सर्वगुणसम्पन्न तर नारीलाई निकम्मा ठानी त्यही अनुरूपको स्थान तय गरिएको छ । नारीलाई एकहिसाबमा भौतिक दृष्टिले पहिचान गर्ने गरेको कुरालाई माथिको साक्ष्यले बोध गराएको छ । नारीको जीवनलाई ज्यादै निरर्थक ठानी प्रयोगको वस्तु बनाउँदछन् भन्ने कुरालाई यो साक्ष्यले बोध गराएको छ :

> "जान्दे बाबै, तेरा हातपाखुरा सग्ला र दर्बिला छौँज्याल धन-माल त के स्वास्नी पनि दसौटी आउँछन् । तँ आट न मात्रै ।" (पृ. १८)

यहाँ हर्के अर्थात् पुरुषले जति विवाह गरे पनि समाजमा छुट हुने तर नारीले एउटै मात्र विवाह गर्नुपर्ने सामाजिक मानक प्रस्तुत भएको छ । ढकाल्नी बज्यैको माथिको भनाइले हाम्रो समाजमा पुरुषलाई दशओटा बिहे गरे पनि छुट छ । नारीले एकै श्रीमान्सँग बस्नैपर्ने भन्ने आधार तय गरिदिएको छ । ढकाल्नी बज्यैले हर्केलाई अर्को बिहे गर्नेबारेमा हौस्याइरहेकी छिन् । ढकाल्नी बज्यै जस्ती पात्र समाजमा रहुन्जेल नारीहरू सीमान्तीकरणको अवस्थामा बस्न बाध्य भइरहनुपर्छ भन्ने कुरा कथामा प्रस्तुत छ ।

> "असत्ती राँड । ... भेट्टाऊँ न मात्रै, दुवैलाई छटाछट..." हर्के चुलामा आगो फुक्दाफुक्दै एक्कासि उठ्यो; उठेर हुरहुराउँदै गग्रेटोतिर गयो । निदालमा त्यहाँ एउटा पुरानो चोलो झुन्डिरहेको हुन्थ्यो । त्यो झिकेर धरधरी च्यात्थ्यो अनि त्यहीं घुसारेको थोत्रो काँगियो र फरियाको झुत्रो ध्यार्धुर-काचकुच गरी च्यात्थ्यो । ..."निरमाया राँड, असत्ती राँड । त्यो चाउरे मगरभन्दा म के कुरामा कम्ती थिएँ र ... ?" (पृ. २०)

लैङ्गिक दृष्टिले नारीलाई सीमान्तीकृत अवस्थामा पुऱ्याइएको समाजमा पुरुषका असक्षमता, विवेकशून्यता र घृणित विचारको भारी पनि नारीले नै बोक्नुपर्ने हुन्छ । लैङ्गिक आधारमा मानिसको मूल्याङ्कन गर्ने र पुरुषको केन्द्रीयतालाई अखण्ड राखिरहन प्रयत्नरत समाजले नारीमाथि क्रमबद्ध रूपमा प्रहार गर्दछ । पुतलीका सम्झना गराउने हरेक सामानहरूलाई भस्म पारिदिने चाहना राख्नु भनेको नारीको अस्तित्व निमिट्यान्न पारेर नारीलाई किनारीकृत जीवन जिउन बाध्य पार्नु पनि हो । यद्यपि यस विपरीत यस कथामा हर्के पनि नारी अर्थात् पुतलीबाट लैङ्गिक हिंसामा परेको हो । यसर्थ पितृसत्तात्मक समाजै भए पनि हर्के जस्ता पात्रचाहिँ नारीबाटै पनि सीमान्तीकृत बन्न पुग्छन् । तिनले आफ्नो अधिकारका निमित्त केवल एक्लै दुःख पोख्छन् भन्ने सन्दर्भ छ ।

यसरी लैङ्गिक विभेदमा आधारित समाजमा पुरुषले नारीमाथि गर्ने थिचोमिचोभित्र नारीले पनि केही हदमा आफ्नो कर्तव्यलाई गुमाएका हुन्छन् भन्ने कुरा प्रदर्शित छ । वास्तवमा प्रभुत्वशाली वर्गमा चेतना हुन्छ । त्यहाँ मर्यादा, शिक्षा र सभ्यताको ज्ञान हुन्छ तर सीमान्त वर्गमा आफैँलाई आफ्नो मर्यादाको दिगो ज्ञान नहुँदा परिवार तहसनहस हुन्छ । समाजमा तिनको इज्जत हुँदैन अनि तिनले आफ्नो जिम्मेवारीलाई बोध गर्न पनि सक्दैनन् । पितृसत्तात्मक समाजमा चाहिँ अधीनस्थ वर्गले सबैलाई आफ्नो नियन्त्रणमा राख्ने कुचेष्टा गरेको हुन्छ । हर्केले यहाँ पुतली र चाउरेमाथि क्रोध प्रदर्शन त गरेको छ तर लैङ्गिक विभेदका आधारमा हर्के नै सीमान्तीकृत बन्न पुगेको छ । यसरी पितृसत्तात्मक समाजमा पुरुष सीमान्तीकृत हुनुमा चाउरे जस्ता शोषक र कुटिल पुरुष नै मुख्य दोषी बन्न पुग्छन् । सीमान्त पात्र अन्धता, अज्ञान, अबोधपनका कारण अझै सीमान्तीकृत बन्न पुग्छन् । यो निर्मितिलाई समाजले नै निर्धारण गरिदिन्छ । यो चेतना, चिन्तन र व्यवहार निर्माणमा समाजकै मानक मुख्य कारक बन्छ । यसरी समाजको स्थापित मूल्यमान्यताले नारीको मुख बन्द गरी आँसुमा डुब्न विवश गराउँदछ र मर्यादाको नाममा उठ्नै नसक्ने गरी थिचेर राखिदिन्छ ।

> "के भनेर जान्नस् राँड ? ... तेरो बाबुको घर हो यो । ... तँलाई गिँडिद्यूँ, एकै छप्कामा... ? तँलाई यो घरमा के साइनोले, कसले ढिम्किन दिन्छ ? ... के मैले ..." ऊ हातमा खुकुरी लिएको यमदूतको साक्षात् सौतेनी भाइझैँ पुतलीको अगाडि उभिन पुग्यो । "छोराकी आमा भन्ने सरमहारा बेस्से... । के नाकले मेरो दैलोभित्र पाइलो टेक्न सकिस् फुँडी ? ... तँलाई एकै छप्कामा गिँड्न सकिन रे भने त मेरो जुँघै होइन ।" (पृ.२२-२३)

यो साक्ष्यमा चाहिँ हर्केले आफ्नो पितृसत्तात्मक दमनकारी दम्भ प्रदर्शन गरेको प्रस्टिन्छ । यस उक्ति लैङ्गिक विभेदको पाशविक स्वभावलाई प्रश्रय दिएको छ । सामाजिक संरचनाभित्र नारी सधैँ निरीह भएर बस्नुपर्ने र आफ्नो घरलाई आफ्नो भन्ने हक नहुने अवस्था रहन्छ । जन्मेको घर माइतीघर, बिहे भएर आएको घर आफ्नो लोग्नेको घर तर नारीको आफ्नो घरै नहुने स्थिति हुन्छ । पुरुषले गल्ती गरे पनि उसको घर हुन्छ तर नारीले गल्ती गरे जाने र टाउको लुकाउने घरै हुँदैन । अस्तित्व पनि रहँदैन अनि हैकम पनि रहन्न । नारीहरूले बिहेपश्चात् आफ्नो भन्ने चीज नै गुमाइसकेका हुन्छन् । समाजले नै नारीलाई यही चिन्तनका आधारमा सीमान्तीकरण गरेको हुन्छ । समाजका नैतिकता, मानवता, आदर्श सभ्यताका परिसूचकहरू पुरुष चिन्तन पक्षधर हुन्छन् । नारी विरोधी हिंसाजन्य कुकृत्यमा संलग्न पुरुषका कार्यहरूप्रति समाजले देखेर पनि नदेखेको जस्तो गरी सामाजिक स्वीकृति प्रदान गर्दछ । समाजका सक्रिय सदस्य हुँदाहुँदै पनि पुरुषको आक्रमणलाई प्रतिरोध गर्न नसक्ने नारीहरू निरीह र अबला बन्न पुग्छन् । पुरुषको घृणित

कार्य र ऋणात्मक गतिविधिहरूको भारी पनि नारीले नै बोक्नुपर्ने हुन्छ । यहाँ पुतली आमा भएकै कारण र आफ्नो सन्तानलाई समेत दिमागमा राखेकै कारण ऊ पुनः हर्केसँगै आएकी देखिन्छ । एकातिर चाउरेले उसमाथि दमन गर्नु र अर्कातिर उसको आफ्नो जाने स्थान कहीँ नहुँदा पुतली कमजोर बन्न पुगेकी छे । अझै अर्को अर्थमा छोराको मुखलाई सम्झेर पुनः हर्केसँगै फर्केकी छे । यसरी विभिन्न बहानामा समाजमा रहेका सीमान्तीकृतहरू आफ्नो अस्तित्व गुमाएर पहिचानविहीन भई बाँच्न विवश छन् । प्रभुत्वशाली वर्गहरू तिनै सीमान्तीकृत वर्गबाट फाइदा उठाइरहेका हुन्छन् भन्ने कुरालाई तलको साक्ष्यले देखाएको छ :

> "तँलाई यसै घरमा फेरि मर्न आउन लाज लागेन, सरमहारा फुँडी ?" भातको बुजो भएको स्वरले ऊ गर्ज्यो, "कल्ले भनेर, के आँटले मरिस् फेरि यो घरमा ? ... तँलाई गिंडिद्यूँ म एकै छप्कामा ? ... मलाई तैले नामर्द, छेरुवा देखिस् कि कसो ? ... बिरे खत्रीको छोराका ओठमाथि जुँघा अझै छन् बुझिस् ?" .... "अझ नखरा गर्छेस् नकपुली बेस्से ? .... छटक्क गिडूँ ?" तर अझै जवाफको साटो सुँक्क-सुँक्क । (पृ. २४)

पुरुषको एकलौटी वर्चस्व भएको र त्यसको निरङ्कुश प्रयोगका लागि सबै ढङ्गले छुट पाएको समाजमा नारीलाई आफ्नो शरीर सुरक्षित गर्नेसम्मको अधिकार पनि हुँदैन । यस्तो समाजमा डर, धम्की देखाएर उसलाई निरीह र शक्तिहीन बनाई सीमान्तीकरणको अवस्थामा पुऱ्याइएको हुन्छ । यहाँ पुरुष भएका कारण आफूलाई जुँगाको घमण्ड प्रदर्शन भएको छ । यो शब्दावलीले नै पुरुषवृत्तको बोलवाला रहेको कुरा झल्किन्छ । यहाँ नारीलाई डर, धम्कीको भरमा सीमान्तीकृत अवस्थामा पुऱ्याउने यथार्थ सामाजिक निर्मिति झल्किएको छ । समाजको शक्ति र सत्ता हातमा लिएको पुरुषको दबाब र शक्तिको चरम प्रयोगबाट नारीहरू किनारीकृत अवस्थामा पुगी बाँच्न विवश हुनुपरेको सन्दर्भलाई माथिको साक्ष्यले स्पष्ट पारेको छ ।

लैङ्गिक आधारमा मानिसको मूल्याङ्कन गरेर पुरुषको केन्द्रीयतालाई अखण्ड राखिरहन प्रयत्नरत समाजले नारीमाथि क्रमबद्ध प्रहार गर्दछ । नारीहरूलाई विभिन्न आरोपका माध्यमबाट सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ । उनीहरू एक गल्तीबाट जीवनभर सजायका भागिदार हुन्छन् । यहाँ पुतलीले हर्केसँगै जीवन व्यतित गर्ने गरी बसिरहँदा उसले हरेक क्षण यस उसको गल्तीका लागि टोकसो सहनुपर्ने बाध्यता स्थापित बन्न पुग्छ । यस सन्दर्भलाई तलको साक्ष्यले अझै प्रस्ट्याएको देखिन्छ :

> "अझ, अझ, नखरा गर्छेस् !" उसको उत्तेजना चरममा पुग्यो । ऊ एक्कासी खाँदाखाँदै जुरुक्क उठेर मूल-ओछ्यानमा पुगेर देब्रे हातले पुतलीको कपाल

जगल्ट्याइहाल्यो । पुतली हङ्स उडेकीझैँ देखिई, मानौ सातो उडेझैँ । "भन्, तेरो बाबुलाई कहाँ छोडेर मरिस् ? ... बोल्दिनस् अझ, बेस्से ? ... गिड्डूँ छटक्क तँलाई ... ? कानमा ढुङ्ग्री, मुन्द्रा खै ? ... कि घिचाइस् तेरो बाबुलाई ...अझ, अझ, बोल्दिनस् ?"

"अर्को बनाइदिन्छु त्यो किचेर भनेर सबै लिएर भाग्यो ।" बल्लतल्ल आतङ्कमा मुछिएको, काँपेको स्वर पुतलीको घाँटीबाट फुट्यो । (पृ. २५)

यहाँ गल्ती पुतलीकै भए पनि हर्केले पितृसत्तात्मक समाजको हैसियत राख्न सकेको हो । गरगहना खाइदिने चाउरेका कारण पुतली अझै प्रताडित छे । यहाँ पुतलीलाई चाउरेले सीमान्तीकृत अवस्थामा पुऱ्यायो । यसबाट हर्केमा पनि असर परेकाले ऊ पनि सीमान्तीकृत नै भयो तर यसको सबैभन्दा बढी असर पुतलीमा पर्छ । पुतली नारी पात्र भएकै कारण पुरुषको ललाइफकाइमा फसेकी छ । चाउरेसँग पोइल गएको उसको कलङ्कका कारण ऊ लैङ्गिक रूपमा किनारीकृत भइरहने अवस्था हुन्छ तर चाउरेलाई कुनै प्रभाव हुँदैन । समाजले अर्की ल्याए पनि उसलाई छुट दिन्छ अर्थात् यहाँ हर्केलाई अर्की ल्याउने र रमाउने छुट हुन्छ । उता पुतलीलाई यो अवस्थामा पुऱ्याउने चाउरेका कारण हर्केबाट सधैँ किनारीकृत बनिरहन्छे । समाजले उसलाई जीवनभरि घृणा गरिरहन्छ । यसर्थ यहाँ बल, मानसिक आवेग, डर, धम्की सबै मार्ग अवलम्बन गरी पुतलीलाई सीमान्तीकृत तुल्याउने योजनाको सफल कार्यान्वयन गरिएको छ । यहाँ चाउरेरूपी पुरुष पात्रले पुतलीरूपी नारी पात्रलाई अबला, निमुखा, कमजोर ठानी भएका गहनागुरिया पनि लटिपटि पारेर भागेको प्रसङ्ग छ । पितृसत्तात्मक समाजको सत्ताका आधारमा निर्मित सांस्कृतिक संरचनाभित्रका मानकहरू नै पुरुषकेन्द्री र विभेदकारी हुन्छन् । यसकारण नारीका अधिकारहरू समाप्त पारी निरन्तर आक्रमणका माध्यमबाट नारीलाई प्रताडित तुल्याएर सीमान्तीकृत अवस्थामा पुऱ्याएको स्पष्ट हुन्छ ।

वस्तुतः गल्ती नारी या पुरुषको भए पनि समाजले नारीलाई नै कमजोर ठान्छ । यहाँ पुतली नाबालख छोरो छोडेर पोइल जानु उसको कमजोरी नै हो तर चाउरे झनै दोषी पात्र हो तथापि उसलाई समाजले कुनै दण्ड-सजाय दिएको विषय कथामा समावेश छैन । यस कथामा मुख्य खलपात्रका रूपमा चाउरे नै दोषी देखिन्छ तथापि उक्त समस्याबाट केवल पुतली मात्रै पीडित र दण्डित भएकी छ । यसको अर्थ समाजमा पुतली जस्ता निरीह नारी पात्रले गरेको कमजोरीले उसलाई सधैँ लैङ्गिक रूपमा किनारामा पुऱ्याइरहन्छ ।

### ३.४.३ 'बिहानीपखको बत्ती' कथामा लैङ्गिक सीमान्तीयता

'बिहानीपखको बत्ती' कथाले नेपाली समाजको लैङ्गिक सम्बन्ध र सामाजिक चेतलाई दर्साएको छ । यसले नारीहरूमाथि भएका लैङ्गिक सीमान्तीकरणको सन्दर्भलाई

उजागर गरेको छ । समाजको शक्ति र सत्ता हातमा लिएका पुरुषहरूको अकर्मण्यता, दबाब र शक्तिको चरम प्रयोगबाट नारीहरू सीमान्तीकृत अवस्थामा पुग्छन् । यहाँ नचाहँदा नचाहँदै पनि बेमेल विवाह गर्नुपरेको विवशतालाई प्रस्तुत गरिएको छ । यस कथाकी पात्र शारदा लैङ्गिक सीमान्त समुदायकी प्रतिनिधिका रूपमा आएकी पात्र हो । लैङ्गिक सीमान्तीकृतको प्रथालाई सामाजिक स्वीकृति प्राप्त भएको समाजमा नारीहरूलाई पुरुषले सीमान्तीकृत अवस्थामा पुऱ्याउँछन् । यस कथामा शारदाभन्दा धेरै बढी उमेरको रोगी पुरुषसँग उसको बेमेल विवाह भएको छ । उसले जीवन बिताउने जीवन साथीलाई आफूले रोज्न पाएकी छैन । यति मात्र नभएर उसले विवाहभन्दा अगाडि आफ्नो हुनेवाला पतिको अनुहारसमेत देख्न पाएकी छैन । अनुहारै नदेखी बिहेको जग्गेमा बस्न पुगेकी शारदा घरपरिवारको इच्छाअनुसार नै आफ्नो अमूल्य जिन्दगीलाई कहिल्यै नदेखेको, नबुझेको, नचिनेको मानिससँग सुम्पन बाध्य भएकी छ । शारदालाई प्रारम्भमा आफ्नै घरपरिवारले किनारीकृत बनाएको छ । पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा नारीहरू पाइलैपिच्छे पुरुषको शोषण र उत्पीडनमा पर्दछन् । यो कथा एउटी बैंसालु नारीको मनभित्र लुकेको व्यथा र पीडायुक्त कथा हो । शारदाको लोग्ने एउटा दीर्घरोगी व्यक्ति हो । यो कुरा शारदाका बाआमालाई राम्ररी थाहा पनि छ । यति भएर पनि काठमाडौँको मुटुमा एउटा घर र सम्पत्ति भएकै कारण उसका बाबुआमाले त्यो पुरुषसँग उसको विवाह गरिदिए । उसको उमेर, रुचि र चाहनालाई भन्दा पनि सम्पत्तिलाई बढी महत्त्व दिएर छोरीको विवाह गरिदिएका कारण शारदा प्रताडित छे । यसबाट हाम्रो समाजले तत्कालीन समयमा छोरीको सुखसुविधालाई सर्वश्व सम्झँदा उसको मनोविज्ञान बुझ्न नसकेको यथार्थ प्रस्तुत भएको छ । यहाँ उनीहरूले नजानेरै पनि शारदालाई सीमान्तीकृत अवस्थामा पुऱ्याएको देखिन्छ । यस कार्यमा छोरीको जिन्दगी जस्तो गहन विषयलाई मनोविज्ञान नबुझी हलुका निर्णय लिइएको छ । परिणामतः शारदा यस कथामा सीमान्तीकृत पात्र बन्नुले हाम्रो तत्कालीन समाजको सीमान्तवादी परम्परालाई प्रस्तुत गरेको हो ।

यस कथामा लोग्नेको घरमा रहँदा उसले आफ्नो मनोवैज्ञानिक अतृप्तिलाई प्रदर्शन गरेको प्रसङ्ग जोडिएको पाइन्छ । शारदा धनसम्पत्तिका हिसाबले सम्पन्न परिवारमा पुगेकी छे तर उसको मनको भावना र उमेरगत चाहनालाई उक्त सम्पत्तिले प्रभाव पार्न सकेको छैन । ऊ आफ्नो तीन तलामाथिको कोठाबाट सधैँजसो पल्लो घरमा डेरामा बस्ने बन्दीपुरको एउटा विद्यार्थी युवकलाई लोभी आँखाले हेर्छे । उसको दीनचर्या यही रङ्गीन कल्पनामा व्यतीत हुन्छ । यस्तो कल्पना गर्नुको मुख्य कारण उसको रोगी लोग्ने नै हो । उसको लोग्ने सारसौँदो भएको भए शारदामा यस्ता विचार उत्पन्न हुने थिएनन् । यौन अतृप्ती र यौनेच्छाको दमनको परिस्थितिमा नारी पात्र दमित बन्न पुग्छन् । पुरुष पात्रले वृद्धावस्था वा रोगी हुँदासमेत नवयुवतीसँग विवाह गर्न पुग्छन् । तीन वर्ष पहिला विवाह बन्धनमा

बाँधिएकी शारदाले विवाह मण्डपमा नै आफ्नो वरको अनुहारतिर चिहाउने प्रयास गर्छे । शरीरमा नसा देखिने पातलो छाला भएको दुब्लो रोगी युवकलाई उसको लोग्नेको रूपमा देखेकी शारदाको मन त्यतिबेलै भरङ्ग हुन पुग्दछ । उसले आफ्ना साथीहरूका लक्काजवान र खाइलाग्दा लोग्ने पुरुषहरू देख्दछे । त्यसबाट उसको मन विस्मयको खाडलमा धकेलिन पुग्छ ।

विवाह भएकै समयदेखि ओच्छ्यान परेको उसको लोग्नेलाई बाँच्ने चाहना छ । शारदाको मनमा जे-जस्तो हुन्डरी चलेको भए तापनि त्यो रोगी पुरुषको सासमा अडेको उसको सौभाग्य र सिन्दुरलाई सकेसम्म दीर्घजीवी बनाउने प्रयत्न गरिरहन्छे । यहाँ सुन्दर भविष्यको सपना बोकेकी नारीको विदीर्ण उदासता र हतासाको प्रतिबिम्ब पाइन्छ । यो कथा शारदाको अन्तरमनको सूक्ष्म चित्रणमा केन्द्रित देखिन्छ । यसमा नारीमनोविज्ञानलाई सूक्ष्म रूपमा सँगालेर लैङ्गिक सीमान्तीयतालाई प्रस्तुत गरिएको छ । ऊ आफ्नो स्वतन्त्रतामा बाँचेकी छैन । प्रभुत्वशाली समाजमा शक्ति र सत्ता पुरुषको हातमा हुन्छ । ऊ तिनको अकमर्ण्यताको दबाब र शक्तिको चरम प्रयोगको सिकार बनेर सीमान्तीकृत बन्न पुगेकी छ । ऊ वास्तविक जीवनको उदासीन अवस्थाका कारण कल्पनामा रमाएकी छ । उसलाई बाहिरी जीवनको संसारका बारेमा समेत ज्ञात हुने परिवेश छैन ।

"अहा ! संसार कति सुन्दर छ, कति मीठो !" (पृ. ४८)

माथिको वाक्यमा शारदाले आफ्नो वास्तविक जीवनलाई बुझ्न नपाएको प्रसङ्ग जोडिएको छ । उसको जीवन निस्सारता र उदासीनताले भरिएपछि कल्पनामै माथिको कुरा भन्न पुगेकी छ । तत्कालीन पुरुष समाजले उसलाई किनारीकृतको अवस्थामा पुऱ्याएपछि जीवनको सौन्दर्य खोज्नुपर्ने उसको रहर प्राकृतिक र जैविक आवश्यकताका रूपमा प्रदर्शित छ । लैङ्गिक सीमान्तीकरणको प्रथालाई सामाजिक स्वीकृति प्राप्त भएको समाजमा नारीहरूलाई पुरुषले सीमान्तीकृत अवस्थामा पुऱ्याएको सन्दर्भ यहाँ प्रस्तुत भएको छ ।

रोगी श्रीमान्को शारीरिक अवस्थाले शारदा लैङ्गिक सीमान्तीकृतको प्रथाको सिकार भएकी छ । विचार, व्यवहार र मनोकाङ्क्षा नमिल्दा शारदाका अनेकन इच्छाहरू स्वतः दबिएका छन् । उसको जीवन उराठलाग्दो भएको छ । ऊ पिँजडाकी सुँगा जस्तो बन्न पुगेकी छ । आखिर सामाजिक स्वीकृति प्राप्त भएको समाजमा नारीहरूलाई पुरुषले सीमान्तीकृत अवस्थामा पुऱ्याएका हुन्छन् भन्ने सन्दर्भ यहाँ प्रस्तुत भएको छ ।

> त्यसै बेला अकस्मात् तल कोठाबाट आएको 'ख्याक..ख्याक' एकनासे खोकीले उसको भावनाको संसारलाई चकनाचूर पारिदियो । उसले डराई डराई तल्लो तलाको आफ्नो कोठाको झ्यालतिर हेरी । त्यसमा भयानक शून्य सुसाइरहेको थियो । उसको हरियो भएको मन फेरि त्यसै वैलायो । उसको जीवनमा

> रमाइलो, चहकिलो र हरियो-भरिलो, रसिलो संसारको त के कुरा, त्यस्तो विचारलाईसम्म पनि स्थान छैन । त्यहाँ त केवल त्यही ख्याक... ख्याक खोकीको, त्यही उदास चन्द्रमाको अनि त्यही उराठलाग्दो रातमा सुसाइरहेको महाशून्यको अस्तित्व छ, त्यसैले सबै छोपेको छ, पुरेको छ । "हरियो-भरिलो, सुन्दर र रसिलो विचारसँग तेरो के वास्ता ?... रमाइलो कल्पनासँग तेरो के चासो ? ..." यो प्रश्न मानौँ त्यै ख्याक ख्याक खोकीको गर्भबाट निस्केर उसको हृदयको भित्री तहमा गुञ्जियो । (पृ.४९)

नारीलाई आफ्नो स्वार्थ अनुरूप प्रयोग गर्न सकिने उपभोग्य वस्तुको रूपमा हेर्ने पुरुषप्रधान समाजमा शारदालाई आफ्नो इच्छाअनुसार जिउन दिइएको छैन । उसले आफ्नो भावनाअनुसार बाँच्न पाएकी छैन । उसलाई जबर्जस्ती बूढो रोगी लोग्नेसँग जिम्मा लगाइएको छ । उसको भावनामा खेलबाड भएको छ । उसको जिन्दगीमा आफ्नो विचारको स्थान छैन । लोकलाज र समाजले सम्पत्तिका लागि आफ्नो सन्तानको खुसीलाई माया मारेको छ । छोराले जतिसुकै ठूलो गल्ती गरे पनि उसको गल्तीलाई समाजले देख्दैन । आमाबुवाहरू छोरीले नाक काट्ली भनेर उसको विवाह गर्न हतारिन्छन् । आमाबाबुले पतिसँगको सम्बन्ध, खुसी र इच्छानुसारको व्यवहार गर्न पाउनुपर्ने उमेरमा सम्पत्तिलाई मात्र हेर्नुले शारदाको जीवन र जवानीमा मनोवैज्ञानिक असर परेको छ । यस कथाले सोही घटनालाई जोडेर हाम्रो नेपाली समाजमा आमाबुवाको चाहनालाई मात्रै ध्यान दिँदा विशेष गरेर छोरीचेलीले आफ्नो इच्छा, चाहनालाई बन्देज हुने स्थितिलाई प्रस्ट्याएको छ । यहाँ शारदाको मनोकुण्ठाको मुख्य कारक उसका आमाबुवाले रोगी पतिसँग विवाह गरिदिनुमै गएर ठोक्किएको हुनाले शारदा यस कथामा लैङ्गिक सीमान्तीय पात्र बन्न पुगेकी छ । हाम्रो नेपाली समाजले यसरी आफ्ना छोरीलाई केवल सम्पत्तिसँग दाँजेर अर्काको हातमा सुम्पनुपर्छ भन्ने चिन्तनमा ध्यान दिने गरेको सन्दर्भ यहाँ प्रस्तुत छ । यसै कारण नारीहरू सीमान्तीकृत बनेको विषयलाई यस कथाले उजागर गरेको छ ।

शारदा शारीरिक र मानसिक रूपमा अब्बल छे । ऊसँग आत्मनिर्भर भएर बाँच्न सक्ने क्षमता पनि छ । उसलाई त्यस्तो रोगी पति र उसको सम्पत्तिसँग मोह पनि छैन । यसरी लैङ्गिक दृष्टिले नारीलाई सीमान्तीकृत अवस्थामा पुर्‍याइएको समाजमा पुरुषका असत् क्षमता, विवेकशून्यता र घृणित विचारको भारी पनि नारीले नै बोक्नुपर्ने हुन्छ । शारदाको लोग्ने बुढो, रोगी र असक्त हुनुमा उसको कुनै दोष छैन तर उसको जवानी, चाहना र मनोकाङ्क्षामाथि प्रहार हुनुमा भने समाजको चिन्तन र परिवारको निर्णय दोषी देखिएको छ । परिणामतः ऊ निर्दोष भएर पनि अनावश्यक सजाय भोगिरहनुले शारदा आम सीमान्तीकृत नारी पात्रको प्रतिनिधिका रूपमा कथामा आएकी छ ।

> उसले आफूलाई फेरि त्यो केटाको अँध्यारो ऱ्यालतिर हेरिरहेकी पाई । उसको रौँका समस्त प्वालहरू घृणाले भरिए, दाँत कटकटाए, आफैँप्रति हृदयमा घोर घृणा भएर मनमा भयानक आँधीब्यारी उठेझैँ भयो । ऊ त्यताबाट दौडेर कोठामा गई । अनि तकियामा मुख लुकाएर रुन थाली । (पृ. ५०)

लैङ्गिक विभेदको सोचले जरा गाडेको समाजमा नारीलाई पुरुषको इच्छापूर्तिको साधन बनाइएको हुन्छ । त्यसमा पनि नेपालमा भेटिएका नेपाली भाषाका लिखित सामग्रीको अध्ययन गर्दा नेपाली महिलामा सामाजिक क्षेत्रमा भन्दा राजनीतिक क्षेत्रमा चाँडो जागरण आएको देखिन्छ (त्रिपाठी, सन् २०१२, पृ. १६७) । यसर्थ नारीका इच्छा, चाहना, जीवन र स्वतन्त्रतालाई पितृसत्तात्मक समाजले तोकिदिएको हुन्छ । लोग्ने जस्तोसुकै कुरूप भए पनि उसको घरधन्दा धानेर बसिरहनुपर्ने सोचभित्र बन्धित तुल्याइएको हुन्छ । शारदा पनि नेपाली समाजकी यस्तै प्रतिनिधि पात्रका रूपमा आएकी छ । उसले लोग्नेको घर धान्दिनबाहेक उसका चाहना, आकाङ्क्षा, दाम्पत्य सुख आदिबाट ऊ विमुख छे । उसका कुण्ठा र वेदनाको घाउमा मलमपट्टि लगाउने द्वारलाई समाजले बन्द गरिदिएको छ । ऊ युवकप्रति आकर्षित हुनुमा उसले आफूले रोजेको पतिको अभावकै पीडा पोखिएको हो । पति र पत्नीका भावनात्मक सम्बन्धदेखि उमेरानुसारका अपेक्षामा शारदा कुण्ठित छे । अवाक् छे । उसका लागि निस्सारताको अँध्यारो संसारबाहेक अरू आधार बन्द छन् । एकान्तमा बस्ने र मनमा छटपटाहट अनि बेचैनमा हराउने बाध्यता बनेको छ । यस कथामा शारदा अचेतन मनभित्र एकालापीय कुण्ठाले अन्तरदिलको मनोलोकमा पीडाको भावले पिरोलिएकी छे ।

> यो व्यक्ति जसलाई उसले दुई वर्ष अघिदेखि यही रूप र अवस्थामा हेर्दै आएकी छ, यही अवस्था, यही औषधी अनि यही मान्छे, बस् ! यहाँ कुनै परिवर्तन छैन, कुनै नवीनता छैन । यही पलङमा रोगी छ, अनि त्रिपाईमा औषधी छ; अनि छन् रोगीका केवल ती आँखा जसमा ऊ बाँचेको छ । (पृ. ५१)

नारीलाई उसको इच्छा, रहर अनि उसको पहिचानलाई परिवार र समाजले बिचमै तुहाइदिन्छन् । आफ्नो कल्पनाभन्दा फरक, रोगी र बूढो जीवनसाथी छनोट गरिदिएकाले ऊ किनारीकृत बन्न पुगेकी छ । शारदा समाजमा अरूले खिसीट्युरी गर्ने, हेपिने पात्र बनेकी छे । समाजमा अरूलाई समस्या परेको बेला मुन्टो लुकाउने तर अर्काको चियोचर्चो गर्ने परिपाटी छ । माथिको साक्ष्यमा नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद र त्यसलाई स्थापना गर्ने सामाजिक परम्पराका कारण नारीले भोग्नुपरेका पीडाहरूको चर्चा गरिएको छ ।

> तर तत्काल त्यो अग्नि-शिखा, त्यो वातावरणमा गुञ्जिएको बेधुनी, गम्की-गम्की, चम्की-चम्की बजिरहेको पन्चेबाजाको विरहलाग्दो स्वरले सम्मिलित नारा लगाए- "शारदा ! ... यो तेरो लोग्ने, यो तेरो देवता, यो तेरो स्नेह र प्यारको एक मात्र अधिकारी; यो तेरो दृष्टिको एक मात्र विन्दु, अनि यो तेरो विचारको एक मात्र परिधि !" (पृ. ५२)

नारीहरू आफ्नो परिवारको इज्जतमा सचेत हुन्छन् । आफ्नो पूरा जिन्दगी बिताउने जीवनसाथीको सवालमा त्याग यहाँ शारदाको प्राण अडिएको छ । उसले आफ्नो परिवारको इज्जतका लागि बलिदानी दिएकी छ । शारदाले परिवारले आफ्नो विवाह बूढो र रोगी व्यक्तिसँग गरिदिन लाग्दा पनि कुनै प्रतिवाद गर्न सकेकी छैन । आफ्नो लोग्ने, आफ्नो देवता, स्नेह र प्यारको अधिकारी, दृष्टिको विन्दु, विचारको परिधि भनेर भाग्यलाई दोष दिएर चित्त बुझाएकी छ । उसले चाहेकी भए उक्त अन्यायका विरुद्ध प्रतिकार गर्न सक्थी तर उसको परिवारको इज्जतका लागि शारदा किनारीकृत हुन बाध्य छे । प्रतिकार गर्नुलाई उसले आफ्नो संस्कार विपरीत कार्य मान्छे ।

यस कथामा शारदा नारीलाई आफ्नो स्वार्थ अनुरूप प्रयोग गर्ने, उपभोग्य वस्तुको रूपमा हेर्ने, पुरुषप्रधान समाजकी नारी पात्र हो । ऊ लोभ, लाज र समाजको डरले आफ्ना सन्तानको जीवन आहुती दिनसमेत पछि नपर्ने बाबुआमाकी छोरी हो ।

> शारदाले हेरी, यो उसको लोग्नेको जीवित अस्तित्व, यो उसको सौभाग्यको जिउँदो लास । उसको हृदय साँच्चै भित्रभित्रै हाहाकार गर्दै उर्लियो, वेदनाको भक्कानो छातीमा गाँठ्ठियो, मुटु पग्लेर आँखामा भरियो । साँच्चै नै ऊ त्यो लोग्नेको असहाय अस्तित्वमाथि घोप्टो परेर भल-भल रोई तर निःशब्द । (पृ. ५२)

शारदाको प्रताडनालाई जिउँदो लासको संज्ञा दिएर कथाकारले मनोपीडालाई उजागर गरेका छन् । उसको मनका हज्जारौँ दुःख, कष्ट, वेदनामा ऊ छट्पटिएकी छ । रोएकी छ । आफ्नो मनको पीडालाई अरू कसैसमक्ष प्रस्तुत गर्न सकेकी छैन । भित्रभित्रै पिल्सिएर बस्न बाध्य भएकी छ । आफ्नो पीडा कसैलाई व्यक्त गर्न सकेकी छैन ।

> साँच्चै ऊ यो रुग्ण लोग्नेमान्छेलाई कति माया गर्छे, कति ! उसको निम्ति यो लोग्नेमान्छेको रुग्ण अस्तित्व नै जिन्दगी छ; यो नै ऊ डुब्न लागेकीको लागि सिन्काको सहारा छ । तर आज त्यही उसको नगण्य सहारा पनि आफैँ डुब्न लागेको छ; मृत्यु आज उसको सिन्दुरसँग खेलबहाड गर्दै छ । उसको वेदना निःशब्द ओठमा आएर काँप्यो । "चुप्-चुप्, त्यो नभन्नुहोस् । मलाई भित्र मुटुमा दुख्छ, मेरो छातीको घाउ चर्कन्छ ।" (पृ. ५३)

समाजमा नारीहरू जति नै प्रताडित भए पनि आफ्नो सौभाग्यलाई आफूभन्दा ज्यादा माया गर्छन् । आफ्नो लोग्ने जति नै रोगी पिलन्धरे भए पनि आफ्नो जिन्दगीको सहारा ठान्छन् । नारीलाई सीमान्तीकरणको अवस्थामा पुर्‍याउने काम पुरुषबाटै भए तापनि नारीका दिलमा पुरुषका लागि मायाको कोसेली सुरक्षित हुन्छ । पुरुषप्रधान समाजमा नारीहरू सधैँ सीमान्तीयताको घेराभित्र बस्नुपर्दछ । कथाकी पात्र शारदा आफ्नो खुसीको कुनै प्रवाह नगरी बूढो र रोगी लोग्नेलाई कुरेर बसेकी छ । उसलाई उक्त पतिबाट आफ्ना अपेक्षा पूरा हुँदैनन् भन्ने पनि प्रस्टै छ तथापि ऊ कुरेरे बसेकी छ । यसरी किनारीकृत नारीका रूपमा सुरुदेखि अन्त्यसम्ममा शारदाले नै प्रतिनिधित्व गरेकी छ ।

समाजको पितृसत्तात्मक व्यवस्थाका कारण शारदा सीमान्तीकृत बन्न पुगेकी हो । अधिकार प्राप्तिका सन्दर्भमा सबैभन्दा कठिन र सबैभन्दा पछि प्राप्त हुने कुरा भनेको सामाजिक मुक्ति नै हो । ....यसर्थ वर्तमान अर्धसामन्ती मुलुकका महिलाहरूमा सामाजिक हैसियत फितलो हुनु स्वाभाविकै हो (त्रिपाठी, सन् २०१२, पृ. १६४-१६५) । यहाँ सामाजिक रूढ बनेको लैङ्गिक विभेदकारी चिन्तन र व्यवहारका कारण शारदा किनारीकृत बन्न पुगेकी देखिन्छ । ऊ समाजमा विवाह अघि र पछिका दुवै अवस्थामा स्वतन्त्र छैन । आफूले केटो हेर्न नपाई रोगी, लुलो, लङ्गडोसँग विवाह गर्नुपर्ने उसको बाध्यात्मक स्थिति हो । त्यही पितृसत्तात्मक परिपाटीका कारण शारदाले रोगी लोग्नेको स्याहारसुसारमा आफूलाई नचाहेरै समर्पित तुल्याएकी छ । उसले समाजसँग विद्रोह गर्न नसकेर केवल भित्री जलनमा समय व्यतित गर्दै जीवनका अपेक्षालाई कुण्ठित तुल्याएकी छ । उसभित्रका यौनेच्छाहरू त्यसै हराउँदै गएका छन् र उसमा क्रमशः निराशा, कुण्ठा, उदासीनता र व्यर्थताले प्रभुत्व जमाएको छ । वस्तुतः यस कथामा पुरातन पितृसत्तात्मक सोचको प्रभावका कारण उत्पन्न नारी संवेदनाभित्रको सीमान्त समस्या प्रतिबिम्बन भएको छ ।

### ३.४.४ 'दुई रुपियाँ नोट' कथामा लैङ्गिक सीमान्तीयता

'दुई रुपियाँ नोट' कथा गरिबीको पीडा, वेदना र छटपटीभित्रको कथा हो । यस कथामा काठमाडौँ उपत्यकाभित्र विद्यमान लैङ्गिक सम्बन्ध र सामाजिक अवस्थालाई देखाइएको छ । त्यसको चपेटामा नारीहरूमाथि भएको लैङ्गिक सीमान्तीकरणको सन्दर्भलाई उजागर गरिएको छ । आफ्नै पतिको दबाबमा जीवन धान्नका लागि दुई रुपियाँको नोटमा शरीर बेच्न बाध्य नारीको सीमान्तीकरणको अवस्थालाई कथामा देखाइएको छ । पितृसत्तात्मक समाजमा लैङ्गिक सीमान्तीकृत अवस्थालाई त्यहाँको प्रथाले सामाजिक स्वीकृति प्रदान गर्छ । पुरुषकेन्द्रित समाजमा नारीको शरीर र अस्मिताको अधिकार पनि नारी आफैँसँग सुरक्षित छैन भन्ने कुरालाई कथामा देखाइएको छ । नारी आफूले नचाहँदा नचाहँदै पनि समाजको सत्ता हातमा लिएका पुरुषको दबाब र शक्तिको चरम प्रयोगबाट सीमान्तीकृत अवस्थामा पुगी शरीर बेच्न विवश हुनुपरेको सन्दर्भलाई कथामा प्रस्तुत

गरिएको छ । लैङ्गिक दमनका कारण समाजमा नारीको सौन्दर्य पनि अभिशाप नै बन्न पुग्छ । नारीहरूले आफ्नो सामाजिक सत्का निमित्त अडान लिँदा सामाजिक असत्लाई पुरुषले निर्माण गरिदिएपछि नारीले पुनः त्यसको आगोमा पिल्सिनुपर्छ । पुरुषहरू नारीलाई उपभोग गर्ने, मालिक खुसी बनाउने, भोग्या बनाउने, शरीरलाई अरूसँग सुम्पिन बाध्य पार्ने दुश्चिन्तनमा हुन्छन् । परिणामतः पुरुषले नारीलाई सौन्दर्यकै लागि भनेर सीमान्तीकृत अवस्थामा पुऱ्याइएको घटना कथामा वर्णित छ ।

कथाको प्रमुख पात्र बिरेले आफ्नी श्रीमती पार्वतीलाई जबर्जस्ती शरीर बेच्न बाध्य पारेको अवस्थालाई यस कथामा देखाइएको छ । उसकी श्रीमती पार्वती शारीरिक सौन्दर्यले भरिपूर्ण छे । उसको सौन्दर्यका कारण टोलका पुरुषहरू उसको अघिपछि हुने कोसिसमा छन् । टोलका पुरुषहरूले पार्वतीमाथि श्लील-अश्लील हर्कत देखाउँछन् । यस कुरालाई तलको साक्ष्यले प्रस्तुत गरेको छ :

> "पार्वती देख्नमा पनि साँच्चै नै स्वस्थानीको पार्वतीझैँ देखिन्थी । यो अखण्ड दरिद्रताको फलामे मुठीमा च्यापिएर घिटीघिटी हुँदा पनि उसको रूप नम्बरी सुनझैँ दिन प्रतिदिन चम्किन्थ्यो । झल्लरी कपडाका चिराक अन्तरबाट च्याउने मध्य यौवनको उसको बल्दो सौन्दर्यमा जस्तोसुकै भिष्मपितामहका सन्तानलाई पनि एक पटक त रन्थन्याउने ताकत थियो । यही रूपको आकर्षणमा त्यो गल्लीमा आवाराहरू आफ्नो कामुक ठट्टा र अश्लील चेष्टाद्वारा आफ्नो मनको कुभावनाको दुर्गन्ध त्यो गल्लीको वायुमण्डलमा छर्दै हरबखत भनेझैँ उसको वरिपरि लठारिरहन्थे । कुनै सस्तो फिल्मी गीतको घृणित सङ्केतले उसलाई कोट्याउँदथे, कुनै घिनलाग्दा उखान, छिल्लिएका टुक्का लिएर ऊसम्म पुग्ने दाउ गर्दथे । अनि कुनै दिदी र भाउज्यूको साइनो लाएर उसको दुःख-सुखको लहरोमा समातेर पनि ऊसम्म पुग्ने छिर्के दाउ हान्थे ।" (पृ. ६८)

पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषले नारीहरूलाई आफूले चाहेअनुसारको प्रयोगको वस्तु बनाएका हुन्छन् । महिलाहरू आफूले नचाहँदा नचाहँदै पनि पुरुषबाट हिंसामा परेका हुन्छन् । माथिको साक्ष्यमा बिरेकी स्वास्नी पार्वती कुनै पनि लोग्ने मानिसप्रति आकर्षण देखाउँदिन तर लोग्ने मान्छेहरू सके जतिको सबै हर्कत गरेर पार्वतीलाई दुःख, कष्ट र पीडा दिन माहिर छन् । पितृसत्तात्मक समाजले पुरुषहरूले नारीहरूलाई पुरुष भएकै कारणले जे-जस्तो व्यवहार गर्दा पनि चुपचाप सहिदिनुपर्दछ भन्ने ज्ञानको निर्मिति तय गरेको छ । समाजले यो हर्कतमा पुरुषलाई मौन स्वीकृति दिएको छ । लोग्ने मान्छेले गिद्धे नजर लगाउँदा, यौन हिंसा गर्दासमेत पार्वती महिला भएकै कारणले चुपचाप सहन बाध्य छे । उसमा प्रतिकार गर्ने साहस छैन । यसरी लैङ्गिक विभेदकारी

व्यवहारले जरो गाडेको समाजमा सामाजिक स्वीकृतिसमेत प्राप्त हुन्छ । महिलाहरूलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएर कष्टकर जीवन बाँच्न विवश पारेको तथा समाजले त्यसको प्रतिरोध नगरेको कुरालाई माथिको साक्ष्यले प्रस्ट्याएको छ ।

पुरुषको एकलौटी वर्चस्व भएको र लैङ्गिक दृष्टिकोणले नारीलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएको समाजमा पतिको इच्छाअनुसार चल्नुपर्ने बाध्यता हुन्छ । पार्वतीले नै लोग्नेको असक्षमता, विवेकहीनता र घृणित विचारको भारी बोक्नुपरेको छ । बिरेले आफ्नो परिवार पाल्न दिनभर सहरमा मिहिनेत गर्दा पनि असक्षम छ । यो उसको गरिबी हो तर पत्नीलाई साहुसँग सहवासका लागि पठाउनु उसको अकर्मण्यता हो । चिन्तनको दरिद्रता हो । यसरी हरेक सामाजिक, राजनीतिक सन्दर्भमा पुरुष पहिलो हैसियतमा बसेको छ र महिला किनारामा पुऱ्याइएकी छ अर्थात् महिला हरेक सन्दर्भमा सीमान्तकृत छ (त्रिपाठी, सन् २०१२, पृ. ६५-६६) । कथामा बिरेले श्रीमतीको शरीर बेचेर भए पनि घरको खर्च चलाउने इच्छा जाहेर गर्नुले केवल गरिबीको समस्या मात्रै होइन । उसकी पत्नीले त्यसलाई स्वीकार गरेकी छैन तर यसरी अनैतिक कार्यमा संलग्न हुन अस्वीकार गर्दा उसमाथि गाली र पिटाइको वर्षा गर्नु बिरेको पितृसत्तात्मक शक्ति र चिन्तनगत मूर्खता हो । लैङ्गिक हिसाबमा पार्वतीमाथि भएको प्रताडना नै नारी कमजोर हुन्छन् भन्ने सामाजिक निर्मितिको परिणति हो । प्रभुत्वशाली समाजले पुरुषको निर्देशन मान्नुपर्ने कुरालाई स्वीकृतिसँगै दबाबसमेत दिएको छ । बिरेले प्रभुत्वशाली पुरुष प्रधान समाजको बलमा पार्वतीलाई शरीर बेच्न बाध्य बनाएको छ । बिरेलाई पार्वतीको आदर्श र स्वाभिमानको भन्दा बढी पैसाको मोह हुनुले उसमा पितृसत्तात्मक दम्भ प्रदर्शित भएको छ । बिरेलाई पार्वतीले शरीर बेचेर कमाएको पैसाको मोहले अन्धो बनाएको छ । बिरे आफ्नी पत्नीको आदर्श र स्वाभिमानलाई देखेर सम्मान गर्नुको साटो वाक्क बनेको छ । उसले उल्टो पार्वतीको नारीत्व र स्वाभिमानलाई विरोध गरेको देखिन्छ ।

> पार्वतीको अरू स्वास्नीको जस्तो छिमेकमा नारदमुखी स्वास्नीहरू बटुलेर बाह्रसत्ताईस आकाश पाताल छेडेर अर्काको आन्द्रा भूँडी खल्बल्याउने बानी पनि थिएन । गर्ने काम केही नपाए पनि ऊ कलघर साहुकहाँबाट ल्याएको ढुटोबाट कनिका छाँटेर अथवा पल्लो घरको धोँमाले दिएको सागमा कीरा केलाएर बसिरहन्थी । बरु केही काम गर्न नपाए केटाकेटीको कपालको जुम्रा केलाइदिने, अथवा आफ्नो त्यही भएको लोर जस्तो कोठालाई पनि सकेसम्म र हुनेसम्म सफा-सुग्घर बनाउने कोसिसमा समय बिताउँदथी । यी सबै गुण उसले मास्टर बाजेकी छोरीबाट सिकेकी थिई ।..."राँडलाई रातोदिन घरमा कोचिएर मर्छे । यसो यताउती गैहालोस्, केही खोजमेल गरेर ल्याइहालोस्,...

> उसलाई मैयाँसाहेबको जस्तो रातदिन घरमा ठाँट पारेर, खोपी सिँगारेर मर्न पाए पुग्यो ।" (पृ. ६९)

माथिको साक्ष्यबाट बिरे आफ्नी पत्नीको आदर्श र स्वाभिमानको विरोधी हो भन्ने कुरा प्रस्ट देखिन्छ । छिमेकीहरूले समेत प्रशंसा गर्ने पत्नीको आदर्श र स्वाभिमानलाई बिरेले भने मन पराएको छैन । बिरे आफ्नी पत्नी बाहिर जाओस्, सबैसँग बोलोस्, आफूतिर आकर्षित पारेर शरीर नै बेचेर भए पनि पैसा कमाओस् भन्ने चाहना राख्छ । पुरुषप्रधान समाजमा पुरुषहरू नारीलाई आफ्नो इच्छाअनुसार प्रयोग गर्न चाहन्छन् । महिलाहरूलाई सीमान्तीकृत बनाउन चाहन्छन् । बिरे आफ्नी पत्नीको आदर्श, नैतिकता र स्वाभिमानको विरोधमा उसले शरीर बेचेरै भए पनि पैसा कमाउनुपर्छ भन्ने कुबुद्धिले घेरिएको छ । उसमा पत्नीको सौन्दर्यलाई बेचेर पैसा कमाउने कुचेष्टाले बढी घर गरेको छ ।

> पार्वतीको जुन गुण र सौन्दर्यमाथि छिमेकका लोग्नेहरू मनमनै ईर्ष्या गर्दथे उसको आफ्नै लोग्नेले त्यसलाई पेटको बाजीमा थाप्ने घृणित प्रयास पनि कैयौँ पटक गरिसकेको थियो । कैयौँ पटक बेलुकी घर फर्कँदा बटु, इन्द्रचोकका साहुका आबारा छोराहरू सँगै ल्याएर पार्वतीसँग कामुक ठट्टा गर्न उसले सुऱ्याएको थियो । दुई-चार दुई-चार दिनमा ऊ आफ्नो त्यो सानो छिँडीमा चारैतिरबाट भरिया, कुल्ली, डाइबर, साहुका बिग्रेका छोराहरू ल्याएर उनीहरूबाट रक्सी, राँगाको मासु र मासको बाराको ज्याफत उठाउँथ्यो । ज्याफतको साथसाथै कुत्सित चेष्टा, उच्छृङ्खल ठट्टा र हाँसोको दुर्गन्धी नालामा त्यो वर्गाकार छिँडी सरोवर भएर मुछिन्थ्यो । अनि त्यसैको दुर्गन्धले पार्वतीको प्राण घटेसी लागेझैँ हुन्थ्यो । ती आबारा कीराहरू बाहिर नगएसम्म ऊ अपमान, लाज, क्रोध र घृणाले निसास्सिएर त्यही एउटा कुनामा दुई बच्चालाई खोकिलामा च्यापेर दुम्किरहन्थी । तिनीहरू गएपछि मात्र उसको छातीभित्र गुडुल्केर बसेको एक पोको सास एकै पटक नाक, आँखा र मुखबाट ठेलमठेल गर्दै निस्कन्थ्यो । (पृ. ६९-७०)

पुरुषप्रधान समाजमा नारीहरूले पुरुषको इसारामा चल्नुपर्छ । उनीहरूको इच्छा, चाहनाअनुसार बाँच्नुपर्छ । बिरेको परिवार आर्थिक सङ्कटमा छ तर त्यसलाई उचित समाधान गर्नतिर नलागेर बिरे आफ्नी पत्नीको शरीर बेच्न लागिपरेको छ । यहाँ पार्वती आफ्नै पतिबाट असुरक्षित छे । ऊ निरीह छे । आफ्नो चाहनाले आफ्नो अस्मिता र हैकम चलाउन सक्दिन । ती आवाराहरूलाई त्यहाँबाट लखेट्न नसक्नु उसको महिला हुनुको समस्या मात्रै हो । आफ्नै लोग्ने मिहिनेत गरेर आर्थिक समस्या टार्नुको साटो आफ्नी पत्नीलाई ग्राहकको अगाडि लगेर पस्कन लागिपरेको छ । बिरेको अगाडि पत्नीको केही जोर चलेको छैन । ऊ चुपचाप सहन बाध्य छे । यसरी ऊ लैङ्गिक दृष्टिबाट सीमान्तीकृत पात्र

बनेकी छे । पुरुषका कुकृत्यका अगाडि नारीको विवेक, आदर्श, स्वाभिमान पराजित हुन्छ भन्ने सन्दर्भबाट यस कथामा पार्वती सीमान्तकृत बनेकी छ ।

पुरुषप्रधान समाजमा नारीलाई सधैँ असमक्षता र शङ्काको घेराभित्र राखिन्छ भने पुरुष हुनु नै सक्षमताको प्रतीक हो भन्ने ठानिन्छ । पुरुषको एकलौटी सत्ता र त्यसको निरङ्कुश प्रयोगका लागि सबै ढङ्गले छुट पाएको समाजमा नारीको शरीर र अस्मिता माथिको अधिकार पनि सुरक्षित छैन । पार्वतीले प्रतिकार गरे पनि आफ्नो अस्मितालाई सुरक्षित राख्न सकेकी छैन । पार्वती प्रताडित भएर बाँचेकी छ । सामाजिक संस्कारले नै बिरेलाई अभिमानी बनाएको छ । अर्कोतिर पार्वती सधैँ बिरेको इच्छानुसार आफूलाई समर्पित गरेर बाँच्नुपर्ने बाध्यतामा छे । यही पुरुषवादी हुकुमी सोचका कारण ऊ सीमान्तीकृत र विवश नारी पात्र बन्न पुगेकी छे ।

बिरेले घरमै आवारा, लफुङ्गा ग्राहकहरू ल्याएका कारण पार्वती पतिबाट पीडित छे । पार्वती उनीहरूसँग बोल्नसम्म हिच्किचाउने असल पत्नी हो । ऊ परपुरुषसँग बोल्न नचाहने भएकै कारण उनीहरू गएपछि बिरे पार्वतीमाथि जाइलाग्छ । यसकारण पार्वती मनोवैज्ञानिक, व्यावहारिक, आर्थिक अनि पारिवारिक समस्याको सिकार बनेकी छ । यसको मुख्य कारण समाजले स्वीकृति प्रदान गरेको पितृसत्तात्मक वर्चस्व नै हो ।

> "तेरा बाबुहरूसँग दुई-चार मीठा कुरा हाँस-ख्यालठट्टा गर्दैमा तेरो मुख खिइन्थ्यो कि राँड ? ... बढी सत्ते सावित्री भएकी लखने । ... तेरो बाबुहरूले अँठ्याइहाल्थे कि ?" (पृ. ७०)

नारीलाई समाजमा सीमान्तीकरणको प्रक्रियामा लैजान मौन स्वीकृति दिइएका कारणले पार्वती बिरेको अन्याय र अत्याचारलाई सहन बाध्य छे । उसलाई समाजले त्यस्तो घृणित व्यवहार विरुद्ध प्रतिरोध गर्न सक्ने सक्षमता प्रदान गरेको छैन । पार्वतीले कुनै प्रतिवाद नगरेको कारणले गर्दा बिरे अझै हौसिएको छ । यसमा समाजले उसलाई शक्ति दिएको छ । पार्वती नबोल्नुमा समाजले पार्वती अर्थात् नारीलाई उक्त शक्ति र स्वीकृति दिएको छैन । त्यसैले पार्वती समाजको पितृसत्तात्मक चिन्तनबाट सीमान्तकृत बनेकी पात्र हो । बिरे पार्वतीलाई मनाउनका लागि आफैँलाई समेत मुछेर गाली गर्न पछि परेको छैन ।

> "जाबो एउटा सहर्षको गाली र लात खपेर इन्द्रचोकमा भारी बोकेर जिउ पाल्ने भरियाकी स्वास्नी त होस्, कत्री होस् र तँ ?" (पृ. ७०)

बिरेले आफ्नो कमजोरी बताए पनि यहाँ पार्वतीमाथि अन्याय नै भएको छ । नारी भएका कारण ऊ बिरेको नियन्त्रणभित्र छे । उसले प्रतिवाद गर्ने र आफू इज्जतिलो भएर बाँच्ने आधारसमेत बिरेकै हैसियतमा गएर जोडिएको छ । हाम्रो समाजले पतिको इज्जतभरिमा पत्नीको इज्जत तौलिने चिन्तनलाई माथिको वाक्यले बोध गराउँछ । यसर्थ

पार्वती नचाहेर पनि बाध्य भएकी छ । ऊ केवल एउटा भरियाकी हेपिएकी पत्नी बनेकी छ । यसबाट विपन्न हुने समस्या र त्यसले निम्त्याएको चेतनास्तरका कारण सीमान्त वर्गको चिन्तनले अर्को सीमान्तीकरणलाई बढाउँछ भन्ने कुरा पुष्टि हुन्छ । यहाँ बिरे आफैँ समाजको विपन्न र सीमान्तकृत वर्ग हो तर पार्वती थप नारी सीमान्तीकृत वर्गकी पात्र हो । बिरेलाई समाजले आर्थिक सीमान्तकरणमा पारेको छ तर पार्वतीलाई स्वयम् बिरे र समाजले आर्थिक तथा लैङ्गिक सीमान्तीकरणको अवस्थामा पुऱ्याएको छ ।

> "आफूलाई आफैँ किन सराप्छौ...बरु मार न मलाई नै घाँटी अट्ठ्याएर,
> अनि त हाइसन्चो भइजान्छ ।" (पृ. ७०)

यहाँ पार्वतीको पीडाको उत्कर्ष भावले नारीहरूको पीडाको भावलाई प्रतिनिधित्व गरेको छ । पार्वती पति र परिवारको हित चाहने तथा विपन्नताका बिचमा पनि आदर्शता, नैतिकता र स्वाभिमानमा बाँच्न चाहने नारी हो । उसले पति र परिवारका लागि नराम्रो सोचेकै होइन । ऊ श्रमजीवी असल गृहिणी हो । कर्मठ र सङ्घर्षशील नारी प्रतिनिधि पात्र हो तथापि, पतिकै सङ्कीर्णताका कारण ऊ पतिबाटै असुरक्षित भइरहेको पीडादायी स्थिति कथांशमा प्रस्तुत भएको छ ।

> "थाहा छ सबै तेरो ! मेरो अगाडि सत्य सावित्री बन्छेस् पछाडि दश
> जानासँग आँखा झिम्क्याउँछेस् । नचिनेकी छस् तँ, चर्तिकाला ।"
>
> "हरे राम राम ! कस्ता असत्ती तिमी; जिब्रो खस्ला कोरले गलेर ।" (पृ. ७०)

माथिको संवादात्मक साक्ष्यबाट लैङ्गिक विभेदका कारण पुरुषले अर्थात् बिरे जस्ता स्वभावका पात्रले आफ्नी आदर्श पत्नीलाई समेत लाञ्छना लगाएका हुन्छन् । यस्तो हुनुमा आर्थिक तथा सामाजिक निर्मितिको समस्याले प्रभाव पारेको हुन्छ । यस्तो समाजमा पुरुषले नारीलाई जस्तोसुकै अपमान गर्न पनि छुट छ । पुरुषले पुरुष भएकै कारण नारीलाई तथानाम गालीगलौज गरेको छ । उसले आधारहीन, तथ्यहीन गालीगलौज गर्ने छुट पाएको छ । उल्टो महिलाले आफ्नो इज्जत बेच्दिन भन्न पाएकी छैन । यहाँ एक आदर्श नारीलाई आफ्नै श्रीमान्द्वारा इज्जत बेच्न बाध्य पारिएको छ । श्रीमतीको अस्मिता नै श्रीमान्लाई बोझ भएको छ । श्रीमतीको अस्मिता तोड्ने लक्ष्यमा अडिक बिरे तथ्यहीन गाली गर्न पनि पछि परेन । श्रीमतीले त्यसमा प्रतिवाद त गरेकी छ तर उसको केही जोर चल्दैन । यसरी लैङ्गिक विभेदलाई सामाजिक संरक्षण गरिएको समाजमा नारीको अवस्था स्वतः सीमान्तीकृत हुन्छ भन्ने कुरा प्रस्टिएको छ ।

मारवाडी साहु पार्वतीको जवानीप्रति आकर्षित छ तर पार्वती भने उसलाई देखिसहन्नथी । पार्वतीको शरीर भोग्न नपाएकै बहानामा मारवाडीले बिरेको जागिर खुस्काइदिएको छ । बिरेले यसको सम्पूर्ण दोष पार्वतीमाथि नै खन्याएको छ । पार्वतीले

मारवाडी साहु आउँदा घृणा गरेकै कारणले गर्दा बिरेले जागिरबाट निस्कनुपरेको छ । यहाँ प्रभुत्वशाली समाजमा ठूलाबडाले सानालाई विभिन्न बहानामा गर्ने विभेदलाई उजागर गरिएको छ । लैङ्गिक दमनकारी समाजमा नारीहरूले पतिका निम्ति जिउने एकखाले स्वाभिमान हुन्छ नै तर यस कथामा शोषकहरूको अत्याचारी व्यवहारमा पतिकै हात रहन पुगेको छ । यसलाई समाजमा हुने लैङ्गिक विभेदको चरम उत्कर्ष नै मान्न सकिन्छ । कथाकार विकलले विपन्न हुनाका कारण पारिवारिक जीवन धान्न शरीरै बेच्नुपर्ने किनारीकृत समाजको पीडासँग नारी हिंसाको सन्दर्भलाई देखाएका छन् । यसबाट तत्कालीन समाज नारी हिंसामा उद्यत रहेको कुरा पुष्टि हुन्छ ।

"यही राँडले गर्दा हो, भएको छँदाखाँदाको काम छुटेको ।" (पृ. ७३)

लैङ्गिक विभेदले प्रश्रय पाएको समाजमा पुरुषले नारीलाई भौतिक वस्तुको रूपमा उपयोग गर्न चाहन्छ । नारी जातिमाथि जति घृणित तवरले गालीगलौज गरेर आरोप लगाए पनि नारीहरू त्यसलाई प्रतिवाद गर्नुको सट्टा सहन बाध्य हुन्छन् । बिरे मध्यरातमा रक्सी खाएर टिल्ल परेर आउँछ । घरमा स्वास्नी छोराछोरी भोकै हुन्छन् । घरमा खाने कुराको अन्नसम्म पनि हुँदैन । बिरे भने उल्टै पार्वतीलाई अनेकथरि गाली गर्छ । यहाँ नारीले परिवार, समाज, स्वाभिमानका निमित्त बाँच्नुपर्ने कठिन परिस्थितिको कारुणिक स्थिति चित्रित छ । नारीहरू पुरुषको हुकुमी शासनको सिकार भएर तिनकै पञ्जामा निरीह बन्नुपर्ने बाध्यता प्रदर्शित छ ।

> "तेरो बाबु भोकले मरेर आउँछ भनेर तेरो बुद्धिमा घाम झुल्किन सकेन राँड ! ... आफू दिनभरि बसेर मनपरी गर्दी हो, मेरो कुनै वास्ता छैन ।" (पृ. ७४)

समाजमा पतिले कुनै कामधाम नगरी रक्सीले मातेर आउँदा पनि नारीहरूले उसैलाई मान्नुपर्छ भन्ने हैकमवाद स्थापित छ । पुरुषलाई कुलत, रमरस, हिँडडुल अनि साथीसङ्गतको बेग्लै स्वतन्त्रता छ । साहुलाई अर्काकी पत्नीसँग सहवासको छुट छ तर नारीलाई बाध्य भएर अर्कोसँग शरीर सुम्पनुपर्ने कठोर सङ्कट छ । विपन्न हुनुको पीडाभित्र नारी दमनको परिणाम छ । समाजले नारीमाथि घरमा खानेकुराको जोहो नहुँदा पनि आफैं खोजीमेली गरेर छाक टार्नुपर्ने, पतिले जे बोले पनि अर्थात् जसो गरे पनि त्यसको प्रतिकारमा आउनु नहुने परिपाटी निर्धारण गरिदिएको छ । यसरी नारी जातिलाई समाजले नै सीमान्तीकृत अवस्थामा पुऱ्याएको छ ।

> "होइन, के पाएर मैले तुल्याएर राख्नु ? ....सिङ्गुलै लोग्ने मान्छे भएका आफू दिनभरि ढौँटारी मारेर यतिबेला भित्र पस्छन्, मलाई पो ! ..."

> "स्वास्नी मान्छे भएर के, पल्लापट्टिकी बाटुली पनि त स्वास्नी मान्छे हो नि, तेरो आँखा फुट्दैनन् ? सत्ते सावित्री भएकी राँड ! म रातदिन मरी मरी कमाउने, तँ राँड बसी बसी घिच्ने ? ..." (पृ. ७४)

बिरेसँगको झगडा त पार्वतीलाई सामान्य नै लाग्न थालिसकेको थियो । तर, छिमेकी बाटुलीको जस्तै व्यवहार गर्न भनेपछि पार्वती रिसले आगो भएकी छ । पार्वती स्वाभिमानमा बाँच्ने, आफ्नो अस्मिता नतोड्ने खालकी नारी हुँदाहुँदै पनि बाटुलीसँग तुलना गरेर त्यस्तै गर्न भनिएको छ । बाटुली त्यो टोलकै वेश्यावृत्तिमा लागेर नाम कहलिएकी महिला हो । बिरेले बाटुलीजस्तै हुनुपर्ने मनसाय प्रकट गरेपछि पार्वतीले बिरेको उक्त चाहनाका विरुद्ध आवाज उठाउन सक्दिन । बिरे पार्वतीलाई अनेकन यातना दिएर, भोकै राखेर, बाटुलीको उदाहरण दिएर भए पनि वेश्यावृत्तिमा लगाउन दबाब दिइरहन्छ । यस्तो घृणित सोचका विरुद्धमा पार्वतीले कसैको साथ र समर्थन पाएकी छैन । ऊ निरीह र असहाय छे । यसरी समाजमा महिलाहरूलाई यौन हिंसाको सिकार बनाएर सीमान्तीकृत बनाइरहिएको हुन्छ । यसमा घरपरिवारको समेत संलग्नता हुने सामाजिक विकृतिलाई यस कथाले देखाएको छ । साथै गरिबी र असचेतनाको कुत्सित सिकार भएका तमाम पार्वती जस्ता नेपाली सीमान्तीकृत नारीहरूको मनोदशालाई यस कथाले प्रस्ट्याएको छ । महिलाहरूलाई पुरुषले सीमान्तीकृत बनाउन मानसिक आवेग, वार्ता र सहमतिलाई पनि उपयोग गरेको देखिन्छ । बिरेले सोही बाटो अवलम्बन गर्‍यो । बिरेले पार्वतीलाई मनाउन बल प्रयोग गर्‍यो तर सकेन । त्यसपछि उसले आफ्नो बाध्यतात्मक स्थितिलाई बुझाउने प्रयास गरेको देखिन्छ :

> "तँ बुझ्दिनस्, कति मुस्किल छ अचेल काम खोज्न ।" .... "के गर्छेस्, सबै त्यसै गर्छन् । यहाँ कसले आफ्नो पुरुषार्थले खान पाउँछ र ? ... सबै तँलाई हेर्छन्, सबै त्यसै गर्छन् । किस्ने आठपरिया, जमदार पनि । तँलाई थाहै छ, यहाँ कतिलाई रिझाउनु पर्छ, काम पाउन ! ... कि त स्वास्नी चाहिन्छ... हेर् अब खाली तेरै एउटा बाटो छ । नत्र तेरो-मेरो त के भयो र, यी बाल-बच्चा...।" (पृ.७४-७५)

यसरी बिरेले सहमतिको बाटो अवलम्बन गरेको छ । उसले अरूको उदाहरण र आफ्नो बाध्यतालाई जोडेर पार्वतीलाई बुझाउने प्रयास गरेको देखिन्छ । बिरेले पार्वतीलाई मानसिक रूपमा मनाउनका लागि आफ्ना बालबच्चालाई जोडेर बाध्यात्मक परिस्थितिको सिर्जना गरेको छ । यसकै प्रारम्भिक योजना अनुरूप यसअघि पनि उसका पत्नी र बालबच्चाहरू कैयौँ रात भोकै सुतेका थिए । पुरुषको एकलौटी वर्चस्व भएको समाजमा नारीहरूलाई सीमान्तीकृत बनाइन्छ भन्ने कुरालाई माथिको साक्ष्यले प्रस्ट रूपमा अर्थ्याएको छ । समाजले त्यसलाई मौन रूपमा स्वीकृति दिएको छ । समाजमा त्यसरी नै ज्ञानको उत्पादन गरिएको छ । समाजमा प्रभुत्वशाली वर्गहरूले पनि अधीनस्थ वर्गको सुन्दर र राम्रो

पक्षलाई हडप्ने गरेको यथार्थ प्रस्तुत भएको छ । यहाँ पार्वती एउटी राम्रो वस्तुभित्र दाँजिन विवश छे ।

> "अस्ति मसँग आएको त्यो भन्सारको भरिया-नाइके हो । मोरो ख्याल टिमुर्केको छैन ! ... तर त्यसलाई हात लिन सकियो भने त के गर्छेस् ।" (पृ. ७५)

यसरी बिरेले पार्वतीलाई मानसिक रूपमा क्रमशः तयार पार्दै गएको छ । पार्वतीले भरिया नाइकेलाई एक दिन बोल्दै नबोलेर र अर्को दिन घरभित्र प्रवेशै नदिएर विद्रोह गरेकी छे । तर, एकैछिनमा बिरे आएर उसलाई प्रवेश दिएको छ । ऊ क्रमशः हार्दै हार्दै गई । बिरेले भरिया नाइकेलाई दिनदिनै ल्याएर घरमा हालीमुहाली गर्न थाल्यो । यसै क्रममा एक दिन साँझमा आएर त्यो भरिया नाइकेले बिरेको जागिर भन्सारमा पक्का गरिदिएको खबर सुनाएको थियो । तर, त्यसको बदलामा पार्वतीको शरीर भोगेर गएको प्रसङ्गले विपन्न वर्गको चिन्तन, चेतना र ज्ञानको अभावका कारण सीमान्तीकृत बन्नुपर्छ भन्ने यथार्थ पुष्टि भएको छ । पार्वतीले चाहेर पनि आफूलाई रोक्न सकिन । बिरे आफ्नो लक्ष्यमा पुग्न सफल भयो । उसले जोड, जबर्जस्ती, दबाब, बल आदि भएभरको सबै सूत्र लगाएर आफू पुरुष हुनुको दबदबा कायम गऱ्यो । पार्वती दिनरातको विरोधको बाबजुद पनि स्थापित मान्यताको अगाडि घुँडा टेक्न बाध्य भई । पुरुषकेन्द्रित समाजले पार्वती जस्ता नारीको अस्मितालाई सुरक्षित राख्न सक्दैन । यसर्थ अधीनस्थ वर्गको हैकमका कारण बिरेहरू विपन्न, बेरोजगार र असचेत बन्न पुग्छन् । अनि बिरे पनि आफू सीमान्तीकृत भइकन पनि अधीनस्थ पात्रकै सहायक बनेर अर्को सीमान्तीकृत वर्ग निर्माणमा लाग्न बाध्य हुन्छ । यसर्थ यहाँ उसको चेतनालाई सकारात्मक दिशातर्फ धकेल्ने परिवेश तय हुन सकेन । पुरुषकेन्द्रित समाजले नारीको शरीर पुरुषको भोग्या साधन मान्ने सामाजिक निर्मिति तय गरेको हुन्छ । यसरी नारीहरू विभिन्न सामाजिक निर्मितिको सिकार बनेर सीमान्तीकरणको प्रताडनामा पिल्सिन बाध्य हुन्छन् ।

नारीहरूलाई भोग्या साधन मान्ने हाम्रो समाजमा नारीहरूको यौनको अधिकार नारीमा नभएर पुरुषमा हुन्छ । सहरका भरिया, कुल्ली, आवारा, ड्राइभर, मारवाडी, आठपरिया, जमदार, भरियाको नाइके आदि सबै पार्वतीसँग भाउजू, दिदी, बहिनी जस्ता नाता जोडेर यौनतर्फ नै आकर्षित भइरहेका छन् । उनीहरू केही न केही बहाना बनाएर पार्वतीलाई भोग्न चाहन्छन् । यसमा आफ्नै पतिको कुत्सित विचारका कारण सबैले पार्वतीलाई यौन शोषणको सिकार बनाएका हुन् । यहाँ उसको पतिचाहिँ वर्गीय सीमान्तीकरणको सिकार भएको छ । आखिर बिरेले घरको आर्थिक स्थिति सुधार्ने नाउँमा आफ्नै पत्नीलाई अरूसमक्ष जबर्जस्ती अर्पण गरेको निकृष्टताबाट पार्वती पितृसत्तात्मक समाजमा ग्रसित नारी पात्र हो । समाजमा स्थापित मूल्य र मान्यताहरूका कारण पार्वतीले

आफ्नो स्वेच्छिक सक्षमता प्रदर्शन गर्न पाएकी छैन । यस कुरामा बिरे स्वयम् स्वाभिमानी बनेन । आफ्नी पत्नीको स्वाभिमानी मूल्यप्रति ऊ सचेत हुन सकेन । उसलाई अभावले पिरोल्यो । साथीसङ्गतिले बिगाऱ्यो । उसलाई सचेत बनाउने कोही भएन । उसले पत्नीलाई यौनहिंसाबाट जोगाउनुपर्नेमा आफैँले शारीरिक र मानसिक यातना दियो । उसैले पार्वतीको संवेदनामा खेल्यो । अन्ततः निरीह नारी पात्र पार्वतीले आफ्नो अस्मिता, चाहना र नैतिकतालाई जोगाउन सकेकी छैन । यसबाट आम नेपाली नारीहरू पितृसत्तात्मक समाजमा असुरक्षित र अपहेलित रहेको कथ्य पुष्टि हुन्छ । पितृसत्तात्मक समाजका कथित प्रभुत्वशाली वर्गका कारण नारीहरूको आफ्नो शरीर, आफ्नो यौन र आफ्नो सुरक्षामाथि पुरुषको राज रहेको हुन्छ । नारीहरूलाई आफ्नो अस्मिता रक्षामै चुनौती छ । नारीहरू घरबाटै असुरक्षित हुने, यातना, प्रताडना भोग्न बाध्य बन्ने हिंसात्मक व्यवहारलाई समाजले नै मौन स्वीकृति दिएको हुन्छ भन्ने कुरालाई यस कथाले प्रस्ट्याएको छ ।

### ३.४.५ 'सिँगारी बाख्री' कथामा लैङ्गिक सीमान्तीयता

'सिँगारी बाख्री' कथा विकलको प्रतीकात्मक कथा हो । यसमा एक हिसाबमा पशु अधिकार र अर्को हिसाबमा मानिसको लोभीपापी स्वभावलाई देखाइएको छ । यसमा मूलतः नारी जातिसँग समाज र पितृसत्तात्मक चिन्तनले अपेक्षा गरेको सामाजिक निर्मितिलाई देखाइएको छ । फलतः सन्तान प्राप्तिको चाहना र फाइदालाई लिएर समाजले नारीलाई सीमान्तीकृत तुल्याउने गहन पक्षलाई प्रतीकात्मक रूपमा उजागर गरेको पाइन्छ ।

मानवीय र मानवेतर पात्रको उपस्थितिमा रचिएको यस कथामा मानवता हराएको समाजको स्वार्थी प्रवृत्तिलाई देखाइएको छ । मानवीय पात्रका रूपमा पण्डित र पण्डितनी बज्यै छन् भने मानवेतर पात्रका रूपमा सिँगारी बाख्रीको उपस्थिति छ । यहाँ सिँगारी बाख्री लेखकको मुख पात्र हो । पण्डितनी बज्यैले माइतीबाट पेवा स्वरूप पाएको सिँगारी बाख्रीले छ-आठ वर्षदेखि वर्षको दुई-दुईओटाको दरले पाठापाठी दिएको छ । यस क्रममा शरीर जीर्ण अवस्थामा पुगेपछि पण्डितले बगरेलाई दश रुपैयाँमा बेचेको कारुणिक प्रसङ्गलाई कथामा मुख्य रूपमा दर्साइएको छ । यहाँ बाख्रीको कथाव्यथा प्रतीकात्मक भए पनि धर्म, परम्परा, आदर्श र नैतिक मूल्यका आडमा अमानवीय, निन्दनीय र घृणित कार्य गर्ने पण्डित बाजेको आडम्बरी चरित्रलाई प्रस्तुत गरिएको छ । यहाँ पण्डित बाजेले देखाएको लालच र स्वार्थी माया तथा स्वार्थ पूरा भएपछि सोही व्यक्तिबाट गरिएको घृणाका माध्यमबाट मानिसले स्वार्थका निमित्त सेवा गरेको नाटक गर्दछ भन्ने भाव व्यक्त भएको छ । कथामा नीच एवम् स्वार्थी पण्डित परिवारको ढोँगी व्यवहारका कारण बूढी बाख्रीप्रति मानवीय संवेदना प्रस्तुत नगरिएको कथ्यलाई उजागर गरिएको छ ।

सिँगारी बाखीप्रति अधिकतम रूपमा मानवीय भावना जागृत गराई सामन्ती संस्कारबाट गुज्रिएका पण्डित बाजे र बज्यैको स्वार्थका खातिर धर्म संस्कृतिलाई समेत सहारा लिइएको छ । यसर्थ 'सिँगारी बाखी' कथाले धर्मको आड बोकेर स्वार्थ पूर्ति गर्ने अमानवीय चरित्रलाई उदाङ्गो बनाएको छ । यसबाट सामन्ती समाजभित्रको खोक्रो आडम्बर र मक्किएको आस्था प्रदर्शन भएको छ । परिणामतः यस कथाबाट मानिसद्वारा पशुलाई सीमान्तीकृत गरिएको एउटा सन्दर्भ तथा नारी (सिँगारी बाखी) लाई स्वार्थपूर्ति र अपेक्षाको आधारका रूपमा मात्रै लिइएको प्रतीकात्मक अर्थ बोध भएको छ ।

सिँगारीले पाठापाठी दिइरहुन्जेलसम्म मायाको स्वाङ पार्ने र बूढी भएपछि बगरेको जिम्मा लाउने प्रवृत्तिले सामन्ती समाजका पण्डित-पण्डितनीको असली रूप प्रदर्शित छ । यसले समाजको चिन्तन, लैङ्गिक तथा सामाजिक अवस्था र यसकै आडमा समाजका निम्न वर्ग, निमुखा, अल्पसङ्ख्यक अनि निरीहलाई सीमान्तीकृत तुल्याइएको मूल भाव प्रस्तुत छ । यहाँ मानव र मानवेतर पात्रका माध्यमबाट लैङ्गिक सीमान्तीकरणको अवस्थालाई उजागर गरिएको छ । समाजमा हुने सामन्ती संस्कारधारीहरूले धर्म, परम्परा, नैतिकता, आदर्श जीवन मूल्यलाई पण्डितले जसरी भुल्न पुग्छन् । सिँगारीले पाठापाठी दिउन्जेल असाध्यै स्याहार गरिनु तथा ऊ कमजोर भएपछि दश रुपैयाँमा बेचिनुले विभेदकारी समाज स्वार्थी, अपेक्षामुखी र फाइदाखोरी रहने देखिएको छ । यसरी नै नारीहरूलाई पनि समाजले सन्तान दिए मात्रै सम्मान गर्छन् । सन्तान दिएमा आफ्नो ठान्छन् र राम्रो व्यवहार गर्छन् । अन्यथा नारीहरूलाई विभिन्न सामाजिक आरोप लगाइने कुरालाई बिम्बात्मक अर्थमा बोध गर्न सकिन्छ ।

> पण्डितनी बज्यै अघि जुन निष्ठा र जुन प्रेमको उत्साहले उसको सेवासुसार गर्छिन् आज त्यसको दश अंशको एक अंशको एक अंश पनि गर्दिनन्; जसरी अघि उसले खाए नखाएको खुब हेरविचार खोजी-नीति हुन्थ्यो, आज त्यो हुँदैन । अनि उसको मन साह्रैसँग कुँडिन्थ्यो र ऊ धुरुधुरु रुन्थी । त्यही आँसु टल्पलाएका धमिला आँखाले चारैतिर हेर्थी । (पृ. ७९)

माथिको साक्ष्यले सामन्ती समाजको खोक्रो आडम्बरलाई मुखरित गरेको छ । समाजका संरक्षक मानिने संस्कारका जननी पण्डित-पण्डितनीबाटै एउटा निमुखो प्राणी सीमान्तीकृत बनेको छ । बैंसमा उसको भन्दा पनि पाठापाठीको मायाले उचित स्याहारचाकर पाउनु तर पाठापाठी दिन नसक्ने उमेरमा हेलाँ गरिनुले समाजमा प्रभुत्व वर्गले निमुखालाई गर्ने व्यवहार प्रदर्शन भएको छ ।

लैङ्गिक विभेदकारी समाजमा पुरुषहरूले आफूलाई समाजको शिक्षित, ज्ञानी, सर्वज्ञ, सर्वेसर्वा र सर्वगुण सम्पन्न ठान्ने परिपाटी बनेको देखिन्छ । यस कथाले शक्तिमा रहुन्जेल र

आफूमा तागतहुन्जेल माया, प्रेम, निष्ठा पस्कने र शक्तिहीन हुनासाथ उपेक्षा गर्ने परिपाटीलाई चित्रण गरेको छ । समाजमा गन्यमान्य व्यक्तिहरूले गर्ने गरेका असमान व्यवहारलाई कथाले प्रस्ट्याएको छ ।

> तिनै पण्डित हुन् तिनै पण्डितनी । तर सिँगारी आज-भोलि किन किन आफूप्रतिको उनीहरूको त्यो निष्ठा, त्यो पाउन्न; दिन प्रतिदिन आफूप्रति उनीहरूको व्यवहारमा उपेक्षाको बढ्दो भाव पाउँथी । उसको मन भित्रभित्रै चिरिएर आउँथ्यो । भला ऊ शक्ति र तेजहीन भई, त्यो त प्रकृतिको अनिवार्य नियम हो । केवल प्रेम र निष्ठाको मामुली व्यवहारले पनि ऊ त्यति सारो दुःखी हुने थिइन होला । किन्तु मालिक मालिकनीको आफूप्रति किन यति सारो उपेक्षा ? ... यसले उसलाई भित्रभित्रै पीडा दिन्थ्यो । अनि ऊ पहिलेका दिनलाई सम्झेर धुरुधुरु रुन्थी । (पृ. ८१)

यस साक्ष्यले पण्डितनीले सिँगारी जवान हुँदा उसलाई गरेको व्यवहार र अहिले शक्तिहीन अवस्थामा पुग्दा गरिएको व्यवहारको तुलनाबाट सिँगारीले दुःख मानेको प्रसङ्गलाई देखाएको छ । सिँगारीले मालिकलाई खुसी पारेको प्रसङ्गसँग हाम्रो समाजका निरीह नोकरचाकरले प्रभुत्वशाली वर्गप्रति देखाउने इमानदारिताको मूल्यलाई तुलना गरिएको देखिन्छ । कथाकार विकलले वर्गीय असमानताको खाडलभित्र निरीह तथा विपन्न र दमित वर्गलाई सम्पन्नहरूले स्वार्थका लागि मात्रै माया देखाउँछन् भन्ने कुरालाई प्रस्ट्याएका छन् । यहाँ वर्गीय सीमान्तीयता र लैङ्गिक विभेदबाट सिर्जित लैङ्गिक सीमान्तीयता प्रदर्शन भएको छ ।

> "ज्यू" पण्डितनी बज्यै भुटभुटिएर दाउरा ठोस्दाठोस्दै झर्कन्थिन् । अनि आँसु बहेका आँखा मिच्दै लोग्नेतिर हेर्दथिन् "किन ?"
>
> "बिहान सिँगारीलाई पिठो पानी दिइनस् कि कसो ?" पण्डित बाजे बडो चिन्तित स्वरमा सोध्दथे ।
>
> अनि कदाचित् पण्डितनी बज्यैको मुखबाट "ज्या बिर्सेंछु" अथवा "यो पकाउने धन्दाले अरू मेसो बाटो केही दिए पो" भन्ने वाक्य निस्क्यो कि त पण्डित बाजेको सिँगारीप्रतिको माया र भित्रको ब्रह्मज्ञानको बाढी उर्लन्थ्यो "जति सम्झाए पनि नहुने । मनमा विवेकको झ्यालो झुल्केको भए पो । यो पशुको र आफ्नो ज्यान एकै होइन ? ... त्यो पशु भयो र पो बोल्न जान्दैन । आफूलाई एक छाक खान नपाए कस्तो हुन्छ, त्यो सम्झनु पर्दैन ? ... आत्मा चिन बाबै हो, आत्मा ! गीताजीमा भगवान्ले के भन्नुभएको छ ?"
>
> 'विद्या विनये सम्पन्ने बाह्मणेः गवि हस्तिनी

शुनि चैव श्वपाके च पण्डिता समदर्शिनः ।'

"तिमीहरू मूर्ख हौ, मूर्ख महामूर्ख ।..." (पृ. ८२-८३)

यस कथांशले पण्डित दम्पत्तिले सिँगारीलाई मात्रै नभएर आम प्राणीका बारेमा गहिरोसँग बुझेको बोध हुन्छ । गीता ज्ञानको प्रसङ्ग र प्राणी हितकारी भावको सन्दर्भ जोडेर आत्मा-परमात्मासमेतको गहिरो विवेकलाई सिँगारीको मायामा उनिएको छ । तथापि, यही ज्ञान विपरीत सिँगारी कमजोर भएपछि बगरेका हातमा बेचिरहँदा, उसलाई पाठापाठी दिन नसक्ने अवस्थामा हेपिरहँदा सो कुरा नसम्झनुले अमानवीय चरित्र उदाङ्गो भएको छ । सिँगारी बैंसालु हुन्जेल उसले दिने फलका लागि मात्रै उसप्रति मायाको भाव पोखिएको छ । धार्मिक आदर्शका सन्देश र दृष्टान्तसहितको शास्त्रोक्तिका गहन सन्दर्भमा प्राणी हितकारी विचार प्रदर्शन भएको छ । तथापि, उक्त भाव उसको वृद्धावस्थामा स्वतः उल्टिएर सिँगारी उपेक्षित बन्न पुगेको प्रस्ट छ । यसबाट प्रभुत्वशाली सोच भएका सामन्ती चरित्रले फाइदाका लागि विपन्न वर्गको श्रम, उमेर, सामर्थ्य र कौशललाई चुसेका हुन्छन् भन्ने सामाजिक परिवेश चित्रित भएको छ । यहाँ सिँगारी एक मानवेतर नारी पात्रका रूपमा उपेक्षित छे ।

> सिँगारीको सुत्केरी हुने दिन नजिकै छ भने त झन् पण्डित र पण्डितनीको ममताको डिग्री १०७ बाट एकै पटक ११३ पुग्दथ्यो; स्याहार-सुसार र खोजी-नीति चौब्बर बढ्दथ्यो । पण्डित बाजे सहरबाट फर्कंदा सधैं बाबुकाजीको पसलबाट दुई मुठा रायोको साग (भरसक पहेँलो, पैसा नपर्ने छानेर) आफैं बोकेर आउँथे र घरभित्र पस्नासाथ अन्त कतै नहेरी सरासर ऊतिरै जान्थे, "सिँगारी !" (पृ. ८३)

माथिको साक्ष्यमा प्रस्तुत गरिएको कथांशले मानिसले उसप्रति गर्ने व्यवहारहरूमा पनि आर्थिक पक्ष जोडिएको कुरालाई देखाइएको छ । सिँगारी बाख्री जवान, बैंसालु, सन्तान उत्पादन गर्ने क्षमतावान् हुँदा उसका पाठापाठीहरू बेचेर कैयौँ आवश्यकताहरू पूरा गरिन्थ्यो । पेटभित्रकै बच्चालाई सम्झेर कैयौँ भाकलहरू हुन्थे । यसकारण उसले राम्रो स्याहारचाकर पाउँथी । उसको हेरचाहमा आत्मागत समानताको शास्त्रीय चिन्तनले कार्यसम्पादन गर्न सहजीकरण गर्दथ्यो । पण्डितलाई गीताका श्लोकहरू कण्ठस्थ हुन्थे । तथापि, यहाँ जवानी रित्तिएर हाड, छाला र करङ देखिने भएपछि सिँगारी एकाएक सीमान्तीकरणको अवस्थामा पुगेको कुरालाई देखाइएको छ । कथामा नजन्मिदै पेटभित्रको पाठापाठीले पनि उचित मूल्य पाएको छ । यसको अर्थ सिँगारीको स्याहार गरिएको नभएर उसले दिने पाठापाठीको उद्योगलाई खुराक दिइएको सन्दर्भ पनि प्रस्ट छ । यसरी सिँगारी

मानवेतर नारी पात्रका सन्दर्भमा किनारीकृत अवस्थामा छे । अर्कातिर पण्डितनीको उपयोगितावाद र नारी इच्छालाई कथामा यसरी अभिव्यक्त गरिएको छ :

> "यसको कति महिना लाग्यो हँ ?"
>
> "लाग्यो के पाँच महिना" पण्डितनी फुल्दथिन् । "हेर्नोस् नि, यसपालिको त दसैँससैँ भन्न पाइन्न, भनिदिया छ । हामी एउटा मङ्गलसूत्र बनाएर नलाई त ।" (पृ. ८३-८४)

माथिको संवादमा सिँगारीले सन्तान दिने खुसीयालीमा विशेष मूल्य पाउने गरेको प्रसङ्ग छ । यहाँ अर्को नारी चिन्तन अनुरूप पण्डितनीको मनोचाहना प्रस्तुत छ । पण्डितनी बज्यैलाई आफ्नो मङ्गलसूत्र बनाउने धोको छ । सिँगारी पनि उनकै दाइजो हो तथापि त्यहाँ पति अर्थात् पण्डितको हैकम रहेको कुरा यस साक्ष्यमा झल्किन्छ । यसबाट उनको चाहनालाई कुठाराघात गरिएको देखिन्छ । हुन त परिवार एउटा सम्झौता पनि हो तर त्यहाँ नारी र पुरुषका आ-आफ्ना चाहनामा पनि सम्झौता हुनु आवश्यक हुन्छ । यो विषय समाजवादी नारीवादी अवधारणासँग मेल खान पुग्छ । परिवार र श्रमशोषण, ज्याला कम दिने जस्ता नारी उत्पीडनका आर्थिक र सांस्कृतिक अपरिवर्तनकारी विषय (भट्टराई, २०७७ ख, पृ. १३५) लाई यस कथाले समेटेको देखिन्छ । यहाँ पण्डितनी पण्डितबाटै अधुरो अपेक्षामा बाँचेकी देखिन्छ । यसबाट पण्डितले पत्नीलाई पितृसत्तात्मक हैकमका कारण एकलौटी व्यवहार गरेको अर्थात् आर्थिक अधिकारमा एकलौटी प्रयोग गर्ने गरेको कुरा प्रस्टिन्छ ।

सिँगारी उसको वृद्धावस्थामा अपहेलित बनेकी छे । वास्तवमा शक्तिमा नहुँदा सीमान्तीकृत जीवन जिउन बाध्य हुनुपर्छ । पण्डितनीमा भएको मङ्गल सूत्रको लालचका कारणले नै उसको पेटको अर्को बच्चाबच्चीका लागि सिँगारीले स्याहार पाएकी छे । प्रकृतिको नियमानुसार सधैँ शरीरमा शक्ति हुँदैन । वृद्धावस्था पनि बैंस जस्तै प्रकृतिको नियम हो । हरेक प्राणी एउटा समयमा उमेरको प्रकृतिगत परिवर्तनभित्र बाँधिन पुग्छ । फलतः यस्तो अवस्थामा सिँगारीले जसरी सीमान्तीकृत वर्गहरू प्रभुत्ववादीको स्वार्थमा रित्तिन पुग्छन् । हरेक सीमान्तीकृत वर्गले प्रभुत्वशाली वर्गको आडमा रहनुपर्ने र तिनले पाउने सुविधामा पनि स्वार्थ गाँसिने हाम्रो समाजको चिन्तन र व्यवहार यस कथामा प्रस्तुत भएको छ । त्यसमा पनि नारीहरूसँग समाजले सन्तान जन्माउने मेसिनका रूपमा व्यवहार गर्छ । अझ त्यसमा पनि छोरा नै जन्माउनुपर्छ भन्ने ढिपी पनि गाँसिन पुग्छ । यसर्थ सीमान्तीकृत वर्गको कुनै प्रयोजनगत स्वार्थ र लोभका कारण मात्रै अधीनस्थ वर्गले सम्मान वा स्याहार दिन्छन् । सीमान्त वर्ग कमजोर भएका दिन प्रभुत्वशाली वर्गले स्वार्थ साँधेर मिल्काइदिन्छन् । वस्तुतः हाम्रो पितृसत्तात्मक समाजमा सिँगारीले जसरी सीमान्तीकृत भएका मानिसको

आवाजलाई बोलिदिने कोही हुँदैन । केवल सिँगारीले जसरी बेशब्द यातनाको सिकार बन्ने सन्दर्भ यहाँ प्रस्तुत भएको देखिन्छ ।

> "हेर् न, तँ गाउँघर, वरपर सबैले मान्नुपर्ने पण्डितनी, पण्डितको धर्मपत्नी । तैँले पनि त्यस्तो कुरा गर्न स्वाउला ? यस्तो अबुझ कुरा त नेपे घर्तीकी स्वास्नीलाई पो स्वाउँछ । कुरा त सुन् सौभाग्य सिंगुलै म छैन र ? अबुझ नबन् न । हेर्, यसपालिको मैले दखिनकाली भाकल गरिसकेँ । ती कस्ती देउती, तँलाई थाहा छँदै छ नि ।" (पृ. ८४)

यस साक्ष्यबाट पण्डितनी बज्यै आफैँ लैङ्गिक रूपमा सीमान्तीकृत नारी पात्र हुन् । माइतीले दिएको सिँगारी बाखी पालेर उनले आफ्ना मनका रहर पूरा गर्न पाएकी छैनन् । त्यसमा पण्डितको हस्तक्षेप हुँदा पण्डितनी नारी पात्र भएकाले सीमान्तीकृत भएकी देखिन्छ । पण्डितले पण्डितनीलाई भावनात्मक शोषण गरेको कुरालाई माथिको साक्ष्यले पुष्टि गर्छ । समाजमा पण्डितनी जस्ता व्यक्तिले उक्त माग गर्न नसुहाउने कुराले एक हदमा आफू ठूलाठालु भएको र अरू साना रहेको भनी विभेदको भाव प्रदर्शन भएको छ । यसबाट नारीहरूलाई समाजले स्तरका आधारमा वर्गीकरण गरेको तत्कालीन सामाजिक निर्मितिलाई कथाकारले प्रस्तुत गरेका छन् । पण्डितले पण्डितनीलाई आफू जिउँदो हुँदाहुँदै मङ्गलसूत्रको रहर नगर्न दबाब सिर्जना गरेको कुराले नारीहरू पितृसत्तात्मक समाजमा सीमान्तीकृत बन्ने प्रसङ्ग प्रस्तुत छ । समाजले प्रभुत्वशाली भनिएका परिवारमा पनि नारीहरू पितृसत्तात्मक समाजको चिन्तनबाट पीडित रहने स्थितिलाई यस कथामा कथाकारले चित्रात्मक ढङ्गले प्रस्तुत गरेको देखिन्छ । अर्को पक्षबाट हेर्दा नेपे घर्तीकी स्वास्नी र पण्डितनीको मागबिचमा तुलना गरिनुले पनि समाजमा नारीहरू जातगत, वर्गगत र चिन्तनगत आधारमा सीमान्तीकृत बन्ने गरेको कुरा पुष्टि भएको छ ।

नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद र त्यसलाई स्थापित गर्ने सामाजिक परम्पराका कारण निर्धोले भोग्नुपरेका पीडालाई कथाले घुमाउरो ढाँचामा प्रस्तुत गरेको छ । पण्डित पण्डितनी आफ्ना घरमा पालेको सिँगारी बाखीको पीडामा दुःखी भएका छैनन् । सिँगारी उनीहरूका लागि भार भएकी छ । पण्डितले सिँगारीलाई अन्ततः देखिसहन नसक्ने स्थिति उत्पन्न भएको विषयलाई कथामा यसरी देखाइएको छ :

> "ए, सुनिस् ? ... यो व्यर्थको सिनोलाई घिचाएर मात्र के काम; बित्थामा प्याक्क मरिदियो भने नोक्सान मात्र । बरु... कसो ? ... के भन्छेस् ?" (पृ. ८५)

बच्चा दिउन्जेल सबै प्राणीलाई समान देखेर माया गर्नुपर्ने पण्डितको चिन्तन, शास्त्रोक्तिको दृष्टान्त सिँगारीको वृद्धावस्थामा घृणा र अपमानमा परिणत भएको छ । यसरी

यहाँ सामाजिक संरचना र परम्पराले निर्धा वा सीमान्तीकृत वर्गको कमजोर अवस्थालाई उपेक्षा गरिएको छ । लैङ्गिक दृष्टिले पछि परेका वर्गलाई सीमान्तीयतातिर लैजाने अमानवीय व्यवहारको सिकार भएकी सिँगारी बाखी अन्ततः व्यर्थको सिनोको उपमा बनेकी छ । उनीहरू उसलाई खान दिनको सट्टा बरु फालिदिने मानसिकतामा पुगेका छन् । सिँगारी बाखी उमेरपछि हाडछाला मात्रको शरीरमा बोझ भएकी छ । पण्डित-पण्डितनीमा प्याक्क मरेर गाड्नुपर्ने हो कि भन्ने पिरलो देखिएको छ । यसको अर्थ अन्तिम अवस्थामा समेत केही पैसाको लालच रहिरहेको यथार्थ झल्किएको छ । सिँगारीलाई केही नहुँदै बगरेलाई बेच्नुपर्ने उनीहरूको मनसायले पनि सीमान्तीकृत पात्रहरू, पितृसत्तात्मक चिन्तनधारी समाज अर्थात् अधीनस्थ वर्गले सीमान्त वर्गलाई घृणाको पात्र बनाउने प्रसङ्ग झल्किएको छ ।

> "हैन बाबै, ज्यादा मोह नगर् । मोह त नरकको घर हो । त्यसमाथि यस्तो सिनोमाथिको मोह, प्याक्क भयो भने ? ... हुन्छ पनि अवश्य किनभने यो हाड र छाला मात्रको कङ्काल कति अड्ला ? हेर्, ढिपी नगर् ।" ... "होइन एउटा सानोतिनो ढुङ्ग्री बनाउन त पुगिजाला कि, पुगोइन त ? ..." ..."के कुरा गरेको ? गतिलो छ र ? ... सिनो भइसक्यो, सिनो ! हद्द बन्ला एउटा फुली बनिजाला ।" अनि फेरि तत्कालै उनले हाँसेर भने । "अँ, अब त तेरा पनि घैंटामा घाम लागे त ? ... त के भोलि नै भनौँ त ?" "हुन्छ" पण्डितनीको स्वर भारी थियो । (पृ. ८६)

यस साक्ष्यबाट पितृसत्तात्मक सामाजिक व्यवस्थामा नारीहरू कमजोर बन्ने सन्दर्भ झल्किएको छ । पण्डितनीको माइतीको पेवा सिँगारी बाखीले बैंसमा पाठापाठी दिइरहँदासम्म पण्डितनीको हक र हैकम चलेन । पण्डितनीको इच्छालाई पण्डितले सदा दबाइरहे । यसरी लैङ्गिक रूपमा आफ्नै पतिबाट नारीहरू दमित र सीमान्तीकृत बन्न पुग्छन् । आखिर एकदुई पैसा हात पारेर सिनो पन्छाउने उद्देश्यमा पण्डित बाजे पण्डितनीलाई मनाउन सफल देखिनुले प्रभुत्व प्रवृत्तिकै जित भएको छ । पितृसत्तात्मक समाजमा प्रभुत्वशाली पुरुषको षड्यन्त्रमा परी निम्नवर्गीय प्रतिनिधि मानवेतर पात्र सिँगारी सीमान्तीकृत हुन पुगेको सन्दर्भले यो कथामा कारुणिक भाव बढी सशक्त रूपमा आएको छ । हाडछाला मात्र भएर ढल्ने अवस्थामा पुग्दा पनि पण्डितनीलाई ढुङ्ग्री बनाउने हुटहुटी जाग्नुले संवेदनाहीन मानिसको स्थिति प्रदर्शन भएको छ । पण्डितलाई अस्थिपञ्जर बाँकी रहेको सिँगारीको मायामोहभन्दा त्यसमाथिको अन्याय र कुरूप पक्षको घृणामा सोख छ । अझ पैसाको लोभमा उसलाई बेच्ने चाहना छ । पितृसत्तात्मक समाजमा प्रभुत्वशाली वर्गका पात्रले निम्न वर्गको पात्रको असक्षमतालाई निरर्थक ठानी प्रयोगको साधन बनाएका हुन्छन् । पुरुषकेन्द्रित समाजमा प्रभुत्वशाली वर्गले विभिन्न बहानामा निम्न वर्गलाई केन्द्रबाट धकेलेर किनारामा पुऱ्याउने प्रतीकात्मक अर्थमा यो कथा मार्मिक बनेको छ । यहाँ मानवेतर पात्र सिँगारी

बाख्रीलाई पण्डित-पण्डितनीले आफ्नो स्वार्थ अनुकूल व्यवहार गरेका छन् । प्रभुत्वशाली पात्र पण्डित-पण्डितनीले आफ्नो निहित स्वार्थ पूरा गर्ने माध्यमका रूपमा सिँगारीलाई किनारीकृत बनाएका छन् । अर्कोतिर यहाँ पण्डितनीले मङ्गल सूत्र लाउन पाएकै छैनन् । पण्डितको पितृसत्तात्मक एकतन्त्री चिन्तन नै यसको मुख्य कारक बनेको छ । यसबाट पण्डितनी बज्यै लैङ्गिक सीमान्तीकरणको अवस्थामा पुगेकी छिन् ।

यस कथामा नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद र त्यसलाई स्थापित गर्ने सामाजिक परम्पराका कारण अधीनस्थ वर्गले भोग्नुपरेको पीडाहरूलाई प्रतीकात्मक ढाँचामा देखाइएको छ । एकातिर सिँगारीको दयनीय अवस्थाबाट मानिसले मानवेतर प्राणीलाई सीमान्तीकृत तुल्याउने गरेको यथार्थ प्रस्तुत छ । अर्कोतिर पण्डित अर्थात् पुरुषबाट पण्डितनी अर्थात् महिलाले दमन सहनै पर्ने र अधीनस्थ अर्थात् पण्डितनीले प्रभुत्व वर्ग अर्थात् पण्डितका अघि आफ्ना इच्छालाई विभिन्न बहानामा दबाउनुपर्ने परिस्थिति बनेको छ । यसर्थ शक्तिशालीहरूले स्वार्थका रूपमा शक्तिहीनमाथि राज गर्छन् र सीमान्तीकृत तुल्याउँछन् । यदि प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गमाथि दया देखाए पनि केही न केही स्वार्थ राख्छन् र फाइदा लिन्छन् । यसरी यस कथामा लैङ्गिक सीमान्तीकृत अवस्था र प्रक्रिया दुवैलाई प्रस्ट पार्ने प्रयास गरिएको छ । सामाजिक संरचना तथा परम्पराका कारण अधीनस्थ वर्गको कमजोर क्षेत्रलाई समातेर प्रभुत्वशाली वर्गले दमन गर्छन् । दमनको परिभाषा, शैली, र प्रक्रिया पनि समय र परिवेशानुकूल पृथक्-पृथक् हुन्छ । प्रभुत्वशाली वर्गको अपेक्षाका निमित्त सीमान्त पात्र कहिलेकाहीँ प्यारा बन्छन् तर स्वार्थपूर्तिपश्चात् मूल्यहीन र बोझ बन्न पुग्छन् । यसरी यस कथामा कथाकारले लैङ्गिक, वर्गीय र मानवेतर सीमान्तीकरणको अवस्थालाई निकै गहन र कारुणिक सन्दर्भद्वारा उजागर गरेका छन् ।

## ३.५ निष्कर्ष

रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमध्ये ‘लाहुरी भैंसी, नयाँ सडकको गीत र सुबेदार रणे बूढो’ कथामा वर्गीय रूपमा सीमान्त समुदायको प्रतिनिधित्व भएको छ । यी तीनओटा कथामध्ये ‘लाहुरी भैंसी’ कथाका पात्र द्वारे बाले प्रभुत्वशाली वर्गको तथा लुखुरेले सीमान्त वर्गको प्रतिनिधित्व गरेका छन् । त्यस्तै ‘नयाँ सडकको गीत’ कथामा माग्ने र उसकी श्रीमती सानी सीमान्तीय पात्र छन् भने सिपाही, गुण्डा, उच्च ओहोदामा बसेका व्यक्तिहरूदेखि बटुवा आदिलाई प्रभुत्वशाली पात्र बनाइएको छ । ‘सुबेदार रणे बूढो’ कथामा तत्कालीन राजनीतिका औपनिवेशिक शासक र राणा शासकलाई प्रभुत्वशाली तथा सुबेदार रणे बूढोलाई सीमान्तीय वर्गको प्रतिनिधि पात्र बनाइएको छ । उक्त तीन कथामध्ये ‘लाहुरी भैंसी’ कथाले ग्रामीण सामाजिक पात्रद्वारा प्रस्तुत सीमान्तीय पक्षलाई चित्रण गरेको छ । ‘नयाँ सडकको गीत’ कथामा सहरिया समाजको अस्तव्यस्ततासँगै दृष्टिविहीन भएर सडकमा बस्नुपर्ने र मागेर खानुको पीडाले

छटपटाएको प्रसङ्गलाई जोडिएको छ । एक हदमा यो कथामा सानीमाथि सिपाही, सरकारी ओहोदाका पुरुषले समेत गिद्दे नजर लगाउने गरेको प्रसङ्गका कारण लैङ्गिक सीमान्तीय पक्ष पनि गाँसिएको छ । यसर्थ यस कथामा वर्गीय तथा लैङ्गिक सीमान्तीयताको विषयवस्तु समावेश भएको छ । 'सुबेदार रणे बूढो' कथामा रणेले देशको नाम राख्ने गरी लाहुरमा नेपालीको पहिचान बनाएको छ तर ऊ आफ्नी श्रीमतीहरूबाट पीडित छ । समाज तथा सरकारबाट बलेकै आगो ताप्ने गरेको सन्दर्भ विश्लेषित छ । यसर्थ वर्गीय धारका साथै पुरुष पात्रले पनि नारीका कारण सीमान्तीकृत बनेको लैङ्गिक सीमान्तीय विषयलाई सूक्ष्म रूपमा समेटिएको छ ।

यस कथासङ्ग्रहमा 'बिरेकी आमा' कथा जातीय रूपमा सीमान्तीकृत पात्र बनेकी छ । गाउँभरिको ढिकीजाँतो, मेलापात गरिदिने बिरेकी आमाको दुःखदायी जीवन र कारुणिक मृत्युमा अपहेलनाको सिकार हुनुले हाम्रो समाजको जातीय सीमान्तीकृत संरचनाको महाकमजोरीलाई उजागर गरेको छ । यसमा बिरेकी आमा आफू तल्लो जातको भएकै कारण प्रभुत्वशाली समाजमा एक्लो र अपहेलित छे । समाजले उसको श्रमलाई उपभोग गरेको छ तर उसलाई अछुत मानेर घोर घृणा गरेको छ । उसले आफ्नो जीवनको सङ्घर्षभित्र जातीय उत्पीडनको सिकार भएर समाजसँग हार्नुपरेको छ ।

कथाकार विकलले यस कथासङ्ग्रहमा 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाखी' कथालाई लैङ्गिक सीमान्तीयताको कोणबाट प्रस्तुत गरेका छन् । यसमध्ये 'भन्ज्याङको चौतारो' कथामा एकातिर बले र पातलीको जोडीमध्ये बले लाहुर जाँदा उसकी श्रीमती पातली अर्कैसँग पोइल गएकी तर उसको दोस्रो लोग्नेद्वारा ऊ प्रताडित बनेको प्रसङ्ग छ । यसमा बले श्रीमतीद्वारा र उसकी श्रीमती दोस्रो पतिद्वारा सीमान्तीकृत बनेको सन्दर्भ छ । 'प्रतिहिंसा' कथामा हर्के र पुतलीको जोडीलाई देखाइएको छ । पुतलीले हर्केलाई छोडेर पोइल गएकी छ तर केही दिनमा गरगहनासमेत उक्त केटाद्वारा लुटिएको प्रसङ्गले यहाँ पुतलीद्वारा हर्केमाथि र पुतली पोइल गएको केटाद्वारा पुतलीमाथि लैङ्गिक सीमान्तीयताको परिस्थिति उत्पन्न भएको छ । 'बिहानीपखको बत्ती' कथामा शारदालाई बाबुआमाले सम्पत्ति हेरेर सहरिया रोगी लोग्नेलाई सुम्पेको प्रसङ्ग छ । यसमा शारदा लैङ्गिक हिसाबमा समाजको सोच र आदर्शताका नाउँमा हिंसामा परेकी छ । उसका अनगिन्ती जैविक तथा मानसिक आकाङ्क्षाहरू उक्त श्रीमान्बाट पूरा नभएको मनोवैज्ञानिक पक्षलाई यस कथाले उजागर गरेको छ । त्यस्तै *दुई रुपैयाँ नोट* कथामा बिरेले आफ्नै श्रीमती पार्वतीलाई शरीर बेचेर पैसा कमाउन जोडबल लगाएको लैङ्गिक सीमान्तीयताको प्रसङ्ग छ । यसमा नारीहरूले श्रीमान्को इच्छा र विपन्न हुनुको मनोदशासँगै नारीमाथि अस्मिता रक्षाको चुनौती रहने पीडादायी स्थिति प्रदर्शन गरिएको छ । लैङ्गिक सीमान्तीयताका दृष्टिमा 'सिँगारी बाखी' कथामा मानवेतर पात्र सिँगारी बाखीलाई सीमान्तीकृत बनाइएको

छ । यस कथामा कथाकार विकलले मानवेतर पात्रका माध्यमबाट प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गका व्यक्तिहरूले श्रम, समय र जवानीलाई मात्रै मूल्य दिने प्रतीकात्मक चिन्तन तथा हाम्रो सोचको अभिधात्मक अर्थलाई प्रस्तुत गरेका छन् । यसमा सिँगारी बाखीलाई पाठापाठी दिउन्जेल औधी सेवा गर्ने पण्डित-पण्डितनीले बूढेसकालको अवस्थामा बगरेलाई बेचेको प्रसङ्ग छ । अर्को पक्षबाट हेर्दा पण्डितको लालचका कारण सिँगारीले त्यत्तिका धेरै पाठापाठी दिँदा पनि पण्डितनीको मङ्गलसूत्र र सुनको ढुङ्ग्री बनाउने अपेक्षा अधुरै रहनुले पितृसत्तात्मक समाजमा नारीहरूका इच्छा कुण्ठित रहने कथ्य पेस भएको छ ।

यस कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूमध्ये 'लाहुरी भैंसी र सिँगारी बाखी' कथामा मानवेतर पात्रलाई समेत स्थान दिइएको छ । 'सिँगारी बाखी' कथामा त सिँगारी बाखी नै प्रमुख पात्र बनेकी छ । यस सङ्ग्रहभित्र प्रस्तुत नौओटै कथामा हाम्रो सामाजिक संरचना, चिन्तन र व्यवहारद्वारा स्थापित संस्कारका कारण सिर्जित सीमान्तीकरणका बहुआयामिक समस्याहरूलाई उठाइएको छ । यहाँ बिरेकी आमाले नितान्त जातीय सीमान्तीयताको सन्दर्भलाई समेटेको छ भने अन्य सबै कथामा सामाजिक चिन्तन र व्यवहारका कारण सीमान्तीकरणको स्थिति सिर्जना गर्ने बहुल विसङ्गत पक्षहरूलाई दर्साइएको छ । अतः यो कथासङ्ग्रहले चेतनास्तर कमजोर हुनुमा समाजद्वारा स्थापित संस्कार, त्यसले बाँधेको नियम र दायरा अनि प्रभुत्वशाली वर्गले जोगाइरहेको दमनकारी चिन्तनलाई मूल कारण देखाएको ठहर्छ । 'भन्ज्याङको चौतारो' कथामा एकातिर बले र पातलीको जोडीमध्ये पुतलीले बलेलाई छोडेर लैङ्गिक सीमान्तको सिकार बनाएको प्रसङ्ग छ । त्यस्तै 'प्रतिहिंसा' कथामा हर्के र पुतलीको जोडीमा पनि पुतलीले हर्केलाई छोडेर पोइल गएका कारण गरगहनासमेत पोइल लैजाने केटाद्वारा लुटिएको प्रसङ्ग छ । यहाँ दुवै कथामा क्षणिक आवेगका कारण श्रीमान्लाई छोडेर जाँदा दुःख पाएको देखाइए पनि ती पात्रलाई त्यस स्थितिमा नपुग्न र त्यसो गर्न नहुने ज्ञान दिने विषयमा समाजले दायित्वबोध गरेको देखिँदैन । सीमान्त वर्गलाई अरूले बुझाइदिनुपर्ने र उनीहरू आफूमा सचेतना नहुँदा दुर्घटित बन्नुपर्ने स्थितिलाई यी दुई कथाले प्रस्ट्याएका छन् । त्यसरी नै अन्य सबै कथामा सामाजिक नियम र सोचका आधारमा जातीय, लैङ्गिक र वर्गीय सीमान्तीकरणको स्थितिलाई समावेश गरिएको छ ।

## परिच्छेद : चार

# *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

## ४.१ विषयपरिचय

सीमान्त वर्गले आफूमाथि भएको अन्याय, दमन, हिंसाका विरुद्ध आवाज उठाए या उठाएनन् भन्ने विषयले प्रतिरोध चेतनालाई बोध गराउँछ । यस परिच्छेदमा शताब्दीऔँदेखि आवाजविहीन, इतिहासविहीन र पहिचानविहीन भएका सीमान्त वर्गहरूको आवाज र प्रतिरोधलाई अनुसन्धेय कृतिभित्र रहेर हेरिएको छ । लेख्य साहित्यको विकास नै सम्भ्रान्त वर्गको सोख वा स्वार्थबाटै भएको हो । यसर्थ लेख्य साहित्य सबाल्टर्नमैत्री नभई सम्भ्रान्तमैत्री साहित्यिक परम्परा बनेको छ (श्रेष्ठ, २०६८, पृ. १५९) । यसर्थ साहित्यकारले प्रस्तुत गरेका पात्रहरूको आवाज र प्रतिरोधी चिन्तनले त्यो समयको सामाजिक जीवनलाई चिनाउँछ । साहित्यकारले आफू बाँचेको समाजलाई साहित्यमा प्रस्तुत गरेको हुनाले साहित्यमा उक्त समयको प्रतिनिधित्व गरिएको हुन्छ ।

कथामा प्रतिनिधित्व गराइएका सीमान्तीय पात्रहरूको के-कस्तो भूमिका छ ? पात्रहरूले के-कसरी बोलेका छन्, आफ्नो अन्यायका विरुद्ध उनीहरू सचेत छन् कि छैनन् ? प्रभुत्वशाली वर्गले उनीहरूप्रति गरेको शोषण, दमन, अन्याय, अत्याचारबारे उनीहरू जागरुक छन् कि छैनन् ? प्रभुत्वशालीहरूले उनीहरूमाथि दमन, अन्याय, अत्याचार र शोषण गर्दा अधीनस्थ वर्गहरूले त्यसको विरोध गर्न सकेका छन् कि छैनन् ? उक्त समस्याहरूमा आफ्नो कर्म वा भाग्यलाई दोष दिएर पो बसेका छन् कि ? भन्ने जस्ता अनेकन प्रश्नहरू प्रतिरोधी चेतनाका लागि निर्णायक प्रश्नहरू मानिन्छन् । प्रतिनिधित्वका सम्बन्धमा भट्टराई भन्छन् :

> साहित्यमा पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू र अर्थतन्त्रका आधारमा प्रतिनिधित्वको खोजी गरिन्छ । सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो । साहित्यमा पछि परेको समुदाय (निम्न वर्ग, महिला, जनजाति, दलित, आदि) वा अल्पसङ्ख्यक समूहका माध्यमबाट प्रतिनिधित्वको खोजी हुन सक्छ । साहित्यमा उपस्थिति चरित्रहरूबाट नै प्रतिनिधित्वको खोजी गर्ने कार्य सम्भव हुन्छ ।
>
> (भट्टराई, २०७० ख, पृ. ३३६)

साहित्यिक कृतिभित्र सीमान्तको आवाज बनेर को र कसरी बोलेको छ ? कृतिभित्र प्रतिनिधित्व गराइएको पात्र आफैँ बोलेको छ कि लेखक बोलेको छ ? भने जस्ता कुरालाई सीमान्तीय आवाजका रूपमा प्रस्तुत गरिन्छ । बुर्जुवा हैकममा शासकले थाहै नदिई शोषण गरेको हुन्छ । समाजमा फरक-फरक विचारधारा भएकाहरूका बिचमा द्वन्द्व चलेका कारण सीमान्त वर्गले आफूलाई व्यक्त गर्न सक्दैनन् । रसियाली क्रान्तिको उदय, पश्चिमी युरोपमा र खास गरी टुरिनमा श्रमिकहरूको आन्दोलन, फासीवादको उत्थान, विकसित देशमा पुँजीवादको व्यवस्थापन जस्ता घटनाको साक्ष्य लिँदै ग्राम्सीले विचाराधारात्मक सङ्घर्षमा जोड दिए, बौद्धिकहरूको भूमिका खोतले (गौतम, २०७५, पृ. ४३-४४) । यसर्थ समाजमा एकखाले संस्कृतिले सीमान्त वर्गलाई प्रभाव पार्छ । उनीहरू आफ्नो आवाजलाई आफ्नो हक र हितका लागि प्रदर्शन गर्न के-कति सक्षम छन् भन्ने विषय नै प्रतिरोधको चेतना हो । किनभने, वर्गद्वन्द्व र सामाजिक सम्बन्धहरूबाट संस्कृति निर्मित हुन्छ र अभिव्यक्ति पनि त्यसैमार्फत अभिव्यक्त हुने (पाण्डेय, २०७८, पृ. ५५) हुनाले सीमान्तहरू अव्यक्त बन्छन् । प्रतिरोध गर्दैनन् । अन्याय सहन्छन् तर शासकहरूका अघि आफ्नो आवाज प्रस्तुत गरेर प्रतिरोधी बन्न सक्दैनन् । यस परिच्छेदमा पनि रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र रहेका कथाहरूमा सीमान्त वर्गको आवाज र प्रतिरोध चेतना के-कस्तो छ भनेर जातीय, लैङ्गिक र वर्गीय आधारमा निर्क्योल गरिएको छ ।

## ४.२ *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्त आवाज र प्रतिरोध चेतना

प्रभुत्वशाली वर्गबाट सीमान्तीकृत वर्गमाथि गरिएको अन्याय, अत्याचार, दमन र शोषणका विरुद्धमा जागरुक भई माथि उठ्ने चेतना नै वास्तवमा प्रतिरोध चेतना हो । कथामा सीमान्तीकृत व्यक्तिहरू आफ्नो हक, अधिकारका लागि आफैँ बोलेका छन् या प्रभुत्वशाली व्यक्तिहरूले बोलिदिएका छन् ? उनीहरूले बोलेका आवाजहरू प्रभुत्वशाली व्यक्तिसामु पुगेको छ कि छैन ? उनीहरूमा प्रतिरोधी चेतना कस्तो छ ? लगायतका विषयमा केन्द्रित भई यस शीर्षकमा अध्ययन गरिएको छ । यस कथासङ्ग्रहमा कथाकार विकलले प्रस्तुत गरेका पात्र र तिनको भूमिका, तिनको प्रतिरोध चेतना, तिनको आवाजको सुनुवाइ भए/नभएको विषयलाई आवाज र प्रतिरोधका रूपमा हेरिएको छ ।

### ४.२.१ 'भन्ज्याङको चौतारो' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

रमेश विकलद्वारा लिखित *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्ग्रहित 'भन्ज्याङको चौतारो' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना झिनो मात्रै रहेको छ । यस कथामा निम्न वर्गका जीवनका जटिलताहरूलाई सूक्ष्म रूपमा हेरिएको छ । प्रतिनिधि पात्र बले र पातलीका माध्यमबाट तिनको अन्तरमनोवृत्तिको सुन्दर एवम् कारुणिक चित्र खिचिएको छ । यस कथाका पात्रहरू पातली, सुनौली आदिले सीमान्त समुदायको

प्रतिनिधित्व गरेका छन् । सीमान्त समुदायको प्रतिरोध चेतनाको दृष्टिले हेर्दा यस कथामा आएका पात्रहरूले आफूमाथि भएको अन्यायको विरुद्धमा आवाज उठाउन सकेका छैनन् । अर्को कोणबाट हेर्दा बटुवाहरू जम्मा भएर सुनौलीलाई छेडछाड गरेर कुरा गर्छन् । उसलाई रिस त उठ्छ तर ग्राहकहरूलाई भगवान् सम्झेर उनीहरूप्रति रुखो बोल्दिन । आफ्नो व्यवसायमा धक्का नपुगोस् भन्ने भित्री चाहनाले उसलाई प्रभाव पारेको छ ।

> बलेको मुख र मन रसाएर आयो । उसले चौताराको अर्को छेउकी आईमाईको अस्तित्व बिर्सिदियो । ऊ सुनौलीतिर बढ्यो ।
>
> "के छ हो, हालचाल ? तिमी त जस्ताकी तस्तै रैछौ ।" उसले ठट्टाको स्वरमा किञ्चित् हाँस्तै भन्यो ।
>
> … "ओहो लाहुरे दाइ !" सुनौलीले भनी, "के हुनु नाइँ, हामी जस्ता दुःखीलाई । मरौँ भने काल आएको छैन ।"
>
> "मरेकी रैनछ्यौ भन्या हो र ? तिमी त पोइल पनि गएकी रहिनछौ अहिलेसम्म भनेको पो त ।" (पृ. २)

प्रभुत्वशाली समाजमा लैङ्गिक विभेदले नराम्रोसँग जरो गाडेको देखिन्छ । महिलालाई मनोरञ्जनको साधन मानेर मनोरञ्जनका लागि प्रयोग गर्ने समाजमा सङ्कीर्ण चिन्तनमा आधारित पुरुषसत्ताको आधिपत्य रहन्छ । समाजमा महिलामाथि हुने दमन, अन्याय र अत्याचारलाई स्वाभाविक रूपले लिइन्छ । यो सामाजिक मानक र सामाजिक निर्मितिको परिणति हो । सुनौलीलाई बटुवाहरूले भट्टी साहुनी मानेर जिस्क्याउँदा त्यो कुरा उसलाई मन परिरहेको हुँदैन । तथापि, उसले त्यस कुराका विरुद्ध प्रतिकार गर्ने चाहना राखेर पनि ऊ पेटको जोहो गर्ने उद्देश्यमा बन्धित छ । उसका ग्राहक भाँडिने डरले ऊ त्यो हिंसात्मक चिन्तनलाई खपेर बसेकी छे । यहाँ उसले प्रतिकार गर्न सकेकी छैन ।

कथाको घटनाक्रमलाई हेर्दा विशेषतः पातली यस कथाकी सीमान्तकृत पात्र हो । पातलीलाई उसको लोग्नेले गरेको व्यवहारबाट डराएर प्रतिकार पनि गर्न सकेकी छैन । मसिनो स्वरमा प्रतिकार गर्ने कोसिस गरेकी छ ।

> एउटा कालो वर्णको उनन्तीस-तीसको जवान ठिटो देखा पर्‍यो । ऊ सरासर पातली भए ठाउँमा आएर उभियो । अलि वर बले शून्य आँखाले यो सबै हेरेर बसिरहेको थियो । त्यो आउने लोग्ने मान्छेले आफ्ना ज्यानमारा खोर्सानी जस्ता पीरा आँखाले वरिपरिको वातावरणलाई सुँघ्यो । उसको जर्खरिएका तीखा जुँघाका रौँ जुरजुराए । पातलीले डराएको आँखाले एक पटक त्यो हिरण्यकशिपुको भाइ होला जस्तो लोग्ने मान्छेतिर र अर्को पटक बलेतिर पालै-पालो हेरी ।

... "ए, तँ त यहीँ बसिरहेकी ? ... हिँड्दै गर, म भेट्टाउँछु भनेको ? कति बेर भयो ?" त्यो लोग्ने मान्छेले ज्यादै रुखो र परपराउने स्वरमा सोध्यो ।

... "धेरै बेर भएको छैन ।" पातलीले डराई डराई भनी । अनि त्यसै बेहोसमै उसका डराएका आँखा बलेतिर उठे । त्यो लोग्ने मान्छेले उसकै आँखाको अनुसरण गरेर बलेतिर खाउँलाझैँ आँखाले हेऱ्यो । "हूँ, लौ हिँड्... उठ् चाँडो । हिँड्नु धेरै छ ।"

... "ए, अल्याङ-टल्याङ गरिरहेकी ? ... धेरै हिँड्नु छ, घाम धेरै छैनन् भनेर त । ... उठ् छिटो । हिँड् ।" त्यो मान्छे- पातलीको लोग्नेले अधिकारपूर्ण र हुकुमको स्वरमा भन्यो । पातली साहै गऱ्हुँकाएर उठी । पछाडि पिठ्यूँमा डोको र अगाडि छातीमा बच्चा- ऊ बिस्तारै अगाडि बढी । (पृ. २)

पातलीको लोग्नेको व्यवहारले पातली डराउँछे । मनमनै रिसाउँछे, रुन्छे तर प्रतिकार गर्न सक्दिन । उसको लोग्नेले 'धेरै बेर भइसक्यो कति ढिलो गरेको' भन्दा 'धेरै बेर भएको छैन' भनेर मात्र प्रतिरोध गरेकी छ । पातलीलाई प्रभुत्वशाली समाजमा गरिने लैङ्गिक विभेद विरुद्धमा प्रतिरोध गर्ने चाहना छ तर डरले प्रतिकार गर्न सकेकी छैन । पितृसत्तात्मक समाज व्यवस्थामा हुने गरेका शोषण र अन्यायका विरुद्धमा प्रतिरोध गर्ने मन त छ तर ऊ स्वतन्त्र छैन । ऊ पराधीन छे । ऊसँग आफ्नो अस्मिता र अस्तित्वको कुनै ठेगान छैन । यहाँ पातलीका स्थानमा कुनै पुरुष पात्र भएको भए उसले त्यसविरुद्ध प्रतिकार गर्ने हिम्मत राख्थ्यो । यहाँ पातलीमाथि उसको लोग्नेले 'त्यहाँबाट हिँड्न ढिलो गरेको' भनेर गलत आरोप लगाएको छ तर ऊ भयभित छे । यसकारण ऊ प्रतिकार गर्न नसकेर विवश र निरीह पात्रका रूपमा बाँच्न बाध्य भएकी छ । अतः यहाँ पातली निरीह र कमजोर पात्र हो । उसको सामाजिक अवस्थिति र आवाज कमजोर छ । उसले पितृसत्तात्मक दमनका विरुद्ध प्रतिरोध गर्न सकेकी छैन ।

### ४.२.२ 'प्रतिहिंसा' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

प्रगतिवादी कथाकार रमेश विकलको यो 'प्रतिहिंसा' कथामा नेपाली समाजमा विद्यमान आर्थिक कारणले उत्पन्न समस्या र त्यसबाट सीमान्तीकृत बन्न विवश पात्रलाई प्रस्तुत गरिएको छ । हर्केकी स्वास्नी पुतली आफ्नो पाँच वर्षको छोरो र लोग्नेलाई छाडेर झिल्के चाउरेसँग पोइला जान्छे । उता चाउरेले भने उसको नाक कानका गरगहना जिप्ट्याएर फरार भएको छ । यसपश्चात् पुतली अन्यत्र जाने र आफूलाई जिउने हैसियतकी नभएका कारण पुनः पुरानै लोग्नेको घरमा फर्किएकी छ । यस कथामा सीमान्तीकृत पात्रको भूमिकामा पुतली आएकी छ । सीमान्त समुदायको न्यून प्रतिरोध चेतनाका कारण पुतली निरीह नारी पात्र बनेकी छ । उसले चाउरेसँग विद्रोह र हर्केसँग माफी माग्ने काम पनि

गरेको देखिँदैन । सांस्कृतिक मान्यता विपरीत कार्य गरेकी भए पनि पुतली आफ्नो कमजोरीलाई स्वीकार गर्न चाहन्छे तर भएको गरगहनासमेत अर्को पुरुषले नै खोसिदिनु अर्को समस्या बनेको छ । यसर्थ यस कथामा सीमान्तीकृत पात्रमा मौनताको संस्कृति रहेको देखिन्छ । यस कथाका पात्रले आफूमाथि भएको अन्याय अत्याचारका विरुद्ध आवाज उठाउन सकेका छैनन् । चाउरेले आफ्ना नाक कानका गहना सबै लगेर भाग्दा पनि पुतलीले प्रतिरोध गर्न सकेकी छैन ।

> "भन्, तेरो बाबुलाई कहाँ छोडेर मरिस् ? ... बोल्दिनस् अझ, बेस्से ? ... गिँडूँ छटक्क तँलाई ... ? कानमा ढुङ्ग्री, मुन्द्रा खोई ? ... कि घिचाइस् तेरो बाबुलाई ... अझ, अझ, बोल्दिनस् ?"
>
> "अर्को बनाइदिन्छु त्यो किचेर भनेर सबै लिएर भाग्यो ।" बल्लतल्ल आतङ्कमा मुछिएको, काँपेको स्वर पुतलीको घाँटीबाट फुट्यो । (पृ. २५)

माथिको साक्ष्यलाई हेर्दा पुतली लैङ्गिक सीमान्तीयतामा परेकी छ । ऊ सीमान्तीकृत पात्र हो । अर्को पक्षमा चाउरेले श्रीमती लगिदिएका कारण हर्के पनि सीमान्तीकरणमा परेको छ । यद्यपि उसले आफ्नी श्रीमतीसँग चाहिँ प्रतिरोध प्रकट गरेको छ । उसको आवाज शक्तिशाली छ तर चाउरेले श्रीमती लगेको र उसका गरगहना चोरेका कारण उसलाई सजाय दिने प्रयास गरिएको छैन । अर्कोतिर चाउरेले आफ्ना सबै गरगहना लिएर भाग्दा पनि पुतलीले प्रतिरोध गर्न सकेकी छैन । मनभित्रको क्रोधको ज्वालालाई प्रदर्शन गर्न असमर्थ छे । यसर्थ नारीहरू पितृसत्तात्मक समाजमा कमजोर हुँदा आफ्नै अन्यायका विरुद्ध प्रतिरोधी बन्न सक्दैनन् । अर्कातिर पुतली फर्केर उही हर्केसँग आएपछि हर्केले गहनाको खोजतलास गर्दा चाउरेले नयाँ बनाइदिन्छु भनेर लगेको कुरा बताउनु उसको कमजोरीमा पश्चात्तापको भाव पनि हो । यस कथामा हर्केलाई छोडेर चाउरेसँग गएकी पुतली चाउरेले गहना लगेर बेसहारे भएपछि पुनः हर्केसँग फर्कने आँट गर्नु नै सीमान्त पात्र पुतलीको प्रतिरोधी व्यवहार हो । हर्केले फेरि घरमा बस्न नदिएर लखेट्छ भन्ने डरले पुतली विवश र निरीह पात्रको रूपमा रहन बाध्य देखिन्छे ।

> "अझ, अझ, नखरा गर्छेस् !" उसको उत्तेजना चरममा पुग्यो । ऊ एक्कासि खाँदाखाँदै जुरुक्क उठेर मूल-ओच्छ्यानमा पुगेर देब्रे हातले पुतलीको कपाल जगल्ट्याइहाल्यो । पुतली हंस उडेकीझैँ देखिई, मानो सातो उडेझैँ । (पृ. २५)

हर्केले पुतलीमाथि हात हाल्दा पनि उसले कुनै प्रतिरोध गरेकी छैन । लैङ्गिक विभेदले ग्रस्त समाजमा उसले नारी भएकै कारणले प्रतिरोध गर्न सकेकी छैन । एक त समाजको निर्मिति र दम्पत्तिको नियम विपरीत व्यवहारबाट पुतली कमजोर छे अर्कोतिर

भएका गरगहना अर्कैलाई दिइनुपरेको पश्चात्ताप छ । यसर्थ ऊ प्रतिरोधी चेतना भएर पनि लाचार बन्न बाध्य छे । त्यस्तै यस कथाको समग्र पक्षलाई हेर्दा चाउरेले गरेको दुर्व्यवहार, धोका र गहना हडपेका विषयमा पुतलीले विद्रोह गर्न सकेकी छैन । यस विषयमा हर्केले पनि आफ्नी पत्नी लैजाने चाउरेप्रति प्रत्यक्ष रूपमा कुनै पनि प्रतिरोध गरेको देखिँदैन । अतः सीमान्तीकृत समुदायका व्यक्तिहरूले आफ्नो अन्यायका विरुद्ध न्याय खोज्न र न्यायका आधारहरूलाई अपनाई बदला लिनसमेत नखोजेको देखिन्छ । पितृसत्तात्मक समाजमा पुरुषकै आडभरोसामा बाँच्न विवश पुतलीहरू आफूले गल्ती गरेको स्वीकार गर्न र आत्मसमर्पण गरी सबै प्रकृतिका अपमान र हिंसा सहन बाध्य बन्छन् । उनीहरू आफ्नै बलबुताले जीविकोपार्जन गरी जीवन जिउने आँट गर्न सक्दैनन् किनभने समाजले उनीहरूलाई सधैँ निन्दा र तिरस्कार गरिरहन्छ । तिनले गल्ती स्वीकार गरे पनि समाजले जीवनभर माफी नदिई सजाय दिइरहन्छ । यहाँ पुतली मनोवैज्ञानिक रूपमा थकित छे र शारीरिक, आर्थिक र सामाजिक रूपमा कमजोर छे । कथामा पुतलीलाई आफ्नो पहिलाको पतिसँग रहेर जीवन जिउन पनि निकै कठिन रहने सङ्केतका कारण ऊ बेसहारा बनेकी छे । चाउरेले पनि छोडेकी र हर्केले पनि नराम्रो नजरले हेरिरहने परिस्थतिको सिकार बनेर पुतलीको जीवन कष्टदायी बन्ने सीमान्तीय चिन्तनलाई कथाकारले प्रस्तुत गरेका छन् । यसर्थ यो कथाले पुतलीको निरीह अवस्था, गल्तीको पश्चात्ताप र समाजको लाञ्छनालाई चुपचाप सहनुपर्ने परिस्थितिलाई उजागर गरेको छ । यति भएर पनि पुतलीमा प्रतिरोधी चेतनाको विकास भएको देखिँदैन । ऊ निरीह, पराधीन र नारी दमनको सिकार भएकी सोझी पात्र हो । अतः सीमान्त पात्रहरूलाई जोकोही आफू अनुकूल प्रयोग गरिदिन्छन् र अर्को सीमान्तीयताको परिस्थिति निर्माण हुन्छ ।

### ४.२.३ 'लाहुरी भैंसी' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'लाहुरी भैंसी' सामाजिक यथार्थवादी कथा हो । ग्रामीण पहाडिया परिवेशलाई आधार बनाएर लेखिएको यस कथामा नेपाली समाजमा विद्यमान सामन्ती संस्कारलाई अत्यन्त सरल किसिमले देखाइएको छ । समाजमा द्वारे बा जस्ता प्रभुत्वशाली वर्गले लुखुरे जस्तो श्रमिक वर्गलाई पीडित बनाएको विषयलाई कथामा प्रस्तुत गरिएको छ । समाजका कुटिल चाल चाल्न सक्ने सामन्ती व्यक्तिका अगाडि लुखुरे जस्तो निम्न वर्गीय व्यक्तिले उनीहरूजस्तै अन्याय गर्ने, दमन गर्ने नभई आफू अन्यायमा रहँदासमेत प्रतिरोध गर्न नसकेको कारुणिक विषयलाई यस कथाले प्रदर्शन गरेको छ ।

यस कथामा लुखुरे प्रतिरोध चेतनाको अभावमा सीमान्तकृत भएको पात्र हो । उसमा भैंसीको वास्तविक समस्यालाई आँकलन गर्ने र द्वारे बा जस्ता कुटिल र स्वार्थीका षड्यन्त्रलाई बुझ्ने खुबी छैन । त्यस्तै उसकी श्रीमती घैंटीमा पनि उक्त क्षमता नभएकै कारण लुखुरेकै विरुद्ध आवाज व्यक्त गर्छे । यसर्थ यहाँ अज्ञानता, असचेतना र

वास्तविकताको बोध नहुनुले प्रतिरोधी चेतना कमजोर छ । यसकारण लुखुरे गाउँका सामन्ती वर्गको छलकपटभित्र फस्न विवश सीमान्तीकृत पात्र बनेको छ । उसले द्वारे बा जस्ता प्रभुत्वशाली वर्गका पात्रको शोषकीय स्वभावलाई पहिचान गर्न सकेको छैन । द्वारेको कुटिल षड्यन्त्रका विरुद्ध उसले आफ्नो प्रतिरोधी चेतनालाई विकास गर्न सकेको छैन । ऊ समाजको शोषक पात्रद्वारा निर्मम रूपमा ठगिएको र दबिएको शिक्षा र चेतनाहीन पात्र हो । उसको बौद्धिक चेतनाको तह कमजोर हुँदा शोषकद्वारा षड्यन्त्र गरी दमन गरेको कुरालाई बोध गर्न सक्दैन । यस विषयमा उसकी पत्नी घैंटीले पतिको दुःखमा चेतनाको मुहान फुटाउन सकेकी छैन । त्यस विपरीत उसले लुखुरेलाई नै गाली गर्न पुगेकी छ ।

पुँजीवादी सामाजिक संरचना भएको शोषक शासकमैत्री समाजमा प्रभुत्वशाली सामन्ती वर्गले अनेक जालझेल र षड्यन्त्रमा पारी वर्गीय रूपमा लुखुरेलाई सीमान्तीकृत बनाएको छ । लुखुरेमा प्रतिरोधी चेतना शून्य रहेको छ । आफू प्रभुत्वशाली सामन्ती वर्गका प्रतिनिधि पात्र द्वारे बाको शोषणमा परेको भन्ने कुरा लुखुरेलाई थाहा छैन । उसलाई द्वारे बाले शोषण गरिरहेको तथा आफ्नो कमजोरीको फाइदा उठाइरहेको विषयमा जानकारी छैन । ऊसँग प्रतिरोध चेतना शून्य भएका कारणले भैंसीलाई धम्की रहेछ भनेर जालझेल गरिएको कुरामा विश्वास गरेको छ । थाकेर भैंसीले दूध नदिनू र द्वारे बाले सोही समस्यालाई आधार बनाएर विभिन्न षड्यन्त्र रच्नुबिचको ज्ञानलाई उसले बोध गर्न सकेको छैन ।

लुखुरे निरीह र विवश पात्रका रूपमा बाँचेको छ । उसलाई समर्थन जनाउने, वास्तविकता बोध गराउने र सचेत तुल्याउने परिवेश प्राप्त भएन । यद्यपि उसले प्रभुत्व पात्र द्वारे बालाई पनि चुनौती दिने गरी भैंसी किनेर ल्याएको विषयलाई चाहिँ कथाकारले व्यक्त गरेका छन् ।

> "कति हालिस्, ए लुखे ?" मग्न भएर लाहुरीलाई सुम्सुम्याइरहेको लुखुरे द्वारे बाको गुलियो स्वरले झस्क्यो । "हँ बा ?" उसले हडबडाएर हेर्‍यो । द्वारे बा आँगनमा । ऊ हडबडाएर उठ्यो, हत्त र पत्त द्वारे बाको गोडामा ढोगिदियो । अनि लेघ्रो तानेर भन्यो "अँ, ... काँ बा, पऱ्योनाइँ गोडा सत्रेक बीस । .... कि कसो बा ?" उसले अलि जिज्ञासु आँखाले द्वारेका मुखमा हेर्‍यो ।
>
> लुखुरेको स्वरमा बजेको अपूर्व आत्मतृप्तिको सङ्गीत र आँखामा छचल्कने सुनौलो सपना द्वारे बालाई त्यति मीठो लागेन । हृदयमा केले-केले चस्स घोचेझैँ अनि जिब्रामा अलिक टर्रो, तीतो र नमीठोपना रसाएझैँ उनले अनुभव गरे । उनको अनुहार अलि नमज्जा लागेझैँ पलको निम्ति खुम्चियो, आँखामा दावानलको फिलुङ्गोझैँ कुन्नि के हो राँक्कियो । (पृ. २८-२९)

सीमान्तीकृत पात्र लुखुरेले आफूमाथिको अन्याय अत्याचारको प्रतिरोध चेतना मौखिक रूपमा दिन नसके पनि प्रभुत्वशाली वर्गलाई व्यवहारले निहुऱ्याउन सफल भएको छ । लुखुरेको व्यवहारले प्रभुत्वशाली द्वारेको मनमा चिसो पसेको छ । यद्यपि यस कुरामा लुखुरेले चाहेर पनि द्वारे बालाई चुनौती दिने चिन्तन राखेको भने होइन । उसले स्वाभाविक र स्वच्छ भावले मिहिनेत गरेर भैंसी किनेको हो । लुखुरेले द्वारेको षड्यन्त्र नबुझे पनि उसको मनमा ईर्ष्याको भाव जागृत भएको छ । लुखुरेको व्यवहारले प्रभुत्वशाली द्वारेमा नमीठोपन हुनु नै व्यवहारबाट दिइएको प्रतिरोध हो । आफूलाई हेप्ने द्वारे बाको षड्यन्त्र र जालका कारण आफैं फसिरहेको बारेमा भने ऊ अनविज्ञ छ ।

वर्गविभेदको चिन्तन स्थापित भएको समाजमा निम्न वर्ग सधैं दमित अवस्थामा मात्र रहन्छ । समाजका प्रभुत्वशाली द्वारेका आसपासमा हजुऱ्याइँ गर्ने पात्रहरू छन् । उसको समर्थनमा लिप्त छन् । तिनैका कारण लुखुरे जस्ता सीमान्त पात्रले जीवनमा कहिल्यै पनि आफ्नो शिर ठाडो पारेर हिँड्न पाउँदैनन् । सधैं द्वारे बाकै अरनखटन मान्नुपर्ने, सधैं थिचिएर नै बस्नुपर्ने नियतिलाई समाजका लुखुरे जस्ता श्रमजीवी तल्लो वर्गका व्यक्तिहरूले भोग्नुपरेको छ । यस कथामा आफू सीमान्तीकृत वर्गको भएर पनि रामबिरे, घुमाने र खुलालहरू लुखुरेको विरुद्धमा लागेर द्वारे बाको कुरामा होमा हो मिलाउन उद्यत छन् । उनीहरूले आफू सीमान्तीकृत भएको र लुखुरे पनि सीमान्तीकृत भइकन श्रमजीवी भएको कुरालाई बोध गर्न सकेका छैनन् । उनीहरूले द्वारेको षड्यन्त्रलाई सफल तुल्याउन भूमिका खेलिरहेका छन् । लुखुरेमाथि अन्याय भएको कुरा जानकारीमा हुँदाहुँदै पनि उनीहरूले आफ्नै हैसियतको व्यक्तिको मनोकाङ्क्षामाथि प्रहार गरेका छन् । लुखुरेलाई अन्याय हुनबाट जोगाइ द्वारेको षड्यन्त्र विफल तुल्याउन प्रतिरोध चेतनाको उपयोग नगरेका यी पात्रहरू सामन्ती पात्रकै गुलामीमा विवश देखिन्छन् । अतः नेपाली समाजमा चाकडी गरेर जीवन चलाउने सीमान्तकृत वर्गहरूले प्रतिरोध चेतनालाई बुझ्न सकेका छैनन् ।

> “बाबै, भैंसी त धम्की छ । ... कसो ए रामे, हेर् त, कि मैले जानिन ? ...”
>
> ... “द्वारे बाका आँखा किन झुक्किन्थे र । यस्ता कत्ना-कत्ना भैंसी खेलाइसक्नुभा’ पो त, कसो घमाने दाइ ? भैंसी धम्की नै होइन त ?” (पृ. २९)

लुखुरेको गतिलो भैंसीलाई देखेर ईर्ष्याले जलेका द्वारेले घमाने, खुलाल र रामबिरेको सहायताबाट आफ्नो स्वार्थको पासो फालेको छ । यसमा लुखुरेलाई विभिन्न बहानामा कमजोर साबित गरेर आफ्नो स्वार्थ पूर्ति गर्ने दुष्कर्ममा द्वारे सफल भएको छ । उसले सीमान्त पात्रको प्रतिरोध चेतनालाई अगाडि आउन दिएको छैन । लुखुरे ढकालको वचनसँग प्रतिबद्ध रहेर केही दिन धैर्य गर्न नसक्नु उसको अर्को प्रतिरोध चेतनाको अभाव हो ।

स्वयम्ले निर्णय लिएर सामन्ती द्वारेको षड्यन्त्रबाट बच्ने विषयमा लुखुरे निकै कमजोर देखिन्छ ।

सीमान्तीकृतहरूमा आफ्नो खुसीको कुरामा भन्दा मालिकहरूको आवश्यकता पूर्तिका लागि आफ्नो खुसी खोजिरहने प्रवृत्ति पाइन्छ । उनीहरू आफ्ना वर्गका समस्याका बारेमा खासै ध्यान दिँदैनन् । प्रभुत्वशाली वर्गका नजिक रहेर हिमचिम गर्न रुचाउँछन् । उनीहरू प्रभुत्वशाली वर्गको दास बन्न आफूमाथिको दमनलाई समेत सहिदिन्छन् । यहाँ लुखुरेमा आर्थिक क्षतिको भयले पनि घर गरेको छ । उसलाई कथम्कदाचित् भैंसीमा खोट भएमा उक्त रकम कमाउनु ठूलो समस्या हुन जान्छ । ऊसँग वैकल्पिक आम्दानी नभएका कारण अन्य कुनै आँट हुँदैन । यसरी वर्गविभेदको चिन्तन स्थापित भएको समाजमा निम्न वर्ग सधैँ दमित अवस्थामै रहिरहन बाध्य हुन्छ । उनीहरूलाई समाजका प्रभुत्व वर्गले केवल स्वार्थ पूर्तिको साधन बनाउँछन् । आफू दमित रहेको विषयलाई उनीहरू स्वयम्ले पनि बोध गर्न सक्दैनन् । उनीहरूलाई अरू कसैले बोध गराइदिनुपर्नेमा बोध गराउने पात्र नै प्रभुत्व वर्गको पक्षमा रहेर वकालत गर्न पुग्छन् । यसर्थ सीमान्त पात्रले समाजमा आफ्नो शिर ठाडो पार्न पाउँदैन । सधैँ उच्च वर्गको अरनखटन मान्ने र तिनको सेवामा समर्पित रहेर भूमिका निर्वाह गर्नुपर्ने बाध्यता रहन्छ । यसमा उनीहरूले आफू र आफ्ना वर्गका व्यक्तिहरूमाथि भइरहेको अन्याय, शोषण तथा विभेदका विरुद्ध प्रतिरोध गर्नसमेत खोज्दैनन् ।

लुखेरे समाजमा वर्गीय रूपमा सीमान्तीकरणमा पुगेको छ । समाजमा वर्गीय हिसाबले देशको आर्थिक शक्ति र सत्ता माथिल्लो वर्गमा नै सीमित रहेको हुन्छ । देशको आर्थिक उत्पादनको ठूलो हिस्सा सीमित प्रभुत्वशाली वर्गमा नै रहन गएको छ । समाजमा आफू सीमान्तीकृत भएर पनि स्वयम् सीमान्तीकरणकै विरुद्धमा लाग्ने पात्र हुन्छन् । सामन्ती वर्गको सामन्तपनमा उनीहरूले नै उकेरा थपिदिन्छन् । परिणामतः मालिकको पक्षमा लागेर सीमान्त वर्गलाई झनै सीमान्तीकृत अवस्थामा धकेल्न सहयोग गर्छन् । यहाँ लुखुरेको भैंसीको वास्तविक समस्या लामो बाटो हिँडेर थकान भएका कारण दूध नदिएको भन्ने नै हो । यद्यपि खुलाल, रामबिरे र घमानेले उक्त कुरालाई बुझेर पनि द्वारे बाकै षड्यन्त्रमा साथ दिन पुगेका छन् ।

> "होइन बा, ज्याम्दीका ढकाल त किरिया हाल्थे नि ? केही खोट रहेछ भने सित्तैं भो, भन्थे नि त ?" तै पनि उसले छाम्ने कोसिस गर्‍यो ।
>
> द्वारेका आँखी भौँ केही खुम्चिए, "को, त्यै बाउँठे ढकाल ? ... त्यसका कुरा पत्याउन थाले त मान्छे खौलाँ पर्छ । कति भड्खाराँ' जाक्यो, त्यस्तो बेमानी पो त त्यो । कसो रामे ? ... कि मैले मिथ्या बोल्या हुँ ? .... ।"

> "कैले बा, यो भैंसी धम्की रहेनछ रे भने त हाम्रा मुखाँ' जाँड हालिदिनु ।" रामबिरे घर्तीले बडो दृढ भएर भन्यो र आफ्नो वचनको तौल द्वारे बाका आँखामा खोज्यो । (पृ. ३०)

माथिको साक्ष्यमा लुखुरेले ज्याम्दीका ढकालले किरिया नै हालेर भैंसी खोटरहित छ भनेको कुरा व्यक्त गरेर सामान्य प्रकृतिको प्रतिरोध प्रस्तुत गरेको छ । तथापि, उसमा देखिएको प्रतिरोध चेतनाले उसलाई जिताउन र द्वारेलाई हराउन सकेको छैन । अन्य सीमान्त पात्रचाहिँ सीमान्तीकृतहरूका लागि नबोलेर द्वारे बाकै पक्षमा बोलिरहेका छन् । उनीहरूले कुनै पनि खोट नभएको भैंसीलाई षड्यन्त्र गरेर खोट साबित गराउन भूमिका खेलेका छन् । यसर्थ ती सीमान्त पात्रमा प्रतिरोध चेतनाभन्दा पनि समर्पणमुखी चेतना नै रहेको छ । द्वारेले उनीहरूलाई प्रयोग गरेर भैंसीमा धम्की रहेको दोष साबित गराएका छन् । रामबिरेले आफूलाईसमेत बन्दक राखेर सीमान्त पात्र लुखुरेको मिहिनेतको फलरूपी भैंसी हत्याउने द्वारेलाई समर्थन गरेको छ । ती सीमान्त पात्रले प्रभुत्वशाली वर्गको द्वारेका विरुद्ध लागेर सत्य बोल्ने हिम्मत गरेका छैनन् । उनीहरूमा विभेदकारी सामन्ती शक्ति केन्द्रको विरुद्धमा आवाज उठाउने साहस छैन् । उनीहरूमा सामन्त वर्गले थिचोमिचो गर्दासमेत तिनको विरुद्धमा लाग्नुपर्ने चेतना विकसित भएको छैन ।

यस कथामा लुखुरेले न्यून रूपमा प्रतिरोध गरेको छ । यद्यपि ऊ अनजान व्यक्ति भएका कारण उल्टो भैंसी किनेर ल्याएको घरको ढकालले आफूलाई धोका दिएको भन्ने सोचमा डुबेको छ । यस कुरामा सामन्ती द्वारेले सीमान्त पात्र लुखुरेमा षड्यन्त्रकारी निर्मिति सिर्जना गरिदिएको छ । यसरी सीमान्तकृत पात्रको खुसी खोस्नका लागि सामन्ती वर्गले आफू अनुकूल नियम बनाएका हुन्छन् । अन्ततः ऊ द्वारेको षड्यन्त्रमा अनजान भएकै कारण निर्दोष ढकालप्रति आवेग व्यक्त गर्न पुगेको छ ।

> "हे ईश्वर, बाउँठे काट्टेको भस्म-खरानी भैजावस् ! ... गरिबलाई रुवाएर ... गरिबको धनले नपोली त कहाँ छोड्ला र । ... परमेसोरी ।" (पृ. ३३)

वर्गीय समाजमा उच्च वर्गले निम्न वर्गको ज्यादै संवेदनशील अवस्थालाई उपयोग गरेर आफ्नो स्वार्थ पूर्ति गरेका हुन्छन् । त्यसलाई उपभोग्य साधन बनाएर निम्न वर्गको जीवनमाथि नै खेलबाड गर्न पुग्छन् । सीमान्तीकृत पात्र लुखुरेले आफ्नो प्रतिरोध चेतनालाई ढकालप्रति पोखे पनि उसमा उक्त चेतना निरर्थक र अनावश्यक बन्न पुगेको छ । उसले अनावश्यक मानसिक यातना खेप्नुपरेको मात्रै हो । यसरी सीमान्त पात्रलाई अनावश्यक मानसिक, शारीरिक, आर्थिक र सामाजिक समस्याका पीडालाई भोग्न बाध्य पारिएको हुन्छ । यद्यपि उसले द्वारेको सामन्ती षड्यन्त्रका विरुद्धमा भने चेतनाका कमीका कारण प्रतिरोध गर्नुपर्छ भनेर कहीँकतै पनि सोचेको छैन । उल्टो द्वारेले किनेको भन्दा कम दाममा भैंसी

लगिदिएको विषयमा उसले आभार व्यक्त गरेकाले लुखुरे जस्ता निम्न र विपन्न पात्रले आफू ठगिएको, लुटिएको वा सर्वश्व गुमाउँदै गरेको कुरामा समेत हेक्का राख्न सक्दैनन् भन्ने कुरा पुष्टि भएको छ । सामन्त पात्रहरूले तिनलाई माथि उक्सन नदिने तथा सीमान्त वर्गका व्यक्तिले गरेको उन्नतिलाई देखीनसहने सामाजिक विकृतिलाई यस कथाले मार्मिक रूपमा प्रस्तुत गरेको छ ।

लुखुरेले ईश्वर पुकारेर आफ्नी पत्नी घैंटीका अघि आफ्नो प्रतिरोधको रोष ओकलेको छ । भैंसीसाहुले आफूलाई ढाँटेको विषयमा प्रतिरोधी चेतना प्रदर्शन गरेको छ । समाजमा उच्च वर्गका मानिसले निम्न वर्गका मानिसलाई सधैँ अधीनमा राख्न चाहन्छन् । सधैँ अरनखटन मानेर उच्च वर्गको सेवामा समर्पित रही गुलामी गर्ने परिपाटीका कारण निम्न वर्गहरू प्रतिरोधी बन्न सक्दैनन् । निम्न वर्गको राम्रो वस्तु, तिनको प्रगति र विकास वा तिनको समृद्धिको सम्भावना मात्रै देखे पनि सामन्त वर्गले आँखा लगाउने, षड्यन्त्र रच्ने र निम्न वर्गलाई नै प्रयोग गरेर फाइदा लिने कुकार्य गर्दछन् । यहाँ द्वारेले लुखुरेको भैंसीमा आँखा लगाउनु र षड्यन्त्र गर्नुमा सोही कुरा पुष्टि भएको छ । यसमा सीमान्तकृत पात्रलाई नै प्रयोग गरेर सीमान्तीकृत पात्रलाई अझै सीमान्त अवस्थामा पुऱ्याएको प्रसङ्ग छ ।

> “कसो रामे, भैंसी हीरा छैन त ?” “किन हुन्नथ्यो बा, लाखमा एक छ ।” (पृ. ३६)

यहाँ द्वारेले आफ्नो स्वार्थ पूरा गरेपछि रामेलाई नै आफ्नो कुकार्यको प्रमाण पेस गरेको छ । रामेले लुखुरेका अघि भैंसीमा खोट नभए मुखमा जाँड हालिदिनूसम्म भनेको छ । तथापि, द्वारेले उक्त भैंसीलाई हत्याएपछि सोही भैंसीलाई लाखमा एक रहेको सन्दर्भ पस्कनुले रामे सीमान्त पात्र भइकन पनि द्वारेको षड्यन्त्रमा पूर्णतः जानकार छ । उसले लुखुरेमाथि भएको अन्यायका बारेमा जानकारी भएर पनि सीमान्तीकृत तुल्याउनमा सामन्ती द्वारेलाई सहयोग गरेको छ । सीमान्त पात्रहरू स्वार्थअनुसार बोली र व्यवहार फेर्न पुग्छन् । यस कुरामा मिसेल फुकोको सत्ता र शक्तिको अवधारणामा जसरी नै लुखुरे सामाजिक सत्ताको जालोमा फसेको छ ।

> मिसेल फुकोले सत्ताको अस्तित्व बलशाली भए पनि स्थानीय सत्तालाई नै सत्ता विस्तारक आधार मानेका छन् । उनले ज्ञान र सत्तालाई परिवार, वर्ग, जाति र समुदायगत सम्बन्धमा गाँसेर हेरेका छन् । यसर्थ सत्ता राज्यसँग नभएर व्यक्तिसँग हुन्छ । यस्तो सत्ताले सत्यको निर्माण गर्छ र सत्ता र दमनबाट नै विषयहरू सञ्चालित हुन्छन् । परम्परागत अर्थमा सत्ता थोपरिने प्रक्रिया हो भने फुकोको अर्थमा यो अभ्यास हो । त्यसैले यो दमनकारी वा हिंसात्मक हुनुपर्छ भन्ने जरुरी छैन बरु यो उत्पादक हुन सक्छ । सत्ता

> केन्द्रीय स्रोत मात्र होइन बरु तलबाट निर्माण हुने प्रक्रिया हो । यसको निर्माण समाजको सूक्ष्म तहको अन्तर्क्रियाबाट हुन्छ र फुको यसलाई 'सूक्ष्म राजनीति' का रूपमा हेर्छन् । (भट्टराई, २०७७ ख, पृ. ४२-४३)

यसर्थ समाजद्वारा निर्मित परिस्थितिकै आडमा उच्च वर्गले निम्न वर्गलाई शोषण, दमन गरी सीमान्तकृत अवस्थामा पुऱ्याउँछ । दुवै गोडा ढोगेर भैंसी देखाउन हौसिएको लुखुरेलाई द्वारेले ठगिरहँदा सीमान्त पात्रले नै प्रश्रय दिइरहे । यस कथामा सीमान्त पात्रले प्रतिरोध चेतनालाई अति सामान्य रूपमा प्रयोग गरेको देखिन्छ । सीमान्तले सीमान्तको अन्यायका विरुद्ध आवाज नउठाउनु तथा अझै चाकडी नै गरिरहँदा सीमान्त वर्गमाथि शोषण गर्ने प्रभुत्वशाली वर्गलाई आँट र साहस मिलेको छ । अतः यस कथामा प्रतिरोध चेतना अत्यन्त न्यून छ । यही कारण लुखुरे विवश, निरीह र कमजोर पात्रको रूपमा बाँच्न बाध्य छ ।

### ४.२.४ 'नयाँ सडकको गीत' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'नयाँ सडकको गीत' कथा सहरिया परिवेशलाई आधार बनाएर लेखिएको कथा हो । यस कथामा असमानतापूर्ण सामाजिक परिपाटीले गर्दा मगन्ते जीवन बिताउन बाध्य दृष्टिविहीन मगन्ते र उसकी पत्नीप्रति भएको हिंसात्मक व्यवहारलाई देखाइएको छ । कथामा सभ्य भन्न रुचाउने तथाकथित ठूलाबडाहरूले अन्धो मगन्ते र सानीप्रति गरेको व्यवहारलाई लैङ्गिक तथा वर्गीय सीमान्तीयका दृष्टिले प्रस्तुत गरिएको छ । यो कथा सीमान्त समुदायको प्रतिरोध चेतनाको दृष्टिबाट उत्साहजनक अवस्थामा छैन । यस कथाको सीमान्तीकृत पात्र अन्धो मगन्ते र सानीसँग उल्लेख्य रूपमा प्रतिरोधी चेतना आएको देखिँदैन । सूक्ष्म प्रतिरोध देखिन खोजे पनि त्यसले कुनै परिणाम दिन सकेको छैन । उनीहरूले प्रभुत्वशाली वर्गसामु आफ्ना आवाजहरूलाई सशक्त र प्रभावकारी रूपमा राख्न सकेका छैनन् तर झिनो रूपमा भए पनि उसमा प्रतिरोधचाहिँ देख्न सकिन्छ ।

> "मोरा काना, माग्ने अक्कल त निकै जान्याछस् । यस्ती चिनियाँ पुतलीजस्ती तारो थापिदिएपछि पैसा त बर्सिहाल्ने भयो नि !"
>
> उक्त सिपाहीको त्यो कुरूप वाक्यका साथै एक थुप्रो गललल हाँसोको उत्ताउल्याइले घोचेर उसको मुटु चसक्क गर्दथ्यो । फेरि तत्कालै त्यो सिपाही अनुहारको मान्छेले सानीतिर हेरेर आँखा झिम्क्याउँदै ठट्टा गरेको छ भन्ने कुरा उसको ब्रह्मले ठम्याइहाल्दथ्यो । अनि उसको छाती क्रोध र क्षोभको भुतभुतेमा खहरिन्थ्यो, भित्र सहिनसक्नु जलन हुन्थ्यो, कानका जरबुटा पनि रन्न तात्दथे, ऊ भित्रभित्रै दाह्रा किटेर मुरमुरिन्थ्यो । के गर्नु उसका आँखा छैनन् र पो, नत्र ! ऊ आफ्नो हृदयभित्र उम्लिएको घृणा र कटुताको

> भावलाई स्वरमा ओकल्दै बड्बडाउँथ्यो । -"भारीभारी धर्म होस् ! नौ गरहका दशा शान्त होऊन् ! मनले चिता' कुरो सकल पुगोस्, भारी भारी धर्म होस् !" (पृ. ३९-४०)

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र मगन्ते र सानीमा प्रतिरोध चेतना भएर पनि व्यक्त गर्ने शक्तिचाहिँ शून्य रहेको प्रस्ट हुन्छ । उसले आफ्नी श्रीमती सानीलाई र उसलाई तथानाम गाली गरेर सानीप्रति कुदृष्टि राख्दासमेत त्यसको प्रतिकार गर्न सक्दैन । वर्गीय सामाजिक संरचनाका कारण मगन्ते र सानी सीमान्तीकृत हुन पुगेका छन् । सिपाहीहरूले मगन्तेलाई काना, माग्ने मोरो, माग्नका लागि श्रीमतीलाई चिनियाँ पुतली जस्तो बनाएर तारो थापेर पैसाको वर्षा गराउँदछ भनेर आरोप लगाउँदा पनि सहेर बस्न बाध्य छ । उनीहरू उक्त कुराको प्रतिरोध गर्न सक्दैनन् । भित्रभित्रै मुरमुरिरहन्छन् । माग्नेको छाती क्रोधले भित्रभित्रै जलनमा डुबेको छ तर भित्रभित्रै दाह्रा किटेर पनि त्यसको प्रतिकार गर्न सकेको छैन । प्रतिकार गर्नुको साटो उसले "भारीभारी धर्म होस् ! नौ गरहका दशा शान्त होऊन् ! मनले चिता' कुरो सकल पुगोस्, भारी भारी धर्म होस् !" भन्दै आशीर्वचन दिएको छ ।

मगन्ते आफू अन्धो भएका कारण सिपाहीले आफू र आफ्नी श्रीमतीमाथि गरेको अन्यायका विरुद्धमा आवाज उठाउन सक्दैन । ऊ चुपचाप सहेर बस्न बाध्य छ । यसरी शक्ति केन्द्रसँग आफ्नो हक अधिकार प्राप्तिका लागि आवाज उठाउन सक्ने चेतना निम्न वर्गसँग हुँदैन भन्ने कुरालाई तलको साक्ष्यले प्रस्ट पार्दछ ।

> "मोरा तेरा त आँखा भए पो लगा कसैमाथि । तेरी जहान कस्ती छन्, देख्या छस् तैँले ? कसो दिदी ?"
>
> अन्धो दाह्रा बाँध्दथ्यो ।
>
> "लौ ला, हाम्री दिदीलाई किलिप किनेर लाइदिनू ।" अर्को स्वर उठ्दथ्यो, "कसो कसो, यी दिदीलाई देखेपछि त नदिऊँ भने पनि दिऊँ दिऊँ लागिहाल्ने । किलिप किनेर लाऊ है दिदी !" ... अन्धो दाह्रा किटेर ज्योति मरेका आँखाले त्यो आवाज गएतिर हेर्दथ्यो- के गरोस्, यदि ती आँखामा ज्योति हुँदो हो, ऊ साँच्चै ती गुण्डाहरूलाई भस्म गरिदिन्थ्यो- महादेवले कामदेव भस्म गरेजस्तै । ऊ त्यही टक्-टक्लाई लक्ष्य गर्दै जोरले भुक्दथ्यो; हत्केलाको पैसा जोडले भुइँमा बजार्दथ्यो, अनि आफ्नो मुद्रालाई ज्यादै कठोर बनाएर सानीतिर घुमाउँदथ्यो- "सानी !"
>
> "हिँड्, अन्तै गएर बसौँ ! ... यस्तो मोरो ठाउँमा !" सानीको स्वर भन्डै रोए जस्तो हुन्थ्यो । (पृ.४०-४१)

अन्धो मगन्ते र उसकी स्वास्नी सानीलाई सिपाही र सडकमा हिँड्ने अन्य आवारा केटाहरूले तथानाम भनेर घोचपेच गरी सानीमाथि कुदृष्टि राख्दासमेत उनीहरू त्यसको प्रतिकार गर्न सक्दैनन् । उनीहरूसँग प्रतिरोध चेतना शून्य छ । उनीहरू आर्थिक अवस्था कमजोर भएका कारण वर्गीय सामाजिक संरचनाभित्र सीमान्तीकृत बन्न पुगेका छन् । वर्गीय समाजमा अर्थतन्त्रलाई केन्द्रीय आधार बनाएर त्यसको परिधिमा शारीरिक, मानसिक, यौनिक तथा भौतिक शोषण गरिएको हुन्छ । उनीहरूमाथि भएको अन्याय र अत्याचारको प्रतिरोध गर्नुको सट्टा उक्त ठाउँ नै छोडेर हिँड्नुपर्ने कुरा गर्नुले निरीह पात्र शोषित देखिन्छन् । सीमान्तकृत वर्गहरूले आफ्ना विरुद्धमा लाग्ने अथवा आफूलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउने व्यक्तिहरूप्रतिको प्रतिरोध चेतना उर्लिएर आए पनि बाहिर व्यवहारमा व्यक्त गर्नुपर्ने समयमा प्रतिरोध गर्न सक्दैनन् ।

> "मारीसँग औँलाले घोचेर फोरिदिन सकिनस् त ?"
>
> "फुट्न नसकेका आँखा ! हिँड् अन्तै गएर बसौँ ।"....
>
> सानीमाथि आँखा लाउने गुण्डाहरूलाई श्राप दिन पनि अहिले उत्ति देवी-देउतालाई गुहार्थ्यो, "परमेश्वरी तिनका आँखा पनि मेरै जस्ता भैजाऊन् ! हे दखिनकाली माई, हे लुमडी, हे बज्रयोगिनी माई, तिनको भस्म-खरानी भएको देखिहालूँ !" (पृ. ४१-४२)

सीमान्तीकृत वर्गका व्यक्तिहरू प्रतिरोध गरेर आवाज उठाउनुको साटो उक्त स्थानलाई छोडेर अन्त कतै जाने कुरा माथिको साक्ष्यमा व्यक्त भएको छ । आर्थिक आधारमा गरिने विभेदले मानवतालाई समेत पराजित गरेको हुन्छ । यसरी अपहेलित समाजमा विवश जीवन बाँच्न बाध्य भएका सीमान्त पात्रहरूले ईश्वरलाई पुकारा गर्नुबाहेक अन्य आधार पाएका हुँदैनन् । समाज र राज्यको कानुनद्वारा निर्मित परिस्थितिकै आडमा उच्च वर्गले निम्न वर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछन् । प्रभुत्वशाली वर्गका सिपाही पात्रहरूले सानीको रूप, रङ र जवानीमा ऱ्याल काढे पनि उनीहरू त्यो शक्तिकेन्द्रका विरुद्धमा बोल्न सक्दैनन् । उनीहरूले आफ्नो हक अधिकारका लागि बोलेको देखिँदैन । अतः यस कथाका पात्र मगन्ते र उसकी स्वास्नी सानीसँग प्रतिरोध चेतना कमजोर देखिएको छ । उनीहरू आफ्नो हक अधिकारका लागि सङ्घर्ष र त्यसको प्रतिकार गर्न अब्बल देखिँदैनन् । प्रभुत्वशाली वर्गले गरेको शोषण, अन्याय, अत्याचार थाहा पाएर पनि उनीहरूमा प्रतिरोध गर्न सक्ने परिवेश नै छैन । यसर्थ एउटा कारणले सीमान्तकृत भएका पात्रहरूले अन्य विभिन्न कारणहरूबाट थप सीमान्तीकृत हुनुपर्ने स्थिति सिर्जना हुन्छ । कथाका आधारमा हेर्दा उनीहरूले ईश्वरको पुकारचाहिँ गर्दछन् । उनीहरूका लागि ईश्वरको पुकार पनि एक खाले सहारा भएकाले यही कुरालाई समेत सूक्ष्म प्रतिरोध मान्न सकिन्छ । त्यसैगरी सानीको

जवानीप्रति कुदृष्टि राख्नेका अगाडि प्रतिरोध नगरे पनि सानीका सामु भने माग्नेले प्रतिरोधको भाव व्यक्त गर्दछ । उसको अवस्थितिअनुसार जोखिमबाट बच्नका लागि र मनोवैज्ञानिक सन्तुष्टिका लागि यो एउटा सूक्ष्म सन्तोषको आधार मात्रै हो । वस्तुतः उनीहरू यस कथामा सीमान्तीकृत भएको, हेपिएको भन्नेसम्मको ज्ञान हासिल गर्न सक्षम छन् तर प्रतिरोध गर्न सक्ने स्थितिमा रहेका देखिँदैनन् ।

### ४.२.५ 'बिहानीपखको बत्ती' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'बिहानीपखको बत्ती' एउटी बैँसालु नारीको मनभित्र गुम्सिएको पीडा, वेदना र कुण्ठाले भरिएको मनोवैज्ञानिक विषयमा आधारित कथा हो । यस कथाकी मुख्य पात्र शारदालाई प्रभुत्वशाली समाजका व्यक्ति र परम्पराले सीमान्तीकृतको अवस्थामा पुऱ्याएको कुरालाई प्रस्तुत गरिएको छ । कथामा शारदालाई उसको घरपरिवारले सम्पत्तिको लोभमा परेर एउटा दीर्घरोगीसँग जानाजान बिहे गराइदिएको प्रसङ्ग छ । काठमाडौँको मुटुमा रहेको एउटा घरको तीन तलामाथिबाट सधैँजसो पल्लो घरमा डेरा गरेर बस्ने बन्दीपुरको एउटा विद्यार्थीलाई लोभी आँखाले हेरेर शारदाले मनमा कुरा खेलाएकी छे । उसले आफ्नो लोग्ने दीर्घरोगी, ख्याउटे हुँदा पनि आफ्नो घरपरिवारसँग कुनै प्रतिकार गर्न सक्दिन । उनमा बिहेको सन्दर्भलाई लिएरसमेत प्रतिरोधी चेतना शून्य अवस्थामा देखिएको छ । पितृसत्तात्मक समाजमा लैङ्गिक सीमान्तीकृतको प्रथालाई सामाजिक स्वीकृति प्राप्त भएपछि पुरुषको एकलौटी सत्ताका कारण शारदाले आफ्नो मौनता शिवाय प्रतिरोध गरेकी छैन । यहाँ त्यो रोगी पुरुषले एक सग्ली युवतीलाई विवाहको प्रस्ताव लैजानु, युवतीका परिवारबाट सम्पत्तिलाई हेरेर स्वीकृति दिनु र अन्ततः विवाह हुनुले समाजको पितृसत्तात्मक चिन्तनले निम्त्याएको समस्या उजागर भएको छ ।

पुरुषद्वारा निरङ्कुश तरिकाले नारीको स्वतन्त्रतामा दमन हुने पद्धतिका कारण नारीको भावनालाई कदर गर्नु आवश्यक ठानिँदैन । हाम्रो समाजमा आफ्नो जीवन बिताउने पुरुषको छनोटमा समेत नारीलाई अधिकार दिइएको हुँदैन । यहाँ शारदाको चाहना, रुचि र भित्री रायलाई बुझ्ने कोसिस गरिएको छैन । शारदाले पनि आफ्नो भित्री इच्छा प्रकट गरेर प्रतिरोध गर्न सकेकी छैन । यसर्थ आफ्नो शरीर र अस्मिता रक्षाको अधिकारका निम्ति नारीहरूले सङ्घर्ष गर्नुपर्ने अवस्था अद्यापि छ । शारदालाई रोगी र बूढो व्यक्तिसँग विवाह गराइनुको पछि केवल सम्पत्तिलाई मात्रै हेरिएको छ । कथामा आमाबुवाले सम्पत्तिभन्दा छोरीको चाहना र अपेक्षा नै ठूलो हो भन्ने कुरालाई बुझ्ने कोसिस गरेको देखिँदैन ।

> "जग्गेमा अग्नि-शिखा प्रज्वलित छ, वेद ध्वनिले वातावरण गुञ्जित छ । अनेक अनेक विधिविधानको माझमा शारदालाई आफ्नो बगलमा बसेको (तर त्यसभन्दा अगाडि कहिल्यै नदेखेको) मानिसको अनुहार हेर्न कौतुहलपूर्ण

> जिज्ञासा उठ्छ । तर आँखाले धोका दिन्छ । दलानमा, बार्दलीमा, अनि घरमा झ्याल-झ्यालमा त्यहाँ दिदी-बहिनी, भाउजू-बुहारी छन् ! उनीहरूका आँखामा ठट्टा, खिस्सी र व्यङ्ग्य बोलिरहेछ, "यी अचेलका केटी कति उत्ताउला; कसैको नभएको जस्तो, अहिले कस्तो मुख हेर्न हतार !" -उसलाई हेर्न आँट आएन । (पृ. ५१-५२)

पुरुषप्रधान समाजले स्थापित गरेको सामाजिक मानकहरूका आधारमा निर्मित ज्ञानका कारण पुरुष र नारीबाटै नारीहरू किनारीकृत अवस्थामा पुग्न विवश भएका हुन्छन् । यस कथाकी पात्र शारदामा सीमान्त समुदायको प्रतिरोध चेतनाको दृष्टिले हेर्दा फ्रेरे (सन् २००५) ले भनेझैँ मौनताको संस्कृति रहेको देखिन्छ । घर, परिवार र आफन्तले बूढो, रोगी, बिहेअघि कहिल्यै नदेखेको व्यक्तिसँग बिहे गरिदिँदा पनि त्यसको प्रतिरोध गर्न सकेकी छैन । यस कथाअनुसार समाजले नारीलाई आफ्नो पूरा जीवन बिताउनुपर्ने पतिका बारेमा सोधीखोजी गर्ने र निर्णय लिने सार्थक अधिकार दिन सकेको छैन । कथामा शारदाले आफ्नो हुनेवाला पतिको अनुहारसमेत हेर्न पाएकी छैन । अर्कोतर्फबाट हेर्दा प्रतिरोध गर्न खोजे पनि समाजका प्रभुत्वशाली व्यक्तिहरूले त्यसलाई रोकेको कुरा माथिको साक्ष्यले प्रस्ट्याएको छ । समाजका प्रभुत्वशाली वर्गले निर्माण गरेको लैङ्गिक असमानताको नियमलाई नकार्दै उसले बल्लतल्ल बिहेको जग्गेमा दुलाहाको अनुहार हेर्ने दुस्साहसचाहिँ गरेकी छ ।

> किन्तु कौतुहल पनि त प्रबल छ । के ऊ पनि सरिता दिदीको लोग्ने जस्तै राम्रो छ ? ... अनि ज्यादै ठूलो आँटले ऊ आँखा उठाउँछे, मानौँ कुनै ठूलो राजसत्तासँग विद्रोह गर्ने आँट आफूमा भर्छे अनि क्षणभरको एउटा दृष्टिमा ऊ देख्छे । गोरो-पहेँलो रोगन, ज्यादै पातलो छाला नसाहरूको जाल देखिने, बडा-बडा आँखा, पातलो खाने मुख, नराम्रो त होइन तर रोगी अनुहार । उसले त्यत्ति कुरा एकै झल्कोमा देखी, केवल एकै झल्कोमा । उसको मन अलि बोझिलो भएर आयो । उसको स्मृतिमा कान्ता, शिला, सरिताका सुदर्शन पतिहरूको तस्बिर दगुर्‍यो । उसलाई लाग्यो- गुलाफको फक्रन लागेको कोपिला समाउन खोज्दा हातभरि सुकेका पत्र छरिए । उसको मनमा एउटा कालो धुवाँको मुस्लो उठ्न खोज्यो ।
>
> तर तत्काल त्यो अग्नि-शिखा, त्यो वातावरणमा गुञ्जिएको वेदध्वनि, अनि गम्की-गम्की, चम्की-चम्की बजिरहेको पञ्चेबाजाको विरहलाग्दो स्वरले सम्मिलित नारा लगाए- "शारदा ! ... यो तेरो लोग्ने, यो तेरो देवता, यो तेरो स्नेह र प्यारको एक मात्र अधिकारी; यो तेरो दृष्टिको एक मात्र बिन्दु, अनि यो तेरो विचारको एक मात्र परिधि !"

> शारदाको संस्कारले भन्यो- “आहा ! कति राम्रो, कति लायक ?” उसको विद्रोहको स्वर त्यो बेला कुल्चियो । (पृ. ५२)

प्रभुत्वशाली समाजमा नारीहरूले हिम्मत गरेर थोरै साहसका साथ प्रतिरोध गर्ने चेष्टा गर्दा पनि समाजका प्रभुत्वशाली भनिएका व्यक्तिहरूले निर्माण गरेका मानकहरू बाधक बन्न पुग्छन् । समाजमा नारीहरू नै नारीहरूमाथि सीमान्तीकरण गर्न अभ्यस्त हुन्छन् । वर्गीय असमानताले भरिएको समाजमा अज्ञानता र असचेतनाका कारण सीमान्तीकृत वर्गकै पात्रहरूले समेत प्रभुत्वशाली वर्गको मानकभित्र हराएर सीमान्त वर्गलाई नै सीमान्तीकृत तुल्याउन पुग्छन् । माथिको साक्ष्यमा कथाकी सीमान्तीकृत पात्र शारदालाई पनि समाजका भाउजू, बुहारी, दिदीबहिनीहरूले सीमान्त पात्र बनाइदिएका छन् । शारदाले प्रतिरोध गरेर लोग्नेको अनुहार हेर्न खोज्दा उनीहरू नै बाधक बनेका छन् । यसर्थ प्रभुत्वशाली वर्गले निर्माण गरेको मानकलाई सीमान्तीकृत समुदायकै पात्रहरूले जोगाउन र मलजल गर्न सहयोग गरिरहेका हुन्छन् । शारदामा अव्यक्त पीडा छ । सो पीडाका विरुद्ध उसमा प्रतिरोध गर्ने तागत रहेको देखिँदैन । ऊ आमा, बा, दिदी, बहिनी, भाउजू, बुहारी विरुद्ध आवाज उठाउन सक्दिन । उसमा समाजले स्थापना गरेको मानकका कारण जस्तोसुकै व्यक्ति भए पनि परिवारले दिएपछि स्वीकार गर्नुपर्ने बाध्यता छ । परिवारले दिएपछि उसलाई भगवान् मानेर सेवा गरिरहनुपर्ने, स्नेह र प्यारको अधिकारी मान्नुपर्ने मानक तय भएको छ । समाजको मानकले उसलाई कुनै पनि जीवनका गहन निर्णयमा विरोध गर्ने नभएर चुपचाप स्वीकार गर्नुपर्ने संस्कारको विकास गरेको छ ।

शारदालाई घरपरिवारले बूढो, दीर्घरोगी श्रीमान्लाई दिँदा पनि प्रतिरोध चेतना देखिँदैन । उसले घरपरिवार र समाजका व्यक्तिले गरेको अन्याय र अत्याचारका विरुद्धमा आवाज उठाएर प्रतिरोध गर्न सकेकी छैन । उसका बाआमा पनि सम्पत्तिले छोरीलाई सुख दिन्छ भन्ने भ्रममा छन् । यसरी प्रभुत्वशाली वर्गले गरेको अन्याय र अत्याचारलाई सीमान्त वर्गले थाहा नै पाउँदैन । यदि थाहा पाइहाले पनि उनीहरूले त्यस विरुद्ध बोल्ने आँट गर्दैनन् ।

> शारदाले हेरी, यो उसको लोग्नेको जीवित अस्तित्व, यो उसको सौभाग्यको जिउँदो लास । उसको हृदय साँच्चै भित्रभित्रै हाहाकार गर्दै उर्लियो, वेदनाको भक्कानो छातीमा गाँठ्ठियो, मुटु पग्लेर आँखामा भरियो । साँच्चै नै ऊ त्यो लोग्नेको असहाय अस्तित्वमाथि घोप्टो परेर भल-भल रोई तर निःशब्द । ... साँच्चै ऊ यो रुग्ण लोग्नेमान्छेलाई कति माया गर्छे, कति ! उसको निम्ति यो लोग्नेमान्छेको रुग्ण अस्तित्व नै जिन्दगी छ; यो नै ऊ डुब्न लागेकीको लागि सिन्काको सहारा छ । तर आज त्यही उसको नगण्य सहारा पनि आफैँ डुब्न लागेको छ; मृत्यु आज उसको सिन्दुरसँग खेलबहाड गर्दै छ । उसको

> वेदना निःशब्द ओठमा आएर काँप्यो । “चुप्-चुप् त्यो नभन्नोस् । मलाई भित्र मुटुमा दुख्छ, मेरो छातीको घाउ चर्कन्छ ।” (पृ. ५२-५३)

आफ्नो हक अधिकारका लागि क्रियाशील भएर आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । शक्तिमा रहेका सँग आफ्नो हक अधिकार र अस्तित्वका लागि सङ्घर्ष गर्न सक्नुलाई सीमान्त समुदायको शक्ति मान्नुपर्छ । यस कथाकी पात्र शारदामा त्यस्तो कुनै पनि प्रतिरोधी भावना पाइएको छैन । ऊ आफ्नो अधिकार र अस्तित्वका लागि आन्तरिक रूपमा जले पनि बाह्य रूपमा प्रतिकार गर्न सक्षम छैन । आफ्ना सारा पीडालाई आँसुमै बगाएकी छ । आफूमाथि भएका सबै अन्याय र अत्याचारलाई लुकाएकी छ । यहाँ प्रभुत्वशाली वर्गले सीमान्तीकृत पात्रको पहिचानलाई स्वीकार गर्न सकेको छैन । समाजमा सधैँ प्रभुत्वशाली वर्गले निर्माण गरेको संस्कृतिलाई मान्नुपर्छ भन्ने सोच शक्ति केन्द्रमा वा राज्यसत्तामा रहेको हुन्छ । यस कथामा धनी लोग्नेसँग विवाह भएर पनि सीमान्तीकृत पात्र शारदा कुण्ठित, दमित र प्रताडित पात्र हो । ऊ आफ्नो अस्तित्वमा बाँच्न नपाएर शक्ति केन्द्रको जालभित्र फसेकी छ । यसर्थ आर्थिकसमृद्धि र उन्नतिले मात्रै मानिसमा सीमान्तीकरणलाई हटाउने होइन । उसका लागि स्वतन्त्रता, स्वैच्छिक चाहना र अस्तित्वको हक पनि चाहिन्छ । विशेषतः नारीहरूमा पितृसत्ताले गाँजेको हुन्छ तर उनीहरू प्रतिरोधी बन्न सक्दैनन् । अतः यस कथाकी पात्र शारदाको प्रतिरोध चेतना शून्य रहेको छ । उसको उक्त चेतनालाई अन्य कुनै प्रभुत्वशाली वर्गले अग्रस्थानमा ल्याउन मद्दत गरेको देखिँदैन ।

### ४.२.६ ‘बिरेकी आमा’ कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

‘बिरेकी आमा’ कथा ग्रामीण परिवेशमा आधारित कथा हो । यहाँ बिरेकी आमा सीमान्तीय समुदायकी पीडित पात्र हो । कथाकार विकलले कथाको माध्यमबाट समाजमा रहेका प्रभुत्वशाली व्यक्तिहरूले बिरेकी आमालाई गरेका शोषण, अन्याय, अत्याचार र अपहेलनाका माध्यमबाट जातीय विभेदले निम्त्याएको सीमान्तीय पक्षलाई देखाएका छन् । यो समाजले बिरेकी आमालाई निर्दोष अवस्थामा समेत दोषी ठहऱ्याइएको छ । समाजका प्रभुत्वशाली व्यक्तिहरूले समाजमा निम्न स्तरकी एउटी गरिब र दलित महिलालाई अन्याय र अत्याचार गरी आफ्नो स्वार्थ पूरा गरेको प्रसङ्ग छ । कथाकी सीमान्तीकृत पात्र बिरेकी आमामा प्रतिरोध चेतना सामान्य नै भएको देखिन्छ । बिरेकी आमामा आफूमाथि भएको अन्याय अत्याचारको विरुद्ध आवाज उठाउनुपर्छ भन्ने चेतनाको विकासचाहिँ भएको छ तर उसको आवाजले समाजमा कुनै अर्थ राखेको छैन । उसको प्रतिरोधले समाजमा कुनै प्रभाव पार्न सकेको देखिँदैन किनभने ऊ एक्ली, दलित र त्यसमा पनि महिला र मजदुर पात्रका रूपमा उपस्थित छ ।

कठोर सामन्ती समाजमा व्याप्त शोषणको सजीव दृष्टान्त पेस गरिएको यस कथामा सीमान्तीय पात्र बिरेकी आमा सामन्ती कुचक्रमा परेकी प्रताडित एवम् दीनहीन नारी पात्र हो । ठूलाबडा साहुमहाजनहरूबाट मेसिनझैँ जोताइएकी बिरेकी आमा मान्छे भएर पनि समग्र मानवीय भावना, चाहना एवम् आकाङ्क्षा खोसिएकी, दबिएकी र हेपिएकी सीमान्तीय पात्र हो । कथाकारले यो पात्रका माध्यमबाट सूक्ष्म प्रतिरोध गराएका छन् । यहाँ कथाकारले दलित, एक्ली महिला, विपन्न र श्रमिक पात्र बिरेकी आमाबाट यतिसम्मको प्रतिरोधलाई पस्कन लगाएको देखिए पनि उसमा हुनुपर्ने सशक्त आवाजचाहिँ दमन भएको देखाइएको छ । अतः प्रभुत्वशाली सामन्ती संस्कारले गरिब, निमुखा व्यक्तिहरूमाथि गर्ने अन्याय, अत्याचारको विरुद्धमा गरेको प्रतिरोधलाई यसरी देखाइएको छ :

> कसैले कुनै कुरामा चित्त बुझाउन सकेन भने ऊ तत्काल उग्र रूप लिएर सत्तो र सराप गरेर चौब्बर स्वाद फेर्दथी । “गरिबमारा काठो, असत्ती काठो, पातकी काठो, त्यसको भस्म खरानी भा' देखिहालूँ, परमेश्वरी ।” उसको त्यो सङ्गीतले गाउँभरि हल्ला भैजान्थ्यो । (पृ. ५९-६०)

प्रभुत्वशाली सामन्ती संस्कारले प्रश्रय पाएको समाजमा समाजको सामन्ती जालोले बिरेकी आमालाई जेलेको छ । समाजमा प्रभुत्वशाली व्यक्तिले निम्न वर्गका मिहिनेती व्यक्तिहरूमाथि गरेको श्रमशोषणका विरुद्धमा प्रतिरोध गरेको कुरालाई माथिको साक्ष्यमा देखाइएको छ । परमेश्वरी पुकारेर गरिबको पसिना चुस्ने माइला बाजेलाई उसले गाली गरेकी छे । उसलाई कसैले चित्त बुझाउन नसक्दा सबैका अघि सत्तोसराप गर्न सक्नु उसको प्रतिरोध चेतना हो तथापि उसमा दमन भएको वास्तविक ज्ञान र उक्त दमनबाट मुक्ति चाहने उच्च प्रतिरोध भने छैन । गरिबलाई काम लगाइसकेपछि श्रमको मूल्य चुक्ता गर्नुपर्छ तर माइला बाजेले बिरेकी आमालाई काम लगाएर उचित ज्याला नदिँदा उसले प्रतिरोध मात्रै गरेकी छे । त्यो आवाजचाहिँ सार्थक बनेको छैन ।

> “त्यही माइलो काठो, गरिबमारा ।”
>
> “धनी भएँ भनेर होला... मर्न नसकेको कात्तिके; हिजो बेलुकी पेट दुखेर सन्चो भएन, जरो पनि आयो ।” -यति खेर बिरेकी आमाको स्वर झन् चर्केको हुन्थ्यो । - “सक्तिन भन्दा पनि कर लाएर बिहान धान कुट्न गएँ, आधा माना चामल दिएको पनि कनिकाको मियै मिया ! मर्न नसकेको काठो ।” (पृ. ६०)

समाजमा उच्च वर्गका व्यक्तिहरूले बुद्धिजीवीको खोल ओढेर निम्न जातिका व्यक्तिहरूको श्रमशोषण गरेपछि उनीहरूको पसिनाको उचित मूल्य दिँदैनन् । उनीहरू आफ्नो फाइदाका लागि विपन्नहरूलाई प्रयोग गर्छन् । सीमान्तीकृत वर्गको रगत, पसिना

चुसेर श्रमको मूल्य नपाउँदाको आक्रोशलाई बिरेकी आमाले प्रतिरोध गरेको कुरालाई माथिको साक्ष्यले पुष्टि गरेको छ । यसको अर्थ सांस्कृतिक सन्दर्भमा जातजातिहरूलाई सत्ताको शक्ति प्रयोग गरेर पनि उत्पीडनमा पारिएको हुन्छ । फलतः सामाजिक, आर्थिक र राजनीतिक पराधीनताकै कारण खास जाति विभेदमा परेर सामाजिक, आर्थिक र राजनीतिक कोणबाट अधीनस्थताको अवस्थामा पुगेको हुन्छ (बार्कर, सन् २००४, पृ. १७०) । वस्तुतः समाजका प्रभुत्वशाली व्यक्तिहरूले गरिबहरूमाथि गर्ने व्यवहार, हेर्ने सोचाइ, दृष्टिकोण सबै निम्नस्तरको नै हुन्छ । उनीहरूले हेय भावले सीमान्त वर्गका समस्यालाई अमानवीय रूपमा लिन्छन् । निम्न वर्गका मानिसहरूले बाध्य भएर र नजानेर पनि प्रतिरोध र प्रतिकार गर्न सक्दैनन् । भएभरको काम लगाएर त्यसको श्रमअनुसारको उचित मूल्य नदिँदा बिरेकी आमाले प्रतिकार गरेकी त छे तर उसले समाजमा न्याय पाएको देखिँदैन ।

> "भस्म खरानी होस् ! सन्तानको मुख पनि देख्न नपाई जाओस् ! पापी असत्ती काठो ! ... यत्रो डङ्गुर लुगा धुन लायो, ह्या' आफ्नो पाखुरा दुखेर अफसम्म ! .... दिउँसो खाजा खान पनि दिएन । एउटा घिरौँला टिपेकी, भरे ढिँडोसँग मीठो गरी खाउँला भनेको त चोर्नी पो भन्यो ! ... मर्न नसकेको काठो ।" (पृ. ६२)

आफूलाई भएभरको काम लगाएर श्रमशोषण गर्ने सामन्ती घिमिरेको मिचाहा प्रवृत्तिप्रति बिरेकी आमाले यसरी प्रतिरोध गरेकी छ । समाजमा श्रमको उचित मूल्य तिर्न नचाहेर प्रभुत्वशाली वर्गले सीमान्तीकृत पात्रको श्रमबाट फाइदा लिएपछि तिरस्कार गरेको गहन विषय यहाँ प्रस्तुत छ । पितृसत्तात्मक सामाजिक व्यवस्था नै नारी अनि निम्न वर्गका व्यक्तिहरूमाथि हुने शोषणको मूल कारण हो भन्ने विषयलाई यस कथाले उठाएको छ । यस कथाकी मुख्य नारी पात्र बिरेकी आमा जातीय, लैङ्गिक र वर्गीय रूपले सीमान्तीकृत पात्र हो । उसमा झिनो रूपमा प्रतिरोधको भाव देखिन्छ ।

'बिरेकी आमा' कथामा कथाकार विकलले नारी हिंसा, यौनजन्य कुत्सित अन्याय, फ्रायडीय यौनेच्छा र मनोविकासभन्दा फरक मार्क्सवादी सामाजिक-आर्थिक-जातीय दमनको कथावस्तुलाई यथार्थपरक दृष्टिकोणमा प्रस्तुत गरेका छन् । समाजवादी नारीवादको मान्यताभित्र समेटिने पितृसत्ता र पुँजीवादी सामाजिक सङ्गठनका भिन्न प्रक्रिया र पहिचान (त्रिपाठी, सन् २०१२) मध्ये यस कथामा चाहिँ वर्ग-शक्तिको बढी प्रभाव छ । यहाँ प्रभुत्वशाली सामन्ती व्यक्तिहरूले उसको आवाजलाई दबाएर नै उसको श्रमको अवमूल्यन गरिरहेका छन् । सामन्ती समाज व्यवस्था र पितृसत्तात्मक सामाजिक संरचनाका कारण उसको प्रतिरोध चेतनालाई दमन गरेर समाजले अन्याय गरिरहेको स्थितिलाई कथामा प्रदर्शन गरिएको छ । यसबाट बिरेकी आमाको सूक्ष्म प्रतिरोधलाई प्रभुत्वशाली वर्गले दबाएको छ । उसले आफ्नो आवाजलाई प्रस्तुत गरेका कारण समाजबाट अधिकार प्राप्त गर्न

सकेकी छैन । उसको आवाजले समाजलाई बदल्न र उसको जीवनशैली परिवर्तन गर्नमा टेवा पुऱ्याएको छैन । अतः यहाँ बिरेकी आमाको सूक्ष्म प्रतिरोधले प्रभुत्व वर्गको दमनकारी स्वभावका विरुद्ध अधीनस्थ वर्गलाई न्याय दिन सकेको छैन । अतः यस कथाका माध्यमबाट कथाकार विकलले नेपाली समाजमा सीमान्तकृत नारी पात्रहरूको आवाजलाई प्रभुत्व वर्गले दमन गर्ने र तिनका आवाजले समाज परिवर्तनका लागि भूमिका निर्वाह गर्न नसक्ने कारुणिक वस्तुतालाई देखाएको कुरा पुष्टि हुन्छ ।

### ४.२.७ 'दुई रुपियाँ नोट' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'दुई रुपियाँ नोट' कथा पुरुषप्रधान समाजले स्थापित गरेका सामाजिक मानकहरूका आधारमा निर्मित ज्ञानको परिणतिलाई देखाइएको कथा हो । पुरुषबाट नारीहरू किनारीकृत अवस्थामा पुग्न विवश भएको यस कथाले पार्वती जस्ता नारीको स्वाभिमान कमजोर हुने र सीमान्त वर्गले हार्नैपर्ने बाध्यतालाई देखाएको छ । यस कथामा पार्वती सीमान्तीकृत नारी पात्रका रूपमा आएकी छ । अतः यस कथामा लैङ्गिक सीमान्तीयतालाई प्रस्तुत गरिएको छ । कथाका पात्रहरूमध्ये पार्वतीको आफ्नै पति बिरेलगायत भन्सारका नाइके, कुल्ली, भरिया, सिपाही आदि प्रभुत्वशाली वर्गका प्रतिनिधि पात्र हुन् । यस कथाकी सीमान्तीकृत पात्र पार्वतीमा सीमान्त समुदायको प्रतिरोध चेतनाको दृष्टिकोणले हेर्दा प्रतिरोध चेतना अत्यन्तै न्यून मात्रामा रहेको देखिन्छ । उसको लोग्ने बिरेले उसमाथि अन्याय, अत्याचार र देह व्यापारमा उत्साहित गरिरहँदा पनि त्यसको प्रतिरोध गर्न सकेकी छैन । आफ्नै लोग्नेले भन्सारको नाइकेलाई ल्याएर उसको शरीर भोग्न लगाउँदा पनि उसले कुनै प्रतिकार गर्न सकेकी छैन । यहाँ पार्वती असाध्यै निरीह बनेकी छ । उसले न्याय माग्ने र न्यायका लागि सङ्घर्ष गर्नुपर्ने पतिबाटै असुरक्षित भएर भयभित जीवन जिउनुपरेको छ ।

उसको लोग्ने बिरेले उसका कुल्ली, भरिया साथीहरूलाई ल्याएर नराम्रो दृष्टिकोणले हेर्दा पनि कथाकी सीमान्तीकृत पात्र पार्वतीमा प्रतिरोधको व्यवहार देखिँदैन । उसलाई बाँच्न र आफ्ना सन्तानहरूको हातमुख जोर्नका लागि भए पनि देहव्यापारमा संलग्न हुन विवश पारिएको छ । पितृसत्तात्मक समाजमा सहज भएर जिउन सकेसम्म हरेक कदममा आफूलाई जोगाउने सक्दो प्रयत्नचाहिँ गरेकी छ । बिरेले उसलाई तथानाम भनेर गालीगलौज गर्दा पनि केही प्रतिरोध नगरेर मौन बसिरहेकाले पार्वतीमा आवाज र प्रतिरोधको स्थिति कमजोर छ ।

> "राँडलाई, रातोदिन घरमा कोचिएर मर्छे । यसो यताउति गैहालोस्, केही खोजमेल गरेर ल्याइहालोस्, ... उसलाई मैयाँसाहेबको जस्तो रातदिन घरमा ठाँट पारेर, खोपी सिँगारेर मर्न पाए पुग्यो ।" (पृ. ६९)

पार्वती लैङ्गिक रूपमा शोषणमा परेकी छे । चरम आर्थिक सङ्कटका कारण उसकै पति बिरेले उसलाई देहव्यापारमा संलग्न गराएको छ । उसलाई छिमेकीको स्वास्नी जस्तै

देहव्यापारमा लगाउनका लागि कर गरिरहेको छ । पार्वतीले भने विभिन्न आरोप-प्रत्यारोप गरेर सराप्दासमेत कुनै प्रतिरोध गर्न सकेकी छैन । यसमा पार्वतीको प्रतिरोध चेतना शून्य रहेको छ । पितृसत्तात्मक समाजको दासत्वमा ऊ दमित भएकी छ ।

> बिरे बारम्बार जब दिनभरिको मेहनतबाट पनि एक छाक पिठोलाई पुग्ने पैसा नपाउँदा आफ्नो विवशतामा क्रोधले छट्पटाएको हुन्थ्यो, त्यतिबेला ऊ घरमा आएर त्यो गुम्सिएको क्रोध स्वास्नीको थाप्लोमा खन्याएर शान्ति पाउने चेष्टा गर्दथ्यो । त्यति मात्र होइन, पार्वतीको जुन गुण र सौन्दर्यमाथि छिमेकका लोग्नेहरू मनमनै ईर्ष्या गर्दथे उसको आफ्नै लोग्नेले त्यसलाई पेटको बाजीमा थाप्ने घृणित प्रयास पनि कैयौँ पटक गरिसकेको थियो । कैयौँ पटक बेलुकी घर फर्कँदा बटु, इन्द्रचोकका साहुका आबारा छोराहरूसँगै ल्याएर पार्वतीसँग कामुक ठट्टा गर्न उसले सुऱ्याएको थियो । दुई-चार दुई-चार दिनमा ऊ आफ्नो त्यो सानो छिँडीमा चारैतिरबाट भरिया, कुल्ली, ड्राइबर, साहुका बिग्रेका छोराहरू ल्याएर उनीहरूबाट रक्सी, राँगाको मासु र मासको बाह्राको ज्याफत उठाउँथ्यो । ज्याफतको साथसाथै कुत्सित चेष्टा, उच्छृङ्खल ठट्टा र हाँसोको दुर्गन्धी नालामा त्यो सानो वर्गाकार छिँडी सरोबर भएर मुछिन्थ्यो । अनि त्यसैको दुर्गन्धले पार्वतीको प्राण घटेसी लागेझैँ हुन्थ्यो । ती आबारा कीराहरू बाहिर नगएसम्म ऊ अपमान, लाज, क्रोध र घृणाले निसास्सिएर त्यहीँ एउटा कुनामा दुई बच्चालाई खोकिलामा च्यापेर दुम्किरहन्थी । तिनीहरू गएपछि मात्र उसको छातीभित्र गुडुल्केर बसेको एक पोको सास एकै पटक नाक, आँखा र मुखबाट ठेलमठेल गर्दै निस्कन्थ्यो । तर पार्वतीको त्यो मौन विरोध, नारी सुलभ गुणले बिरेको रक्सीले राँक्किएको मगजमा घिउ थपिदिन्थ्यो । (पृ. ६९-७०)

माथिको साक्ष्यमा कथाकी सीमान्तकृत पात्र पार्वती आफ्नै लोग्नेबाट चरम शोषणमा परेकी छ । बिरेले आफ्नै पत्नीलाई पेटको बाजी थाप्ने दुस्साहस गरेको छ । साँझ घर फर्कँदा भएभरका आवारा गुण्डाहरू बटुलेर कामुक ठट्टा गर्न सुऱ्याउने काम पनि बिरेबाटै भएको देखिन्छ । आफ्नो लोग्नेले उसको अस्मितालाई दाउमा राखेपछि पनि ऊ हरतरहले आफूलाई जोगाउन प्रयत्नशील छे । यहाँ सत्य र यथार्थवादी भएर पनि पार्वती उसको विचारधारामा कमजोर बन्न पुगेकी छे । उसको लोग्ने गलत चिन्तन र सोच भएर पनि उसको विचारधारामा अब्बल बन्न पुगेको छ । यसर्थ पितृसत्तात्मक शक्ति हाबी हुँदा नारीहरू आफ्नै लोग्नेबाट समेत सीमान्तकृत बन्न पुग्छन् । अर्को अर्थमा विचारधारा भनेको सामाजिक चेतनाका विभिन्न रूपहरूको व्यवस्थित प्रणाली हो । यसले खास वर्ग वा समूहको राजनीति, कानुन, धर्म, दर्शन, नैतिकता र कलाबारे धारणाको प्रतिनिधित्व गर्दछ

(थपलिया, २०७५, पृ. ६७) । कथावस्तुलाई हेर्दा आफ्नै लोग्नेद्वारा चारैतिरबाट भरिया, कुल्ली, ड्राइबर, साहुका बिग्रेका छोराहरू भेला गरी पार्वतीमाथि उच्छृङ्खल, घृणित व्यवहार प्रदर्शन गराएर उसलाई सीमान्तकृत अवस्थामा पुऱ्याइएको छ । पार्वतीले यस कुकार्यलाई खुलेर, डटेर वा समाजलाई बदल्ने हिसाबले प्रतिरोध गर्न सकेकी छैन । ऊ लोग्नेको भरमा बाँच्न विवश हुनु, समाजले उसलाई बाँच्ने वैकल्पिक स्वीकृति दिन नसक्नु, उसमा सन्तान र परिवारप्रतिको गहिरो माया हुनु जस्ता बहुल समस्याले थिचेको छ । उसले मौन रूपमा मात्रै विरोध गरेबाट पार्वती अर्थात् सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना अत्यन्तै न्यून छ भन्ने कुरा देखाइएको छ । कथाकारले यस कथाका माध्यमबाट नारीहरू पितृसत्तात्मक समाजका अघि आफ्नै स्वाभिमान रक्षा गर्नसमेत असक्षम भई अधीनस्थ बन्न पुग्छन् भन्ने विषयलाई देखाएका छन् । वास्तवमा पुरुषलाई सर्वज्ञ, सर्वेसर्वा र सर्वगुण सम्पन्न ठान्ने तथा नारीलाई अबला, कमजोर र प्रयोगको वस्तु ठान्ने सामाजिक मानकले नारीमाथि दमन भएको छ । प्राचीन कालदेखि नै प्रायः सबै प्रकारका समाजमा पितृसत्ता निरन्तर कायम छ र पुरुषमा अधिकार कायम भई महिलाहरू पुरुष अधीनस्थ हुँदै अधिकारबाट वञ्चित भएका छन् (भट्टराई, २०७७ ख, पृ. १३९) । यसर्थ नारीप्रति चरम सीमान्तीकरणको व्यवहार गर्ने सामाजिक संरचना भएको समाजमा पुरुषले नारीको जीवनलाई जैविक नभएर भौतिक वस्तुको रूपमा प्रयोग गर्दछ ।

> "तेरा बाबुहरूसँग दुई-चार मीठा कुरा हाँस-ख्यालठट्टा गर्दैमा तेरो मुख खिइन्थ्यो कि राँड ? ... बढी सत्ते सावित्री भएकी लखने । ... तेरो बाबुहरूले अँठ्याइहाल्थे कि ?" तर पार्वतीबाट यसको कुनै पनि प्रतिवाद आउँदैनथ्यो । त्यसैले उसको पारो झन् चढ्दथ्यो । "उही पनि तँ कत्री होस् र ? ... कत्रा लाठसाहेबकी स्वास्नी होस् र ? जाबो एउटा सहर्षको गाली र लात खपेर इन्द्रचोकमा भारी बोकेर जिउ पाल्ने भरियाकी स्वास्नी त होस्, कत्री होस् र तँ ?"
>
> ..."थाहा छ सबै तेरो ! मेरो अगाडि सत्ते सावित्री बन्छेस् पछाडि दश जानासँग आँखा झिम्क्याउँछेस् । नचिनेकी छस् तँ, चर्तिकाला ।" (पृ. ७०)

पुरुषप्रधान समाजमा नारीहरूले सधैँ पुरुषहरूकै इसारामा चल्नुपर्दछ । उनीहरूकै इच्छा, आकाङ्क्षाअनुसार बाँच्नुपर्दछ भन्ने मान्यता छ । प्रस्तुत कथाकी सीमान्तीय पात्र पार्वतीमा प्रतिरोध चेतना भए पनि अभिव्यक्त गर्न सकेकी छैन । उसले आफ्नो श्रीमान्द्वारा आरोप लगाइएको कुराप्रति अलिकति मात्रै प्रतिरोध गर्ने कोसिस गरेकी छे ।

> "हरे राम राम ! कस्ता असत्ती तिमी; जिब्रो खस्ला कोरले गलेर ।" (पृ. ७०)

उसलाई उसकै लोग्नेले विभिन्न आरोपप्रत्यारोप लगाएर अत्यन्त नीच, घृणित शब्दहरू प्रहार गर्दा पनि त्यस विषयमा कुनै कडा प्रकृतिको प्रतिरोध गर्न सकेकी छैन । उसको अस्तित्व, सतीत्व र स्वच्छतामै आफ्नो लोग्नेले प्रश्न उठाउँदा ऊ लाचार भएर सुन्न बाध्य छे । कथाको पात्र बिरेले पार्वतीको मनको दर्द र वेदनालाई बुझेको छैन । एउटा पुरुष हुनुको कर्तव्यसम्म पनि पूरा गरेको छैन । यसरी पार्वती अनैतिक सोच र व्यवहारले ग्रस्त लोग्नेसँग दरिद्रताको रापले थिचेर चुपचाप बस्न बाध्य छे । बिरेले परिवारप्रतिको उत्तरदायित्व वहन गरेको छैन । यस सन्दर्भलाई तलको साक्ष्यले अझै प्रस्ट्याउँछ ।

> "तेरो बाबु भोकले मरेर आउँछ भनेर तेरो बुद्धिमा घाम झुल्किन सकेन राँड ! ... आफू दिनभरि बसेर मनपरी गर्दी हो, मेरो कुनै वास्ता छैन ।"
>
> "होइन, के पाएर मैले तुल्याएर राख्नु ? ....सिङ्गुलै लोग्ने मान्छे भएका आफू दिनभरि ढौँटारी मारेर यतिबेला भित्र पस्छन्, मलाई पो ! ..." (पृ. ७४)

माथिको साक्ष्यमा पुरुष भएर आफ्नो परिवारप्रतिको उत्तरदायित्व पूरा नगर्ने लाग्नेलाई पार्वतीले सामान्य रूपमा प्रतिकार गरेकी छे । बिरे दिनभरि गल्ली-गल्ली डुलेर साँझ रित्तै घर फर्किएपछि पार्वतीले परिवारप्रतिको दायित्व सम्झाएर झिनो रूपमा प्रतिरोध गरेकी छ । प्रभुत्वशाली समाजमा नारीलाई हेपेर जेसुकै भन्न मिल्ने तर पुरुषलाई जवाफ फर्काउँदा पृथ्वी नै उल्टिए जस्तो मान्ने समाजको मानकलाई यस साक्ष्यले चित्रण गरेको छ ।

> "स्वास्नी मान्छे भएर के, पल्लापट्टिकी बाटुली पनि त स्वास्नी मान्छे हो नि, तेरो आँखा फुट्दैनन् ? सत्ते सावित्री भएकी राँड ! म रातदिन मरी मरी कमाउने, तँ राँड बसी बसी घिच्ने ? ..." (पृ. ७४)

बिरेले पार्वतीलाई छिमेकी वेश्या चरित्रकी बाटुलीसँग तुलना गरेर ऊजस्तै बन्न हौस्याउने हर्कत गरेको छ । नारीहरू आफ्नो अस्मिता जोगाएर बस्दासमेत स्वयम् आफ्नै पतिले यस्तो निर्घिणी काममा लाग्न उक्साउनु पार्वती जस्ता नारीहरूका लागि आफैँमा पीडादायी विषय हुन् । पितृसत्तात्मक समाजमा नारीहरूलाई पैसाका निम्ति प्रयोग गर्ने परिपाटीलाई यो साक्ष्यले व्यक्त गरेको छ । यद्यपि पार्वती जस्ता नारी पात्रले यस्तो निकृष्ट र अपमानित व्यवहारप्रति कठोर रूपमा प्रतिरोध गर्न नसक्ने कथ्य यहाँ प्रस्तुत भएको छ । गरिबी र अभाव अनि सन्तानको मुख हेरेर पार्वती कुनै प्रतिरोध गर्न सक्दिन । उसलाई पारिवारिक सद्भावसँग ममताको दाम्लोले बाँधेको छ । ऊ बालबच्चा लिएर एक्लै बस्ने आँट गर्न सक्दिन । ऊ बिरेसँग विद्रोह गरेर विकल्प रोज्न सक्दिन किनभने उसमा गरिबीको बन्धन र सन्तानको मायाको डोरी एकसाथ बाँधिएको छ ।

प्रभुत्वशाली समाजले समाजका निम्न वर्गका व्यक्तिहरूप्रति लैङ्गिक रूपमा शोषण गरेका हुन्छन् । पार्वती चरम आर्थिक सङ्कटका कारण विभेदको सिकार भएकी छ । आर्थिक विपन्नताका कारण भन्सारको भरिया नाइकेबाट उसलाई लुटिन बाध्य बनाइएको छ । उसमा प्रतिरोध चेतनाको ज्ञान भएर पनि प्रतिकार गर्न सक्ने क्षमताको अभाव छ । ऊ आफ्नै श्रीमान् बिरे र आफ्नो अस्तित्व लुट्नेसँग प्रतिकार गरेर प्रतिरोधी व्यवहार प्रदर्शन गर्न नसक्ने विवश नारी पात्र हो ।

> "नाइके आएको थियो, ऊ भर्खरै गयो ।" पार्वतीको स्वर व्यथित र कामेको थियो; आँखाका पुतली पनि कामेका थिए । वाक्य नटुङ्गिँदै उसका आँखा एकपल्ट फेरि कामेर भुइँतिर झुके । (पृ. ७८)

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र पार्वतीमा प्रतिरोध चेतना देखिएको छैन । भरिया नाइके आएर उसलाई भोगेर जाँदा पनि कुनै प्रतिकार गर्न सकेकी छैन । वर्गीय सामाजिक संरचना र पितृसत्तात्मक हैकमका कारण उसलाई सीमान्तीकृत बनाइएको छ । यसरी वर्गीय समाजमा अर्थतत्त्वलाई केन्द्रीय आधार बनाएर त्यसको परिधिमा शारीरिक, मानसिक, यौनिक तथा भौतिक शोषण गरिएको छ । कथाकारले यस कथामार्फत पार्वती जस्ता नेपाली नारीहरूले पितृसत्ताका पछि निमुखा, निरीह र आवाजविहीन बन्नुपर्ने बाध्यतालाई प्रस्तुत गरेका छन् । नेपाली समाजमा नारीहरू विपन्नताका पीडाबाट थलिएका हुन्छन् । परिवार विखण्डित हुन्छ । समाजले नारीलाई स्वतन्त्र बाँच्न सक्ने परिवेश दिँदैन । बरु उल्टै दमन गर्छ । भोग्या बनाउँछ । यति भएर पनि पार्वतीले आफ्नो हक र अधिकारका लागि कुनै आवाज उठाएकी छैन । चुपचाप सहेकी छ । यसरी सीमान्त पात्रको प्रतिरोध चेतनाको दृष्टिबाट यो कथाकी सीमान्त पात्र पार्वतीमा मौनताको संस्कृति रहेको पाइन्छ । यो मौनताको संस्कृति विकास हुनुको अर्थ अधीनस्थहरूमा असचेतना नै हुन्छ भन्ने नभएर बाध्यकारी परिस्थिति र परिबन्ध पनि कारक बन्न सक्छ भन्ने कुरालाई कथाकारले प्रस्तुत गरेका छन् ।

### ४.२.८ 'सिँगारी बाख्री' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

'सिँगारी बाख्री' एउटा मानवेतर प्राणी बाख्रीको पीडामा आधारित कथा हो । यस कथामा स्वार्थ प्राप्ति र अप्राप्तिपछिको यथार्थ हेराइलाई समेटिएको छ । ग्रामीण परिवेशको विषयवस्तुका आधारमा शोषकद्वारा शोषित सीमान्त वर्गको प्रताडनालाई यस कथाले चित्रण गरेको छ । मान्छेको स्वार्थका लागि जन्माएका पशु, खासगरी बाख्राका पाठा, तिनको खेलाइ अनि तिनैको बलिदान आदिमा रहेको रहस्यपूर्ण यथार्थको सन्दर्भलाई यस कथामा देखाइएको छ । लैङ्गिक सीमान्तीकरण र वर्गीय असमानतालाई प्रस्तुत गरिएको यस कथामा पण्डित र पण्डितनी बज्यै मुख्य पात्र छन् भने सीमान्तीकृत तथा प्रतीकात्मक पात्र सिँगारी बाख्रीलाई

प्रस्तुत गरिएको छ । सिँगारी बाख्री उमेर हुँदा, जवान छँदा, लगातार पाठापाठी दिन सक्दा उसको असाध्यै राम्रो स्याहारचाकर गरिएको छ । वृद्धावस्थामा पाठापाठी दिन छोडेपछि उसप्रतिको व्यवहारमा आकाशपातालको फरक देखिएको छ । मान्छेले आफ्नो स्वार्थ पूरा हुन्जेल गर्ने व्यवहार र स्वार्थ पूरा भएपछि गर्ने फरक व्यवहारलाई कथाले देखाएको छ । विशेषतः यस कथामा सीमान्त मानवेतर पात्र सिँगारीले कुनै प्रतिरोध गर्न नसक्नु प्राकृतिक सत्य हो । ऊ एक निरीह र परतन्त्रमा जीवित प्राणी पात्र हो । उसलाई मान्छेले आफ्नो स्वार्थका निमित्त माया गरेका छन् । त्यसैले ऊसँग प्रतिरोधको चेतना शून्य छ ।

यस कथामा प्रभुत्वशाली वर्गको बोलवाला रहेको समाजमा हरेक निरीह पात्र बाख्री जसरी सीमान्तीकरणको अवस्थामा पुग्छन् र अधीनस्थ बन्छन् भन्ने सन्दर्भलाई बिम्बात्मक रूपमा देखाइएको छ । प्रभुत्वशाली समाजमा मानिसहरूले आफ्नो स्वार्थपश्चात् सीमान्तीकरणमा पुऱ्याइएका पात्रले वास्तवमा प्रतिकार गर्न नसक्नु स्वाभाविक हो । कथाकार विकलले बाख्राको आत्मकहानीको माध्यमबाट पण्डित-पण्डितनीको स्वार्थपूर्ण व्यवहारलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

अर्को अर्थमा यस कथामा पुरुषप्रधान समाजले स्थापित गरेका सामाजिक मानकहरूलाई जोगाउन धर्मको आड लिने गरेको व्यङ्ग्य पनि प्रस्तुत भएको छ । मानवीय जीवन, व्यवहार, कर्म र कार्यात्मक कुरूपतालाई धार्मिक आडम्बरले छेकेको छ । यस कथाको सीमान्तीकृत पात्र सिँगारी बाख्रीले आफूलाई उमेरमा पाठापाठी दिन सक्दाको अवस्थामा गरेको स्याहारचाकरलाई सम्झेर पाठापाठी दिन नसक्दा पनि सोही स्याहारको अपेक्षा गरेकी छ । पण्डित-पण्डितनीले त्यत्तिका पाठापाठी दिइसकेपछि पनि दश रुपैयाँमा बगरेको हात लगाएर पठाउनाले मानिसको व्यवहारमा आउने उतारचढावलाई देखाइएको छ । एक त मानवेतर प्राणी अर्को पक्षमा स्त्री लिङ्गी पात्रका आधारमा सिँगारीबाट फाइदा लिइएको छ । यसरी नै समाजले पनि नारीलाई स्वार्थका लागि प्रयोग गर्छ । उसको क्षमता र सक्षमतालाई प्रयोग गरेपछि बेवास्ता गर्छ भन्ने सन्दर्भलाई पनि कथामा सङ्केत गरेको देखिन्छ । अतः यस कथामा प्रतिरोध चेतना शून्य छ । पितृसत्तात्मक समाजले आफ्नो स्वार्थअनुकूल व्यवहार गर्ने र आफ्नो स्वार्थ पूरा भएपछि त्यसको वास्ता गर्न छोडेको कुरालाई कथामा देखाइएको छ ।

> पण्डितनी बज्यै अघि जुन निष्ठा र जुन प्रेमको उत्साहले उसको सेवासुसार गर्छिन् आज त्यसको दश अंशको एक अंशको एक अंश पनि गर्दिनन्; जसरी अघि उसले खाए नखाएको खुब हेरविचार खोजी-नीति हुन्थ्यो, आज त्यो हुँदैन । अनि उसको मन साह्रैसँग कुँडिन्थ्यो र ऊ धुरुधुरु रुन्थी । त्यही आँसु टल्पलाएका धमिला आँखाले चारैतिर हेर्थी । (पृ. ७९)

सीमान्तीकृत पात्र सिँगारी बाखीलाई प्रभुत्वशाली वर्गका पात्र पण्डित र पण्डितनी बज्यैले स्याहारसुसारमा विभेदपूर्ण व्यवहार गरेका छन् । सिँगारीले पाठापाठी दिउन्जेलसम्म मात्र उसको स्याहार चाकर गरेको र पाठापाठी दिन नसक्ने भएपछि उसलाई अन्यायपूर्ण व्यवहार गरिएको छ । प्रभुत्वशाली वर्गका प्रतिनिधि पात्र पण्डित-पण्डितनीको व्यवहारप्रति सिँगारी बाखीको प्रतिरोधी व्यवहार कति पनि छैन । उसले आफ्नो निरीहपनमा लाञ्छित भएर दश रुपियाँमा बेचिनुपरेको छ । आखिर मान्छे र पशुबिचमा आफैँमा प्राकृतिक रूपबाटै प्रतिरोधी चेतनाको अभाव रहन्छ । प्रारम्भमा सिँगारीलाई दिइएको स्याहारचाकर पनि मान्छेको स्वार्थका निमित्त अर्थात् उसले राम्रोसँग पाठापाठी दिन सकोस् भन्नका लागि थियो । आखिर सिँगारी मन कुँडाएर अमिलो बनाई धुरुधुरु रुन बाध्य भएकी छ । यसमा उसले कुनै प्रतिरोध गर्न सकेकी छैन । ऊ प्राकृतिक रूपमै अहिंस्रक, मानवप्रेमी तथा घरपालुवा जनावर भएकाले उसले मानिस जस्तो सर्वश्रेष्ठ मानिएको प्राणीसँग प्रतिरोध गर्न सक्ने अवस्था रहँदैन । उसमाथिको प्रताडनामा प्रतिरोध गर्नुपर्छ भन्ने चेतना छैन । यसर्थ यस कथामा कथाकार विकलले यहाँ हाम्रो सामाजिक निर्मिति, प्राणीहरूमाथि गरिने दमन, प्राणी हक र अधिकारका लागि एकखाले उद्घोष गरेको देखिन्छ । उसमा प्राकृतिक रूपमै मौनताको संस्कृति स्थापित छ । मानवेतर प्राणी भए पनि उसको दिलमा भावनात्मक भाव रहेको विषयलाई कथाकारले प्रस्तुत गरेका छन् । मानिसले पशुलाई सीमान्तीकृत बनाएको सन्दर्भसँग बढी केन्द्रित भएकाले यहाँ मानवेतर प्राणी बाखीबाट प्रतिरोधको भाव नै प्रस्तुत भएको छैन ।

बाखीलाई उमेरमा र वृद्धावस्थामा गरिएको फरक व्यवहारलाई कथामा कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ । यसबाट बाखीमाथि भएको अन्याय अत्याचारलाई मौन रूपमा सहन गरिएको छ । यसर्थ उसमा प्रतिरोध चेतनाको भाव नहुनु स्वाभाविक नै देखिन्छ ।

> भला ऊ शक्ति र तेजहीन भई, त्यो त प्रकृतिको अनिवार्य नियम हो । केवल प्रेम र निष्ठाको मामुली व्यवहारले पनि ऊ त्यति सारो दुःखी हुने थिइन होला । किन्तु मालिक मालिकनीको आफूप्रति किन यति सारो उपेक्षा ? ... यसले उसलाई भित्रभित्रै पीडा दिन्थ्यो । अनि ऊ पहिलेका दिनलाई सम्फेर धुरुधुरु रुन्थी । (पृ. ८१)

मानिसहरूमा भएको स्वार्थी मनोवृत्तिका कारण सीमान्तीकृत पात्र सिँगारी बाखीमाथि दमन भएको सन्दर्भलाई माथिको साक्ष्यले हाम्रो समाजको वस्तुस्थितिसँग लगेर गाँसेको छ । समाजमा सीमान्त पात्रहरूलाई प्रभुत्वशाली वर्गले स्वार्थका लागि प्रयोग गर्ने र फाइदा लिने गर्दछन् । तिनले आफ्नो स्वार्थ पूरा भएपछि अधीनस्थ पात्रमाथि दुर्व्यवहारसमेत गर्न पुग्छन् । यस साक्ष्यमा प्रतीकात्मक रूपले उक्त विषयलाई दर्साइएको छ । यहाँ

सिँगारीले प्राकृतिक रूपमा प्रतिकार गर्न नसके जसरी अधीनस्थ पात्र कमजोर रहने मूल कथ्यलाई प्रतीकात्मक रूपबाट चित्रण गरेको देखिन्छ ।

प्राकृतिक जैविक नियमानुसार शरीर परिवर्तन हुनु, शक्तिहीन र तेजहीन हुनु स्वाभाविक प्रक्रिया हो । यसै विषयलाई लिएर प्रभुत्वशाली पण्डित-पण्डितनीले उसप्रति फरक व्यवहार गरेका छन् । मालिक-मालिकनीको उपेक्षाको भावलाई उसले भित्रभित्रै पीडित भई भल्भली रोएर मौन प्रतिरोध गरेकी छे । पण्डित-पण्डितनीमा उत्पन्न भएको आर्थिक सङ्कटका कारण ऊ वर्गीय विभेदको चपेटामा परेकी छ । कथामा पण्डित-पण्डितनीले आर्थिक रूपमा लाभ नपाउने अवस्थामा सिँगारीप्रति चरम शोषण गरेको कुरालाई देखाइएको छ ।

> आज अब ऊ आफ्नो जनमभरको सेवाको बदला मालिक मालिकनीको बढ्दो उपेक्षालाई देख्दथी, उसको मुटु चिरिएर आउँछ; अतीत इतिहासको झल्को सम्झेर भल-भलि आँसु काढ्छे । तर आज पण्डित र पण्डितनी पहिले जस्तो आँसुमा पग्लिँदैनन्, व्यथामा भुटिँदैनन् । यसको उल्टो आजभोलि उनीहरूको निम्ति ऊ भार भएकी छ, खास गरेर पण्डितको निम्ति । त्यसैले उनी बारम्बार पण्डितनीसँग भन्दथे-
>
> "ए, सुनिस् ? ... यो व्यर्थको सिनोलाई घिचाएर मात्रै के काम; बित्थामा प्याक्क मरिदियो भने नोक्सान मात्र । बरु... कसो ? ... के भन्छेस् ?" (पृ. ८५)

प्रस्तुत साक्ष्यबाट सीमान्तीकृत पात्र सिँगारीमा प्रतिरोध चेतना शून्य रहेको कुरा प्रस्टिएको छ । वर्गीय समाजमा अर्थतत्त्वलाई केन्द्रीय आधार बनाएर पण्डित-पण्डितनीले सिँगारीमाथि मानसिक शोषण गरेका छन् । पण्डितले उसको उमेरमा आर्थिक सम्पन्नता दिन सफल सिँगारी बाख्रीलाई अहिले पाठापाठी दिन नसक्ने जैविक अवस्थामा पुगेपछि 'सिनो' भनेर तिरस्कार गर्नाले उसमाथि पीडा छ तर प्रतिरोध मौन छ ।

यसका अतिरिक्त यस कथामा कथाकार विकलले नारीका इच्छा चाहनालाई पुरुषले नियन्त्रण गर्ने सन्दर्भलाई प्रस्तुत गरेका छन् । माइतबाट दाइजोको रूपमा ल्याइएकी सिँगारीले त्यत्तिका धेरै पाठापाठी दिँदा पनि पण्डितनी बज्यैको मङ्गलसूत्र र ढुङ्ग्री बनाएर लाउने इच्छा अधुरै रह्यो ।

> "यसको कति महिना लाग्यो हँ ?"
>
> "लाग्यो के पाँच महिना" पण्डितनी फुल्दथिन् । "हेर्नोस् नि, यसपालिको त दसैं ससै भन्न पाइन्न, भनिदिया छ । हामी एउटा मङ्गलसूत्र बनाएर नलाई त ।" (पृ. ८३-८४)

यहाँ पण्डितनीको चाहनालाई पण्डितले दबाएरै राखेका छन् । पण्डितनीले प्रतिरोध गरे पनि उसको उक्त प्रतिरोध चेतनाले पण्डितको पुरुषवादी एकत्वको शासन हल्लिएको छैन । बरु उल्टै धर्म र आदर्शका कुरा जोडेर उक्त विषयलाई फरक तरिकाले व्याख्या गरी आश्वासन दिन पुगेका छन् ।

> "हेर् त्यसमा पनि तँ र म, भगवान्ले पनि जसलाई एकै बनाइदिएको छ । ...छँदै छ; म भएसम्म तँलाई मङ्गलसूत्रको के कुरा । अँ हेर्, यसपालि गजुरी पींडाबाट सप्ताह भन्न डाक्लान् जस्तो लख काडिरा'छु मैले, त्यसबाट आएको मङ्गलसूत्र भन्छेस् कि जे भन्छेस् तेरै हो !"
>
> "अँ त्यसै भन्दाभन्दै आठ-नौओटा बोका तपाईंकै दसैं र भाकल भन्दामा ठिक्क, आफू त सधैं नाङ्गानाङ्गै ! अँ, यसपालि त कुरै छैन ? मङ्गलसूत्रको धोको मनाँ' ल्यै, ल्यै मरियो भने ? ..." (पृ. ८४)

यो साक्ष्यमा पण्डितनीले पण्डितसँग प्रतिरोध गरेको चाहिँ देखिन्छ । पण्डितनीको चाहनामा पण्डितको दमन रहेको भए पनि उक्त विषयमा प्रतिवादको निरन्तरता मात्रै देखिन्छ । पण्डितले उसको इच्छालाई टार्ने काम गरेका छन् । पण्डितनीले जेजति प्रतिकार गरे पनि सो कुरामा पण्डितले व्यावहारिक परिवर्तन जनाउन खोजेको देखिँदैन ।

> "होइन एउटा सानोतिनो ढुङ्ग्री बनाउन त पुगिजाला कि, पुगोइन त ? ..." उनले एक रात पण्डित बाजे जुठे दहालकहाँ गरुड पुराण सकेर फर्केपछि सोधिन् ।
>
> "के कुरा गरेको ? गतिलो छ र ? ... सिनो भैसक्यो, सिनो ! हद्द बन्ला एउटा फुली बनिजाला ।" अनि फेरि तत्कालै उनले हाँसेर भने । "अँ, अब त तेरा पनि घैंटामा घाम लागे त ? ... त के भोलि नै भनौं त ?"
>
> "हुन्छ" पण्डितनीको स्वर भारी थियो । (पृ. ८६)

यस साक्ष्यमा पण्डितनीले एकातिर अझै ढुङ्ग्रीको लोभ राखिरहेकी तथा पण्डितले दश रूपैयाँको लोभले बाख्री बेच्न खोजेको फरक चाहना देखिन्छ । यद्यपि पण्डितनीले बाख्रीलाई बेच्न नचाहँदा नचाहँदै पण्डितको कुरालाई काट्न नसकेर चुपचाप 'हुन्छ' भनी समर्थन जनाउन बाध्य भएको देखाइएको छ । यसर्थ यस कथामा पण्डितनीले पण्डितप्रति प्रतिरोध चेतना भएर पनि प्रतिरोध गर्न सकेकी छैनन् । समाजमा नारीहरूले कतिपय अन्यायपूर्ण व्यवहारलाई प्रतिरोध गर्न नसक्दा उनीहरूका इच्छा कुण्ठित हुने र अन्यायको सिकार भएका घटनालाई हेरिरहेरै चुपचाप बस्ने स्थिति बन्दछ । यहाँ पण्डितनीले पण्डितको बाख्री बेच्ने निर्णयप्रति प्रतिकार गर्न सकेकी छैनन् । त्यस्तै बाख्रीले दिएका पाठापाठी खुरुखुरु बेचिएर बाख्री बूढी भइसक्दा पनि पण्डितनी बज्यैको ढुङ्ग्री लगाउने इच्छा परिपूर्ति भएको

छैन । यसरी आफूले दाइजोमा माइतबाट ल्याएको बाख्रीको आम्दानीमा उसको कुनै हक नरहेको तथा उसले प्रतिरोध पनि गर्न नसकेको कुरा पुष्टि भएको छ । समाजमा नारीहरूले आफ्ना आकाङ्क्षालाई जबर्जस्ती दबाएरै बस्नुपर्ने र पुरुष सत्ताका कारण वैचारिक निर्णय लिन नसक्ने स्थिति रहन्छ । उक्त कुरालाई यस कथाले पण्डितको व्यवहारबाट पुष्टि गरेको छ ।

प्रभुत्वशाली समाजमा मानवीय संवेदनाको वास्ता गरिएको हुँदैन । आफ्नो जिन्दगीभर पण्डित-पण्डितनीको परिवारलाई आफ्ना दर्जनौँ सन्तानहरू दिएर पनि बूढेसकालमा सेवा चाकर पाउनुपर्नेमा दश रूपैँयामा बगरेको हातमा सुम्पनुले मानवीय संवेदना हराएको देखिन्छ । सिँगारीले खाना नखाएर र रोएर उसको प्रतिरोध चेतना व्यक्त गरेकी छ । कान ठाडा पारेर, जिउ ढक्क फुलाएर उसले सीमान्त वर्गको प्रतिरोधी चेतनालाई प्रकट गरेकी छ । सामन्ती समाज व्यवस्था र पितृसत्तात्मक सामाजिक संरचनाका कारण उसको प्रतिरोध चेतनालाई दमन गरेर बाँच्न विवश भएकी सिँगारी बगरेको हातमा पुगेकी छ । यसर्थ सिँगारीमा भएको प्रतिरोध चेतनाको शून्य अवस्था नितान्त प्राकृतिक छ । उसले आवाजले व्यक्त गर्न नसक्ने जैविक स्थितिका बाबजुद पनि शारीरिक प्रतिक्रिया देखाएकी छ तर उक्त प्रतिक्रियाबाट उसले प्रभुत्वशाली वर्गको चिन्तनलाई बदल्न सकेकी छैन ।

### ४.२.९ 'सुबेदार रणे बूढो' कथामा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना

विकलको यस कथामा पुरानो र नयाँ समाजको चेतना र चिन्तनबिचको मानसिक द्वन्द्वलाई देखाइएको छ । कथाको पात्र रणे बूढो औपनिवेशिक र वर्गीय रूपले सीमान्तीकृत पात्र हो । कथाकार विकलले दोस्रो विश्वयुद्धको यथार्थ, त्यस बखतको खतरनाक परिस्थिति, जीवन सन्दर्भ र आफू गोली लागेर यस अवस्थामा आएको वस्तुस्थितिलाई रणे बूढोका माध्यमबाट देखाएका छन् । म पात्रको मावलीप्रतिको चासो र रणे बूढा जस्ताको जीवनको मानसिक यथार्थलाई कथाले प्रस्तुत गरेको छ । यस कथाअनुसार रणे बूढो पल्टनबाट छ वर्षपछि घर फर्कँदा उसकी पत्नी पोइल गइसकेकी हुन्छे । अर्कोतिर ऊ वयोवृद्ध भएको अवस्था र पल्टनमा अपाङ्ग बनेर फर्केको सन्दर्भमा नयाँ तरुनीसँग उसले बिहे गरेको प्रसङ्ग छ । अर्की पत्नीले पनि रणेले खाइनखाइ जोगाएर राखेको सारा सम्पत्ति कुम्ल्याएर हिँडेकी छे । यसरी रणे बूढो पत्नीहरूद्वारा सीमान्तीकृत बन्न पुगेको छ भने समाजद्वारा पनि अपहेलित बन्न पुगेको छ ।

पल्टनमा गएर उसले प्रदर्शन गरेका वीरताका कारण देशको इज्जत बढेको छ । उसले बहादुरी देखाएको छ तर वृद्धावस्थामा उसलाई सहारा नपाएरै मर्नुपर्ने बाध्यता आइपरेको छ । कथामा इतिहासको नयाँ र पुरानो विचारको मतभिन्नतामा आबद्ध

बूढापाकाहरूको दुर्गति हुनुमा स्वार्थी मानिसहरूको लुटेरा मनोविज्ञान पनि जिम्मेवार हुन्छ भन्ने कुरालाई देखाइएको छ । नयाँ र पुरानो पुस्तागत मनोविज्ञान, स्वार्थी र निकृष्ट चरित्रका नारीहरूको स्वभाव तथा मुलुकका शासकप्रति सीमान्त वर्गको अटल विश्वासबिचको पृथक् सन्दर्भलाई कथाले फरक शैलीमा प्रस्तुत गरेको छ ।

कथाको पात्र सुबेदार रणे बूढो हिन्दुस्थान गएर पल्टनमा भर्ती भई लडाइँमा भाग लिएर आएको पेन्सनवाला लाहुरे हो । ऊ पुरानो विचारको भएकाले उसले राणा शासकहरूलाई राजाको रूपमा लिएको छ । देशमा चलेको राणाविरोधी आन्दोलनको विपरीत धारका रूपमा रहेर उसले राणाकै समर्थन गर्न पुगेको छ । लडाइँमा एउटा खुट्टा गुमाएको सुबेदार विवाह गरेको दुई महिनापछि पल्टनमा गएको छ । एक वर्ष पनि नपुग्दै उसकी जवान श्रीमती अर्कैसँग पोइल जाँदा पनि कुनै प्रतिरोध नगर्नुले उसमा प्रतिरोध चेतना नभएको प्रस्ट हुन्छ ।

> “होइन मामा, तपाईंको माइजू हुनुहुन्न ? ...पहिले नै बिहा नगरेको कि ? ...”
>
> अकस्मात् कुराको प्रसङ्ग यसरी बदलिएकोले बूढा एकछिन वाल्ल पर्थे । अनि अनुहारमा एक किसिमको नजानिँदो सरमको रक्तिमा दौडिन्थ्यो । ... “केबाट गरौँ बाबु ! ... बात गर्दा नरमाइलो लाग्छ । ... मेरो पनि एउटी गुराँसको फूलजस्ती दुलै थिई । तर मैले सादी गरेर एक महिना पनि ऊसँग भोग गर्न पाइनँ ।” ...
>
> “अनि के भयो त मामा ?” म उनलाई त्यो मीठो सपनाबाट बिउँझाइदिन्थेँ । “के माइजू परलोक हुनुभयो ? ...”
>
> “होइन बाबु,” उनको छातीबाट लामो सुस्केरा निस्कन्थ्यो । “मलाई सादी गरेको दुई महिनैमा हिन्दुस्थान, जर्मनको धावामा जानु परिगो । पाँच, छः सालपछि लौटैँ त ऊ अर्कैसँग गैसकिछ । ... ठिकै गरिछ; उसको कोही भुल छैन ।”
>
> “किन मामा ! तपाईंको र माइज्यूको प्रेम थिएन ?” म उनीसँग सोध्थेँ ।
>
> “नाइँ, हाम्रो एक दुस्रासँग बहुत मुहब्बत थियो ।” उनी गर्वसँग भन्दै जान्थे । “साँच्चै एक अर्कोलाई नदेखी एकछिन पनि चैन थिएन । घरमा बाबुआमा, अनि हामी छिपी-छिपी गोठमा मिल्थ्यौँ । घाँस पत्कर जाने निहुँले गोठमा ऊ मसँग मिल्थी ! तर ... ।” उनी लामो सास फेर्थे ।
>
> “त माइज्यूले किन त तपाईंलाई जाबो पाँच छ वर्ष पनि नपर्खेको ?”

"बाबु जवानी, जवानीमा कोही पनि एक्लै रहन सक्तैन । ... उसको कुनै दोष छैन । त्यसैले मैले उसलाई कुनै सजायँ दिएन । बाबु-आमाले जारी खर्च लिन भन्नुभएको थियो ! ... तर उसको के दोष ।" (पृ. ९३-९४)

माथिको साक्ष्यअनुसार सुबेदार रणे बूढो आफ्नी श्रीमतीले आफू पल्टनमा जाँदा छोडेर अर्कोसँग पोइला जाँदासमेत उसको गल्ती कमजोरीलाई देख्न चाहँदैन । उसमा आदर्श भाव छ । उसले श्रीमतीको जवानीलाई मनोविज्ञानका रूपमा बुझेर चित्त बुझाएको छ । यसकारण उसले त्यस कुराप्रति कुनै पनि प्रतिरोध जनाएको छैन । यसरी हेर्दा रणेमा सचेतना छ तर भावनात्मक रूपमा उसमा प्रतिरोधको आवाज बुलन्द गर्न नचाहने आदर्शता छ । यसर्थ उसमा प्रतिरोधको चेतनै नभएको होइन तर ऊ आफ्नी श्रीमतीको त्यो जवानीलाई जैविक रूपमा सामान्य ठानेर उक्त कार्यप्रति रोष प्रकट गर्न चाहँदैन । घर परिवारले जारी खर्च लिनुपर्छ भन्दा पनि उसले नमानेबाट उसमा प्रतिरोध चेतनाको सचेतना भएर पनि विद्रोही भाव देखिँदैन । उसले जवानीका कारण मन बुझाएर प्रतिरोधी आवाजलाई बाह्य रूपमा व्यक्त गरेको छैन ।

उसले राणा शासकलाई राजाका रूपमा लिएको छ । यस चिन्तनमा चाहिँ रणे बूढोको सोचमा प्रतिरोधी भावनाको कमजोर स्थिति रहेको देखिन्छ । राणाविरोधी आन्दोलन चर्किरहँदा त्यसप्रति उसले समर्थन नजनाएर राणाकै पक्षमा वकालत गर्नुले उसमा प्रतिरोधी आवाज व्यक्त गर्ने सामर्थ्य र ज्ञानको कमी रहेको देखिन्छ ।

"होइन बाबु क्यानाम आजकल त यहाँ काङ्रेसले उत्पात मच्चाएका छन् रे नि, कसो ? ... के गर्न लागेका यी दुनियाँका छोराले ! राजा मासेर के नाम कसको भलो हुन्छ ? ... कस्तो घोर कलिजुग लाग्यो ? ... बौरा राजाले के गऱ्या' छन् र ? ... कस्ता क्यानाम अपराधी दुनियाँ ! राजा पनि उस्तै, क्यानाम यत्तिकालाई गोलीले भुट्नुपर्छ, गोलीले । ... वहाँ गौरमेन्टले क्यानाम गाण्डिपका... ।"

"होइन मामा, अब दुनियाँमाथि जबरजस्ती हुकुम गर्ने जमाना गयो ।" मैले सम्झाउने कोसिस गर्दै भनें । अब त प्रजातन्त्र, प्रजाले छानेकोले राज गर्छ ।"

"यी सबै काङ्रेसी कुरा ।" बूढा जोस्सिए । "बाबु, तपाइँले क्यानाम त्यस्तो कुरा गर्न स्वाउँदैन । तपाइँ छोरा नाति ? ... क्यानाम बाजे सुब्बा, बाबु लप्टन । तपाइँ नै भन्नोस् दुनियाँका छोराले क्यानाम राजा हुन खोजेर हुन्छ ? ... पुर्पुरोमा लिएर आउनुपर्छ । ... राजै नभए राज कल्ले चलाउने ? ... हामी क्यानाम जर्मनको लडाइँमा कस्तो, गोर्मेन्टको अगाडि यस्तो उपद्रो गर्न

> कस्को तागत...भुटिदिन्छ गोलीले । ... " एक सासमा यति बकेर उनी चुप लागे । अनि फेरि सुरु गरे, "केही होइन बाबु, केही होइन, क्यानाम ठिटाहरूलाई विपरीत लाग्यो; मान्छे बौलायो । अब हामीले बाँच्नु पर्दैन । कस्ले रक्षे गर्छ हाम्रो, राजै नभए ? ..." (पृ. ९६-९७)

माथिको साक्ष्यमा हिन्दुस्थान गई पल्टनमा भर्ती भएको पेन्सनवाला लाहुरेमा राणा शासकप्रतिको सद्भाव कटिबद्ध रहेको कुरा अभिव्यक्त छ । उसमा कठोर शासन व्यवस्था परिवर्तन हुनुपर्छ भन्ने चेतनाको अभाव देखिएको छ । राणा शासकलाई नै राजाको रूपमा स्वीकार गरिरहनुपर्ने शासकीय निर्मितिको प्रभावमा फसेका कारण रणेमा प्रतिरोधी चेतना कमजोर छ । ऊ देशमा चलेको राणा विरोधी आन्दोलनका विरुद्धमा छ । परिवर्तनको विपक्षमा रहेर पुरातनवादी सोचलाई अँगालेकाले उसमा निरङ्कुश शासकले निर्धारण गरेको मानकको प्रभाव देखिन्छ । त्यसैले रणे बूढो आफू दुःख पाएरै पनि राणा शासकहरूप्रति सकारात्मक विचार राख्ने सीमान्तकृत पात्र हो । कथाकार विकलले सीमान्तकृत पात्रहरू नबुझेरै पनि प्रभुत्व वर्गको पक्षमा हुन्छन् भन्ने कुरालाई देखाएका छन् । हाम्रो नेपाली समाजको भिडको राजनीति र अन्धसमर्थन वा अन्धविरोधको संस्कारलाई कथाकारले यस कथामार्फत प्रस्तुत गरेका छन् । यसर्थ रणेमा यथार्थ ज्ञानको निर्मिति विकास गर्न समय लाग्ने देखिन्छ । उसमा उक्त कुराको प्रतिरोध चेतना नदेखिनुले त्यहाँ पनि अतिआदर्शवादको प्रभाव छ । उसलाई परिवर्तनको पक्षमा आउन आग्रह गर्दा आफू पल्टनमा गएर युद्ध गरी तक्मा पाएको कुराकै आडमा ऊ तत्कालीन राणाशासकको विपक्षमा रहनै चाहँदैन । उसले राणा शासकलाई नै राजा मानेको देखिन्छ ।

> "सुबेदार बूढाको के हाल छ नि मामा ?"
>
> "के हुन्थ्यो बा, अभागी बूढो," मामाले भन्नुभयो, "बाँचुन्जेल पनि दुःखै काटेर बाँच्यो, मर्ने बेलामा सुख काटौँला भन्थ्यो, झन् दुःख पाइरहेछ ।" मामाको कुराले मेरो मनमा एउटा शङ्का उब्जायो- किन ? ... के दुःख पायो ? ... झन् त बूढेसकालमा स्याहार-सुसार गर्ने मान्छे पाएपछि सुख पो पाउनुपर्ने ! "होइन मामा, उनले त एउटी स्वास्नी पनि ल्याएका थिए, होइन ?"
>
> "यसैले गर्दा त झन् आज त्यस्को त्यो हविगत गराई ।" मामाले दुःखी स्वरमा भन्नुभयो । "बरा, बूढेसकालमा स्याहार-सुसार र माया पाउँला भनेर स्वास्नी ल्यायो, तर बेस्से रहिछ । बूढाले पेट काटेर बूढेसकालमा काम लाग्छ भनेर जगेर्ना गरिराखेको जेथो गुट्मुट्याएर हिँडी । भला केही गुठुरी

> भएको भए त अहिले स्याहार-सुसार गर्ने मान्छे पनि पाउँदो हो बूढोले । अपुतालीकै लोभले पनि गर्थे होलान्, तर अब कसले हेर्छ ?" (पृ. ९७-९८)

समाजमा प्रभुत्वशाली व्यक्तिहरूले सीमान्तीकृत व्यक्तिहरूको मन जितेर उनीहरूको श्रीसम्पत्तिमा आँखा लगाउने र लटिपटी बनाउने गरेका हुन्छन् । उनीहरूको भावनामा खेलेर तिनको सर्वस्व गुमाइदिन पुग्छन् । यहाँ रणे बूढो दुई पत्नीबाट पीडित पात्र हो । यसर्थ नारीबाट पुरुषहरू पनि सीमान्तीकृत बन्न पुग्छन् । यद्यपि रणे बूढोले यस्तो अवस्थामा समेत प्रतिरोध गर्न सकेको छैन । दोस्री श्रीमतीसमेत पोइला जाँदा पनि रणेले कुनै प्रतिरोध गरेको देखिँदैन । सुबेदार रणे बूढो आफ्नै पत्नीबाट शोषित छ । यसका साथै राज्यको तहबाट उसले अपाङ्ग भएर कुनै सेवासुविधा पाएको छैन तर राज्यसँग उक्त अपेक्षा पनि गरेको देखिँदैन । उसले बूढेसकालको सहाराका लागि जोगाएको सारा सम्पत्ति दोस्री श्रीमतीले बोकेर गएपछि ऊ निरीह बनेको छ । यसरी ऊ आफ्नै श्रीमतीबाट सीमान्तीकरणमा परेको छ । उसमा चेतना त छ तर प्रतिरोध चेतना देखिँदैन ।

अर्कोतिर राज्यसत्ताको तानाशाही प्रवृत्तिप्रति कुनै विद्रोह देखिँदैन । ऊ ओच्छ्यान पर्दा समेत पानी पिलाउने कोही हुँदैन । यस्तो दयनीय अवस्थामा उसको सहाराको क्षणिक सहयोगी बनेर भान्जाको उपस्थिति रहेको छ । प्रभुत्वशाली वर्गले निर्माण गरेको निर्मितिमा रहेर उसले राणा शासन व्यवस्थाकै वकालत गर्न पुगेको छ । अतः रणेमा समाजको स्थापित मूल्यलाई परिवर्तन गर्नुपर्छ भन्ने प्रतिरोधी चेतनाको अभाव छ । सिकिस्त अवस्थामा एक घुट्को पानी निलेपछि पनि उसले सोही भावलाई व्यक्त गर्न पुगेबाट यो कुरा पुष्टि हुन्छ ।

> "मोहन शमशेरलाई क्यानाम लखेटे रे, हो भानिज ? ... कस्तो उल्का, कस्तो नहुने कुरा ! ... हे ईश्वर ... अब के होला ? ... हाम्रो दिन क्यानाम पुग्यो अब ... पुग्यो ।" (पृ. ९७-९८)

यस कथाले सुबेदारमा प्रतिरोधी चेतनाको कमी देखाएको छ । ऊ आफ्नो धारणामा कट्टर रहने सीमान्त पात्र बनिसकेको छ । उसले आफ्नी श्रीमती लैजानेसँग जारी नउठाउनु, दोस्री श्रीमतीले धनदौलत लैजाँदा पनि चुपचाप रहनु र राज्यकै चिन्तामा राणा सरकारको समर्थन गर्नुले उसमा प्रतिरोधी चाहना र चेतनाको पनि कमी देखिन्छ । उसमा सामन्त प्रवृत्तिप्रति विद्रोह गरेर न्याय माग्नुपर्छ भन्ने प्रकृतिको प्रतिरोधी चेतना पनि देखिँदैन ।

## ४.३ निष्कर्ष

कथाकार रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्कलित नौओटा कथामा प्रस्तुत सीमान्त पात्रहरूको प्रतिरोधी चेतनालाई अध्ययन गर्दा यहाँका पात्रहरूले उचित र सान्दर्भिक रूपमा प्रतिरोध गरेको पाइँदैन । यी कथामध्ये 'सिँगारी बाख्री' कथामा मानवेतर पात्रलाई मुख्य पात्र बनाइएकाले त्यहाँ प्राकृतिक रूपमै प्रतिरोध चेतना शून्य

देखिन्छ । यहाँ सङ्कलित कथामा वर्गीय, जातीय र लैङ्गिक दृष्टिले सीमान्तीय पात्रहरूमा सामाजिक निर्मिति वा सामाजिक मानकको प्रभावले आवाजविहीन बन्न बाध्य बनाइएको प्रसङ्ग आएका छन् ।

विकलका 'लाहुरी भैंसी, नयाँ सडकको गीत र सुबेदार रणे बूढो' कथाहरूमा सीमान्तहरूको आवाज र प्रतिरोध चेतना निराशाजनक छ । यी कथामा प्रतिरोध चेतनाको स्थिति शून्य अवस्थामा छ । यसमध्ये पनि 'लाहुरी भैंसी' कथामा लुखुरेलाई सीमान्त समुदायकै पात्रले कुण्ठित तुल्याउन बाध्य पारेका छन् । द्वारे जस्ता सामन्ती पात्रले बुनेको जालोमा फसेर जिन्दगीको ठूलो लक्ष्यमाथि प्रहार भएपछि सीमान्तीकृत पात्र लुखुरे, उसकी श्रीमती घैंटी र सानो छोरोको समेत रहर र खुसी खोसिएको छ । 'नयाँ सडकको गीत' कथामा प्रभुत्वशाली, सबलाङ्ग, अब्बल ठहरिएकाहरूले नै मगन्ते त्यसमा पनि अन्धो पात्रमाथि दमन गरेका छन् । अन्याय र अत्याचारको सिकार भएर अन्धो र उसकी श्रीमती सानीले प्रतिरोध गर्नुको साटो स्थान परिवर्तन गरे तर विद्रोह गरेनन् । सानीमाथि गिद्दे नजर लगाउने, छेडछाड गर्ने र हिंसात्मक आवाज ओकल्नेप्रति उक्त जोडीले प्रतिरोध गर्नुपर्छ भन्ने ज्ञान भएर पनि प्रतिरोध गर्न सकेका छैन । 'सुबेदार रणे बूढो' कथामा प्रतिरोधी चेतनाको कमी देखिन्छ । रणेसँग राणा शासकको तानाशाही प्रवृत्तिप्रति विद्रोह गर्नुपर्ने प्रतिरोधी चेतना नै देखिँदैन । त्यस्तै 'लाहुरी भैंसी' कथाको लुखुरेमा पनि प्रतिरोधी चेतना राख्नुपर्ने विषयमै ज्ञान नरहेको देखिन्छ । 'नयाँ सडकको गीत' कथामा प्रतिरोधी चेतना छ तर प्रतिरोध गर्ने र त्यसबाट आफ्नो न्याय स्थापित गर्ने परिवेश देखिँदैन ।

'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाखी' कथाहरूमा लैङ्गिक दृष्टिले शारीरिक, मानसिक तथा यौन हिंसा गरेका प्रसङ्ग छन् । 'भन्ज्याङको चौतारो' कथामा पातली र सुनौली सीमान्तीकृत पात्रका रूपमा देखा परेका छन् । त्यस्तै बले पनि आफ्नै श्रीमती पातली पोइल गएका कारण एक्लो भएको छ । यहाँ पातलीलाई पोइल गएपछि उसको लोग्नेले हिंसा गरेको दृश्यमा बले अमुक बनेको छ । त्यस्तै पातलीले उक्त हिंसात्मक व्यवहारप्रति प्रतिरोध गर्न सकेकी छैन । बलेले पनि पोइल गइसकेर अर्काकी स्वास्नी भइसकेकाले कुनै प्रतिरोध नगरेको देखिन्छ । त्यसरी नै सुनौली पनि आफ्नो गुजारा चलाउन भट्टी पसलनी बनेकी छ । ऊ लैङ्गिक दृष्टिले पुरुषबाट जिस्क्याइने पात्र बनेकी छे । उसलाई त्यहाँ ग्राहकहरूले गलत दृष्टिकोणले बोल्दा, हेर्दासमेत प्रतिरोध गर्ने हिम्मत हुँदैन । उसलाई आफ्नो व्यापारसँगको सवाल रहेकाले ग्राहकलाई चिढ्याउनु हुँदैन भन्ने समस्याले पिरोलेको छ । 'भन्ज्याङको चौतारो' कथाका सीमान्तीय पात्रहरूमा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना कमजोर देखिन्छ । 'प्रतिहिंसा' कथामा हर्के र पाँच वर्षको छोरालाई छोडेर पुतली एउटा गाउँमा आएको चाउरेको तडकभडक हेरेर पोइल गएकी छ । चाउरेद्वारा आफ्नी पत्नी लगिँदा हर्केले ऊसँग प्रतिरोध

गर्न सकेको छैन । त्यस्तै गरगहना लुटिएर पुनः हर्केसँगै आएकी पुतलीलाई छोरोको मायाका कारण स्वीकार गरेको देखिन्छ । यसबाट सीमान्तीय पात्रमा दयाको भाव रहने तर चाउरे जस्ता पात्रसँग प्रतिरोध नगर्ने भएकाले प्रतिरोध चेतना कमजोर देखिन्छ ।

'बिहानीपखको बत्ती' कथामा शारदाले आफ्नो मनको कुण्ठाका कारण विद्रोह गर्न सकेकी छैन । उसमा मनोवेदना, कुण्ठा र जलनको पोको मात्रै हुनु र कुनै प्रतिरोधी भाव नहुनुले यस कथाकी सीमान्तीय पात्र शारदामा प्रतिरोधको चेतना शून्य देखिन्छ । त्यस्तै 'दुई रुपियाँ नोट' कथामा आफ्नी श्रीमान् बिरेले श्रीमती पार्वतीलाई उसको शरीर भन्सारको नाइकेलाई भोग्न लगाएको तर पार्वतीले उक्त दुर्व्यवहारमा प्रतिकार गर्न नसकेको अवस्था छ । यसर्थ पार्वतीमा प्रतिरोध चेतना भएर पनि प्रतिकारका लागि शक्तिहीन परिस्थिति बनेको छ । यस कुरामा गरिबी र तत्कालीन समाजको मानकमा बाँधिएकी महिला हुनुको सीमान्तीकृत समस्याले उसको प्रतिरोधी चेतना कमजोर देखिन्छ ।

'सिँगारी बाखी' कथामा पण्डित-पण्डितनीले मानवेतर पात्र सिँगारीलाई स्वार्थी व्यवहार प्रस्तुत गरेका छन् । उसमा प्राकृतिक रूपमै प्रतिरोध चेतना नभएकाले भावनात्मक रूपमा कथाकारले मन दुःखाएको विषयलाई समावेश गरेका छन् । यसमा प्रतीकात्मक रूपमा सीमान्तीय वर्गलाई प्रभुत्वशाली वर्गले आफ्नो फाइदाका लागि मात्रै स्नेह भाव देखाउने कथ्य पेस गरिएको छ । त्यस्तै पण्डितले पण्डितनीका इच्छालाई टारेर र अपूरै छोडिदिएर पितृसत्तात्मक समाजका निर्मितिको जालोमा पारेका छन् । पण्डितनीले यस विषयमा प्रतिकार गरी सिँगारीका पाठापाठीलाई आफैँले बेचेर चाहेको गहना लगाउन नसकेकाले यहाँ प्रतिरोध चेतना कमजोर देखिन्छ ।

उल्लिखित कथाका अतिरिक्त 'बिरेकी आमा' कथा जातीय, लैङ्गिक र वर्गीय सीमान्तको विषयमा आधारित छ । यस कथाकी मूल पात्र बिरेकी आमा जातीय उत्पीडनका साथै लैङ्गिक रूपमा समाजको निरीह प्राणी भएर घरधन्दा सघाउने पात्र बनेकी छ । समाजको निर्मितिअनुसार ढिकीजाँतो, भाँडावर्तन माझ्ने, लुगा धुनेदेखि मेलापातमा सारा गाउँलेलाई सघाउने पात्रका रूपमा बिरेकी आमाको भूमिका छ । यद्यपि उसको स्वास्थ्य कमजोर भएदेखि मृत्युको स्थितिमा समेत गाउँलेले उसमाथि अपमानित, तिरस्कृत र घृणित व्यवहार गरेका छन् । बिरेकी आमाको श्रमशोषण गर्दा उसले प्रतिरोध गरे पनि प्रभुत्वशाली वर्गले उसको आवाजलाई अवहेलना गरेका छन् । अल्पसङ्ख्यक, दलित, एक्ली महिला र विपन्न भएका कारण उसलाई समाजको निर्मितिले एउटा पशु जत्तिको व्यवहारसमेत नगरेको प्रसङ्ग कथामा छ । अतः यस कथाकी पात्र बिरेकी आमा विवश पात्र हो । बिरेकी आमामा प्रतिरोधको ज्ञान भए पनि उसको आवाजलाई प्रभुत्वशाली वर्गले सुन्न चाहेको छैन । यसर्थ यस कथाकी पात्र बिरेकी आमासँग प्रतिरोधी क्षमता भए पनि परिणामचाहिँ कमजोर देखिएको छ ।

# परिच्छेद : पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

रमेश विकलको *नयाँ सडकको गीत कथासङ्ग्रहमा सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा अध्ययनको परिचय र यसका उपशीर्षकहरूलाई प्रस्तुत गरिएको छ । अध्ययनको परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको अन्तराल, सामग्री सङ्कलन र शोधविधि, सैद्धान्तिक पर्याधार तथा अध्ययनको ढाँचा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन र शोधप्रबन्धको रूपरेखालाई समावेश गरिएको छ । पृष्ठभूमिमा अध्ययनको मर्म, सार्थकता र नवीन पक्षलाई उजागर गरिएको छ । यसैका आधारमा शोध शीर्षकको विषयवस्तु अर्थात् सीमान्तीयतासँग सम्बद्ध रहेर पूर्वकार्यको समीक्षा गरी पूर्वकार्यको अन्तराललाई खुट्याइएको छ । यसै आधारमा  शोध्य समस्याहरूको पहिचान गरिएको छ । उक्त समस्याका आधारमा उद्देश्य निर्माण, सीमाङ्कन, विश्लेषणको सैद्धान्तिक ढाँचा र विधिको चयन गरिएको छ । पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोध्य समस्याको महत्त्वका आधारमा शोधकार्यको औचित्यलाई प्रस्ट्याइएको छ । यस परिच्छेदमा साहित्यमा सीमान्तीयता पहिचान र विश्लेषण गर्ने अभिप्रायले विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रह छनोट गर्नुको सान्दर्भिकतालाई पेस गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा सीमान्तीयता अध्ययनको सैद्धान्तिक आधारलाई प्रस्तुत गरिएको छ । यसमा सीमान्तीयताको सैद्धान्तिक अर्थ र परिचय, सीमान्तीयतामा वर्गीय, जातीय र लैङ्गिक आधार, सीमान्तीय आवाज र प्रतिरोध चेतनाको सैद्धान्तिक परिचय, सीमान्त पात्रको भाषा, धर्म, भूगोल र भूमिका तथा शक्ति र सीमान्त आवाजको सन्दर्भलाई समावेश गरिएको छ । यस परिच्छेदमा अध्ययनको मूल सैद्धान्तिक विषयवस्तुलाई सीमान्तीयता अध्ययनसँग सम्बन्धित वर्गीय, जातीय र लैङ्गिक आधारमा चिनाई प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक पक्षका बारेमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्ग्रहित नौओटा कथाहरूलाई वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयताका आधारमा वर्गीकरण गरिएको छ । यी कथाहरूमा प्रस्तुत कथावस्तु, घटना, पात्रगत भूमिकाका आधारमा 'लाहुरी भैंसी, नयाँ सडकको गीत र सुबेदार रणे बूढो' कथालाई वर्गीय; 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाख्री' लाई लैङ्गिक तथा 'बिरेकी आमा' कथालाई जातीय सीमान्तीयताका आधारमा विश्लेषण गरिएको छ । यी कथामा उपस्थित पात्रहरूले खेलेको भूमिका, त्यहाँ निर्मित सामाजिक निर्मिति, कथाले पस्केको परिवेश,

कथाको घटना आदिका आधारमा तिनको प्रतिनिधित्व र पहिचानलाई सीमान्तीय अवधारणा अनुरूप आवश्यक र उपयुक्त साक्ष्यद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यहाँ कथावस्तुमा प्रस्तुत भएका साक्ष्यका आधारमा कथाले बोकेको जातीय, वर्गीय र लैङ्गिक सीमान्तीयताको सन्दर्भका आधारमा समीक्षा गरिएको छ । यो समीक्षाबाट यहाँ प्रस्तुत नौओटै कथाहरूमा सीमान्त वर्गले पीडित दमित हुनुपरेको पाइयो । यी कथाभित्र कथाकारले उनी बाँचेको युगलाई पस्केको सन्दर्भलाई हेर्दा उक्त समयमा सामन्ती, प्रभुत्व वा शोषक वर्गले अधीनस्थ अर्थात् भुइँमान्छेमाथि दमन, अत्याचार गरेको देखियो ।

चौथो परिच्छेदमा सीमान्त समुदायको आवाज र प्रतिरोधी चेतना सम्बन्धी अवधारणालाई चिनाइएको छ । यहाँ सीमान्त समुदायको आवाज र प्रतिरोधी चेतनाको सैद्धान्तिक चिनारीसहित सीमान्त समुदायको पात्र, उसको भूमिका, उसले बोलेको आवाज, उसको शक्ति र प्रभावका विषयलाई हेरिएको छ । यसपश्चात् विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र रहेका कथामा केन्द्रित भई सीमान्त समुदायको आवाज र प्रतिरोधी चेतनालाई केलाइएको छ । यसरी विश्लेषण गर्ने क्रममा सम्बन्धित कथाभित्र प्रस्तुत कथावस्तुबाट साक्ष्य छनोट गरी सीमान्त पात्रले खेलेको भूमिकालाई खोतलिएको छ । विशेषतः सीमान्त पात्रले आफ्नो आवाजलाई के-कसरी प्रस्तुत गरे ? तिनको आवाजले समाजमा प्रभाव पार्‍यो या पारेन ? सीमान्त पात्र के-कति सचेत थिए वा अरू कसैबाट सचेत भएका थिए कि ? भन्ने विषयलाई हेरिएको छ । यसबाट सीमान्त पात्रहरूको प्रतिरोध चेतना र तिनको आवाज कमजोर, निरर्थक र प्रभावहीन रहेको पाइयो ।

शोधप्रबन्धको पाँचौँ परिच्छेदमा समग्र शोधकार्यको सारांश तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ । यहाँ शोधप्रबन्धभित्रका सम्पूर्ण परिच्छेदको निष्कर्ष र प्राप्तिलाई बुँदागत रूपमा समेटिएको छ ।

## ५.२ अध्ययनको निष्कर्ष र प्राप्ति

रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सीमान्तीयता शीर्षकको प्रस्तुत शोधप्रबन्धमा शोधसमस्यामा उल्लिखित दुईओटा शोध प्रश्नहरूलाई क्रमशः माथिका दोस्रो र तेस्रो परिच्छेदमा विश्लेषण गरिएको छ ।

१. रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा के-कसरी जातीय, वर्गीय र लैङ्गिक सीमान्तीयताको चित्रण गरिएको छ भन्ने प्रश्न प्रस्तुत अध्ययनको पहिलो समस्याको रूपमा रहेको छ । शोधप्रबन्धको दोस्रो परिच्छेदमा यस समस्याको समाधानको रूपमा देहायका निष्कर्षहरू प्राप्त भएका छन् :

(क) रमेश विकलद्वारा लिखित *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्र सङ्ग्रहित 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, लाहुरी भैंसी, नयाँ सडकको गीत, बिहानीपखको बत्ती, बिरेकी

आमा, दुई रुपियाँ नोट, सिँगारी बाखी र सुबेदार रणे बूढो' गरी जम्मा नौओटा कथाहरूलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गर्दा तीमध्येका 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाखी' गरी पाँचओटा कथामा लैङ्गिक सीमान्तीयता; 'लाहुरी भैंसी, नयाँ सडकको गीत र सुबेदार रणे बूढो' गरी तीनओटा कथामा वर्गीय सीमान्तीयता र 'बिरेकी आमा' शीर्षकको एउटा कथामा जातीय सीमान्तीयताको प्रतिनिधित्व भएको छ ।

(ख) वर्गीय प्रतिनिधित्वमा रहेका उल्लिखित कथाहरूमा प्रभुत्वशाली वर्गले सीमान्तीकृत वर्गहरूमाथि गरेका शोषण, अन्याय, अत्याचार, दमन, उत्पीडनलाई देखाइएको छ । यहाँ सीमान्तकृत वर्गहरूले प्रभुत्वशाली वर्गको दमनलाई सहनुपरेको छ । यसमध्ये पनि आर्थिक रूपमा कमजोर गरिब, निमुखा, मजदुर, भरिया आदिको अवस्था अत्यन्तै दयनीय देखिएको छ । सीमान्त समुदायका पात्रहरू प्रभुत्वशाली एवम् सम्भ्रान्त वर्गबाट शासित हुँदा प्रताडित भएर बाँचेको कुरालाई कथाहरूमा देखाइएको छ । यो 'लाहुरी भैंसी' कथामा आर्थिक असमानताका कारण सीमान्त पात्र अझै सीमान्तीकृत बनेको छ । ऊ आफैँमा असचेत भएका कारण परिश्रमी भइकन पनि ठगिन विवश छ । 'नयाँ सडकको गीत' कथामा रहेका सीमान्त पात्रहरूमा आफूमाथि दमन भएको चेतना त छ तर त्यसलाई प्रतिवाद गर्न नसक्ने परिस्थिति र बाध्यताले थिचेको छ । त्यस्तै 'सुबेदार रणे बूढो' कथामा रणेमा असचेतना, आदर्श भाव र प्राचीन प्रभुत्वशाली वर्गद्वारा स्थापित ज्ञानको निर्मितिगत प्रभाव छ । यसर्थ यहाँ प्रस्तुत वर्गीय सीमान्तीयताभित्र पर्ने कथाहरूभित्र नेपाली समाजको वर्गीय विषमताका कारण विपन्नहरू असचेत, निरीह र दमित बनेको प्रसङ्गलाई कथाकारले प्रस्तुत गरेका छन् । उनीहरू प्रभुत्वशाली वर्गको जालझेल, षड्यन्त्र, हिंसा र अपमान सहन विवश छन् । प्रभुत्व समाजले आफ्नो मानक तथा निर्मितिको रूढ निर्माण गरेको हुन्छ । उक्त निर्मितिका कारण लुखुरे ठगिएको पत्तै पाउँदैन, सानी र उसको अन्धो लोग्नेले बुझेर पनि प्रतिरोध गर्न सक्दैनन्, सुबेदारले उक्त निर्मितिको गहिराइलाई बुझ्नै सक्दैन । यी तीनओटा कथामध्ये 'नयाँ सडकको गीत' कथामा दुई खाले (वर्गीय र लैङ्गिक) सीमान्तीयता प्रस्तुत भएको छ ।

(ग) यस कथासङ्ग्रहमध्ये 'बिरेकी आमा' कथाले जातीय सीमान्तीकरणको प्रतिनिधित्व गरेको छ । यस कथामा बिरेकी आमालाई तल्लो जातको भनिए पनि कुन जातलाई तल्लो भनिएको हो भन्ने कुरालाई कथामार्फत खुलाइएको छैन । यहाँ बिरेकी आमा जातीय, वर्गीय, धार्मिक-सांस्कृतिक, आर्थिक तथा लैङ्गिक रूपमा सीमान्तीकृत पात्र हो । विशेषतः जातिगत र लैङ्गिक सीमान्तीयतामा परेकी बिरेकी आमासँग प्रतिरोधको चेतना भए पनि कमजोर छ । यसरी सीमान्तकृत पात्रहरू पनि

बहुआयामिक कोणबाट सीमान्तकृत बन्न सक्छन् । समाजमा प्रभुत्व वर्गले जातीय आधारमा सीमान्तीकृत तुल्याइँदा ऊ विशेषतः लैङ्गिक र वर्गीय रूपमा सीमान्तीकृत बन्न पुगेकी छ । महिला भएकै कारण ऊसँग घर छोडेर अन्यत्र कतै गई सङ्घर्ष गर्ने प्रतिरोधी भावना कमजोर भयो । आर्थिक रूपमा विपन्न हुनुलाई जातीय सीमान्तीयताले प्रभाव पाऱ्यो । यसरी अधीनस्थ वर्गलाई प्रभुत्वशाली वर्गले सधैँ आफू अनुकूल प्रयोग गरेपछि अधीनस्थ वर्ग बहुआयामिक सीमान्तीय समस्याभित्र पिल्सिन पुगेको देखिन्छ । समाजले प्रभुत्वकृत मूल्य मान्यतालाई आफू अनुकूल मानक निर्माण गरी जातीय सीमान्तीयतालाई प्रश्रय दिइरहेको हुन्छ । वस्तुतः कमजोर वर्ग सधैँ कमजोर भइरहने बाध्यता हस्तान्तरित भइरहन्छ र उनीहरू सधैँ सीमान्तीकृत बन्न बाध्य हुन्छन् भन्ने सन्दर्भलाई यस कथाले प्रस्तुत गरेको छ ।

(घ) यस कथासङ्ग्रहमा सङ्ग्रहित 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाख्री' गरी पाँचओटा कथालाई लैङ्गिक सीमान्तीयताका आधारमा विश्लेषण गरिएको छ । यी कथाका पात्रहरू नारी भएर जन्मिएकै कारण सामाजिक, सांस्कृतिक मूल्य-मान्यता, अन्धविश्वास र अन्य विविध कारणले सीमान्तीकृत बन्न बाध्य भएका छन् । पुरुषहरूले आफ्नो स्वार्थ अनुकूल प्रयोग गरिदिँदा उनीहरूले शारीरिक, मानसिक रूपमा प्रताडना र हिंसा खेप्नुपरेको अवस्थालाई निर्दिष्ट कथाहरूमा देखाइएको छ ।

- 'भन्ज्याङको चौतारो' कथामा पातली र सुनौली सीमान्त नारी पात्र बनेका छन् । यहाँ पातली विशेषतः दोस्रो पतिबाट लैङ्गिक सीमान्तीयतामा परेकी पात्र हो । बले पैसा कमाउन गएको समयमा उसलाई छोडेर अर्कोसँग पोइल गएका कारण पातलीले बलेलाई पनि सीमान्तीकृत बनाएकी छ । अतः यहाँ लैङ्गिक रूपमा नारीले पुरुषलाई पनि सीमान्तीकृत तुल्याएको देखिएको छ । अर्को अर्थमा पातली दोस्रो पतिबाट असाध्यै धेरै सीमान्तीकृत बनेकी छ । यसर्थ यस कथामा सीमान्तीकृत पात्रहरू आफैँ पनि आफ्नो निर्णयमा कमजोर भएका कारण सीमान्तीकृत बन्ने तथ्य प्रस्तुत भएको छ । अर्की नारी पात्र सुनौली सचेत भए पनि पसलमा ग्राहक घट्ने डरले लैङ्गिक सीमान्तमा परेकी छ । अतः यस कथाबाट नारीहरू बाध्यतावश पुरुषहरूको दमनमा परेका हुन्छन् र आफैँ सचेत हुँदाहुँदै पनि प्रतिरोधी बन्न सक्दैनन् भन्ने तथ्य पुष्टि भएको छ ।
- 'प्रतिहिंसा' कथामा हर्केलाई पुतलीले छोडेर चाउरेसँग पोइल जानुले यहाँ हर्के पनि सीमान्तीकृत भएको देखिन्छ । अर्कोतिर चाउरेबाट गरगहना खोसिँदा पुतली सीमान्तीकृत भएकी छ । त्यसपछि पुनः हर्केसँगै फर्केपछि पुतली हर्केबाट पनि सीमान्तीकृत भएकी छ । यहाँ हर्केसँग पितृसत्तात्मक समाजको शक्ति छ । त्यसैले

उसले पुतलीप्रति आफ्नो आक्रोशलाई खुलेआम पोखेको छ । उसलाई समाजले पितृसत्तात्मक आडमा नारी दमन गर्ने हैसियत तयार पारिदिएको छ तथापि पुतलीमा कुनै पनि प्रतिरोधी क्षमता छैन । ऊ छोरो बोकेर एक्लै बाँच्ने हिम्मत राख्दिन । वस्तुतः यस कथामा पुतलीले हरदिन उसको गल्तीका लागि पीडा, यातना वा टोकसो सहिरहनुपरेको छ । यस विपरीत अधीनस्थ पुरुष पात्र चाउरेलाई समाज वा अन्य कुनै निकायबाट सजाय दिइने सन्दर्भ नजोडिनुले पुरुषहरूको प्रभुत्व चित्रित छ । यस कथामा नारीले एउटा गल्तीका कारण जीवनभर यातना सहेर सीमान्तीकृत बन्नुपर्ने सन्दर्भ प्रस्तुत छ ।

- 'बिहानीपखको बत्ती' कथामा शारदा परिवार र समाजद्वारा लैङ्गिक सीमान्तमा परेकी कुण्ठित नारी पात्र हो । यहाँ नारीलाई ममताको डोरीमा बाँधिरहँदा आफ्नै जीवनसाथी छान्ने हक खोसिएको छ । यसरी समाजका मानकहरूका कारण हरेक तह र तप्कामा नारीमाथि शोषण, अन्याय र अत्याचार हुने सन्दर्भलाई कथामा प्रस्तुत गरिएको छ । यथार्थमा आर्थिक सबलताले मात्रै मानिसलाई आत्मिक खुसी दिन सक्दैन । स्वतन्त्रता, जैविक आवश्यकता, मनोविज्ञानको सम्बोधनलाई पुरुषसरह उपयोग गर्न नपाउँदा नारीहरूले सीमान्तीकृत बन्नुपर्ने बाध्यतालाई यस कथाले चित्रण गरेको छ ।
- यसरी नै 'दुई रुपियाँ नोट' कथाभित्र बिरेले आफ्नै श्रीमती पार्वतीलाई परपुरुषसँग यौनिक कार्यमा संलग्न हुन बाध्य बनाएर नारी अस्मितामाथि प्रहार गरेको छ । यस कथामा आर्थिक विपन्नताका कारण लैङ्गिक हिंसाले प्रश्रय पाउने निरीह नारीको सीमान्त अवस्था चित्रित छ । यहाँ पितृसत्तात्मक मानकमा हुर्किएको समाजका कारण अधीनस्थ नारीहरूले आफ्नो सिउँदो, सौन्दर्य र अस्मितालाई जोगाउन नसक्ने परिस्थिति निर्माण हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।
- 'सिँगारी बाख्री' कथाभित्र बिम्बात्मक रूपमा दमनकारी व्यवहारप्रति तीव्र व्यङ्ग्य गरिएको छ । कथामा पण्डित-पण्डितनीले सिँगारीप्रति गरेको स्वार्थपूर्ण व्यवहारबाट मानवेतर प्राणी सिँगारी बाख्री सीमान्तीकृत बनेकी छ । अर्कोतिर पण्डितले पुरुषको हुकुमीतन्त्रका कारण पण्डितनीको गरगहना लाउने रहरलाई दमन गरेका कारण यहाँ लैङ्गिक सीमान्तीय पक्ष उजागर भएको छ । अभिधात्मक अर्थमा यस कथाले मानिसले निरीह मानवेतर प्राणीलाई स्वार्थपूर्ण प्रयोग गर्छन् र तिनलाई चरम अधीनस्थको अवस्थामा पुऱ्याएका हुन्छन् भन्ने कुरा पुष्टि भएको छ । बिम्बात्मक अर्थमा नारीहरूलाई सिँगारी बाख्रीलाई जसरी स्वार्थपूर्ण व्यवहारद्वारा सीमान्तीकृत तुल्याइन्छ भन्ने व्यञ्जनात्मक भाव चित्रण भएको देखिन्छ ।
- यी कथाका माध्यमबाट समाजका ग्रामीण तथा सहरी परिवेश, विपन्न तथा सम्पन्न परिवार या त शिक्षित तथा अशिक्षित समुदायमा समेत महिलाहरू शारीरिक र

मानसिक रूपमा प्रताडित हुन पुग्छन् । उनीहरूलाई सामाजिक, सांस्कृतिक कुप्रथाहरूले सीमान्तीकृत तुल्याउन मद्दत गरिरहेको सन्दर्भलाई कथाकार विकलले प्रस्तुत गरेका छन् । विकलका कथामा पातली, सुनौली, पुतली, शारदा, पार्वती, सिँगारी बाखी (मानवेतर तथा प्रतीकात्मक) र पण्डितनी बज्यै जस्ता नारी पात्रहरू पुरुषद्वारा शोषण गरिएका सीमान्तीकृत पात्रहरू हुन् । उनीहरूलाई फरक सामाजिक चिन्तन र विश्वासका आधारमा सीमान्तकृत अवस्थामा पुऱ्याइएको छ ।

(ङ) सीमान्त समुदायको पहिचानका दृष्टिले हेर्दा रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमा प्रतिरोधी चेतना अत्यन्तै कमजोर देखिन्छ । उनका कथाहरूमा उच्च वर्गका पात्रहरूको दमनका कारण सीमान्तीकृत पात्रहरू दबिएर बाँच्न बाध्य देखिन्छन् । लैङ्गिक रूपमा सीमान्तकृत वर्गका महिला पात्रहरू प्रभुत्वशाली पुरुषहरूको दमनमा आफ्नो आवाजलाई दबाएर बस्न विवश छन् । कथित उपल्लो जातका व्यक्तिहरूका कारण सीमान्तीकृत पात्रहरू जातीय विभेदको चपेटामा पिल्सिएर बाँच्न विवश देखिन्छन् । यसरी हेर्दा विकलका कथाहरूमा सघन रूपमा सीमान्त पात्रहरूको प्रतिनिधित्व भएको देखिएको छ । यसमा सीमान्त समुदायको पहिचान अधीनस्थ रहेको छ । उनीहरूले आफ्नो आवाजलाई समाजसामु प्रस्तुत गरेर र समाजमा आफूलाई स्थापित गर्न सकेका छैनन् । यसबाट उनीहरू सीमान्त वर्गमा थिए र अद्यापि छन् भन्ने कुरालाई बोध गराइएको छ ।

(२) रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमा सीमान्त समुदायको आवाज र प्रतिरोध चेतना के-कसरी प्रस्तुत गरिएको छ भन्ने प्रश्न प्रस्तुत अध्ययनको दोस्रो समस्याको रूपमा रहेको छ । यस समस्याको समाधानलाई चौथो परिच्छेदमा निर्क्योल गरिएको छ । यस शोधसमस्याको अध्ययनबाट प्राप्त निष्कर्षलाई यसरी केलाइएको छ :

(क) सीमान्त समुदायको प्रतिरोध चेतनाको दृष्टिले *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका 'लाहुरी भैंसी, नयाँ सडकको गीत र सुबेदार रणे बूढो' कथामा प्रयुक्त पात्रहरूमध्ये 'लाहुरी भैंसी' कथाको पात्र लुखुरे, 'नयाँ सडकको गीत' कथाका पात्र अन्धो र उसकी पत्नी सानीसँग सामान्य प्रतिरोधी चेतना छ । 'सुबेदार रणे बूढो' कथाको सीमान्तकृत पात्र रणे बूढोमा प्रभुत्वशाली समाजको मानकको प्रभावका कारण प्रतिरोधी चेतना शून्य छ । उनीहरूले सामन्तवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गको जालझेल र षड्यन्त्रको विरुद्धमा प्रतिरोध गर्न सकेका छैनन् । 'लाहुरी भैंसी' को सीमान्तकृत पात्र लुखुरेले सामन्ती सोचको पात्र द्वारे बाले आफूमाथि अन्याय, अत्याचार र थिचोमिचो गरेको कुरालाई बुझ्नै नसकेर प्रतिरोध गर्न सकेको छैन । 'नयाँ सडकको गीत' कथाका पात्र मगन्ते र उसकी पत्नी सानीसँग प्रतिरोधी चेतना कमजोर भएका

कारण उनीहरूले आफूप्रति गरिएको दमन, हिंसा, खिसीट्युरीविरुद्ध प्रतिकार गर्न सकेका छैनन् । यद्यपि कथाकारले यहाँ उनीहरूलाई आफूप्रति गरिएको दमनलाई बुझ्न सक्ने पात्रका रूपमा उभ्याएका छन् । यहाँ उनले माग्नेलाई दृष्टिविहीन, सडक मानव, विपन्न र तिरस्कृत पात्र तथा सानीलाई नारी भएका कारण समाजद्वारा सीमान्तकृत, दृष्टिविहीन सडक मानवको श्रीमती तर सुन्दर र सचेत नारी पात्रका रूपमा उभ्याएका छन् । यद्यपि, प्रभुत्वशाली वर्गको अन्याय र अत्याचारको विरुद्धमा बोल्न खोजे पनि उक्त वर्गले उनीहरूको आवाजलाई सुन्न चाहेको छैन । उक्त वर्गले समाजका निर्मितिका आधारमा  उनीहरूको आवाजलाई निस्तेज पारी आवाजविहीन अवस्थामा पुऱ्याएको छ । 'सुबेदार रणे बूढो' कथाको सीमान्तीकृत पात्र रणे बूढोमा श्रीमतीहरूबाट भएको अन्यायका विरुद्धमा प्रतिरोधी चेतना भए पनि उसले प्रतिरोध गरेको छैन । प्रतिकार नै नगरेर मौन रूपमा बसेकाले उसमा प्रतिरोधी चेतना शून्य देखिन्छ । अर्को कोणमा उसमा दमनकारी राणा शासन व्यवस्थाप्रति समर्पण हुनु र प्रजातान्त्रिक व्यवस्थाको ज्ञान नहुनुले राज्यव्यवस्थाप्रतिको प्रतिरोधी चेतनास्तर कमजोर देखिएको छ ।

(ख) जातीय सीमान्त समुदायको प्रतिनिधित्वका दृष्टिले हेर्दा यस कथासङ्ग्रहभित्र 'बिरेकी आमा' एउटा मात्र कथा सङ्ग्रहित छ । यस कथाकी पात्र बिरेकी आमामा प्रतिरोधी चेतना देखिए पनि प्रभुत्वशाली वर्गले उसको आवाजलाई सुनेको छैन । उक्त वर्गले निम्न वर्गकी पात्र बिरेकी आमामाथि शोषण, अन्याय, दमन गरिरहेको छ । उसले आफूमाथि गरिएको प्रभुत्वशाली दमनका विरुद्ध प्रतिरोधी आवाज प्रस्तुत गरे पनि प्रभुत्वशाली वर्गले उसको त्यो आवाजलाई बेवास्ता गरेर दबाइदिएको छ । उसको आवाज निरर्थक र प्रतिरोधहीन बन्न पुगेको छ । यसर्थ ऊ शोषित, पीडित, दमित, दलित वर्गको आवाजलाई अधीनस्थ वर्गले दबाउँछ भन्ने सन्दर्भलाई यस कथाले पुष्टि गरेको छ । यसरी कथाकारले नेपाली समाजमा जातीय रूपमा अधीनस्थ एक्ली नारी पात्रले मृत्युमा समेत अपहेलित बन्नुपर्ने कारुणिक दृश्य सिर्जना गरेर दमनकारी प्रभुत्व समाजको कर्तुतलाई प्रस्तुत गरेका छन् ।

(ग) लैङ्गिक सीमान्तीयतालाई प्रतिनिधित्व गरिएका कथाहरूमध्ये 'भन्ज्याङको चौतारो, प्रतिहिंसा, बिहानीपखको बत्ती, दुई रुपियाँ नोट र सिँगारी बाखी' कथामा पितृसत्तात्मक समाजको प्रभावलाई देखाइएको छ । 'भन्ज्याङको चौतारो' कथामा पातली र सुनौली; 'प्रतिहिंसा' कथामा पुतली; 'बिहानीपखको बत्ती' कथाकी शारदा; 'दुई रुपियाँ नोट' कथाकी पार्वती तथा 'सिँगारी बाखी' कथामा सिँगारी र पण्डितनी लैङ्गिक सीमान्तीय पात्रहरू हुन् । उनीहरूमा प्रतिरोधी चेतनाको कमजोर भएकाले तिनीहरूमध्यै कसैले पनि प्रभुत्वशाली समाजसँग लडेर आफ्नो हक लिन सकेका

छैनन् । यसर्थ नारीहरूमा प्रतिरोधी चेतना कमजोर भएकै कारणले उनीहरू समाजमा स्वतन्त्र, निडर, विद्रोही र सफल पात्रका रूपमा आफ्नो पहिचान कायम गर्न असमर्थ देखिन्छन् ।

निष्कर्षमा रमेश विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमा नेपाली समाजमा व्याप्त प्रभुत्व वर्गको दमनकारी चिन्तनले अधीनस्थ वर्ग सामाजिक निर्मितिका कारण सीमान्तीकृत बन्न पुगेको छ । अर्को अर्थमा 'भन्ज्याङको चौतारो' कथामा पत्नीले अर्काको घर समातेपछि बलेलाई उसले भोगेको पीडा देखाइदिनुले कथाकारले लैङ्गिक सीमान्तीकरणसँग वर्गीय कारणलाई जोडिदिए । 'प्रतिहिंसा' कथामा पोइल गएकी पत्नी पुनः फर्कनु अनि बाल सुरक्षाका कारण उसले हर्केबाट यातना सहनुले लैङ्गिक तथा वर्गीय सीमान्तीयतालाई देखाएको छ । 'लाहुरी भैंसी' कथामा चाहिँ आर्थिक विपन्नताका कारण असचेतना बढेर वर्गीय सीमान्तीकरणको अवस्थामा पुग्ने तथ्य प्रस्तुत भएको छ । यस कथासङ्ग्रहमा यो कथा सबैभन्दा बढी सशक्त रूपमा सीमान्तीकृत पात्रको उपस्थिति रहेको कथा हो । 'नयाँ सडकको गीत' कथामा गरिबी, बाध्यता र हिंसाको चरम सङ्कटलाई देखाएर कथाकारले मानवीय संवेदनाको मूल्याङ्कन गरेका छन् । यहाँ वर्गीय र लैङ्गिक सीमान्तीयता एकसाथ प्रदर्शित छ । 'बिहानीपखको बत्ती' कथामा शारदालाई उसका अभिभावकले सम्पत्ति भएमा छोरीको भविष्य सुन्दर हुने अपेक्षाका कारण रुग्ण भए पनि धनी लोग्नेसँग बिहे गरेर पठाए । यसकारण मानसिक कुण्ठा बोकेर ऊ लैङ्गिक हिंसामा फसेकी छ । अतः यहाँ वर्गीय तथा लैङ्गिक सीमान्तीयताको सन्दर्भ गाँसिन पुगेको छ । 'बिरेकी आमा' कथाले चाहिँ विशेषतः जातीय पक्षसँग लैङ्गिक तथा वर्गीय सीमान्तीयतालाई एकसाथ गाँसेको छ । 'दुई रुपियाँ नोट' कथामा पार्वतीले आफ्ना श्रीमान्कै दबाबबाट आफ्नो अस्मिता बेच्नु परेकाले यहाँ आर्थिक अभावका कारण लैङ्गिक सीमान्तीयताको परिवेश निर्माण भएको छ । 'सिँगारी बाख्री' कथामा धार्मिक आस्था, आडम्बर र लोभी स्वभावलाई देखाएर कथाकारले समाजमा स्थापित लालचका कारण निरीह मानवेतर प्राणीले वर्गीय आधारमा पीडा भोग्नुपरेको छ । यसबाट सामाजिक निर्मितिलाई देखाइए पनि लैङ्गिक रूपमा पण्डितनीको लक्ष्यका कारण यो कथा लैङ्गिक सीमान्तीकरणमा आधारित बन्न पुगेको छ । यहाँ मान्छेले स्वार्थका लागि नारी र पशुलाई दमन गर्ने विषय एकसाथ गाँसिएको छ । यहाँ बाख्री प्राकृतिक रूपमै निर्विकल्प सीमान्तीकृत छे । ऊसँग अधीनस्थको अवस्थाबाट उम्कने शक्ति र सामर्थ्यको कुनै विकल्प नै छैन । 'सुबेदार रणे बूढो' कथामा कथाकारले सीमान्त पात्रहरूमा असचेतना हुने तर तिनमा आदर्श भाव रहने स्वच्छ मानसिकतालाई देखाएर वर्गीय सीमान्तीयतासँग लैङ्गिक सीमान्तीयताको प्रसङ्गलाई समेत जोडेका छन् । यहाँ रणे दुई-दुईओटी पत्नीबाट पीडित तथा सीमान्तीकृत बनेकाले नारीद्वारा पुरुषहरू पनि सीमान्तीकृत हुन्छन् भन्ने सन्दर्भलाई देखाएका छन् ।

## ५.३ अध्ययनको समीक्षात्मक निष्कर्ष

अध्ययनमा विश्लेषित कथाहरूमध्ये कथाकार विकलले 'लाहुरी भैंसी र सिँगारी बाखी' कथामा मानवेतर पात्रकै नामबाट कथाको शीर्षकीकरण गरेका छन् । यद्यपि 'सिँगारी बाखी' कथामा नितान्त मानवेतर प्राणीको अधीनस्थ अवस्था चित्रित हुनुले कथाकारले मानवेतर प्राणीका पक्षमा पनि सीमान्तीकृत हुने परिस्थितिलाई यथार्थ सामाजिक विषयसँग जोडेर प्रस्तुत गरेका छन् ।

**पात्रगत केन्द्रीयता :** कथाकार विकलले यस कथासङ्ग्रहमा सीमान्त पात्रलाई केन्द्रीय स्थानमा राखेका छन् । उनीहरू कथाका मुख्य पात्र हुन् । उनले नौओटै कथामा प्रभुत्वशाली वर्गलाई खलनायक बनाएका छन् भने अधीनस्थ वर्गलाई नै नायकत्व प्रदान गरेका छन् । यद्यपि यी कथाहरूमा अधीनस्थ वर्गले खलनायकहरूबाट अधिकार लिनचाहिँ सकेका छैनन् । यसमध्ये 'लाहुरी भैंसी, बिरेकी आमा, सिँगारी बाखी र सुबेदार रणे बूढो' कथाहरूलाई कथाकारले सीमान्त पात्रकै नामबाट शीर्षकीकरण गरेका छन् । यी कथाहरूमध्ये 'बिरेकी आमा, सिँगारी बाखी र सुबेदार रणे बूढो' कथामा चाहिँ चरित्रको प्रमुख भूमिकालाई देखाएर सीमान्त पात्रलाई नै कथाको केन्द्रीय स्थानमा राखेका छन् । त्यस्तै 'लाहुरी भैंसी' कथामा विषयवस्तुको आकर्षणमा पात्रलाई राखेर चर्चा गरेका छन् । अर्को अर्थमा बिरेकी आमालाई नारी सीमान्तकृत तथा दलित वर्गकी विपन्न पात्रका रूपमा समावेश गरेर वर्गीय, जातीय र लैङ्गिक सीमान्तीकरणको बहुआयामिक स्थितिलाई देखाएका छन् ।

कथाकार विकलले यस कथाभित्र मानवेतर प्राणीलाई अधीनस्थ वर्ग र मानवलाई प्रभुत्व वर्गका रूपमा समेत देखाएर प्राणी हितकारी साम्यताप्रति सङ्केत गरेका छन् । 'सुबेदार रणे बूढो' कथामा चाहिँ कथाकारले रणेलाई नारीबाटै सीमान्तीकृत बनाएको सन्दर्भ जोडेर नेपाली समाजमा पुरुषहरू पनि नारीबाट अधीनस्थ हुन्छन् भनेर देखाएका छन् । यसरी नै नारीवादी चिन्तनका आधारमा 'भन्ज्याङको चौतारो, प्रतिहिंसा र सुबेदार रणे बूढो' मा नारीका कारण पारिवारिक समस्या उब्जिएको देखाएका छन् । अर्को कोणमा 'नयाँ सडकको गीत' कथाकी सानी, 'बिहानीपखको बत्ती' कथाकी शारदा, 'बिरेकी आमा' कथाकी बिरेकी आमा र 'दुई रुपियाँ नोट' कथाकी पार्वतीलाई कथाकारले सचेत नारी वर्गका रूपमा राखेका छन् । यद्यपि यी कुनै पनि नारीहरूले पितृसत्तात्मक समाजका निर्मितिलाई तोडेर आफ्नो हकअधिकारलाई सुरक्षित तुल्याउन सकेको देखिँदैन ।

**बहुआयामिक सीमान्तीकरण :** कथाकार विकलले यहाँ प्रस्तुत कथाभित्र बहुआयामिक सीमान्तकृतको अवस्थालाई देखाएका छन् । प्रभुत्वशाली समाजमा जातीय कारणले सीमान्तीकृत भएमा त्यहाँ नारीले लैङ्गिक तथा वर्गीय सीमान्तीयतालाई पनि एकसाथ सहनुपर्ने हुन्छ । यसरी नै वर्गीय सीमान्तीकृत अवस्थाका नारीहरूले लैङ्गिक

सीमान्तीयताको सिकार बन्नुपर्ने बाध्यता सिर्जना हुन्छ । अतः कथाकार विकलले नेपाली समाजमा समाजकै निर्मिति, विश्वास र मानकका कारण बहुआयामिक सीमान्तीकरणको सिकार बन्नुपर्ने तथ्यलाई पेस गरेका छन् । अधीनस्थ समुदाय वा वर्ग वा व्यक्तिहरू प्रभुत्वशाली समाजको कतिपय निर्मितिभित्र अनजान भएरै फस्न पुग्छन् । परिणामतः उनीहरू एउटा सीमान्तीय समस्याको प्रभावबाट समाजमा पछि परे जस्तो देखिए पनि चेतना, ज्ञान र विवेकको तहमा समेत कमजोर भई बहुआयामिक सीमान्तकृत बन्न पुग्छन् । विकलका निर्दिष्ट कथाहरूमा उच्च वर्गले निम्न वर्गलाई, उच्च जातिले निम्न जातिलाई तथा पुरुषले महिलालाई सामाजिक निर्मितिको आडमा शोषण, अन्याय, अत्याचार र दमन गरेर सीमान्त अवस्थामा पुऱ्याइएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यद्यपि सुबेदार रणेचाहिँ महिलाबाट सीमान्तीकृतको अवस्थामा आइपुगेको छ । उसको जायजेथोसमेत आफ्नै श्रीमतीबाट चोरिएको छ । कथाकार विकलद्वारा समाजका स्थापित मान्यताका आधारमा सीमान्त अवस्थामा पुऱ्याइएका पात्रहरूलाई आफ्नो पहिचान र अस्तित्व रक्षाका निम्ति प्रयासरत तुल्याइएको छ । यस विपरीत प्रभुत्वशाली वर्गका व्यक्तिहरू भने उनीहरूको आवाजलाई दबाएर राख्नमै बढी अभ्यस्त र अब्बल पनि देखिन्छन् ।

**सीमान्त पात्रद्वारा सीमान्त वर्गको निर्माण :** निर्दिष्ट कथामा सीमान्त पात्रले नै सीमान्त पात्रलाई दबाइरहेको, अझ सीमान्त अवस्थामा पुऱ्याउन मद्दत पुगेको तथा सीमान्त अवस्थाबाट उठ्नै नसक्ने परिवेश बनेको कुरालाई देखाइएको छ । 'भन्ज्याङको चौतारो' र 'प्रतिहिंसा' कथामार्फत कथाकारले नेपाली समाजमा सीमान्त वर्गहरूसँग सकारात्मक सोच भएको र उन्नतिशील चेतनाको अभाव रहेका कारण आफ्नै घर सम्हाल्ने, सुधार्ने र सफल बन्ने ज्ञान नरहेको देखाएका छन् । त्यस्तै 'सुबेदार रणे बूढो' कथामा चाहिँ पहिली श्रीमतीले जैविक आवश्यकताका लागि रणेलाई अपनाएकी छे । दोस्री श्रीमतीले सचेत भएर पनि सम्पत्ति कुम्ल्याएर रणेलाई छोडेकीले पुरुष भए पनि रणे नै लैङ्गिक सीमान्तीकृत पात्र बनेको छ । यसर्थ नेपाली समाजका सीमान्त पात्रहरूलाई बौद्धिक तथा जानकार व्यक्ति वा समुदायले चेतना भरिदिनुपर्ने देखिन्छ । यस कुरालाई चाहिँ कथाकारले मूर्त रूपमा कथाभित्र समेटेको पाइँदैन । यद्यपि नेपाली समाजका कतिपय सीमान्तीकृत पात्रहरू आफ्नै कमजोरीमा थप सीमान्तीकृत बनेका छन् । उनीहरूसँग जीवनका लागि सकारात्मक आत्मनिर्णय लिने र सही दिशानिर्देशलाई पक्रने ज्ञानको कमी हुन्छ । सीमान्त पात्रकै कारणले सीमान्त समुदाय र वर्गहरू अनजानमै सीमान्त वर्ग निर्माणमा भुलिरहन्छन् । उनीहरू आफ्नो विकासमा एकत्रित हुन सक्दैनन् । 'लाहुरी भैंसी' कथामा प्रभुत्व पात्र द्वारेका पक्षमा लागेर रामबिरे, घमाने र खुलाल जस्ता सीमान्त पात्रहरूले अर्को सीमान्त पात्र लुखुरेलाई थप सीमान्तकृत तुल्याउन मद्दत गरेका छन् । उनीहरू भैंसीको समस्याका बारेमा जानकार हुँदाहुँदै प्रभुत्व

पात्र द्वारेको स्वार्थका निमित्त अर्को मुख्य सीमान्त पात्र लुखुरेलाई थप सीमान्तकृत बनाउनका लागि हौसिएका छन् ।

**कमजोर प्रतिरोधी चेतना :** सीमान्त पात्रमा हुनुपर्ने प्रतिरोधी चेतनाका सन्दर्भमा कथाकारले निर्दिष्ट कथाभित्र शून्य प्रतिरोध, मौन प्रतिरोध र सूक्ष्म प्रतिरोधलाई समावेश गरेका छन् । यी कथामा पातली, पुतली, लुखुरे, अन्धो तथा सानी, शारदा, बिरेकी आमा, पार्वती, सिँगारी बाखी र पण्डितनी बज्यै तथा सुबेदार रणे सीमान्त पात्रहरू समावेश छन् । यसमा पनि पातली, पुतली र लुखुरे असचेत र मौन प्रतिरोधी पात्रका रूपमा देखिन्छन् । अन्धो र सानी, शारदा तथा पार्वतीमा चेतना भइकन पनि प्रतिरोधी बन्न नसकेको देखिन्छ । यस्तै गरेर पण्डितनी बज्यैमा श्रीमान्बाट जानाजान अधीनस्थ बनेपश्चात् सूक्ष्म प्रतिरोध चेतना छ र केही सम्बोधनको सङ्केत पनि छ । सिँगारी बाखीमा चाहिँ आफू सीमान्तकृत भएको चेतना रहेको छ । मानवेतर निरीह प्राणी भएकैले उसमा प्राकृतिक कारणले नै मानिससँग प्रतिरोधी बन्ने, पीडाको भाव व्यक्त गर्ने वा प्रभुत्व वर्गलाई प्रभाव पार्ने क्षमता छैन । यहाँ पण्डितनी पण्डितबाट सीमान्तकृत भए पनि पण्डितनीले सिँगारी बाखीलाई सीमान्तकृत व्यवहार देखाएकी छे । यसबाट बलशाली मानिसहरूको स्वार्थको चिन्तन प्रस्तुत भएको छ । बिरेकी आमासँग प्रतिरोधी भाव छ तर उसको प्रतिरोधलाई समाजले बेवास्ता गरेर सीमान्तीकृत बनाइदिएको छ । यहाँ उसभित्र प्रतिरोधी चेतना हुनु र नहुनुले कुनै अर्थ राखेको देखिँदैन । यसर्थ कथाकार विकलले नेपाली समाजमा अधीनस्थसँग प्रतिरोधी क्षमता भए वा नभए पनि उनीहरू प्रभुत्वशाली वर्गबाट सीमान्तीकृत बनेका छन् भन्ने मूल कथ्यलाई देखाएका छन् ।

यसरी कथासङ्ग्रहभित्र आएका सीमान्त वर्गका केही पात्रहरूमा प्रतिरोधी चेतना देखिएको भए पनि अधिकांश पात्रहरू आवाज र अधिकारविहीन अवस्थामा बाँच्न विवश छन् । सीमान्त समुदायको प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको दृष्टिमा समाजमा वर्गीय, जातीय र लैङ्गिक आधारमा विभेद रहेको छ । विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहभित्रका कथाहरूमा उक्त विभेदलाई अन्त्य गर्नुपर्ने अभिप्राय सघन रूपमा व्यक्त भएको छ । सीमान्तकृत पात्रका पक्षमा रहेर कथाकारले नेपाली समाजमा व्याप्त प्रभुत्वशाली वर्गद्वारा स्थापित मान्यता, निर्मिति र ज्ञानका कारण उब्जेका समस्यालाई देखाएका छन् । कथाकारले वर्गीय, जातीय र लैङ्गिक सीमान्तीकृत अवस्थामा विभक्त नेपाली समाजमा सचेतना, ज्ञान र विवेकलाई बोध गराउनु आवश्यक रहेको मूल कथ्यलाई प्रस्तुत गरेका छन् ।

**कथासङ्ग्रहको शीर्षकीकरण र सीमान्तीयता :** कथाकारले 'नयाँ सडकको गीत' कथामा विकलाङ्ग माग्नेलाई समाजको सबैभन्दा बढी तिरस्कृत, विकलाङ्ग अर्थात् दृष्टिविहीनलगायतका बहुल समस्यामा प्रताडित पात्रका रूपमा उभ्याएका छन् । अर्कोतिर

यहाँ सानी पितृसत्तात्मक समाजका कारण तिरस्कार र पुरुषद्वारा जिस्क्याइने सीमान्त पात्र बनेकी छ । यद्यपि यहाँ सानीलाई घरपरिवारबाट चाहिँ सीमान्तकृत बनाइएको छैन । कथाकारले यस कथामार्फत मानवता र हाम्रो सामाजिक चिन्तनको दरिद्रतालाई प्रदर्शन गर्दै जातीय, वर्गीय र लैङ्गिक सीमान्तीकरणमा परेका पात्रको दुर्दशालाई एकै पटक पोख्न खोजेको देखिन्छ । उनले यही बहुआयामिक सीमान्त पात्रको भूमिका समावेश गरिएको कथालाई कथासङ्ग्रहको शीर्षकका रूपमा छनोट गरेको कुरा पनि स्पष्ट हुन्छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, अच्युतरमण, (२०६७), नयाँ सडकको गीत भित्रको यथार्थ, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. १४६-१५३ ।

अधिकारी, शैलेन्द्र (२०७२), *अमर न्यौपानेका आख्यानमा सबाल्टर्न,* दर्शनाचार्य अप्रकाशित शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

उप्रेती, सञ्जीव (२०७८), *सिद्धान्तका कुरा,* काठमाडौँ : बुक-हिल पब्लिकेसन प्रा.लि. ।

एङ्गेल्स, फेडरिख (सन् १९८६), *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,* (अनु. राजेन्द्र मास्के), काठमाडौँ : प्रगति पुस्तक सदन ।

कडवेल, क्रिस्टोफर (२०७६), कविताको भविष्य, *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा. निनु चापागाईं), दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

कार्की, महेश (२०७२), *नयनराज पाण्डेको उपन्यासमा सबाल्टर्न,* दर्शनाचार्य अप्रकाशित शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

कोइराला, कृष्णप्रसाद (२०७३), *भवानी भिक्षुको कथामा सीमान्तीयता,* दर्शनाचार्य अप्रकाशित शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

खत्री, लक्ष्मी (२०७७), *राजेन्द्र विमलका कथामा सीमान्तीयता,* दर्शनाचार्य अप्रकाशित शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

खरेल, एमपी (२०७०), संरचनावाद, उत्तरसंरचनावाद र सांस्कृतिक अध्ययन, *भृकुटी* (भाग १९), काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन, पृ. ६०-७४ ।

गुहा, रञ्जित (२०६१), इतिहास लेखनमा सबल्ट्र्न स्टडिज, *बहाः जर्नल,* वर्ष १ (अङ्क १) ललितपुर : सोसल साइन्स बहा ।

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु, अधिकारी (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०७०), कृतिविश्लेषणमा सांस्कृतिक समालोचनाका सैद्धान्तिक पर्याधार, *भृकुटी* (भाग १९), काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन, पृ. ३६६-३७७ ।

गौतम, लक्ष्मणप्रसाद (२०७६), उत्तरआधुनिकता/उत्तरआधुनिकतावादको सैद्धान्तिक स्वरूप, *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड)* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), दोस्रो संस्क., काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २९४-३१० ।

घिमिरे, कृष्णप्रसाद (२०६७), रमेश विकलका कथागत प्रवृत्तिहरू, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. ४७-५६ ।

चापागाईं, निनु (२०७३), *पूर्ववाद र सइदेली विचार,* ललितपुर : साझा प्रकाशन ।

चालिसे (अधिकारी), शशी (सम्पा., २०७६), *विकल स्मारिका २०७६,* काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान ।

ढकाल, रजनी (२०७०), सांस्कृतिक अध्ययनमा लैङ्गिकता, *भृकुटी* (भाग १९), काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन, पृ. ३२६-३३३ ।

तिमसिना, अनिरुद्र (२०६७), नयाँ सडकको गीत कथासङ्ग्रहका केन्द्रीयतामा विकलका कथाकारिता, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. ४७६-४८५ ।

त्रिपाठी, सुधा (सन् २०१२), *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०७०), प्रारम्भ, *नेपाली नारीवादी समालोचना* (सम्पा. सुधा त्रिपाठी र सीता पन्थी), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १५-३२ ।

थपलिया, खेम (२०७५), *मार्क्सवादी समालोचना सिर्जना र सङ्घर्ष,* काठमाडौँ : गङ्गाजमुना अफसेट प्रेस ।

दीक्षित, कमल (२०६७), विकल महिमा, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (स्मृतिग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के.कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. १९३-१९५ ।

पाण्डेय, ताराकान्त (२०७०), संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद, *भृकुटी* (भाग १९), काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन, पृ. १७२-१९३ ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (२०७६, साहित्य र सर्वहारा, *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा. निनु चापागाईं), दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

पौडेल, गोपीन्द्र (२०६७), बहुविध चिन्तनका सन्दर्भमा विकलको कथाकारिता, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. ५७-८२ ।

पौड्याल, षडानन्द (२०७६), *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, षडानन्द (२०७७), *नेपाली आख्यानमा शरीर राजनीति,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, हेमनाथ (२०६७), रमेश विकलको जीवनवृत्त, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (स्मृतिग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के.कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. १-२२ ।

बराल, ऋषिराज (२०७७, क), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७७, ख), *आजको समालोचना,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६७), विकलका कथामा आलोचनात्मक यथार्थवाद, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. ३७-४६ ।

बराल, प्रभाकुमारी (२०७४), *प्रदीप नेपालका कथामा सीमान्तीयता,* दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श (सिद्धान्त र समालोचना),* काठमाडौँ : प्रगति पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०, क), *नेपाली साहित्य पहिचान र प्रतिनिधित्व,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

भट्टराई, रमेशप्रसाद (२०७०, ख), सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू, *भृकुटी* (भाग १९), काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन, पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७ क), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ ख), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

भाज्क्वेज, अडोल्फो सान्चेज (२०७६), सौन्दर्यपरकताको स्रोत र प्रकृतिका बारेमा मार्क्सका विचारहरू, *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा. निनु चापागाईं), दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), नेपालीका विशिष्ट साहित्यकार रमेश विकल, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. २३-३६ ।

विकल, रमेश (२०४८), *नयाँ सडकको गीत,* पाँचौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

शर्मा, नारायण (२०६७), विकलमा वर्गप्रेमको सुगन्ध, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (स्मृतिग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. ३०८-३०९ ।

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य, *भृकुटी* (भाग-१९), काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन, पृ. ३१४-३२५ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, श्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सिलवाल, हरिप्रसाद (२०६७), रमेश विकलका कथामा विचार पक्ष, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. १०८-११५ ।

सुवेदी, अभि (२०६८), सबाल्टर्न, इतिहास र बोली (समीक्षा), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, पुरुषोत्तम (२०६७), कथाकार रमेश विकल हुनुको अर्थ, *रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनात्मक ग्रन्थ)* (सम्पा. हेमनाथ पौडेल, जगत् प्रेक्षित र के.के. कर्मचार्य), काठमाडौँ : रमेश विकल साहित्य प्रतिष्ठान, पृ. ९९-१०७ ।

सुवेदी, राजेन्द्र (२०६८), *नेपाली समालोचना : परम्परा र प्रवृत्ति,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

Barker, Chris (2004). *A sage dictionary of cultural studies*. London : Sage.

Faucault, Michel (1970). *The archaeology of knowledge*. New York : Pantheon.

Freire, P. (2005). *Pedagogy of the oppressed.* London : The Continuum International Publishing Group Ltd.

Gramsci, A. (1998). *Selections from the Prison Notebooks.* Chennai : Orient Longman.

Gramsci, A. (2011). *Prison notebooks volume 2* (Vol. 2). Columbia University Press.

Gramsci, A. (2014). *The Antonio Gramsci Reader Selected Writings 1916 – 1935.* Ed. David Forgacs. Delhi : Aakar Books.

Hall, S. (2012). Cultural Studies and It's Theoretical Legacies. *The Cultural Studies Reader*. third and Indian edition. Ed. by Simon During. London and New York : Routledge.

Jones, S. (2007). *Antonio Gramsci*. Routledge.

Scott, J.C. (1985). *Weapons of the weak: Everyday forms of peasant resistance*. New Haven & London : Yale University Press.

Spivak, G. C. (2023). Can the subaltern speak?. In *Imperialism* (pp. 171-219). Routledge.

The World Bank & DFID (2006). Unequal citizen (summary). Kathmandu : The World Bank & DFID.

## परिशिष्ट–एक

# रमेश विकलका कृतिहरू

**कथासङ्ग्रहहरू**

१. विरानो देशमा (२०१६)

२. नयाँ सडकको गीत (२०१९)

३. आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४)

४. एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा (२०२५)

५. उर्मिला भाउजू (२०३५)

६. शव, सालिक र सहस्र बुद्ध (२०४३)

७. हराएका कथाहरू (२०५५)

८. कथादेखि कथासम्म (२०७०)

९. हिमालको छहरा, समुद्रको छाल (२०७०)

१०. रमेश विकलका कथाहरू (२०७५)

**अनुवाद गरिएको उनको कथासङ्ग्रह**

अ लिफ इन अ बेगिङ बउल (सन् २०००) (मञ्जुश्री थापाद्वारा अनुवाद गरिएको)

**उपन्यासहरू**

१. सुनौली (२०३१)

२. अविरल बग्दछ इन्द्रावती (२०४०)

३. सागर उर्लन्छ सगरमाथा छुन (२०५२)

४. समुद्री हुँडार (अनु. उपन्यास) (विकल स्मारिका २०७६ अनुसार अप्रकाशित)

५. भष्मासुर (अनु. विज्ञान उपन्यास) (विकल स्मारिका २०७६ अनुसार अप्रकाशित)

**नाटक/एकाङ्की**

१. सप्तरङ्ग (एकाङ्की, २०३९)

२. सर्दार भक्ति थापा (पूर्णाङ्की, २०४०)

३. मिल्किएको मणि (पूर्णाङ्की, २०४२)

४. मानिस, वैभव र मृत्यु (एकाङ्की सङ्ग्रह, २०५६)

**निबन्ध**

१. सात सूर्य एक फन्को (२०३४)

२. नीलगिरीको छायामा (२०५०)

३. इन सर्च अफ साङ्ग्रिला (In Search of Sangrila, 1997)

४. मेरो अविरल जीवनगीत पूर्वार्द्ध (२०६०)

५. अब अगाडि बढ्नु छ, अझ अगाडि (२०५०)

६. सम्झनाको तरेलीभित्रका अनुहारहरू (२०६७),
७. धूमशिखाको लयमा सल्लाको सुसेली (२०७०)
८. मेरो अविरल जीवनगीत दुवैखण्ड (२०७५)